आदरणिय शिक्षाप्रमी महानुभावहरु,

यस वीरेन्द्रनगर नगरपालिकाको १० बर्षे शिक्षा क्षेत्र योजनाको अन्तिम मस्यौंदालाई अध्ययन गरेर योजनामा सुधार वा थप गर्नुपर्ने विषयगत रुपमा सुझाव rajlamichhane928@gmail.com मा इमेल गरी सहयोग गरिदिन हार्दिक अनुरोध गरिन्छ । हजुरको अमूल्य सुझावले यस नगरपालिकाको १० बर्षको शैक्षिक मार्ग तय गर्न सहयोग गर्ने छ । हजुरको अमूल्य सुझाव र सल्लाहका लागि धन्यवाद ।

वीरेन्द्रनगर नगरपालिका

शिक्षा, युवा तथा खेलकुद शाखा

वीरेन्द्रनगर, सुर्खेत

शिक्षा क्षेत्र योजना

(आर्थिक बर्ष २०७९/०८० - २०८८/०८९)

(अन्तिम मस्यौदा)

वीरेन्द्रनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

शिक्षा, युवा तथा खेलकुद शाखा

वीरेन्द्रनगर, सुर्खेत

कार्यकारी सारांश (Executive Summary)

वीरेन्द्रनगर नगरपालिकाको शिक्षाको द्रुततर उन्नति र विकासको लागि तयार पारिएको प्रस्तुत दश बर्षे शिक्षा क्षेत्र योजनामा मुलुकमा भएको राजनैतिक परिवर्तन पछि नेपालको संविधानमा शिक्षाको सन्दर्भमा उल्लेख गरिएको अनिवार्य तथा निःशुल्क शिक्षाको मूल मर्मलाई समेट्ने प्रयास गरिएको छ। योजना निर्माण गर्दा दिगो विकास लक्ष्य, पन्ध्रौं योजना, नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, शिक्षासम्बन्धी संघीय कानुनहरु, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, नगर शिक्षा ऐन, नगरपालिकाको आधारभूत र माध्यमिक शिक्षासम्बन्धी नीति एवं केन्द्रियस्तरमा भएका आयोगहरूका प्रतिवेदन र यस नगरपालिकाको आवधिक योजनालाई समेत आधार लिइएको छ। यस योजनामा प्रारम्भिक बाल विकास र शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ, गुणस्तरीय शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन र पेसागत विकास, शिक्षासंग अन्तरसम्बन्धित सवालहरु, शिक्षा क्षेत्रमा सूचना तथा सञ्चार प्रविधि, उच्च शिक्षा, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, संस्थागत क्षमता विकास, लगानी र श्रोत व्यवस्थापन, शिक्षामा कमजोर वर्गको पहुँच र समावेशी शिक्षा र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी अलग अलग सवालमा दश बर्षको उद्देश्य, रणनीति र कार्यक्रमहरु विस्तृत रुपमा तयार गरिएको छ।

सबैका लागि शिक्षा (२००१-२०१५) का लक्ष्य र उद्देश्य पूरा गर्नका लागि आ.ब. २०६६/०६७ देखि शुरु भएको विद्यालय क्षेत्र सुधार कार्यक्रम (२०६६-०७२) विद्यालय शिक्षा क्षेत्रको समग्र दस्तावेजको रुपमा अगाडि ल्याइएको थियो। सो कार्यक्रमको समाप्ति र प्रभावकारीतासंगै आ. ब. २०७३/०७४ देखि विद्यालय क्षेत्र विकास योजना (२०७३/०७४-०७९/०८०) को निर्माण र कार्यान्वयनको थालनी गरियो। उक्त योजनाको समेत २०७९ असार मसान्तमा समयावधि सकिएको र संघीय सरकारले वि.सं. २०७९ साउनदेखि लागू हुने गरी विद्यालय शिक्षा क्षेत्र विकास योजना स्वीकृत गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाएको छ। कर्णाली प्रदेशले समेत आफ्नो दश बर्षे शिक्षा क्षेत्र योजनाको अन्तिम मस्यौंदा तयारी पारी स्वीकृतीको चरणमा अगाडि सारेको छ।

शिक्षा क्षेत्रमा भएको विकेन्द्रीकरणको प्रयासको फलस्वरुप एकातिर विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रुपान्तरणको लागि पाँच बर्षे विद्यालय सुधार योजना निर्माण गर्नेदेखि लिएर गाउँ वा नगरपालिकाले गाउँ वा नगर शिक्षा योजना र जिल्लाले जिल्ला शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने अभ्यास गरियो भने अर्कोतिर नेपाल सरकारबाट विद्यालय शिक्षाका सबै कार्यक्रमहरु विद्यालय क्षेत्र विकास योजनामार्फत कार्यान्वयनमा ल्याउने काम गरियो। विगतका दिनदेखि विद्यालय शिक्षाका अधिकांश कार्यक्रमहरु विद्यालय क्षेत्र विकास योजनामार्फत सशर्त अनुदानका रुपमा स्थानीय तहमा हस्तान्तरण हुँदै आएका छन्। शिक्षक र कर्मचारीको तलब भत्तादेखि निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति वितरण, दिवा खाजा वितरण लगायत थुप्रै शिर्षकमा अनुदान नियमित रुपमा स्थानीय तहमार्फत विद्यालयहरुलाई प्रदान गरिदै आएको छ। यस नगरपालिकाबाट समेत वित्तीय समानीकरण अनुदान र नगरपालिकाको आन्तरिक श्रोतबाट विद्यालय शिक्षामा समतामुलक पहुँच र शैक्षिक गुणस्तर अभिबृद्धि गर्नका लागि सहयोग गर्ने खालका थुप्रै कार्यक्रमहरु सञ्चालन हुँदै आएका छन्।

साविकका एउटा नगरपालिका, पाँच वटा गाउँ विकास समिति र पाँच वटा सामुदायिक सिकाइ केन्द्र एवम् सामुदायिक विद्यालयहरुको नेतृत्वमा नगरपालिकाको साक्षरता दरमा समेत उल्लेख्य बृद्धि भई २०७१ सालमा साक्षर नगरपालिका घोषणा भईसकेको अवस्था छ । यस नगरपालिकाको सन्दर्भमा विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा बृद्धि, भौतिक पूर्वाधारमा सुधार, सूचना प्रविधिको विस्तार, संस्थागत क्षमता विकास, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय, सिकाइ उपलब्धिमा सुधार र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ ।

सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु योजनाको मुख्य उद्देश्य हो । यस योजनाले योजनावधिभर नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका तुल्याई अनौपचारिक, वैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर शिक्षाको अवसरहरूको सुनिश्चितता गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्ने समेत उद्देश्य लिएको छ । विद्यालयलाई भय, विभेद र दूर्व्यवहारमुक्त, हिंशामुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने कार्य समेत यस योजनाको उद्देश्यमा समेटिएका छन् ।

बदलिंदो परिवर्तन तथा परिस्थिति र संघीयता पछिको पाँच बर्षको अनुभवलाई समेत गहन विश्लेषण गर्दै शिक्षामा समयानुकूल परिवर्तन गर्न जरूरी छ भन्ने महशुसस गरेर विद्यालय तहको संरचनामा भएको परिवर्तन एवं आन्तरिक सुशासन, सुधार एवं दक्षतामा अभिवृद्धि गरी गुणात्मक परिवर्तनका कार्यक्रमहरू योजनामा समावेश गरिएका छन् । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गर्ने र नक्साङ्कनका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्ने रणनीति योजनाले अगाडि सारेको छ । योजनाले अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रबर्द्धन र लगानी अभिबृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गर्ने, नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना गरी निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न **म बनाउछु मेरो शिक्षा विकास कोष** लगायतका आवश्यक पर्ने सहयोग प्रणाली लागु गर्ने र साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासंग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गर्ने कार्यलाई योजनाले प्राथमिकता दिएको छ । विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गर्ने पाटो पनि योजनाको मुख्य रणनीतिका विषय बनेका छन् । योजनामा आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक

पर्ने संरचनागत एवम् मानवीय श्रोत व्यवस्थापन गर्ने र शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने कार्यसंग सम्बन्धित कार्यक्रमहरु पनि समावेश गरिएका छन् ।

सिमीत श्रोत र साधनको प्रयोग गरेर भौतिक उपस्थितिमा तथा भर्चुअल माध्यमसमेत प्रयोग गरी योजना निर्माण प्रक्रियालाई अगाडि बढाउनका लागि नगर प्रमुखको अध्यक्षतामा मूल समिति, उपप्रमुखको अध्यक्षतामा तयारी समिति र प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा २६ सदस्यीय विषयगत समूहले विषय शिर्षकगत (Thematic) रुपमा योजना निर्माण प्राविधिक समिति गठन गरी कार्य जिम्मेवारी समेत विभाजन गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाबाट भएको थियो । भर्चुअल तथा भौतिक उपस्थितिमा सामाजिक विकास समिति, नगर शिक्षा समिति र नगर कार्यपालिका सदस्य, प्रधानाध्यापक लगायत अन्य सरोकारवालाहरुबिचमा योजनाको बारेमा पटक पटक व्यापकरुपमा छलफल र अन्तक्रिया गरिएको थियो ।

यस योजनाको अन्त्यसम्ममा सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुने र अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ। नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकहरुले साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त गरेको हुने योजनाले परिकल्पना गरेको छ । अपाङ्गता भएका बालबालिकाहरुले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरु प्राप्त हुने र विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्यांकन प्रभावकारी र नतिजामूलक हुने समेत यस योजनाले प्राथमिकतामा राखेको छ । समग्रमा, योजनाले वीरेन्द्रनगर नगरपालिकालाई उत्कृष्ट शिक्षा केन्द्र (Hub) को रुपमा विकास गर्ने सोंच राखेको छ ।

परिच्छेद : एक

परिचय (Introduction)

१.१ पृष्ठभूमि (Background)

१.१.१ अवधारणा (Concept)

नेपालको संविधानअनुसार सङ्घीय गणतन्त्रात्मक प्रणाली सुरुवात भएसँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरू क्रियाशील रहेका छन् । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा तीनवटै तहको कार्य विस्तृतीकरण प्रतिवेदनले दिएको अधिकारहरूको कार्यान्वयनको अभ्यासमा स्थानीय तहका सरकारहरू प्रयत्नरत् छन् । संघीय शिक्षासम्बन्धी कानुनहरूसँग नबाँझिने गरी वीरेन्द्रनगर नगरपालिकाले नगर शिक्षा ऐन, २०७४ कार्यान्वयनमा ल्याएको छ । ऐनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आधारभूत तथा माध्यमिक शिक्षा नीति, २०७७ र आधा दर्जनजति अन्य निर्देशिका र कार्यविधिहरू निर्माण गरी प्रयोगमा आएको अवस्था छ । संविधानले प्रदत्त गरेका शिक्षासम्बन्धी हकहरूलाई सुनिश्चित गर्न आवश्यक पर्ने नीतिगत सुधारका पक्षहरूलाई नगरपालिकाले जोड दिएको छ ।

वीरेन्द्रनगर नगरपालिकामा हालसम्म शिक्षासम्बन्धी आवधिक योजना बन्न सकेको अवस्था नभए तापनि दिगो विकासका १७ ओटा लक्ष्यहरूमध्ये लक्ष्य नं. ४ को गुणस्तरीय शिक्षा, पन्ध्रौं आवधिक योजना र राष्ट्रिय शिक्षा नीति, २०७६ लाई स्थानीयकरण गर्ने सन्दर्भमा विद्यालय क्षेत्र विकास योजना (SSDP) २०७३-२०७८ को अवधि आर्थिक वर्ष २०७८/०७९ को अन्तसम्म मात्र कार्यान्वयनमा रहेकोले परिवर्तित राज्यको संरचना अनुकूल तीनवटै तहमा नयाँ शिक्षा योजनाको विकास गर्नु परेको छ । ज्ञान, विज्ञान तथा प्रविधिमा भएको आमूल परिवर्तनलाई सान्दर्भिकरणसहित आत्मसात गर्न र नवप्रवर्तनात्मक, योग्य तथा देशको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी जनशक्ति विकासका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि शिक्षामा नयाँ योजना आवश्यक देखिएको छ । वीरेन्द्रनगर नगरपालिका अन्तर्गतका क्षेत्रमा विभिन्न समयमा देखा पर्ने प्राकृतिक प्रकोप, महामारी तथा आपत् विपद्बाट समग्र शिक्षा क्षेत्रमा उत्पन्न हुने जोखिमलाई न्यूनीकरण गर्न सक्षम तथा उत्थानशील शिक्षा पद्धतिको विकासलाई समेत प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ ।

उल्लिखित सन्दर्भले यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि नयाँ योजनाको आवश्यकता महसुस गरी यो शिक्षा क्षेत्रको योजना (Education Sector Plan–ESP) आगामी १० वर्षको शिक्षा विकासको दृष्टिकोणसहित तयार गरिएको छ । यस योजनाको पहिलो परिच्छेदमा योजनाका समग्र सन्दर्भहरू समावेश गरिएको छ भने उक्त सन्दर्भका आधारमा यस नगरपालिकाको शिक्षा क्षेत्रका प्रमुख चुनौती तथा अवसरहरू पहिचान गर्नुका साथै अन्तिममा योजना निर्माणको प्रक्रिया पनि सङ्क्षेपमा उल्लेख गरिएको छ ।

१.१.२ सन्दर्भ (Context)

नेपालको संविधान निर्माण भइसकेपश्चात् वीरेन्द्रनगर नगरपालिकामा समेत जनताबाट निर्वाचित पहिलो सरकार गठन भएर कानुनी तथा व्यवस्थापकीय संरचनासहित नगरपालिकाको शैक्षिक उन्नयनका सवालमा काम गरेको थियो । जननिर्वाचित दोश्रो सरकारले नयाँ एजेण्डा र विषयमा वीरेन्द्रनगर नगरपालिकालाई कर्णाली प्रदेशकै उत्कृष्ट शैक्षिक केन्द्र (Hub) को रुपमा पहिचान दिलाउने महत्वकांक्षी लक्ष्य अगाडि सारेको अवस्था छ । सङ्घीयता कार्यान्वयनको पाँच बर्षको अवधिमा नगरपालिकाको समग्र शैक्षिक अवस्थामा भरमग्दुर सुधार भएको देखिन्छ । कर्णाली प्रदेशको राजधानीको रुपमा रहेको यस नगरपालिकामा शिक्षा विकासमा सामाजिक, सांस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरूपको प्रभाव रहने भएकाले यो शिक्षा क्षेत्र योजना निर्माणका क्रममा यी सन्दर्भहरूको सामान्य समीक्षा गरिएको छ ।

१.१.२.१ भौगोलिक तथा जनसाङ्ख्यिक सन्दर्भ (Geographic and Demographic Context)

कर्णाली प्रदेशको राजधानीका रुपमा रहेको यस वीरेन्द्रनगर नगरपालिकाको स्थापना वि.सं. २०३३ सालमा सुर्खेत उपत्यका भित्र पर्ने कटकुवा, गोठीकाँडा र जर्बुटा गाउँ पञ्चायतभित्र पर्ने केही भागलाई मिलाएर वीरेन्द्रनगर नगर पञ्चायतका रुपमा भएकोमा नेपाल सरकारको मिति २०७१/०१/२५ गतेको निर्णय बमोजिम साविकका छिमेकी उत्तरगंगा र लाटिकोइली गाउँ विकास समिति तथा मिति २०७१/०८/१६ गतेको निर्णय अनुसार जर्वुटा गाउँ विकास समिति गाभ्नुका साथै मिति २०७२/०३/१५ गतेको निर्णय बमोजिम एक वटा वडा थप गरी जम्मा वडा संख्या २५ कायम भएकोमा नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयअनुसार विस्तारित नगरमा साविकका गढी, रतु र गर्पन गाउँ विकास समिति समेतलाई समावेश गर्दै २४५.८५ वर्ग कि.मी., १६ वडा भएको स्थानीय तहका रूपमा वीरेन्द्रनगर नगरपालिका रहेको छ । नेपालको राजधानी काठमाण्डौंदेखि लगभग ६०० कि.मी. उत्तर पश्चिममा समुन्द्री सतहबाट लगभग ६६५ मिटरमा अवस्थित यो नगरपालिकाको उत्तरमा महाभारत पर्वतको रानीमत्ता, रातानाङ्ला र दक्षिणमा चुरे पहाडको हर्रे, देउरालीका मनोरम पहाडद्वारा घेरिएको कचौरा आकारमा दक्षिण तर्फ ढल्किएको सानो, न धेरै जाडो हुने न धेरै गर्मी हुने सुन्दर उपत्यका हो । यस नगरपालिकाको पूर्वमा लेकवेशी र भेरीगंगा नगरपालिका, पश्चिममा बराहताल गाउँपालिका, उत्तरमा दैलेख जिल्लाको गुराँस गाउँपालिका र दक्षिणमा भेरी नदी रहेका छन् ।

वीरेन्द्रनगर नगरपालिकामा वि.सं. २०२२ मा विमानस्थल स्थापना भई नियमित उडान र वि.सं. २०३८ मा रत्न राजमार्ग सडक निर्माण कार्य सम्पन्न भई नियमित रुपमा सडक यातायात सेवा शुरु भए पश्चात् वीरेन्द्रनगर कर्णाली प्रदेशका अन्य जिल्लाहरुको व्यापारिक केन्द्रको रुपमा स्थापित रहेको छ । कर्णाली प्रदेशमा उपभोग हुने सम्पूर्ण सामग्री वीरेन्द्रनगरबाट जाने हुँदा यो कर्णाली प्रदेशकै प्रमुख व्यापारिक एवं शैक्षिक पर्यटकीय केन्द्र समेत बन्न पुगेको छ । यसको पूर्वबाट भेरी नदी र पश्चिमबाट कर्णाली नदी बगेकोले ञ्याफ्टीङ गरी आनन्द लिन आउने पर्यटकहरुका लागि समेत यो आकर्षक स्थलको रुपमा परिणत हुन पुगेको छ ।

पहिले दोभानचौर र २०२९ सालपछि वीरेन्द्रनगरको नामले परिचित यो नगरपालिका नेपालका राम्रा गुरुयोजना भएका नगरपालिका मध्येको एक हो । देशको सन्तुलित विकासको निम्ति चार विकास क्षेत्रमा विभाजन गर्दा वीरेन्द्रनगर सुदूर पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकाम घोषणा गरिएको थियो भने पछिल्लो चरणमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामको रुपमा समेत रहेकोमा हाल कर्णाली प्रदेशकै राजधानीका रुपमा स्थापित भएको छ । साविकको वीरेन्द्रनगरलाई नेपालकै व्यवस्थित गुरुयोजना भएको शहरका रुपमा चिनिए तापनि पछिल्लो समयमा बढ्दो शहरीकरण तथा बसाइँ सरी आउने नागरिकको चाप बढ्दै गएकोमा त्यसलाई व्यवस्थित गर्न नसक्दा आज वीरेन्द्रनगरलाई व्यवस्थित शहरको रुपमा विकास गर्न चुनौतीको विषय बनेको छ । तर वीरेन्द्रनगर आज कर्णाली प्रदेशको राजधानी हुँदा र राज्यको पुनर्संरचनासगै वीरेन्द्रनगरले कर्णाली प्रदेशकै शैक्षिक, प्रशासनिक, व्यापारिक केन्द्रका रुपमा रहदै पर्यटकीय उजागर गर्ने थलोको रुपमा विकास हुने प्रशस्त सम्भावना र अवसर बोकेको छ ।

१.१.२.२ सामाजिक तथा साँस्कृतिक सन्दर्भ (Social and Cultural Context)

वीरेन्द्रनगर नगरपालिकामा बसोबासको प्रारम्भ वि.सं. २०२३ सालबाट भएको पाइन्छ । यसभन्दा अगाडि नगरपालिकाको मैदानी भाग (उपत्यका क्षेत्रमा) औलो लाग्ने हुँदा जिल्ला सदरमुकाम गढी गा.वि.स. मा रहेको र उपत्यकामा फाटफुट रुपमा थारु र राजी समुदायको बसोबास रहेको थियो । औलो उन्मुलन भए पश्चात् उपत्यकामा बसोबास गर्न थालियो र सबै सरकारी कार्यालयहरुलाई स्थानान्तरण गरी सदरमुकाम तोकियो ।

वीरेन्द्रनगर नगरपालिकामा औलो उन्मुलन पश्चात् सुर्खेत जिल्लाका विकट पहाडी क्षेत्र लगायत दैलेख जिल्ला र कर्णाली अञ्चलका विभिन्न जिल्लाबाट बसाइँ सरी स्थायी बसोबास गर्दै आएका व्यक्तिहरुको बाहुल्यता पाइन्छ । ब्राह्मण, क्षेत्री, मगर, थारु, कामी, सार्की, दमाई, दशनामी सन्यासी, मुस्लिम आदि यहाँका प्रमुख जातिहरु हुन् । विभिन्न स्थानबाट बसाइँ सरी आएकाले यहाको चालचलन रीतिथिति/संस्कृतिमा समेत विविधता पाईन्छ ।

१.१.२.३ आर्थिक सन्दर्भ (Economic Context)

यस नगरपालिकाको मुख्य आम्दानीका स्रोतको रूपमा भेरी र झुप्राखोलामा रहेको बालुवा, गिट्टी र ढुङ्गा हो । सिमित रूपमा उठ्ने घरबहाल कर तथा सम्पति करको थोरै हिस्साको रूपमा केही आम्दानीका स्रोत रहेकाले संघीय र प्रदेश सरकारको आर्थिक सहयोगको अपेक्षा गरिरहनुपर्ने यहाँको बाध्यता हो । नगरपालिकामा विभिन्न शिर्षकबाट प्राप्त हुने आन्तरिक राजस्वले चालू खर्च धान्न पनि सकेको अवस्था छैन । नगरपालिकाको करिब दुई तिहाइ खर्च संघबाट प्रत्येक बर्ष हस्तान्तरण हुने बजेटले धानेको छ । नगरपालिकामा पूँजीगत खर्चको तुलनामा चालू खर्चको परिणाम उल्लेखनीय रहदै आएको छ । नगरपालिकाले अपेक्षाकृत रुपमा राजस्व संकलन गर्न सकेको छैन । पछिल्लो अवस्थामा निरन्तर रूपमा देखिएको कोभिड १९ को सङ्क्रमणले नगरपालिकामा बसोबास गर्ने विपन्न समुदायको गरिबीको सूचक झनै उकालो लागेको अनुभूति गर्न सकिन्छ । आर्थिक बर्ष २०७९/०८० मा करिब २७ करोड राजस्व संकलन गरेर नगरपालिकाको आन्तरिक आम्दानीलाई मजबुत् गराउने सोंच लिइएको छ ।

१.१.२.४ शैक्षिक सन्दर्भ (Educational Context)

एक वर्षको प्रारम्भिक बालिविकास तथा शिक्षा, आठ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र चार वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व संविधानले स्थानीय तहलाई प्रदान गरेको छ । नेपालको संविधान, पन्ध्रौं योजना, कर्णाली प्रदेशको पहिलो आवधिक योजनाको आधारपत्र, राष्ट्रिय शिक्षा नीति, २०७६, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन, २०७५ तथा नियमावली, २०७७ र वीरेन्द्रनगरपालिकाको नगर शिक्षा ऐन, २०७४ तथा नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नीति, २०७७ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेका छन् । शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका साथै गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य नगरपालिकाको शैक्षिक नीतिमा उल्लेख भएको देखिन्छ ।

यस नगरपालिकामा शैक्षिक सत्र २०७८ को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्नादर १०९.९८ प्रतिशत पुगेको छ । ६८.८३ प्रतिशत बालबालिकाहरू प्रारम्भिक बालविकास शिक्षाको अनुभव प्राप्त गरेर कक्षा १ मा प्रवेश गरेको पाइन्छ । आधारभूत शिक्षा (कक्षा १-५) मा ९६.९१ र आधारभूत शिक्षा (कक्षा १-८) मा ९७.८५ प्रतिशत खुद भर्नादर रहेको छ । ५ देखि १२ वर्ष उमेर समूहका ६७५ जना बालबालिकाहरू अझैपनि विद्यालय बाहिर रहेको तथ्याङ्कले देखाएको छ । माध्यमिक शिक्षा (कक्षा ९-१२) मा जम्मा ६०.५५ प्रतिशत खुद भर्नादर भएको यस नगरपालिकामा अझैपनि ठूलो सङ्ख्यामा माध्यमिक तहका उमेर समूहका बालबालिकाहरू विद्यालय शिक्षाबाट वञ्चित रहेका छन् ।

विद्यालय शिक्षामा तीनवटै तहका सरकारहरूको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका (निजी लगानीबाट सञ्चालित) विद्यालयको ठूलो संख्यामा रहेको छ । प्रारम्भिक बालविकास शिक्षा प्रदान गर्ने संस्थाका रूपमा मन्टेश्वरी विद्यालयहरुको संख्या समेत करिब डेढ दर्जन छ । ९६ वटा प्रारम्भिक बाल विकास कक्षाहरु ५८ वटा विद्यालयलाई मातृविद्यालय कायम गर्दै सञ्चालनमा रहेका छन् । अझैपनि दुईओटा सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल कक्षाको व्यवस्थापन गर्न सकिएको छैन । विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकता अनुसारको प्रबन्धसहितको सहभागिता र सिकाइका लागि आवश्यक्ता रहने सन्दर्भमा यस नगरपालिकामा बहिरा बालबाकिका लागि एउटा विशेष विद्यालय र दृष्टिविहिन बालबालिकाहरूको लागि श्री कृष्ण संस्कृत मावि इत्राममा र सुस्त मनस्थित भएका बालबालिकाहरुका लागि श्री जनसेवा मावि घुस्रामा स्रोतकक्षा सञ्चालन भइरहेको छ भने अन्य प्रकृतिको अपाङ्गता भएका बालबालिकाहरूको सिकाइको लागि आवश्यक प्रबन्ध गर्न सकिएको छैन । शिक्षालाई रोजगारमूलक तथा व्यावसायिक बनाउनका लागि श्री शिव मावि लाटिकोइलीमा माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालनमा छ भने अन्य विद्यालय तथा संस्थाहरुमा छोटो र लामो अवधिका प्राविधिक शिक्षा कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । संघीय सरकारबाट श्री जन माध्यमिक विद्यालयलाई नमुना विद्यालयको रुपमा छनौट गरी सो अनुसारका पूर्वाधारहरु पूरा गर्नका लागि क्रमागत कार्यक्रमहरु अगाडि बढाइएका छन् । श्री अमरज्योति माध्यमिक विद्यालय नेवारेमा निम्न माध्यमिक र माध्यमिक तहका खुला शिक्षातर्फका कार्यक्रमहरु सञ्चालनमा रहेका छन् । यस नगरपालिकामा मध्य पश्चिम विश्वविद्यालय लगायत त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त धेरै उच्च शिक्षा प्रदायक शैक्षिक संस्थाहरु

सञ्चालनमा रहेको छन् । सुर्खेत मेडिकल कलेजको स्थापनाका लागि निर्माण कार्य सञ्चालन भइरहेको अवस्था छ । नगरपालिकाको सबै क्षेत्र हेर्ने गरी पाँचओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् ।

१.२ विद्यमान चुनौतिहरु (Challenges)

वीरेन्द्रनगर नगरपालिकाको सन्दर्भमा शिक्षा क्षेत्रमा देखिएका प्रमुख चुनौतिहरू निम्नअनुसार पहिचान गरिएको छ :

१) सामुदायिक विद्यालयहरूमा न्यूनतम रूपमा तहगत र विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्नु ।

२) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन गर्नु ।

३) नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी विद्यालय शिक्षामा सबै प्रकारका बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गर्नु ।

४) विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री र लैङ्गिकमैत्री बनाउनु ।

५) आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्क गरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास गर्नु ।

६) शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने र शिक्षक सहायता प्रणालीको व्यवस्था गर्ने तथा शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता बृद्धि गर्नु ।

७) माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन गर्नु ।

८) सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्नु ।

९) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाई शैक्षिक गतिविधिलाई निरन्तरता दिनु ।

१०) विद्यालयमार्फत सम्पूर्ण विद्यार्थीहरूलाई दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्नु ।

११) छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्नु ।

१२) विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधतामैत्री, समावेशी र समतामूलक बनाउनु ।

१३) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा बृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षालाई निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्नु ।

१४) विद्यालय तथा सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत क्षमता विकास गरी सुशासन कायम गर्नु ।

१५) सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्नु ।

१६) सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागि एकीकृत विशेष शिक्षा एवम् समतामूलक ढंगले समावेशी शिक्षा प्रदान गर्नु ।

१७) वीरेन्द्रनगरमा विभिन्न क्षेत्रबाट अस्थायी रुपमा बसोबास गरिरहेका लक्षित उमेर समूहका बालबालिकाहरुको विद्यालय शिक्षामा पहुँच सुनिश्चितता गर्नु ।

१८) सबै विद्यालयहरुमा स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तकको विकास गरी प्रभावकारी कार्यान्वयन गर्नु ।

१८) समग्रमा, वीरेन्द्रनगरलाई शिक्षाको उत्कृष्ट केन्द्र (Hub) को रुपमा विकास गर्नु ।

१.३ शिक्षा क्षेत्रका अवसरहरु (Opportunities)

वीरेन्द्रनगर नगरपालिका क्षेत्र अन्तर्गत विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू रहेका छन् :

१) विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता यस योजनाका पूर्वाधारका रूपमा रहेको ।

२) आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको ।

३) नगरपालिकाको शिक्षा क्षेत्रको सुधारका लागि नगरपालिकाका अतिरिक्त कर्णाली प्रदेश र संघीय सरकारले समेत निरन्तर सहयोग गर्दै आइरहेको ।

४) विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि नगरपालिकालाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको ।

५) राष्ट्रिय शिक्षा नीति, २०७६, राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ र नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी नीति, २०७७ र आधारभूत तहमा स्थानीय पाठ्यक्रमको विकास भई प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको ।

६) सरकारी, गैर सरकारी तथा निजी क्षेत्रबिच सहयोग, सहकार्य र साझेदारी भई सार्वजनिक शिक्षाको सवलीकरणका लागि सकारात्मक वातावरण निर्माण हुन सकिने सम्भावना रहेको ।

७) नगरपालिकाले शैक्षिक विकासका लागि आवश्यक पर्ने नीतिगत एवम् कानुनी आधारहरू तयार गरेको ।

८) नगरपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा शिक्षा अग्रस्थानमा रहेको ।

९) विद्यालय भर्नादर, साक्षरता, लैङ्गिक समता सूचक, शिक्षामा समावेशीकरण, विद्यार्थीको सिकाइ उपलब्धि जस्ता पक्षहरूमा उत्साहजनक सुधार हुनका साथै सामुदायिक विद्यालय सुधारप्रतिको चासो र जनअपेक्षा बढ्दै गएको ।

१०) यस योजनाको प्रभावकारी कार्यान्वयनबाट नगरपालिकामा सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षण बृद्धि हुने मनोविज्ञानमा सहयोग पुग्न सक्ने अपेक्षा रहेको ।

११) वि. सं. २०७९ देखि यस नगरपालिकामा निर्वाचित हुने दुई अवधिका सरकारहरुले योजनाको प्रभावकारी कार्यान्वयनमा भूमिका निर्वाह गर्ने अवस्था रहेको ।

१२) नगरपालिकामा सञ्चालित सामुदायिक विद्यालयहरुप्रति सरोकारवालाहरुको अपनत्व र विश्वास बढ्दै गइरहेको ।

१३) तत्कालीन वीरेन्द्रनगर नगरपालिका, लाटिकोइली, जर्बुटा, गोठीकाँडा, रतु र गर्पन गाउँ विकास समिति हुँदा साक्षर नगरपालिका र साक्षर गाउँ विकास समितिको रुपमा घोषणा भइसकेको ।

१४) नगरपालिकाको अधिकांश विद्यालयमा अध्ययनरत् बालबालिका र अभिभावकहरु सूचना तथा सञ्चार प्रविधिको पहुँचमा सुधार हुँदै गएको आदि ।

१.४ सुधार गर्नुपर्ने पक्षहरु (Aspects to be Improved)

नेपालको संविधानले तीन तहको शासकीय व्यवस्था, तीनै तहका सरकारहरूका बिचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा राखेको छ । नेपालको संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई प्रदान गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्राप्त शिक्षा सम्वन्धी अधिकारलाई नीति निर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेही बनाउदै शैक्षिक सुशासन कायम गर्ने अभिष्ट राखेको छ । राजनीतिक, प्रशासनिक र वित्तीय संघीयतालाई संस्थागत गर्दै सबैको ध्यान नागरिकले अनुभूति गर्ने गरी विकास र समृद्धिको यात्रातर्फ केन्द्रित भएको सन्दर्भमा शिक्षालाई व्यवहारिक, जीवनपयोगी र वैज्ञानिक बनाई परिवर्तनको वाहक शक्तिको रूपमा रूपान्तरण गर्नुपर्ने हुन्छ ।

विकासलाई भौतिक रूपमा मात्र शास्त्रीय किसिमबाट नबुझी सामाजिक, मानवीय, आर्थिक लगायतका बहुआयामिक दृष्टिकोणले विश्लेषण गर्न थालिएको छ । शिक्षालाई नागरिकको मौलिक अधिकारको रूपमा संविधानमै व्यवस्था

गरिनुले शिक्षा मागमा होईन अधिकारमा आधारित अवधारणामा अघि बढ्दै छ । विगतको केन्द्रीकृत सोचले तयार र कार्यान्वयन भएका शैक्षिक योजनाहरूले न त स्थानीय तहका माग र आवश्यकतालाई सम्बोधन गर्न सके न त यसबाट स्थानीयको सहभागिता, अपनत्व र दिगोपना कायम रह्यो । त्यसैले विश्वव्यापी रूपमा शिक्षाको क्षेत्रमा भित्रिएको नवीनतम् सोच, दिगो विकासका लक्ष्य, पन्ध्रौ योजना, कर्णाली प्रदेशको आवधिक योजना, विद्यालय क्षेत्र विकास योजना, संघ र कर्णाली प्रदेशको निर्माणको चरणमा अगाडि बढिरहेका शिक्षासम्बन्धी योजना, नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नीति जस्ता शिक्षा क्षेत्रका रूपान्तरणकारी योजना तथा कार्यक्रमहरूलाई सैद्धान्तिक मार्गदर्शनको रूपमा यस योजनाले ग्रहण गरेको छ । युनेस्को (२०१५) ले भनेझै शिक्षा समग्र विकासको र दिगो विकासका लक्ष्यले अपेक्षा गरेको नतिजा हासिल गर्ने मुख्य उत्प्रेरक हो । यसै सन्दर्भमा वीरेन्द्रनगर नगरपालिकालाई सुर्खेत जिल्ला र कर्णाली प्रदेशको मात्र नभएर देशकै उत्कृष्ट शैक्षिक गन्तव्य बनाउनको लागि यो दश बर्षे शिक्षा क्षेत्र योजना मार्गदर्शनको रूपमा रहने परिकल्पना गरिएको छ ।

विद्यालय तथा विद्यार्थी भर्नामा बृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पूरा गराउन थप प्रयास तथा सुधारको खाँचो छ । यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ । त्यसैगरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न तथा उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै जरुरी छ ।

शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी तथा गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको संविधानअनुसार तीनै तहको सरकारको समन्वय, सहकार्य र सहकारीताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापन गर्न सक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्ध गर्न आवश्यक छ । सार्वजनिक शिक्षामा न्यून पहुँच भएका नगरपालिकाको विकट क्षेत्रका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न सेवा प्रदायक प्रणाली र शिक्षकको दक्षता सुधारसहित गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म नगरपालिकाबाट सञ्चालनमा आएका शैक्षिक योजना तथा कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक निकायहरुको रुपमा विद्यालय र शिक्षा शाखासमेतको क्षमता अभिवृद्धि गर्न जरूरी देखिएको छ । विपद् र महामारीजस्ता अवस्थामा समेत विद्यालयका शैक्षिक गतिविधिहरुलाई निरन्तरता प्रदान गर्न सकिने प्रकारको संरचना र क्षमता विकास गर्नुपर्दछ । सूचना र सञ्चार प्रविधिको माध्यमबाट शिक्षामा आधुनिकता, सामञ्जस्यता, प्रतिस्पर्धा, नवप्रवर्तनात्मकता, विश्वव्यापकताजस्ता पक्षहरुको क्षमता विकासमा जोड दिनुपर्ने वर्तमान समयको माग र आवश्यकता दुबै हो ।

१.५ योजना निर्माणका आधार (Criterion of Plan Formulation)

यस दश बर्षे योजनाको तर्जुमा गर्दा देहायका दस्तावेजहरूलाई मुख्य आधार लिइएको छ :

१) दिगो विकास लक्ष्य नं. ४ (SDG-4)

२) नेपालको संविधान (२०७२)

३) पन्ध्रौं योजना (२०७६/०७७- २०८०/०८१)

४) विद्यालय क्षेत्र विकास योजना (SSDP)

५) संघीय सरकारको विद्यालय शिक्षा क्षेत्र विकास योजना

६) राष्ट्रिय शिक्षा नीति, २०७६

७) राष्ट्रिय पाठ्यक्रमको प्रारूप, २०७६

८) स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६

९) कर्णाली प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/०७७- २०८०/०८१)

१०) कर्णाली प्रदेशको शिक्षा क्षेत्र विकास योजना

११) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य सङ्घीय कानुनहरू

१२) नगरपालिकाको आवधिक योजना र मध्यकालीन खर्च संरचना

१३) नगर शिक्षा ऐन, २०७४

१४) नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा नीति, २०७७

१५) स्थानीय पाठ्यक्रम (हामी र हाम्रो वीरेन्द्रनगर)

१६) शिक्षा सम्बन्धी नगरस्तरीय विभिन्न निर्देशिका र कार्यविधिहरू

१७) सङ्घीय र कर्णाली प्रदेशको शिक्षा क्षेत्र योजनाको मस्यौदा ।

१.६ योजना निर्माण प्रक्रिया (Plan Formulation Process)

वि.सं. २०६५ देखि शिक्षा क्षेत्रमा क्षेत्रगत योजनाको रुपमा विद्यालय क्षेत्र सुधार कार्यक्रम सुरु हुँदै आएकोमा पछिल्लो समयमा कार्यान्वयनमा रहेको विद्यालय क्षेत्र विकास योजनाको समयावधि सम्पन्न भई वि.सं. २०७९ साउनदेखि विद्यालय शिक्षा क्षेत्र विकास योजना लागू भइरहेको अवस्था हो । सङ्घीयता र शिक्षा क्षेत्रको पुनर्संरचनासँगै तीनवटै तहहरूमा एउटै ढाँचा र एकैसाथ शिक्षा क्षेत्र योजना निर्माण गर्ने नेपाल सरकारको निर्णयानुसार योजना निर्माणको कार्य अगाडि बढेको थियो । सङ्घ, सातवटै प्रदेश र प्रत्येक प्रदेशबाट तीनवटा स्थानीय तहको योजना निर्माण गर्ने मन्त्रालयको आर्थिक बर्ष २०७७/०७८ को निर्णयानुसार शिक्षा क्षेत्र योजना तयार गर्न कार्यको सुरुवात गरिएको थियो । सो अनुसार संघीय सरकार, कर्णाली प्रदेश सरकार र प्रत्येक प्रदेशका तीनओटा स्थानीय तहहरुले शिक्षा क्षेत्र योजना निर्माण गर्ने कार्य सम्पन्न गरेका थिए । संघीय सरकारले वि.सं. २०७९ साउनदेखि कार्यान्वयन हुने गरी विद्यालय शिक्षा क्षेत्र विकास योजना स्वीकृत गरी अगाडि बढेको छ भने कर्णाली प्रदेश सरकारले निर्माण गरेको योजना छलफलको क्रममा छ ।

उपरोक्त सन्दर्भमा आर्थिक वर्ष २०७७/०७८ मा यस नगरपालिकाको शिक्षा नीति र आवधिक योजना निर्माण गर्नका लागि केही बजेटसमेत विनियोजन गरेर नगरपालिका स्तरीय एक दिने कार्यशाला सञ्चालन गरिएको थियो । उक्त कार्यशालाबाट शिक्षा नीति र योजना निर्माणको लागि सुझावहरु संकलन गरिएको थियो । नगरपालिकाले आधारभूत तथा माध्यमिक शिक्षा नीति, २०७७ स्वीकृत गरी कार्यान्वयनमा अगाडि बढायो । तत पश्चात् २०७८ मंसीरमा योजना निर्माण गर्नका लागि तात्कालीन नगर प्रमुख श्री देव कुमार सुवेदीको अध्यक्षतामा मूल समिति र उपप्रमुख श्री मोहनमाया भण्डारी (ढकाल) को अध्यक्षतामा तयारी निर्माण समिति गठन गरी कार्य प्रारम्भ गरियो ।

नगर शिक्षा समितिको विभिन्न समयमा बसेको बैठकहरूले सहमति प्रदान गरेअनुसार शिक्षा, युवा तथा खेलकुद शाखाले योजना निर्माण गर्ने कार्यको नेतृत्व/संयोजन गरेको थियो । योजना निर्माण प्रक्रियालाई अगाडि बढाउन गठित प्राविधिक समितिको अध्यक्षता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतबाट भएको थियो । योजना निर्माण गर्नका लागि विभिन्न विषयगत समूहहरु निर्माण गरियो जुन समूहमा रही काम गरेका व्यक्तिहरुको नामावली अनुसूचि १ मा उल्लेख गरिएको छ ।

यो योजना तयारीका क्रममा विभिन्न विषय शीर्षक हेर्ने गरी र थिमगत मस्यौदा बनाउने गरी निर्माण गरिएको प्राविधिक समितिका पदाधिकारीहरूको बीचमा विभिन्न समयमा भर्चुअल तथा भौतिक उपस्थितिका माध्यमबाट छलफल तथा अन्तक्रिया गरिएको थियो । पटक पटक योजनाले अगाडि सारेका नीति तथा कार्यक्रमहरुका सम्बन्धमा शिक्षा सरोकारवालासँग सम्बन्धित विषयमा अन्तरक्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । नगर कार्यपालिका, सामाजिक विकास समिति र नगर शिक्षा समितिका पदाधिकारीहरूबिच समेत पटक पटक गहन छलफल भएको थियो । नगरपालिकाको शिक्षा क्षेत्रसँग सम्बन्धित अगुवाहरू, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रदेश सरकारका निकायहरू, शिक्षा विकास तथा समन्वय इकाइ, राष्ट्रिय परीक्षा बोर्ड, गैर सरकारी संस्था र प्रधानाध्यापकहरूसँग समेत बृहत् रूपमा अन्तरक्रिया गरी सुझावहरू लिइएको थियो ।

यो योजना तयारीका क्रममा समितिले निर्माण गरेको विषयगत/थिमगत विज्ञहरू समेटिएको प्राविधिक समितिले प्रतिवेदन तयार गरेर पेश गरेको थियो । प्रारम्भिक मस्यौदाकारहरूबाट तयार भएको प्रारम्भिक मस्यौदालाई आवश्यक परिमार्जन गरी निर्धारित ढाँचामा योजनाको खाका तयार गरी पहिलो पूर्ण मस्यौदा तयार गरिएको थियो । यस कार्यका लागि विज्ञसहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले काम गरेको थियो । विषय क्षेत्रसँग सम्बन्धित विभिन्न निकायका कर्मचारी तथा विज्ञहरूसँग आवश्यकतानुसार निरन्तर छलफल गरिएको थियो । यस क्रममा योजना नगरपालिकाको कार्यपालिका तथा नगर शिक्षा समिति एवम् योजना प्राविधिक समितिमा आवश्यक छलफल गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । यसरी तयार भएको पहिलो मस्यौदामा सम्बन्धित सरोकारवालाहरूबाट प्राप्त हुने सुझाव तथा पृष्ठपोषणलाई समेत ध्यान दिएर यो योजनाको अन्तिम मस्यौदा तयार गरिएको थियो ।

१.७ विगतका योजनाको समीक्षा (Review of Pas Plan)

प्रत्येक विद्यालयहरूले आफ्नो विद्यालयको सुधार र रूपान्तरणको लागि पाँच वर्षे विद्यालय सुधार योजना बनाउनुपर्ने र सोही आधारमा गाउँ र नगर क्षेत्रमा गाउँ वा नगर शिक्षा योजना तयार पार्ने अभ्यासले निरन्तरता पाइरहेको भए

तापनि कार्यान्वयनका दृष्टिले प्रभावकारी र नतिजामूलक बन्न सकेको अवस्था छैन । नगरपालिकाका विभिन्न शैक्षिक सूचनाहरुमा सुधारका सङ्केतहरु देखा परिरहेका छन् । प्राथमिक तहको खुद भर्नादरमा बृद्धि भइरहेको छ भने साक्षरता दरमा समेत उल्लेखनीय सुधार भई यो नगरपालिका साक्षर नगरपालिकाको रुपमा परिचित छ । विद्यालय शिक्षामा समतामूलक पहुँच, टिकाउ दरमा बृद्धि, भौतिक पूर्वाधारमा सुधारोन्मुख, विद्यालयमा सूचना प्रविधिको विस्तार, समावेशी र समतामूलक शिक्षा, बालमैत्री विद्यालय र विद्यालय शान्ति क्षेत्र जस्ता पक्षमा उल्लेख्य प्रगति भएको पाइन्छ । विद्यार्थीको सिकाइ उपलब्धि सुधारोन्मुख देखिन्छ । सङ्कट, बिपद् तथा महामारीको अवस्थामा समेत शैक्षिक गतिविधिहरुलाई निरन्तरता प्रदान गर्नका लागि विभिन्न विकल्पहरुको प्रयोग गरिँदै आइएको छ । विद्यालयमा शिक्षकको अभावका कारण विद्यार्थीको सिकाइ प्रभावित हुने विषयलाई मध्यनजर गर्दै कार्यान्वयनमा ल्याइएका भर्चुअल कक्षा व्यवस्थापन, शैक्षिक सुधार अभियान, प्रारम्भिक बाल विकास शिक्षा र विद्यालयको समायोजन, विद्यालयको नतिजामूलक अनुगमन तथा शिक्षकको पेसागत सहयोग आदिजस्ता नवीनतम् कार्यले नगरपालिकाको शैक्षिक अवस्थालाई सुधार गर्नका लागि आधार प्रदान गरेका छन् ।

निःशुल्क र अधिकारमा आधारित शिक्षा भने पनि विद्यालय शिक्षा पूर्णरूपमा निशुल्क अझै बनाउन सकिएको छैन । विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था, शिक्षण सिकाइ र नतिजाप्रति जवाफदेही संयन्त्रको विकास, भौतिक र शैक्षिक पूर्वाधार (प्रयोगशाला, कम्प्यूटर, सूचना प्रविधिको उपयोग), प्रभावकारी अनुगमन, मूल्याङ्कन र नतिजामा आधारित प्रोत्साहन प्रणालीलाई अवलम्बन गर्दै तीनै तहका सरकारहरूकोबिचमा सहकार्य र शिक्षक, अभिभावक, विद्यार्थी र विद्यालयका बिचमा समन्वय र सुधारका लागि बलियो प्रतिबद्धता आवश्यक देखिन्छ ।

तसर्थ विगतदेखि नगरपालिकाको अन्य आवधिक योजनमा शिक्षालाई समेटिएर काम गरिएता पनि शिक्षा क्षेत्रको समग्र योजना निर्माणको यो पहिलो दस्तावेज हो ।

१.८ शिक्षा क्षेत्रको वर्तमान अवस्था विश्लेषण (Analysis of the Educational Stauts)

वीरेन्द्रनगर नगरपालिकामा शिक्षाको वर्तमान अवस्थालाई तल उल्लेख गरिएको छ :

(क) सञ्चालित तहका आधारमा सामुदायिक विद्यालयको विवरण

क्र. सं.	प्रकार	जम्मा	बालविकास/ पूर्वप्राथमिक	आधारभूत तह (कक्षा १-३)	आधारभूत तह (कक्षा १-५)	आधारभूत तह (कक्षा १-८)	माध्यमिक तह (कक्षा १-१०)	माध्यमिक तह (कक्षा १-१२)
१	सामुदायिक	६०	९६	३	२३	१०	११	१३
२	संस्थागत	८८		११	१३	१८	२०	२६
	जम्मा	१४८	९६	१४	३६	२८	३१	३९

(ख) वडागत आधारमा सामुदायिक विद्यालयको विवरण

वडा नम्बर	जम्मा	बालविकास/ पूर्वप्राथमिक	आधारभूत तह (कक्षा १-३)	आधारभूत तह (कक्षा १-५)	आधारभूत तह (कक्षा १-८)	माध्यमिक तह (कक्षा १-१०)	माध्यमिक तह (कक्षा १-१२)
१	४	४	०	३	०	०	१
२	४	६	०	१	१	२	०
३	२	२	०	१	०	१	०
४	२	३	०	०	१	०	१
५	१	२	०	०	०	१	०
६	३	४	०	१	०	०	२
७	१	४	०	०	०	०	१
८	३	४	०	१	०	२	०
९	३	९	०	०	१	१	१
१०	६	१४	०	२	२	१	१
११	४	८	०	२	०	०	२
१२	५	८	०	३	१	०	१
१३	६	१०	०	४	०	१	१
१४	५	३	०	२	२	१	०
१५	५	६	२	१	०	१	१
१६	६	९	१	२	२	०	१
जम्मा	६०	९६	३	२३	१०	११	१३

(ग) वडागत आधारमा विद्यालय (संस्थागत विद्यालयतर्फ)

वडा नम्बर	जम्मा	बालविकास/ पूर्वप्राथमिक	आधारभूत तह (कक्षा १-३)	आधारभूत तह (कक्षा १-५)	आधारभूत तह (कक्षा १-८)	माध्यमिक तह (कक्षा १-१०)	माध्यमिक तह (कक्षा १-१२)
१	५	५	१	१	०	१	२
२	५	५	०	३	१	०	१
३	१७	१७	२	३	३	२	७
४	९	९	०	१	२	०	६

५	४	४	२	१	१	०	०
६	६	६	१	१	०	३	१
७	८	८	२	१	२	२	१
८	६	६	१	०	१	२	२
९	८	८	०	१	३	३	१
१०	८	८	०	१	१	३	३
११	६	६	०	०	२	२	२
१२	६	५	२	०	१	३	०
१३	०	०	०	०	०	०	०
१४	०	०	०	०	०	०	०
१५	०	०	०	०	०	०	०
१६	०	०	०	०	०	०	०
जम्मा	८८	८८	११	१३	१८	२०	२६

(ग) सामुदायिक विद्यालयको विवरण

क्र. सं.	विद्यालयको नाम	ठेगाना	सञ्चालित कक्षा
१	श्री सरस्वती प्रा. वि. वाङ्गेसिमल	वी.न.पा. १, सुर्खेत	१-५
२	श्री दिपमाला प्राथमिक विद्यालय	वी.न.पा. १, सुर्खेत	१-५
३	श्री ने.रा.प्रा.वि. धारापानी	वी.न.पा. १, सुर्खेत	१-५
४	श्री सरस्वती आ.वि. रागसपाइला	वी.न.पा. २, सुर्खेत	१-८
५	श्री आनन्द मा.वि. कृष्णगञ्ज	वी.न.पा. २, सुर्खेत	१-१०
६	श्री ने. रा. प्रा. वि. फलाटे	वी.न.पा. २, सुर्खेत	१-५
७	श्री प्रभात मा. वि. कोलडाँडा	वी.न.पा. २, सुर्खेत	१-१०
८	श्री हरिडिल भुमी म. वि. तातापानी	वी.न.पा. ३, सुर्खेत	१-१०
९	श्री प्रा. वि. मसुरीखेत	वी.न.पा. ३, सुर्खेत	१-५
१०	श्री भैरव मा.वि. भैरवस्थान	वी.न.पा. ४, सुर्खेत	१-१२
११	श्री त्रिपुरेश्वर ढोडेखाली	वी.न.पा. ४, सुर्खेत	१-१२
१२	श्री छवि आ. वि. कालागाउँ	वी.न.पा. ४, सुर्खेत	१-८

१३	श्री ने. रा. मा. वि. चिसापानी	वी.न.पा. ५, सुर्खेत	१-१०
१४	श्री जन नमुना मा.वि. बजार	वी.न.पा. ६, सुर्खेत	१-१२
१५	श्री ने.रा. मा. वि. वीरेन्द्रनगर	वी.न.पा. ६, सुर्खेत	१-१२
१६	श्री जुनतारा प्राथमिक विद्यालय बजार	वी.न.पा. ६, सुर्खेत	१-३
१७	श्री कृष्ण संस्कृत तथा साधारण मा.वि.इत्राम	वी.न.पा. ७, सुर्खेत	१-१२
१८	श्री सिद्ध बहिरा वालककको स्कुल	वी.न.पा. ८, सुर्खेत	१-९
१९	श्री ने. रा. मा. वि. खजुरा	वी.न.पा. ८, सुर्खेत	१-१०
२०	श्री वालमन्दिर प्रा. वि. वीरेन्द्रनगर	वी.न.पा. ८, सुर्खेत	१-५
२१	श्री कोपिला मा. वि. पर्सेनी	वी.न.पा. ९, सुर्खेत	१-१०
२२	श्री शिव मा. वि. लाटिकोइली	वी.न.पा. ९, सुर्खेत	१-१२
२३	श्री ने.रा.आ.वि. चाँदनीचौकी	वी.न.पा. ९, सुर्खेत	१-८
२४	श्री मदरसा मदिना मा. वि. बेलघारी	वी.न.पा. १०, सुर्खेत	१-१०
२५	श्री जनचेतना प्रा. वि.	वी.न.पा. १०, सुर्खेत	१-५
२६	श्री मंगलगढी प्राथमिक विद्यालय	वी.न.पा. १०, सुर्खेत	१-५
२७	श्री जनसेवा मा .वि. घुस्रा	वी.न.पा. १०, सुर्खेत	१-१२
२८	श्री ने.रा.मा.वि. वामेखोला	वी.न.पा. १०, सुर्खेत	१-८
२९	श्री गंगामाला आ.वि. पिपीरा	वी.न.पा. १०, सुर्खेत	१-८
३०	श्री काक्रेविहार प्रा.वि. चारकुने	वी.न.पा. ११, सुर्खेत	१-५
३१	श्री ने.रा. चन्द्रगंगा मा. वि. गाग्रेताल	वी.न.पा. ११, सुर्खेत	१-१२
३२	श्री शिव मा. वि. धुलियाविट	वी.न.पा. ११, सुर्खेत	१-१२
३३	श्री कालिका प्रा. वि. सुव्वाकुना	वी.न.पा. ११, सुर्खेत	१-५
३४	श्री जनजागृत प्रा.वि. पदमपुर	वी.न.पा. १२, सुर्खेत	१-५
३५	श्री जनता प्रा. वि. खोरीया	वी.न.पा. १२, सुर्खेत	१-५
३६	श्री सरस्वती प्रा. वि. चनौटे	वी.न.पा. १२, सुर्खेत	१-५
३७	श्री हस्तविर आ.वि. चनौटे	वी.न.पा. १२, सुर्खेत	१-८
३८	श्री अमर ज्योति नमुना मा.वि. नेवारे	वी.न.पा. १२, सुर्खेत	१-१२
३९	श्री सरस्वती प्रा. वि. गुमानटार	वी.न.पा. १३, सुर्खेत	१-५

४०	श्री सरस्वती प्रा. वि. गर्गरे	वी.न.पा. १३, सुर्खेत	१-५
४१	श्री ने.रा. प्रा. वि. जामुनडाँडा	वी.न.पा. १३, सुर्खेत	१-५
४२	श्री ने.रा. मा. वि. नलखोला	वी.न.पा. १३, सुर्खेत	१-१०
४३	श्री ने.रा.मा.वि. करेखोला	वी.न.पा. १३, सुर्खेत	१-१२
४४	श्री ने.रा. प्रा. वि. पाँचघरे	वी.न.पा. १३, सुर्खेत	१-५
४५	श्री महाकाली प्रा.वि सालडाँडा	वी.न.पा. १४, सुर्खेत	१-५
४६	श्री भैरव आ. वि. राम्रीकाँडा	वी.न.पा. १४, सुर्खेत	१-८
४७	श्री ने.रा. प्रा. वि. राम्चे	वी.न.पा. १४, सुर्खेत	१-५
४८	श्री गंगा आ.वि. दर्नाकोट	वी.न.पा. १४, सुर्खेत	१-८
४९	श्री सिद्ध मा.वि.गोठिकाँडा	वी.न.पा. १४, सुर्खेत	१-१२
५०	श्री ने. रा.मा. वि. पारेगाउँ	वी.न.पा. १५, सुर्खेत	१-१०
५१	श्री ने रा.मा. वि. रतुदेवीस्थान	वी.न.पा. १५, सुर्खेत	१-१०
५२	श्री सरस्वती प्रा.वि. भालुखोला	वी.न.पा. १५, सुर्खेत	१-५
५३	श्री चन्द्रज्योति प्रा.वि. हरिसकाटे	वी.न.पा. १५, सुर्खेत	१-५
५४	श्री मनकामना प्रा.वि. काफलटाकुरा	वी.न.पा. १५, सुर्खेत	१-३
५५	श्री कालिका प्रा.वि. भित्रीखोला	वी.न.पा. १६, सुर्खेत	१-३
५६	श्री आदर्श मा.वि. मेहेली	वी.न.पा. १६, सुर्खेत	१-१२
५७	श्री सूर्य आ. वि. गर्पन	वी.न.पा. १६, सुर्खेत	१-८
५८	श्री सरस्वती प्रा.वि. लेहडा	वी.न.पा. १६, सुर्खेत	१-५
५९	श्री विश्वकाली आ.वि. सानीलेख	वी.न.पा. १६, सुर्खेत	१-८
६०	श्री शिव प्रा. वि. झयाल्सेखोला	वी.न.पा. १६, सुर्खेत	१-३

(घ) संस्थागत विद्यालयको विवरण

क्र. सं.	विद्यालयको नाम	वडा नं.	संचालित कक्षा
१	माउन्ट एभरेष्ट स्कुल बांगेसिमल	वी.न.पा. १, सुर्खेत	१-१२
२	मोर्डन पब्लिक स्कुल रेडियो नेपाल	वी.न.पा. १, सुर्खेत	१-१२
३	सन साइन एकेडेमी ढोडेखाली	वी.न.पा. १, सुर्खेत	१-९
४	राइजिङ स्टार स्कुल बांगेसिमल	वी.न.पा. १, सुर्खेत	१-५

५	बालन शिक्षा	वी.न.पा. १, सुर्खेत	१
६	पब्लिक एकेडेमी	वी.न.पा. २, सुर्खेत	१-१२
७	फेथ इङ्लिस स्कुल	वी.न.पा. २, सुर्खेत	१-८
८	माइलस्टोन एकेडेमी	वी.न.पा. २, सुर्खेत	१-५
९	भेरी कर्णाली एकेडेमी	वी.न.पा. २, सुर्खेत	१-४
१०	स्टेट स्कुल अफ सुर्खेत	वी.न.पा. २, सुर्खेत	१-५
११	गुड म्यानर एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-४
१२	सुर्खेत होराइजन एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-१२
१३	सेन्टमेरीज को. एड. स्कुल	वी.न.पा. ३, सुर्खेत	१-१२
१४	साउथ एशिएन स्कलर्स एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-१२
१५	बुलबुले भेरी एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-१२
१६	मध्यपश्चिम बोर्डिङ स्कुल	वी.न.पा. ३, सुर्खेत	१-१२
१७	उत्तरगंगा इ.मे. कर्णाली स्कुल	वी.न.पा. ३, सुर्खेत	१-१०
१८	हार्भेष्टमुन से.वो.स्कुल	वी.न.पा. ३, सुर्खेत	१-१२
१९	भ्याली मेरीडियन एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-१०
२०	एड्भान्स वेटर इ.मि.से.स्कुल	वी.न.पा. ३, सुर्खेत	१-१२
२१	ग्रिनल्यान्ड एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-८
२२	भेरी एजुकेशनल एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-४
२३	सेलेनडाइन एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-६
२४	रोजल्यान्ड एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-६
२५	गुराँस एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-५
२६	जलेश्वर उत्तरगंगा सहकारी स्कुल	वी.न.पा. ३, सुर्खेत	१-२
२७	वीरेन्द्र एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-२
२८	एस.ओ.एस. हर्मन माइनर स्कुल	वी.न.पा. ४, सुर्खेत	१-१२
२९	इन्टरनेशनल को. अपरेटिभ कालागाँउ	वी.न.पा. ३, सुर्खेत	१-१२
३०	कोपिला भ्याली स्कुल भैरवस्थान	वी.न.पा. ३, सुर्खेत	१-१२
३१	जनप्रिय (जेपी) सेकेन्डरी स्कुल	वी.न.पा. ३, सुर्खेत	१-११
३२	सोसल एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-११
३३	नोबेल एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-११
३४	दोभान एजुकेशन एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-६
३५	प्रतिक्षा मन्टेश्वरी बुद्धपथ	वी.न.पा. ३, सुर्खेत	१-५

३६	निकोलस एकेडेमी	वी.न.पा. ३, सुर्खेत	१-८
३७	शान्ती विद्या सदन	वी.न.पा. ५, सुर्खेत	१-६
३८	आधुनिक शिक्षा निकेतन	वी.न.पा. ५, सुर्खेत	१-३
३९	आरम्भ विद्या निकेतन	वी.न.पा. ५, सुर्खेत	१-२
४०	नवपालुवा चिसापानी	वी.न.पा. ५, सुर्खेत	१-५
४१	उषा वाल बाटिका मा. वि.	वी.न.पा. ६, सुर्खेत	१-१२
४२	समता स्कुल	वी.न.पा. ६, सुर्खेत	१-१
४३	यज्ञपिस होम्स एकेडेमी	वी.न.पा. ६, सुर्खेत	१-१०
४४	सिदार्थ नेशनल को. अपरेटिभ	वी.न.पा. ६, सुर्खेत	१-१०
४५	अरनिको मा. वि. भगवतीटोल	वी.न.पा. ६, सुर्खेत	१-१०
४६	नवदर्शन स्कुल एकेडेमी	वी.न.पा. ६, सुर्खेत	१-५
४७	डि. भि. निकेतन मा.वि. इत्राम	वी.न.पा. ७, सुर्खेत	१-१२
४८	सुप्रिम एकेडेमी कालिञ्चोक	वी.न.पा. ७, सुर्खेत	१-१०
४९	शान्तिदिप मा. वि. इत्राम	वी.न.पा. ७, सुर्खेत	१-१०
५०	ज्योति विद्यासदन	वी.न.पा. ७, सुर्खेत	१-८
५१	हिलसाइड एकेडेमी	वी.न.पा. ७, सुर्खेत	१-७
५२	लिटिल एन्जल स्कुल	वी.न.पा. ७, सुर्खेत	१-५
५३	गुरूकुल एकेडेमी इत्राम	वी.न.पा. ७, सुर्खेत	१-३
५४	नेपाल प्रहरी स्कुल	वी.न.पा. ७, सुर्खेत	१-३
५५	इलाइट को. एड.	वी.न.पा. ८, सुर्खेत	१-१२
५६	चिल्ड्रेन्स प्याराडाइज	वी.न.पा. ८, सुर्खेत	१-१२
५७	विद्याज्योती सहकारी	वी.न.पा. ८, सुर्खेत	१-१०
५८	अप्रितम एजुकेशनल	वी.न.पा. ८, सुर्खेत	१-१०
५९	कालिका इङ्लिस मेडियम स्कुल	वी.न.पा. ८, सुर्खेत	१-८
६०	लोटस् मन्टेश्वरी एण्ड चाइल्ड केयर सेन्टर	वी.न.पा. ८, सुर्खेत	१-२
६१	आदर्शराज मेमोरियल मा. वि.	वी.न.पा. ९, सुर्खेत	१-१२
६२	सैनिक आवासीय महाविद्यालय	वी.न.पा. ९, सुर्खेत	४-१०
६३	नवज्योति स्कुल	वी.न.पा. ९, सुर्खेत	१-१०
६४	विश्वज्योती एकेडेमी	वी.न.पा. ९, सुर्खेत	१-८
६५	न्यु स्टार एकेडेमी	वी.न.पा. ९, सुर्खेत	१-८
६६	लिवरल एजुकेशन एकेडेमी	वी.न.पा. ९, सुर्खेत	१-९

६७	सुर्खेत देउती नेपाल वो. स्कुल	वी.न.पा. ९, सुर्खेत	१-७
६८	प्रज्ञा पाठशाला	वी.न.पा. ९, सुर्खेत	१-५
६९	इगरब्रिज आवशिय मा. वि.	वी.न.पा. १०, सुर्खेत	१-१२
७०	सूर्योदय वोर्डिङ स्कुल	वी.न.पा. १०, सुर्खेत	१-१२
७१	सिद्धापाइला इ.मे.से.स्कुल	वी.न.पा. १०, सुर्खेत	१-१२
७२	इम्यानुअल बोर्डिङ स्कुल	वी.न.पा. १०, सुर्खेत	१-१०
७३	डाइनामिक इ.मे.बो. स्कुल	वी.न.पा. १०, सुर्खेत	१-८
७४	नासा एकेडेमी	वी.न.पा. १०, सुर्खेत	१-१०
७५	प्यारागन आदर्श पव्लिक एकेडेमी	वी.न.पा. १०, सुर्खेत	१-१०
७६	सुर्खेत एकेडेमी	वी.न.पा. १०, सुर्खेत	१-५
७७	ब्राइटल्यान्ड मा. वि.	वी.न.पा. ११, सुर्खेत	१-१२
७८	सेडा आवसीय मा. वि.	वी.न.पा. ११, सुर्खेत	१-१२
७९	गोल्डेन इङ्लिस एकेडेमी	वी.न.पा. ११, सुर्खेत	१-१०
८०	शुभलक्ष्मी एकेडेमी	वी.न.पा. ११, सुर्खेत	१-८
८१	सुर्खेत एजुकेशनल मल्टिपल एकेडेमी	वी.न.पा. ११, सुर्खेत	१-१०
८२	शुभतारा वोर्डिङ स्कुल	वी.न.पा. ११, सुर्खेत	१-८
८३	गोल्डेन बर्ड एकेडेमी	वी.न.पा. १२, सुर्खेत	१-१०
८४	चेतना विद्या निकेतन	वी.न.पा. १२, सुर्खेत	१-१०
८५	सनसाइन ग्लोवल स्कुल	वी.न.पा. १२, सुर्खेत	१-२
८६	गरखा किड्रस एकेडेमी	वी.न.पा. १२, सुर्खेत	१-२
८७	बाल उद्यान नेवारे	वी.न.पा. १२, सुर्खेत	१-८
८८	हयुरिष्टिक स्कुल तथा अनुसन्धान केन्द्र	वी.न.पा. १२, सुर्खेत	१-९

(ङ) विश्वविद्यालय/क्याम्पस/मेडिकल कलेजको विवरण

क्र. सं.	विश्वविद्यालय/क्याम्पस/मेडिकल कलेजको नाम	सञ्चालित ठेगाना	सम्बन्धन प्राप्त विश्वविद्यालय	सञ्चालित संकायहरु	कैफियत
१	सुर्खेत बहुमुखी क्याम्पस	वीरेन्द्रनगर ६, सुर्खेत	त्रिभुवन विश्वविद्यालय	व्यवस्थापन र शिक्षा	

२	सिद्धापाइला क्याम्पस	वीरेन्द्रनगर ६, सुर्खेत	त्रिभुवन विश्वविद्यालय	व्यवस्थापन	
३	मध्यपश्चिम विश्वविद्यालय	वीरेन्द्रनगर ८, सुर्खेत	मध्यपश्चिम विश्वविद्यालय	विज्ञान, व्यवस्थापन, मानविकी, इन्जिनियरिङ, कानुन, शिक्षा र कृषि	
३	सहारा क्याम्पस	वीरेन्द्रनगर ८, सुर्खेत	त्रिभुवन विश्वविद्यालय	व्यवस्थापन	
५	ज्ञानसिन्धु क्याम्पस	वीरेन्द्रनगर ८, सुर्खेत	त्रिभुवन विश्वविद्यालय	विज्ञान र व्यवस्थान	
५	सुर्खेत मोडेल कलेज	वीरेन्द्रनगर ८, सुर्खेत	त्रिभुवन विश्वविद्यालय	व्यवस्थापन र मानविकी	
६	ब्राइट फ्यूचर क्याम्पस	वीरेन्द्रनगर ८, सुर्खेत	कृषि विश्वविद्यालय चितवन	कृषि	
५	सुर्खेत मेडिकल कलेज	वीरेन्द्रनगर ८, सुर्खेत			निर्माणाधीन
४	अमरदीप क्याम्पस	वीरेन्द्रनगर १२, सुर्खेत	त्रिभुवन विश्वविद्यालय	व्यवस्थापन	

(च) नगरपालिकाको शिक्षक दरबन्दी विवरण

प्राथमिक तह		निम्न माध्यमिक तह			माध्यमिक तह			उच्च माध्यमिक तह		जम्मा	
दरबन्दी	राहत	दरबन्दी	राहत	अनुदान	दरबन्दी	राहत	अनुदान	दरबन्दी	राहत	दरबन्दी	राहत
२९१	५९	५८	४४	१०	५१	२४	१२	९	२०	३५०	१४७

(छ) विद्यार्थीको विवरण (शैक्षिक सत्र २०७८ को तथ्यांक अनुसार)

क्र.सं.	तह	सामुदायिक तर्फ			संस्थागत तर्फ (६८ विद्यालयको मात्र)			जम्मा
		छात्रा	छात्र	जम्मा	छात्रा	छात्र	जम्मा	
१	प्रारम्भिक बाल विकास	८०५	८९७	१७०२	१२८७	१९१३	३२००	४९०२
२	आधारभूत तह (१-५)	३७२६	३६२१	७३४७	४५८५	६७०४	११२८९	१८६३६
३	आधारभूत तह (६-८)	३०२२	३१११	६१३३	२२२९	३३५५	५५८४	११७१७
४	माध्यमिक तह (९-१०)	२३८३	२४८९	४८७२	११०१	१६३६	२७३७	७६०९
५	माध्यमिक तह (११-१२)	२२६१	२३५०	४६११	५४८	८५१	१३९९	६०१०
जम्मा				२४६६५			२४२०९	४८८७४

(ज) सामुदायिक सिकाइ केन्द्रको विवरण

क्र.सं.	सामुदायिक सिकाइ केन्द्रको नाम	ठेगाना
१	बांगेसिमल सामुदायिक सिकाइ केन्द्र	वीरेन्द्रनगर -१
२	उत्तरगंगा सामुदायिक सिकाइ केन्द्र	वीरेन्द्रनगर -२
३	काक्रेविहार सामुदायिक सिकाइ केन्द्र	वीरेन्द्रनगर -१०
४	ग्रामीण जागरण सामुदायिक सिकाइ केन्द्र	वीरेन्द्रनगर -१२
५	गर्पन सामुदायिक सिकाइ केन्द्र	वीरेन्द्रनगर -१६

(झ) अनुमतिप्राप्त मन्टेश्वरी तथा चाइल्ड केयर सेन्टरहरुको विवरण

क्र स	संस्थाको नाम	ठेगाना	नगर शिक्षा समितिले निर्णय गरेको मिति	कैफियत

१	सनसाइन प्रि स्कुल तथा मन्टेश्वरी एण्ड चाइल्ड केयर सेन्टर	वी न पा १२	०३/०२/२०७५	विद्यालयको पुर्व प्राथमिक कक्षा
२	इगरव्रीज मन्टेश्वरि चाइल्ड केयर सेन्टर	वी न पा १२		विद्यालयको पुर्व प्राथमिक कक्षा
३	जलेश्वर उत्तरगंगा सहकारि मन्टेश्वरि स्कुल	वी न पा ३		विद्यालयको पुर्व प्राथमिक कक्षा
४	पानस मन्टेश्वरि तथा चाइल्ड केयर सेन्टर	वी न पा १०		विद्यालयको पुर्व प्राथमिक कक्षा
५	गुड म्यानर मन्टेश्वरि तथा चाइल्ड केयर सेन्टर	वी न पा ३		विद्यालयको पुर्व प्राथमिक कक्षा
६	वालन शिक्षा मन्टेश्वरि तथा चाइल्ड केयर सेन्टर	वी न पा १		विद्यालयको पुर्व प्राथमिक कक्षा
७	व्राइट आइज चाइल्ड केयर सेन्टर	वी न पा ३		
८	सुर्खेत विद्यामन्दिर मन्टेश्वरी	वी न पा ३		
९	फुलवारि मन्टेश्वरी	वी न पा १०		
१०	समता प्रि स्कुल	वी न पा ६		विद्यालयको पुर्व प्राथमिक कक्षा
११	कौशिला मन्टेश्वरी	वी न पा २	२९/०१/२०७६	
१२	ह्याप्पी होम मन्टेश्वरि	वी न पा २		
१३	गुँरास मन्टेश्वरि	वी न पा ३		विद्यालयको पुर्व प्राथमिक कक्षा
१४	किड्स होम्स मन्टेश्वरी प्रि स्कुल	वी न पा ३		
१५	सुर्खेत होराइजन एकेडेमी मन्टेश्वरि	वी न पा ६		विद्यालयको पुर्व प्राथमिक कक्षा
१६	ज्ञानोदय मन्टेश्वरी	वी न पा ७		
१७	गंगामाला चाइल्ड केयर सेन्टर	वी न पा ११		
१८	साइनिङ स्टार एकेडेमी	वी न पा ११		

१९	हुयुरिष्टिक स्कुल एण्ड रिसर्च सेन्टर	वी न पा १२		विद्यालयको पुर्व प्राथमिक कक्षा
२०	लिटिल एन्जल मन्टेश्वरि	वी न पा ८	२८/०६/२०७७	
२१	बलुमिड बड प्रि स्कुल	वी न पा ८		
२२	ACNC मन्टेश्वरी स्कुल	वी न पा ७		
२३	मोनालिसा मन्टेश्वरि	वी न पा ७		
२४	वीरेन्द्रनगर एकेडेमी मन्टेश्वरी	वी न पा		विद्यालयको पुर्व प्राथमिक कक्षा
२५	सुर्खेत भ्याली स्कुल चाइल्ड केयर मन्टेश्वरी	वी न पा ५		
२६	वि जि एकेडेमी एण्ड रिसर्च सेन्टर	वी न पा ९	२१/१२/२०७८	
२७	मान्यता चाइल्ड केयर	वी न पा ३		
२८	सिग्मा चायल्ड सेन्टर इत्राम	वी न पा ७		
२९	सरस्वति मन्टेश्वरी	वी न पा ८		
३०	सनसाईन मन्टश्वरी	वी न पा १२		विद्यालयको पुर्व प्राथमिक कक्षा
३१	वुल्भिङ्ग वर्ड	वी न पा ८		
३२	गुड म्यानर मन्टेश्वरी	वी न पा ३		विद्यालयको पुर्व प्राथमिक कक्षा
३३	उत्तरगंगा मन्टेश्वरी	वी न पा २		
३४	प्रतिक्षा मन्टश्वरी	वी न पा ४		विद्यालयको पुर्व प्राथमिक कक्षा
३५	लोटस मन्टेश्वरी	वी न पा ७		विद्यालयको पुर्व प्राथमिक कक्षा
३६	गुरुकुल मन्टेश्वरी	वी न पा ७		विद्यालयको पुर्व प्राथमिक कक्षा

(ञ) अनुमतिप्राप्त ट्यूशन तथा कोचिङ सेन्टरहरुको विवरण

क्र स	संस्थाको नाम	ठेगाना	नगर शिक्षा समितिले निर्णय गरेको मिति
१	न्यू क्वालिटि एजुकेशन सेन्टर	वी न पा ६	२६/०५/२०७५
२	ए वान एजुकेशन सेन्टर	वी न पा ९	

३	सफल लोकसेवा तयारी कक्षा	वी न पा १०	
४	जेनुन टेक्निकल इन्सिटच्युट एण्ड ट्रेनिङ सेन्टर	वी न पा ८	
५	कर्णाली सिकाई तथा विकास केन्द्र		
६	प्याराडाइज मल्टिपल एकेडेमी तथा विकास केन्द्र	वी न पा १२	
७	पचालझरना एजुकेशन एकेडेमी	वी न पा ८	
८	प्रेरणा प्राविधिक मल्टिपल कलेज	वी न पा ४	
९	जेनिथ एजुकेसन प्रोमोसन	वी न पा ८	
१०	न्यू एकेडेमी फर मल्टिपल एक्सिलेन्सि	वी न पा ३	
११	अल्फा मल्टिपल एकेडेमी	वी न पा ६	
१२	एपेक्स कम्प्युटर इन्सिटच्युट तथा एजुकेशन एकेडेमी	वी न पा ६	
१३	नेशनल कम्प्युटर इन्सिटच्युट	वी न पा ६	
१४	सुर्खेत कम्प्युटर इन्सिटच्युट तथा कोचिङ सेन्टर	वी न पा ६	
१५	नेल्टा	वी न पा ८	
१६	सौगात मल्टिपल एकेडेमी	वी न पा ८	
१७	देउती शैक्षिक केन्द्र	वी न पा ९	२९/०१/२०७६
१८	भगवान इन्सिटच्युट	वी न पा ८	
१९	एभरेष्ट इन्फोसिस	वी न पा ६	
२०	ओमेगा कम्प्यूटर एण्ड टुयुसन सेन्टर	वी न पा ८	
२१	क्रस व्रिज एजुकेसन सर्विस प्रा लि	वी न पा ६	
२२	वि वान ग्रुप अफ कम्पनी	वी न पा ६	
२३	सिस्ने एजुकेशनल इन्सिटच्युट	वी न पा ८	
२४	वेस्ट अप्सर फर लरनिङ	वी न पा ८	
२५	सुवास मल्टिपल एकेडेमी	वी न पा ६	
२६	ट्रष्ट एजुकेसन सेन्टर	वी न पा ६	२१/१२/२०७८
२७	कर्णाली अध्ययन प्रतिष्ठान	वी न पा ४	
२८	एक्पर्ट एजुकेशन सेन्टर	वी न पा ८	
२९	वि वान ग्रुप अफ कम्पनी	वी न पा ६	२ पटक निर्णय भएको

३०	ज्ञानकुञ्ज मल्टिपल एकेडेमी	वी न पा ८	साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त

(ट) **प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्ने विद्यालयको विवरण**

क्र.सं	**विद्यालयको नाम**	**कार्यक्रम**			**कैफियत**
		विषय	डिप्लोमा	प्रिडिप्लोमा	
१	श्री शिव मावि धुलियाबिट	पशु	डिप्लोमा	प्रिडिप्लोमा	
२	श्री प्रभात मावि कोलडाँडा	कृषि		प्रिडिप्लोमा	
३	श्री चन्द्रगंगा मावि गाग्रेताल	कृषि	डिप्लोमा		
४	श्री नेरा मावि करेखोला	पशु	डिप्लोमा		
५	श्री कृष्ण संस्कृत तथा सामावि इत्राम	सिभिल	डिप्लोमा	प्रिडिप्लोमा	
६	श्री जन सेवा मावि घुस्रा	कृषि	डिप्लोमा	प्रिडिप्लोमा	
७	श्री जन नमुना मावि वीरेन्द्रनगर	सिभिल	डिप्लोमा	प्रिडिप्लोमा	
८	श्री भैरव मावि वीरेन्द्रनगर	वन	डिप्लोमा		
९	श्री नेरा मावि वीरेन्द्रनगर	कम्प्युटर	डिप्लोमा		
१०	श्री अमर ज्योति मावि नेवारे	सिभिल/ ज्योमेट्रिक्स	डिप्लोमा		

११	श्री शिव मावि लाटीकोइली	कृषि	माध्यमिक तह (९-१२)		प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भएको

(ठ) विभिन्न कार्यक्रमहरु सञ्चालन भएका विद्यालयहरुको विवरण

क्र.सं.	कार्यक्रमको प्रकार	विद्यालयको नाम	ठेगाना
१	नमुना विद्यालय	श्री जन माध्यमिक विद्यालय	वीरेन्द्रनगर ६, सुर्खेत
२	निम्न माध्यमिक र माध्यमिक तहको खुला शिक्षा	श्री अमरज्योती माध्यमिक विद्यालय नेवारे	वीरेन्द्रनगर १२
३	बहिराका लागि विशेष शिक्षा	श्री सिद्ध बहिरा बालकको स्कुल	वीरेन्द्रनगर ८
४	श्रोत कक्षा सञ्चालन (सुस्त मनस्थिति)	श्री जनसेवा माध्यमिक विद्यालय घुस्रा	वीरेन्द्रनगर १०
५	श्रोत कक्षा सञ्चालन (दृष्टिविहिन)	श्री कृष्ण संस्कृत तथा साधारण माध्यमिक विद्यालय इत्राम	वीरेन्द्रनगर ७

परिच्छेद : दुई

शिक्षा क्षेत्र योजना (Education Sector Plan-ESP)

२.१ सन्दर्भ (Context)

वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानी हो । यस नगरक्षेत्रका शैक्षिक संस्थाहरूलाई गुणस्तरीय शिक्षा प्रदायक संस्थाका रूपमा विकास गरी नगर क्षेत्र तथा बाहिरका विद्यार्थी र आम अभिभावकहरूको पहिलो रोजाईको केन्द्र बनाउने अभियानसँग यो योजना लक्षित रहेको छ। कर्णाली प्रदेश एवम् सिङ्गो मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको विकास गर्न सक्ने योजनाको प्रमुख सवाल हो । साधारण शिक्षा, परम्परागत शिक्षा, प्राविधिक शिक्षा र सीपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै वीरेन्द्रनगर नगरपालिकालाई शिक्षाको लागि सबैको आर्कषणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ ।

परिच्छेद एकमा उल्लेख गरिएको वीरेन्द्रनगर नगरपालिकाको शैक्षिक परिवेशको समीक्षासहित उठान गरिएका मुख्य चुनौती तथा अवसर र सम्भावनाहरूले यस नगरपालिकाको विद्यालय शिक्षाको आागामी दश वर्षको मार्ग पहिचानका लागि आधार सिर्जना गरेका छन् । यही सन्दर्भलाई दृष्टिगत गरी यस योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा नगरपालिकाले वि. सं. २०८८ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटेने गरी यस परिच्छेदमा योजनाको दुरदृष्टि, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

२.२ दूरदृष्टि (Vision)

वीरेन्द्रनगर नगरपालिकालाई उत्कृष्ट शैक्षिक केन्द्र (Hub) को रूपमा विकास गर्ने ।

२.३ लक्ष्य (Goal)

गुणस्तरीय शिक्षाको माध्यमबाट दक्ष, प्रतिस्पर्धी, श्रम र उत्पादन तथा राष्ट्रियताप्रति सकारात्मक, जिम्मेवार, वैज्ञानिक सोंच बोकेका नैतिकवान, नवप्रवर्तनशील, रचनात्मक, सिर्जनात्मक तथा आफू वीरेन्द्रनगर नगरवासी भएकोमा गर्व गर्ने सक्षम जनशक्तिको विकास गर्ने ।

२.४ उद्देश्य (Objectives)

१) सबै बालबालिकाहरूका लागि सर्वाङ्गीण विकासमा केन्द्रित गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु ।

२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

३) नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका तुल्याई अनौपचारिक, बैकल्पिक र खुला शिक्षाका माध्यमबाट जीवनपर्यन्त निरन्तर सिकाइको अवसरहरूको सुनिश्चितता गर्नु ।

४) प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा सबैको समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

५) सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार गर्नु ।

६) सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन, नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणको प्रक्रियामा सबलीकरण गर्नु ।

७) नगरपालिकाको शिक्षा हेर्ने निकाय र सबै प्रकारका शैक्षिक संस्थाहरूमा सुशासन प्रबर्द्धन गरी बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास गर्नु ।

८) शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्न नगरपालिकाको प्राथमिकताका आधारमा पर्याप्तता, समन्यायिकता र प्रतिफलमुखी हुने गरी शैक्षिक लगानी सुनिश्चित गर्नु ।

९) विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्नु ।

१०) शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोग गर्दै आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु ।

११) उच्च शिक्षा प्रदायक संस्थाहरूको संरचनागत तथा कार्यात्मक क्षमता विकास गर्न आवश्यक सहयोग गर्नु ।

१२) नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय पाठ्यक्रम र नगरपालिकाबाट स्वीकृत स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन गर्नु ।

१३) संघ र कर्णाली प्रदेश सरकारसंग समन्वय गरी विद्यार्थी संख्याको अनुपातमा तहगत र विषयगत शिक्षक र कर्मचारी व्यवस्थापन गर्नु ।

२.५ रणनीतिहरु (Strategies)

नगरपालिकाको शिक्षा क्षेत्र योजनाको कार्यान्वयनका लागि निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१) प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रुपमा विकास गरी यसलाई सबै बालबालिकाका लागि अनिवार्य गरिनेछ ।

२) निश्चित मापदण्डका आधारमा नगरपालिका क्षेत्रभित्र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिनेछ ।

३) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रत्याभूति गर्न नगरपालिकाका सबै बालबालिकालाई विद्यालय भर्ना गराउने तथा भर्ना भएका सबैलाई अध्ययनमा निरन्तरता दिने र गुणस्तर अभिबृद्धिका लागि उत्प्रेरणामूलक उपायहरू अवलम्बन गरिनेछ ।

४) नगरपालिकाको नेतृत्वमा सङ्घीय तथा कर्णाली प्रदेश सरकारसंगको सहयोग र सहकार्य गर्दै विद्यालयहरूले भौतिक, आर्थिक, शैक्षिक तथा जनशक्ति व्यवस्थापन र विकास गर्दै आधारभूत शिक्षाको गुणस्तर प्रबर्द्धन गरिनेछ ।

५) निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र कर्णाली प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिनेछ ।

६) अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रबर्द्धन र लगानी अभिबृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धि गरिनेछ ।

७) प्रविधियुक्त प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेटन विशेष सहुलियत दिने नीति अख्तियार गरिनेछ ।

८) अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता, समन्यायिकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराइनेछ ।

९) बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य र पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान गरिनेछ ।

१०) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने गरिब, सुविधाविहीन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न आवश्यक पर्ने सहयोग प्रणाली लागु गरिनेछ ।

११) साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्नुका साथै सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सबलीकरण गरिनेछ ।

१२) विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्नुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण गरिनेछ ।

१३) विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गरिनेछ ।

१४) निजी लगानीका सबै प्रकारका शिक्षण संस्थाहरूलाई नियमन, वर्गीकरण र स्तरीकरण गरी विद्यालयले लिने शुल्कको निर्धारण र अनुमानयोग्य बनाइने छ ।

१५) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै विद्यालय शिक्षालाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइनेछ ।

१६) शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षण संस्थाहरूको प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गरिनेछ ।

१७) आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि विद्यालयको शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत एवम् जनशक्ति व्यवस्थापन गरिनेछ ।

१८) उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि आर्थिक एवम् व्यवस्थापकीय सहयोग प्रदान गरिनेछ ।

१९) स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको निर्माण तथा विकास गरी प्रभावकारी कार्यान्वयनमा लगिनेछ ।

२०) प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाबाट स्रोत परिचालन तथा व्यवस्थापन गरिनेछ ।

२१) शिक्षा, युवा तथा खेलकुद शाखाको सुदृढीकरण र सबलीकरण गरी शिक्षासँग सम्बन्धित संरचनाहरूलाई दक्षतापूर्ण, प्रभावकारी र नतिजामूलक बनाइनेछ ।

२२) सङ्घीय सरकार र कर्णाली प्रदेशको प्रदेशस्तरीय कानुनसँग नबाँझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

२.६ अपेक्षित मुख्य उपलब्धि (Expected Major Outcomes)

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

१) सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने ।

२) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि भएको हुने ।

३) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने ।

४) नगरक्षेत्रमा बसोबास गर्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने ।

५) शिक्षा प्रशासन सञ्चालन गर्ने निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

६) राष्ट्रिय तथा स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुने ।

७) सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सुधार भएको हुने ।

८) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने ।

९) बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भई सिकाइमा सुधार हुन सहयोग भएको हुने ।

१०) आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुने ।

११) सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने ।

१२) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग भएको हुने ।

१३) प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक नागरिकको सहजै पहुँच पुगेको हुने ।

१४) उच्च शिक्षा प्रदायक संस्थाहरूको सञ्चालन तथा व्यवस्थापनमा आवश्यक पर्ने सहयोग र समन्वय प्राप्त भएको हुने ।

१५) अपाङ्गता भएका बालबालिकाहरूले विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त भएको हुने ।

१६) विद्यालयको निरीक्षण, अनुगमन तथा मूल्यांकन प्रभावकारी र नतिजामूलक भएको हुने ।

१७) विद्यालयमा कार्यरत शिक्षकहरूलाई पेसागत विकास र निरन्तर सहयोगको अवसर प्राप्त भएको हुने ।

१८) संस्थागत विद्यालयहरूको प्रभावकारी र न्यायसंगत ढङ्गले नियमन गरिएको हुने ।

१९) सम्पूर्ण तहमा आवश्यक पर्ने न्यूनतम विषयगत शिक्षकको व्यवस्थापन भएको हुने ।

२०) नक्साङ्कनका आधारमा विद्यालयहरूको स्थापना, पूनर्वितरण तथा समायोजन भएको हुने ।

२.७ प्रमुख उपलब्धि सूचक तथा परिमाणात्मक लक्ष्य (Major Outcomes Indicators and Target)

क्र.सं.	सूचकहरू	आधार वर्ष (२०७८) को अवस्था	लक्ष्य	
			२०८३	२०८८
१. प्रारम्भिक बाल विकास तथा शिक्षा				
१.१	कुल भर्नादर	१०९.९८	१०५.००	१०२.००
१.२	४ वर्षका बालबालिकाको भर्ना अनुपात	५७.४३	६५.५०	७५
१.३	न्यूनतम योग्यता पुगेका शिक्षक प्रतिशत	९६.१	९८	१००
१.४	आधारभूत तालिम प्राप्त शिक्षक प्रतिशत	९७.६	९८.५	१००
१.५	कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत	६८.८३	७२	८५
२. आधारभूत शिक्षा				
२.१	कक्षा १ मा कुल प्रवेश दर	१४८.३७	१३०	१२०
२.२	कक्षा १ मा खुद प्रवेश दर	९९.१३	१००	१००
२.३	कक्षा १-५ मा कुल भर्ना दर	११३.०८	११०	१०५
२.४	कक्षा १-५ मा खुद भर्ना दर	९६.९१	९७.५	९९.५
२.५	कक्षा १-८ मा कुल भर्ना दर	११४.६४	११०	१०५
२.६	कक्षा १-८ मा खुद भर्ना दर	९७.८५	९८.५	९९.५
२.७	कक्षा १-८ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	१.००	१.००	१.००
२.८	कक्षा ८ मा टिकाउ दर	७९	८२	८५
२.९	आधारभूत शिक्षा पूरा गर्ने दर	७६	८०	९०
२.१०	५-१२ वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका बालबालिकाहरूको संख्या	६७५ जना	०	०
२.११	कक्षा १-५ को उत्तीर्ण दर	९२.९	९५	९९
२.१२	कक्षा १-८ को उत्तीर्ण दर	९४	९८	९९
२.१३	कक्षा १-५ को दोहोऱ्याउने दर	४.३	२.५	०

२.१४	कक्षा १-८ को दोहोऱ्याउने दर	२.४	१.५	०
२.१५	कक्षा १-५ को विद्यालय छाड्ने दर	२.८	१.५	०
२.१६	कक्षा १-८ को विद्यालय छाड्ने दर	३.६	२	०
३. माध्यमिक शिक्षा				
३.१	कक्षा ९-१० को कुल भर्ना दर	१२९.२५	१२०	११०
३.२	कक्षा ९-१० को खुद भर्ना दर	८०.२९	८५	९०
३.३	कक्षा ९-१२ को कुल भर्ना दर	१०४.३८	१०३	१०२
३.४	कक्षा ९-१२ को खुद भर्ना दर	६०.५५	६५	७०
३.५	कक्षा ११-१२ को कुल भर्ना दर	७९.५१	८२	८५
३.६	कक्षा ११-१२ को खुद भर्ना दर	४०.८१	४५	५०
३.७	कक्षा १० सम्मको टिकाउ दर	७४	७८	८५
३.८	कक्षा १२ सम्मको टिकाउ दर	-		
३.९	कक्षा १-१२ मा खुद भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क	०.९९	१.००	१.००
३.१०	कक्षा ९-१० को उत्तीर्ण दर	९३.३	९५	९७
३.११	कक्षा ९-१० को दोहोऱ्याउने दर	१.३	०.५	०
३.१२	कक्षा ९-१० को विद्यालय छाड्ने दर	५.४	३.५	१.५
४. अनौपचारिक शिक्षा				
४.१	५ वर्ष माथिको साक्षरता दर			
४.२	१५-२४ को साक्षरता दर			
४.३	१५ वर्ष माथिको साक्षरता दर	९६	९७	९८
५. महिला शिक्षक अनुपात				
५.१	आधारभूत तह	१.१९	१.२५	१.३०
५.२	माध्यमिक तह	०.१७	१.५	१.२०
६. PMECS पूरा गरेका विद्यालय				
६.१	प्रारम्भिक बाल विकास तथा शिक्षा केन्द्र	१०	३०	५०
६.२	आधारभूत विद्यालय	२५	३५	५०
६.३	माध्यमिक विद्यालय	२०	३५	५०

७. विद्यार्थीले प्राप्त गरेको सिकाइ उपलब्धि				
७.१	कक्षा ५			
	नेपाली	६८.४	७३	७८
	अंग्रेजी	६५.९	७०	७५
	गणित	६६.१	७१	७६
	विज्ञान	५७.५	६२	६७
	सामाजिक अध्ययन	६३.१	६८	७३
७.२	कक्षा ८			
	नेपाली	६८.६	७३	७८
	अंग्रेजी	७०.६	७५	८०
	गणित	५५.५	६०	६५
	विज्ञान	६७	७२	७७
	सामाजिक अध्ययन	६८.९	७३	७८
७.३	कक्षा १०			
	नेपाली	५५.४	६०	६५
	अंग्रेजी	४८.९	५४	५९
	गणित	४५.२	५०	५५
	विज्ञान	५२.५	५७	६२
	सामाजिक अध्ययन	५६.२	६१	६६
८. शिक्षा क्षेत्रको बजेट प्रतिशत				
८.१	संघीय सरकारबाट प्राप्त बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत	५०	५०	५०
८.२	कर्णाली प्रदेशबाट प्राप्त बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत	५	१०	१५
८.१	नगरपालिकाबाट विनियोजन हुने बजेटमा शिक्षा क्षेत्रको बजेट प्रतिशत	१०	१५	२०

परिच्छेद : तीन

शिक्षाका क्षेत्रहरु (Scopes of Education)

परिचय (Introduction)

परिच्छेद दुईमा पहिचान गरिएका योजनो दृष्टिकोण, लक्ष्य तथा उद्देश्यहरूका आधारमा शिक्षाका विभिन्न क्षेत्रगत उद्देश्य, रणनीति एवम् प्रमुख क्रियाकलापहरू आँकलन गरी पहिलो पाँच वर्ष अर्थात् सन् २०७९-२०८३ र बाँकी पाँच बर्ष गरी दश बर्षका लागि क्रियाकलापसहित योजनाको खाका तयार गरिएको छ । यस परिच्छेदमा शिक्षाका विभिन्न क्षेत्रहरू : प्रारम्भिक बालिवकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, शिक्षक व्यवस्थापन, पाठ्यक्रम तथा पाठ्यसामग्री, माध्यमिक शिक्षासंग उच्च शिक्षाको सम्बन्ध र विभिन्न अन्तरसम्बन्धित सवालहरुको वर्तमान अवस्थाको समीक्षा गरी चुनौती र अवसरसमेत पहिचान गरिएको छ । यसमा प्रत्येक क्षेत्रको अलग अलग रुपमा निर्धारण गरिएका उद्देश्य प्राप्तिका लागि आवश्यक क्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा अपेक्षित लक्ष्यहरू निर्धारण गरिएको छ ।

नेपालको संविधानले निर्देशित गरेका दृष्टिकोण, मौलिक अधिकार, नीति, संरचना इत्यादि, शिक्षासम्बन्धी नीति, विभिन्न शिक्षा तथा अधिकारसम्बन्धी कानुनी प्रबन्ध, दिगो विकासको लक्ष्य ४ सम्बन्धी नेपालको कार्ययोजना, अन्तर्राष्ट्रिय सन्धि, सम्झौता तथा नेपालको प्रतिबद्धता, नेपालको पन्ध्रौं योजना, कर्णाली प्रदेशको आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन २०७४, नगरपालिकाको आधारभूत र माध्यमिक शिक्षा नीति, २०७७ आदिका सम्बन्धित पक्षलाई यस योजनाका प्रमुख सन्दर्भका रूपमा लिइएको छ । नगरपालिकाले विकास र कार्यान्वयन गरेको स्थानीय पाठ्यक्रमलाई पनि यस योजनाको एउटा महत्वपूर्ण आधार मानिएको छ ।

३.१. प्रारम्भिक बालविकास र शिक्षा (Early Childhood and Education)

"घर बलियो जगले, शिक्षा बलियो प्रारम्भिक बालबिकासले"

३.१.१ परिचय (Introduction)

नेपालमा प्रारम्भिक बालविकास कार्यक्रमको सुरुवात २००४ सालमा काठमाण्डौमा स्थापना भएको मन्टेश्वरी स्कूलबाट भएको पाइन्छ । यस उमेर समूहका बालबालिकाहरुको सर्वाङ्गीण (शारीरिक, वौद्धिक, सामाजिक, संवेगात्मक एवम् भाषिक पक्षहरुको समुचित) विकासका लागि स्वास्थ्यकर्मी, बाल विकास शिक्षकहरु, अभिभावक एवम् बालबालिकालाई लक्षित गरिएको नीति तथा कार्यक्रम समेतलाई प्रारम्भिक बालविकास कार्यक्रम भन्ने जनाउँदछ । प्रारम्भिक बालविकासको मुख्य उद्देश्य गर्भावस्थादेखि ८ वर्षसम्मका सम्पूर्ण बालबालिकाहरुको सर्वाङ्गीण विकासका लागि अति आवश्यक तत्वहरु राम्रो स्वास्थ्य, पर्याप्त पोषण, सुरक्षा तथा संरक्षण उत्प्रेरणा तथा सिकाइ एवम् संवेदनशील स्याहार उचित पालनपोषणका अवसरहरु प्रदान गर्नु हो । दिगो विकासका १७ ओटा लक्ष्यहरु मध्ये ११ ओटा लक्ष्यहरु प्रत्यक्ष रुपमा प्रारम्भिक बालविकाससँग सम्वन्धित रहेकोले सबै नीति तथा कार्यक्रमले ती लक्ष्यहरुलाई प्राप्त गर्न आपसी समन्वय र सहकार्यमा काम गर्ने वातावरण बन्नुपर्ने देखिन्छ ।

सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति, २०१८ ले पहिलो पटक पूर्व प्राथमिक शिक्षामा जोड दिएको थियो । वि.सं. २०२२ सालमा बाल मन्दिर स्थापना भएपछि शिशु शिक्षालाई झन बढावा दिएको पाइन्छ । शिक्षा मन्त्रालयले २०२५ सालदेखि शिशु कक्षासम्बन्धी पाठ्यक्रम तयार गरेको र २०२९ सालमा शिशु कक्षा व्यवस्था नियमावलीद्वारा यसलाई व्यवस्थित गरेको पाइन्छ । शिक्षा ऐन, २०२८ (संशोधन सहित) ४ वर्ष उमेर पूरा भएका बालबालिकालाई दिइने शिक्षालाई प्रारम्भिक बाल शिक्षा भन्ने बुझिन्छ । वाल विकास केन्द्रलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा स्थापित गरी समुदाय र विद्यालय स्तरमा वाल विकास केन्द्रहरु सञ्चालन गरिने व्यवस्था गरियो । समुदाय स्तरमा सञ्चालित वाल विकास केन्द्रहरुको अनुगमन नियन्त्रणमा समस्या देखिए पश्चात् विद्यालयमा आधारित वाल विकास केन्द्रमा जोड दिन थालियो ।

शिक्षा ऐन, २०२८ को आठौं संशोधनले वाल विकास केन्द्रलाई विद्यालय संरचनामा एकीकरण गरेपछि आधारभूत शिक्षाको परिभाषामा प्रारम्भिक बाल शिक्षालाई समेत समावेश गरिएको छ । तत्कालीन शिक्षा विभागबाट प्रारम्भिक बालविकास सञ्चालन दिग्दर्शन, २०६१ र प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (पहिलो संशोधन २०७५) तयार गरिएको थियो । राष्ट्रिय शिक्षा नीति, २०७६ ले समेत बालविकासको गुणस्तरमा अभिबृद्धि गर्नका लागि स्पष्ट नीतिगत व्यवस्था गरेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले चार वर्षको उमेर पूरा भएका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्नुपर्ने प्राबधान उल्लेख गरेको छ । उक्त प्रारुप अनुसार चार वर्ष उमेरभन्दा मुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक वा बौद्धिक, संवेगात्मक र सामाजिक विकास तथा स्याहारका क्रियाकलाप सञ्चालन गर्न सकिने कुरा उल्लेख छ । प्रारम्भिक बालविकास र शिक्षाको मुख्य उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक सिकाइ सहजीकरण क्रियाकलापका माध्यमद्वारा बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग पुऱ्याउनु र कक्षा एकमा प्रवेशका लागि तयार पार्नु रहेको छ ।

आर्थिक सर्वेक्षण, २०७८/०७९ अनुसार देशभर ३० हजार ७१८ सामुदायिक र ५८१३ संस्थागत गरी जम्मा ३६ हजार ५३१ बाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षाहरु सञ्चालनमा रहेका छन् । प्रारम्भिक बालविकास केन्द्रको कुल भर्ना दर ८९.६ पुगेको छ भने शैक्षिक सत्र २०७८ मा कक्षा १ मा भर्ना भएका बालबालिकाहरुमध्ये बाल विकास केन्द्रको अनुभव लिएका बालबालिकाको संख्या ७४.९ प्रतिशत पुगेको छ । कर्णाली प्रदेशमा २५८५ वालविकास विकास केन्द्रहरु सञ्चालनमा रहेका र कुल भर्ना दर ७१.६ प्रतिशत रहेको देखिन्छ । वीरेन्द्रनगर नगरपालिकामा सामुदायिक तर्फ सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रको संख्या ९६ रहेको छ भने संस्थागत तर्फ ८८ वटा पूर्व प्राथमिक कक्षा र करीव डेढ दर्जन मण्टेश्वरी कक्षाहरु अलग्गै रुपमा सञ्चालनमा रहेका छन । सामुदायिक विद्यालयलाई मातृविद्यालय बनाई सञ्चालनमा रहेका बाल विकास कक्षाहरुमध्ये ५८ विद्यालयमा र बाँकी बाल विकास कक्षाहरु समुदायमा सञ्चालनमा रहेका छन् । शैक्षिक सत्र २०७८ को तथ्याकंअनुसार नगरपालिकामा कक्षा १ मा नवप्रवेशीमध्ये प्रारम्भिक बाल विकास तथा शिक्षाको अनुभव प्राप्त बालबालिकाको प्रतिशत ६८.८३ रहेको देखिन्छ ।

३.१.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

प्रारम्भिक बाल विकास शिक्षाको सर्वसुलभता, उपयुक्त पूर्वाधारको विकास, गुणस्तरको सुनिश्चितता सहित प्रारम्भिक बाल विकास शिक्षाप्रतिको आकर्षणमा अभिबृद्धि गर्नु, सक्षम र समर्पित जनशक्तिको व्यवस्थापन गर्नु, अभिभावकलाई बालबालिकाको शिक्षाप्रति जिम्मेवार बनाउनु, बालबालिकाको घरायसी वातावरण बालबालिकामैत्री बनाउनु, विद्यालयदेखि सरकारसम्मका संस्थाहरू बालबालिकाप्रति सहयोगी र सकारात्मक हुनु, प्रारम्भिक बालविकास स्तरको शिक्षा निःशुल्क घोषणा गर्नु, बालबालिकाका निम्ति उचित मनोसामाजिक परामर्शको व्यवस्था गर्नु, बालविकासमा कार्यरत शिक्षकको पारिश्रमिक तथा सेवा शर्तको स्पष्ट मापदण्डको विकास गर्नु, गुणस्तरको न्यूनतम मापदण्ड विकास गर्नु, सरकारी विद्यालयहरूमा सञ्चालित बालविकास केन्द्र र सस्थागत विद्यालयमा सञ्चालित पूर्व प्राथमिक कक्षाको सहजीकरण र अवधिमा एकरूपता ल्याउनु आदि प्रारम्भिक बालविकास शिक्षाका मुख्य चुनौतीहरू रहेका छन् ।

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको संवैधानिक सुनिश्चितता गर्नुका साथै बालबालिकाको हक अन्तर्गत प्रारम्भिक बालविकास शिक्षालाई बालबालिकाको हकमा समावेश गरेको छ । शिक्षा ऐन, २०२८ (संशोधन सहित) ले समेत प्रारम्भिक बालविकास र शिक्षालाई विद्यालय शिक्षाको संरचनामा समेटेको हुँदा प्रारम्भिक बालविकास र शिक्षालाई शिक्षा प्रणालीको जगको रूपमा आत्मसात गरिएको छ । वीरेन्द्रनगर नगरपालिकाभित्र प्रारम्भिक बाल विकास केन्द्रको विस्तारका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरूको योगदान, सहयोग तथा भूमिका बृद्धि गर्न सकिने प्रशस्तै सम्भावना छ । अभिभावक, समुदाय, वडा कार्यालय, गैर सरकारी संघ संस्था, निजी क्षेत्र र संघ तथा कर्णाली प्रदेश सरकारबीच साझेदारी र सहकार्य मार्फत यस नगरपालिकामा प्रारम्भिक बालविकास र शिक्षाको प्रर्वद्धन गर्न सकिने सम्भावना धेरै छ । संघीय सरकारले समेत चालू आर्थिक वर्षको बजेटमा समेत बालविकास केन्द्रमा कार्यरत शिक्षकहरूको तलवभत्ता बृद्धि गर्ने कार्यलाई निरन्तरता गरेको छ । गत आर्थिक बर्षसम्म कर्णाली प्रदेश सरकारले बार्षिक रुपमा बाल विकास शिक्षकलाई प्रोत्सहान खर्चबापत एकमुष्ट दश हजार रकम उपलब्ध गराउँदै आएको थियो । नगरपालिकाले समेत बालविकासका शिक्षकहरूलाई पारिश्रमिकमा टेवा पुग्ने गरी प्रोत्साहन र सेवा सुविधा वापतको रकममा उल्लेख्य मात्रामा थप गर्ने कार्यलाई निरन्तरता दिइरहेको छ ।

३.१.३ लक्ष्य (Goal)

४ देखि ५ बर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक सिकाइ तथा बालविकास शिक्षाको अवसर सुनिश्चित गर्ने ।

३.१.४ उद्देश्य (Objectives)

१. बालबालिकाको सर्वाङ्गीण विकासमा केन्द्रित प्रारम्भिक बालविकास तथा शिक्षालाई गुणस्तरीय र प्रभावकारी बनाउनु,

२. गर्भाअवस्थादेखि आठ बर्षसम्मका बालबालिकाको शारीरिक, सामाजिक, बौद्धिक, संवेगात्मक र भाषिक विकास गराउनु,

३. प्रारम्भिक बालबिकासका लागि नीतिगत, संस्थागत तथा संरचनागत संयन्त्रको स्थापना गरी बालविकास र शिक्षालाई प्रभावकारी बनाउनु,

४. सबै बालबालिकाहरुलाई प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु,

५. प्रारम्भिक बालबिकास उमेरका बालबालिकाहरुका लागि पोषण एवम स्वास्थ्य सुरक्षाको उपयुक्त व्यवस्था गर्नु ।

३.१.५ रणनीतिहरू (Strategies)

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिने छ :

१.प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गरिनेछ ।

२.गर्भावस्थादेखि आठ बर्षसम्मका बालबालिकाको सर्वाङ्गीण विकासको लागि एकिकृत र गुणस्तरीय सेवामा पहुँच बृद्धि गरिनेछ ।

३.गर्भाअवस्थादेखि आठ बर्षसम्मका बालबालिकाको शारीरिक, सामाजिक, सांस्कृतिक, बौद्धिक, संवेगात्मक र भाषिक विकास गराउन बालबिकास केन्द्र दुइ तहको हुने गरी खेल समुह (३-४ बर्ष) र पूर्व प्राथमिक तह (४-५ बर्ष) को संरचना विकास गर्ने र सोहि अनुकूलको योग्यता हासिल गरेको बालशिक्षकको प्रबन्ध गरिनेछ ।

४. प्रारम्भिक बालबिकास सम्बन्धी कानुन, नीति, कार्यविधि एवम् मापदण्ड निर्माण, अध्यावधिक र परिमार्जन गरी कानुनी जटिलता हटाइनेछ ।

५. प्रारम्भिक बालबिकासका लागि संस्थागत तथा संरचनागत सुधारका गर्न नगरपालिका स्तरमा सम्बन्धित क्षेत्रका विषय विज्ञहरुको संलग्नतामा प्रारम्भिक बालबिकास संयन्त्रको स्थापना गरी सहजीकरण गरिनेछ ।

६. प्रारम्भिक बाल विकास शिक्षामा अध्ययन गर्ने बालबालिकाको स्वास्थय, पोषण र सुरक्षाको सुनिश्चितता गरी बालविकास शिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना हुनका लागि अनिवार्य गरिनेछ ।

७. प्रारम्भिक बालविकास शिक्षाको गुणस्तर अभिबृद्धिका लागि स्थानीयस्तरमा उपलब्ध स्रोतसाधनको प्रयोग मार्फत शैक्षिक सामग्री उत्पादन, संरक्षण र प्रभावकारी उपयोग गरी बालबालिकाको प्रारम्भकि सिकाइ तथा विकास मापदण्डको कार्यान्वयनको सुनिश्चितता गरिनेछ ।

८. प्रारम्भिक बालविकास कक्षामा निर्धारित मापदण्ड अनुरुप बसाइँ व्यवस्था र सरसफाइलाई ध्यान दिई पाठ्यक्रमले निर्धारण गरेका खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो भिडियो सामग्री सहित

आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापनसहितको नमूना बाल विकास केन्द्रको विकास गर्ने कार्यमा सहयोग गरिनेछ ।

९. प्रारम्भिक बालविकास शिक्षा/पूर्व प्राथमिक शिक्षा कार्यक्रमहरू सञ्चालन भएका विद्यालयमा कम्तिमा एक जना शिशु/बालस्याहार कार्यकर्ताको व्यवस्थापन गर्न आवश्यक सहयोग गरिनेछ ।

१०. स्वास्थ्य, पोषण, शिक्षा र सुरक्षामा एकीकृत पद्धतिबाट विद्यालयमा बालबालिकाका लागि बहुक्षेत्रीय प्रारम्भिक बाल विकास कार्यक्रम संचालन गरिनेछ ।

३.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Target)

क) उपलब्धि (Outcomes)

प्रारम्भिक उमेरका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक सिकाइ तथा बालविकास शिक्षाको अवसर सुनिश्चित हुने ।

ख) प्रमुख नतिजाहरू (Key results)

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच सुनिश्चित गरी क्रमशः अबधि थप गरिदै लगिने ।

२.प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने ।

३.सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि शिशु बालस्याहारकर्ताको व्यवस्था सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुने ।

४.पाठ्यक्रम परिमार्जन र अनुकुलनसहित कार्यान्वयन भई प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुने ।

५.भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित जस्तै घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरू विकास हुने ।

६.प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा सबै तहका सरकार, परिवार, समुदाय, गैरसरकारी संघसंस्था र विद्यालयहरू जिम्मेवार भएको हुने ।

ग) प्रमुख क्रियाकलापहरु तथा लक्ष्य (Major Activities and Targets)

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	प्रारम्भिक बालविकास तथा शिक्षाका न्युनतम मापदण्डहरू विकास परिमार्जन तथा प्रबोधीकरण	पटक	१					१	२	नगरपालिका
२	प्रारम्भिक बालविकास तथा शिक्षाको समायोजन तथा व्यवस्थापन	पटक	१					१	१	वीरेन्द्रनगर नगरपालिकाको सबै ECD
३	प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास तथा शिक्षामा पहुँचका लागि बैकल्पिक प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन	पटक		२	४	४	४	१६	१६	नगरपालिका
४	विकासका साझेदार, गैरसरकारीसंस्था, निजी क्षेत्र तथा समुदायलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी बढाउन प्रोत्साहन	पटक	√	√	√	√	√	√	निरन्तर	तीनवटै तहका सरकार र विकास साझेदार
५	प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा अपाङ्गताको पहिचान गर्ने व्यवस्था गरी सहयोग उपलब्ध गराउने र आवश्यकताअनुसार थप सेवाको सुनिश्चितता	पटक		√		√	√		निरन्तर	नगरपालिका
६	न्यूनतम मापदण्डअनुसार विद्यालयमा आधारित प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रमका लागि सुरक्षित तथा अपाङ्ग मैत्री शौचालय सहितको दुई कक्षा कोठाको व्यवस्था	पटक	४०	४०	४०	४०	४०	२२०	२२०	सामुदायिक, संस्थागत र समुदायमा आधारित समेत।
७	बालबालिकाको अभिलेखीकरण	वटा	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका

८	प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था	वटा	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	संघ र नगरपालिका
९	प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रमलाई बालबालिकाको सर्वाङ्गीण विकास तथा सिकाइ सहजीकरणमा सहयोग हुने गरी सन्दर्भ सापेक्ष बनाउने र प्रवोधीकरण गर्ने	पटक	१					१	१	पाठ्यक्रम परिमार्जन गर्दा स्थानीय आवश्यकता र बालमनोविज्ञानलाई सम्बोधन गर्ने।
१०	शिक्षकको योग्यता र क्षमता विकास गर्दै वृत्ति विकासको अवसर मिलाउने	शिक्षक प्रतिशत	२५	५०	२५			१००	१००	संघ र नगरपालिका
११	प्रारम्भिक बाल विकास तथा शिक्षामा बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान गरी बालबालिकाको मासिक स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Growth Monitoring) गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध गर्ने	सबै केन्द्र	√	√	√	√	√	सबै केन्द्र	सबै केन्द्र	नगरपालिका
१२	प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखीकरण	स्थानीय तह, निरन्तर		√	√	√	√			निरन्तर (३ महिनामा एकपटक)
१३	प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा माहिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने	, सबै बालबिका केन्द्रमा		√	√	√	√			नगरपालिकाले सहजीकरण गर्ने

१४	शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालन	शिक्षक प्रतिशत	२५	२५	२५	२५		१००	१००	स्थानीय तह
१५	प्रारम्भिक बालविकास तथा शिक्षाको शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि	सबै बालबिकास केन्द्रको	√	√	√	√	√			तीनवटै तहका सरकार
१६	प्रारम्भिक बालविकास सेवा तथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको प्रभावकारिताको नगरपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबाट अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण	सबै बाबिकेमा	√	√	√	√	√			नगरपालिका र विद्यालय (अनुगमन तथा सुपरिवेक्षणमा विज्ञहरूलाई पनि समावेश गर्ने)
१७	**शैक्षिक गुणस्तरको जग बालविकास** कार्यक्रम सञ्चालन	सङ्ख्या	२०	२०	२०	२०	१६	९६	९६	नगरपालिका र विकास साझेदारको सहकार्यमा
१८	नमुना प्रारम्भिक बाल विकास शिक्षाको विकास	संख्या		२	३	४	५	१४	३०	नगरपालिका र विकास साझेदारको सहकार्यमा
१९	वीरेन्द्रनगर बाल उद्यान निर्माण	संख्या	१					१	२	प्रदेश सरकार, नगरपालिका र विकास साझेदारको सहकार्यमा
२०	बाल विकास कक्षाका लागि सिकाइ सामग्री व्यवस्थापन	बाबिके	५	१०	१५	२०	२५	७५	९६	नगरपालिका र विकास साझेदारको सहकार्यमा
२१	बाल विकास कक्षाका लागि सिकाइ सामग्री निर्माण सम्बन्धी कार्यशाला सञ्चालन	पटक		१	१	१	१	४	१०	नगरपालिका र विकास साझेदारको सहकार्यमा

३.२ आधारभूत शिक्षा (Basic Education)

३.२.१ परिचय (Introduction)

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ। उमेर समूहका हिसावले यस तहको शिक्षाले ४ देखि १२ वर्षका बालबालिकाहरूलाई समेटछ। शिक्षा ऐन २०२८ को आठौं संशोधन पछि प्रारम्भिक बालविकासलाई समेत विद्यालय तहको औपचारिक संरचनामा समावेश गरेको छ। आधारभूत तह विद्यालय शिक्षाको जग भएकोले यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोत सामग्री र सिकाइ अुनकूलको वातवरणमा जोड दिनुपर्ने हुन्छ।

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। नेपालको संविधानले आधारभूत शिक्षालाई व्यक्तिको मौलिक अधिकारका रूपमा लिएको हुनाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको दायित्व हो। प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हक हुने संविधानमा उल्लेख छ। संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरूको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।

वीरेन्द्रनगर नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिकतर्फ कक्षा १-३ सञ्चालन भएका ३, कक्षा १-५ सञ्चालन भएका २३, कक्षा १-८ सञ्चालन भएका १० गरी जम्मा ३६ र संस्थागततर्फ ४२ वटा विद्यालयहरू गरी जम्मा ७८ वटा विद्यालयहरू सञ्चालनमा रहेका छन्। नगरपालिकामा आधारभूत तह (१-५) को खुद भर्नादर ९६.९१ छ भने आधारभूत तह (१-५) को भर्नादर ९७.८५ रहेको देखिन्छ। आधारभूत तहमा अध्ययन गर्ने उमेर समूहका ६७५ जना बालबालिकाहरू विद्यालय वाहिर रहेको अवस्था छ। (शैक्षिक तथ्याङ्क, २०७८)।

३.२.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

निशुल्क तथा अनिवार्य आधारभूत शिक्षा प्रदान गर्नु, सबै प्रकारका विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षक सिकाइ वातावरण विकास गर्नु, शैक्षिक सेवा प्रवाहमा सुधार ल्याउनु, शैक्षिक सुशासन र उत्तरदायित्व अभिबृद्धि गर्नु, शिक्षण सिकाइ पद्धतिलाई व्यावहारिक, बालमैत्री एवं प्रविधिमा आधारित बनाई सहज पहुँचको व्यवस्था गर्नु, विद्यालय शिक्षालाई प्रकोप संकट तथा महामारी लगायतका परीस्थितिप्रति उत्थानशील बनाउनुका साथै समग्र शिक्षा प्रद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनु, विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गर्नु, सामुदायिक तथा निजी विद्यालयबीचको खाडल कम गर्नु, शैक्षिक सरोकारवालाहरूको क्षमता अभिबृद्धि गर्नु, कक्षा छाड्ने दर शून्यमा झारी विद्यार्थीको सिकाइ उपलब्धि अभिबृद्धि गर्नु, गुणस्तरको सुनिश्चिततासहित सार्वजनिक

शिक्षाप्रतिको आकर्षण अभिबृद्धि गर्नु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गर्नु, विद्यालय सुपरीवेक्षण र अनुगमन तथा नियमनलाई संस्थागत र संरचनागत रूपमा विकास गर्नु आधारभूत शिक्षासंग सम्बन्धित प्रमुख चुनौतिहरू हुन् ।

शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै अधिकार र जिम्मेवारी सहित स्थानीय तहलाई जिम्मेवार गराउने संवैधानिक आधार भएकाले शिक्षामा सहभागीता र पहुँचमा बृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, देशमा संघीयताको कार्यान्वयनसंगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालयहरूप्रतिको चासो र चिन्ता बढ्नु, शिक्षकका पेशागत संघ संस्था, राजनीतिक दल, नागरिक समाज आदिवाट शैक्षिक सुधारमा सकारात्मक प्रतिवद्धता प्राप्त हुनु र निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता प्रदान गर्नु, शिक्षामा पहुँच र गुणस्तर अभिबृद्धिमा गैर सरकारी र नीजि क्षेत्रको भूमिका पनि महत्वपूर्ण बन्दै जानु, विद्यालयमा आधारभूत तहको खुद भर्नादर र लैंगिक समता सूचकांकमा प्रगति देखिएको हुनु र शिक्षा तीन वटै तहका सरकारको साझा अधिकार क्षेत्रको रूपमा रहेकोले आपसी साझेदारीमा आधारभूत शिक्षामा पर्याप्त लगानी अभिबृद्धि गर्न सकिनु यस तहको शिक्षाका अवसरहरु हुन् ।

३.२.३ लक्ष्य (Goal)

सबैका लागि आधारभूत शिक्षालाई अधिकारका रूपमा स्थापित गर्दै विद्यालयमा बालमैत्री वातावरणमा ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता गर्ने ।

३.२.४ उद्देश्य (Objectives)

१) सबै बालबालिकालाई आधारभूत शिक्षामा अनिवार्य तथा निशुल्क रूपमा पहुँच सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२) आधारभूत शिक्षा प्रदायक विद्यालयहरूमा न्यूनतम् सक्षमताको अवस्था सुनिश्चित गर्न स्थानीय तहहरूसँग साझेदारी गर्नु ।

३) आधारभूत तहमा अध्ययन गर्ने बालबालिकामा जीवनोपयोगी सीप तथा मूल्यमा आधारित शिक्षा हासिल गराउनु ।

४) वैकल्पिक तथा लचिला मोडका शिक्षा कार्यक्रम मार्फत औपचारिक शिक्षालाई सहयोग पुऱ्याउनु ।

५) विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा क्रमिक सुधार गरी विद्यालय सञ्चालन पद्धतिलाई विविधता अनुकुल उत्थानशील र जवाफदेही बनाउनु ।

३.२.५ रणनीतिहरु (Strategies)

१) सबै बालबालिकाहरूलाई अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा उपलव्ध गराउन संघ, प्रदेश र विभिन्न गैर सरकारी संस्था लगायतका निकायहरूसंग समन्वय र सहकार्य गरिनेछ ।

२) नगरपालिका क्षेत्रभित्र विद्यालय बाहिर रहेका सबै बालबालिकाहरूको यथार्थ विवरण संकलन गरी उनीहरूको आधारभूत शिक्षामा पहुँच सुनिर्श्चित गर्न आवश्यक व्यवस्था मिलाई विद्यालयमा वीरेन्द्रनगर नगरपालिकालाई पूर्णरूपमा निःशुल्क र अनिवार्य आधारभूत शिक्षाको सुनिश्चितता भएको घोषणा गरिनेछ ।

३) संघीय मापदण्डअनुसार नगरपालिकाकाले विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित हुने गरी विद्यालयहरूलाई पुनर्वितरण तथा समायोजन गर्ने कामलाई निरन्तरता दिइनेछ ।

४) अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न संघीय तथा कर्णाली प्रदेशको कानुनसंग नबाँझिने गरी आवश्यक कानुन तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाइनेछ ।

५) आधारभूत तहमा विद्यार्थीहरूलाई न्यूनतम सिकाइ उपलब्धि हासिल गराउन निरन्तर रूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्रधानाध्यापक र प्रधानाध्यापकलाई नगरपालिकाप्रति जवाफदेही हुने प्रणाली विकास गरिने छ ।

६) आधारभूत तहको शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूलाई प्रविधिसहितको भौतिक पूर्वाधार सम्पन्न गर्ने तथा बहुप्रकारका विपद्प्रति संवेदनशील र अपांगमैत्री बनाउने कार्यमा समन्वय, सहयोग र सहजीकरण गरिनेछ ।

७) शिक्षण सिकाइ विधिमा समेत आवश्यक परिमार्जन गर्दै कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गरिने छ । यसका लागि आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गरिने छ ।

८) नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघको कार्यकारी समिति र सामाजिक परीक्षण समितिका पदाधिकारीको क्षमता विकास र अभिभावक अभिमुखीकरण गरिने छ ।

९) विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार गर्न संघीय सरकारले प्रदान गर्दे आएको दिवा खाजा वापतको रकममा थप गर्न नगरपालिका र अभिभावकबीच साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) विद्यार्थीलाई विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराइने छ ।

११) स्थानीय उत्पादनमा आधारित दिवा खाजाको प्रबन्ध गर्ने गराउने कार्यलाई व्यवस्थित गरिनेछ ।

१२) विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१३) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अंगको रूपमा एकीकृत गर्दै आधारभूत शिक्षालाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइनेछ ।

१४) आधारभूत तहमा लागू भइरहेको स्थानीय पाठ्यक्रममा आवश्यकता अनुसार परिमार्जन तथा पाठ्यसामग्रीको विकास गरी प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

१५) प्राथमिक तहमा विद्यार्थी शिक्षक अनुपातमा बढी देखिएका दरबन्दीलाई क्रमशः व्यवस्थापन गर्न सहजीकरण गरिनेछ । शिक्षक व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखिनुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण र परिचालन गरिनेछ ।

१६) सबै विद्यालयहरूमा विद्यालय सुधार योजना निर्माण र अद्यावधिक गर्न लगाई स्थानीय स्रोतसाधन परिचालन गरी कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

१७) शिक्षण संस्था र विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई निश्चित मापदण्डका आधारमा प्रोत्साहन गराइनेछ ।

१८) आधारभूत तहको प्रारम्भिक कक्षामा लागू भइरहेको प्रारम्भिक कक्षा पढाइ कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सहजीकरण गरिनेछ ।

१९) आधारभूत तह सञ्चालन भएका विद्यालयको नतिजामुलक सूचक निर्धारण गरी अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२०) संस्थागत विद्यालयहरूको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाउदै लगिनेछ ।

२१) सबै विद्यालयमा कार्यसम्पादनको सुधारसहित सुशासन कायम गराउने कार्यलाई जोड दिइनेछ ।

२२) विद्यालयको शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइनेछ ।

२३) आधारभूत तहमा अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराइनेछ ।

२४) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने आधारभूत तहको लक्षित उमेर समूहका गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्न **म बनाउछु मेरो शिक्षा विकास कोष कार्यक्रम** सञ्चालन गरिनेछ ।

२५) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाइनेछ ।

२६) संघीय सरकार र कर्णाली प्रदेशको कानुनसंग नबाँझिने गरी आधारभूत शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

२७) वडास्तरमा वडाध्यक्ष विद्यार्थी कल्याणकारी कोष र विभिन्न सघं संस्था, अभिभावक र चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना र व्यवस्थापन गर्न प्रोत्सहान गरिनेछ ।

२८) विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइनेछ ।

३.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (SOutcomes, Key Results, Major Activities and Target)

क) उपलब्धि (Outcomes)

१) आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि भएको हुने ।

ख) प्रमुख नतिजाहरू (Key results)

१) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने सबै बालबालिकाहरू आधारभूत शिक्षाको पहुँचमा आएको हुने ।

२) आधारभूत तहमा अध्ययनरत विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ८० प्रतिशतभन्दा माथि पुगेको हुने ।

३) सबै विद्यालयहरूमा न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता र आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने ।

४) विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन र पौष्टिक तथा स्वस्थकर दिवा खाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुने ।

५) आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

६) विद्यालय शिक्षा प्रणाली प्रकोप, संकट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील हुने ।

७) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुने ।

८) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

क्र. सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य ५ वर्ष						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		

१	विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन	पटक	१	१				२	४	संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा
२	शिक्षक व्यवस्थापन र कार्यान्वयन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	संघ, प्रदेश र नगरपालिकाको समन्वय र सहकार्यमा
३	विद्यार्थी भर्ना अभियान सञ्चालन	प्रतिशत	९८	९८.२	९९.३	९८.५	९८.७	९९	९९.५	नगरपालिका र विद्यालय
४	उत्कृष्ट विद्यालय अनुदान कार्यक्रम	विद्यालय	१	२	२	२	२	१०	२०	नगरपालिका
५	असहाय, अनाथ तथा विपन्न एवम् जेहेन्दार बालबालिकालाई छात्रवृत्ति	विद्यार्थी प्रतिशत	५०	१००	१००	१००	१००	१००	१००	तीनवटै तहका सरकार र विकास साझेदारहरुसंगको समन्वय र सहकार्यमा
६	छात्रा र दलित विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान	विद्यार्थी प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	संघ र प्रदेश सरकारसंगको समन्वय र सहकार्यमा
७	विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध	विद्यार्थी प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	संघीय सरकारसंगको साझेदारीमा
८	निःशुल्क शिक्षाको सुनिश्चितताका लागि पाठ्यपुस्तक	विद्यार्थी प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	संघीय सरकारसंगको साझेदारीमा

९	आधारभूत तहमा सञ्चालन गरिने परीक्षाको प्रभावकारी व्यवस्थापन	पटक	१	१	१	१	१	१	१	नगरपालिका र विद्यालय
१०	क्षमता विकास र अभिभावक अभिमुखीकरण	विद्यालय प्रतिशत	५०	१००	१००	१००	१००	१००	१००	नगरपालिका, विद्यालय र विकास साझेदार
११	आधारभूत तह (कक्षा ५ सम्म) सञ्चालन भएका विद्यालयहरूलाई क्रमशः कक्षा ८ सम्म विस्तार गरिने	विद्यालय संख्या	०	१	१	१	१	४	१०	नगरपालिका
१२	आधारभूत तह (कक्षा ३ सम्म) सञ्चालन भएका विद्यालयहरूलाई क्रमशः कक्षा ५ सम्म विस्तार गरिने	विद्यालय संख्या	०	०	०	०	१	१	३	नगरपालिका
१३	नमूना आधारभूत विद्यालय स्थापना तथा सञ्चालन	विद्यालय	०	१	१	१	१	४	८	नगरपालिका र विकास साझेदार
१४	एक आधारभूत विद्यालय एक सिकाइ कुना	विद्यालय प्रतिशत	२५	२५	२५	२५	०	१००	१००	नगरपालिका, विद्यालय र विकास साझेदार
१५	बहुकक्षा र बहुकक्षा बहुस्तर	विद्यालय सख्या	०	१	१	१	१	४	१०	

	शिक्षणको लागि व्यवस्थापन									
१६	प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार	विद्यालय प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	
१७	वडाध्यक्ष विद्यार्थी कल्याणकारी कोष स्थापना	वडा संख्या		५	५	६		१६	सबै वडाहरुमा	नगरपालिका, सम्बन्धित वडा र विकास साझेदारहरु
१८	अनिवार्य र निःशुल्क शिक्षासम्बन्धी कानुन तर्जुमा र कार्यान्वयन	पटक		१				१	१	नगरपालिका
१९	**म बनाउछु मेरो शिक्षा विकास कोष**को स्थापना र व्यवस्थापन	पटक	१	१	१	१	१	५	१०	तीनवटै तहका सरकार, निजी क्षेत्र र विकास साझेदारहरु
२०	संस्थागत विद्यालयहरूको स्थापना, वर्गीकरण, शुल्क निर्धारण र छात्रवृत्ति वितरणका मापदण्ड निर्माण	विद्यालय प्रतिशत	२०	३०	५०	७०	८०	१००	१००	नगरपालिका र विद्यालय
२१	छात्रालाई स्यानिटरी प्याडको निशुल्क वितरण तथा व्यवस्थापन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय

२२	शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र कक्षाकोठामा शिक्षणमा खर्च गर्ने समय अभिवृद्धि कार्यक्रम	शिक्षक प्रतिशत	३०	३०	४०	५०	८०	१००	१००	नगरपालिका, विद्यालय र शिक्षक
२३	विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम	नगरपालिका	१	१	१	१	१	५	१०	नगरपालिका, विद्यालय र विकास साझेदार
२४	पढाइ उत्सव सञ्चालन	विद्यालय प्रतिशत	६५	६५	१००	१००	१००	१००	१००	नगरपालिका, विद्यालय र विकास साझेदार
२५	छापामय कक्षाकोठा व्यवस्थापन	विद्यालय संख्या	५	५	५	५	५	२५	सबै विद्यालयहरु	नगरपालिका, विद्यालय र विकास साझेदार
२६	**शैक्षिक गुणस्तरको सुधार कक्षा एकबाटै गरौं** कार्यक्रम सञ्चालन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका, विद्यालय र विकास साझेदार
२७	दिवा खाजाको निःशुल्क व्यवस्थापन	विद्यार्थी प्रतिशत	७०	८५	१००	१००	१००	१००	१००	संघ, नगरपालिका, विद्यालय र समुदायको साझेदारीमा

२८	शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको व्यवस्थापन	विद्यालय प्रतिश	१००	१००	१००	१००	१००	१००	१००	संघ, नगरपालिका र विद्यालय

३.३ माध्यमिक शिक्षा (Secondary Education)

३.३.१ परिचय (Introduction)

शिक्षा ऐन २०२८ (संशोधन सहित) अनुसार कक्षा ९ देखि १२ सम्म दिइने शिक्षालाई माध्यमिक शिक्षाका रूपमा परिभाषित गरिएको छ । आधारभूत शिक्षा र उच्च शिक्षालाई जोड्ने सेतुका रूपमा माध्यमिक शिक्षाले कार्य गर्दछ । यो उच्च शिक्षा र कामको संसारमा प्रवेश गर्नका लागि आधार प्रदान गर्ने शिक्षा हो । खासगरी माध्यमिक शिक्षाको प्राप्तिपश्चात् ठूलो सङ्ख्या कामको संसारमा प्रवेश गर्दछ भने मेधावी सानो सङ्ख्या उच्च शिक्षामा प्रवेश गर्दछ । नेपालको संविधानमा माध्यमिक तहसम्मको शिक्षा कानुन अनुसार निशुल्क प्रदान गरिने व्यवस्था गरिएको छ र संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय तहको एकल कार्यसूचीमा समावेश गरिएको छ । अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा ऐन, २०७५ मा पनि माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रूपमा प्रदान गरिने कानुनी व्यवस्था गरिएको छ । पन्ध्रौं आवधिक योजनाले पनि माध्यमिक शिक्षामा सर्वसुलभ पहुँच कायम गर्न गराउनका लागि विभिन्न नीतिगत व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने नीति लिइएको छ ।

श्रमप्रति सकारात्मक भावना भएका सीपमूलक जनशक्ति उत्पादन गर्ने माध्यमिक तहको शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र परम्परागत गरी तीन धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यान्वयनसँगै कक्षा ९-१२ मा प्राविधिक तथा व्यावसायिक धारको सुरुवात गरिएको छ । पछिल्ला वर्षहरूमा माध्यमिक तहमा भर्ना दर, लैङ्गिक समता दर, पढाइ चक्र पूरा गर्ने दर आदिमा सकारात्मक सङ्केतहरू बढिरहेको अवस्थामा पछिल्लो समयमा कोभिड १९ को दोस्रो चरणको सङ्क्रमणले प्रभावित पारिरहेको अवस्था विद्यमान छ । माध्यमिक शिक्षा परीक्षा (एस.इ.इ.) र कक्षा ११ र १२ का शैक्षिक गतिविधिहरू समेत प्रत्यक्ष रुपमा प्रभावित भएको देखिन्छ ।

शैक्षिक सत्र २०७९ को शैक्षिक तथ्याङ्क अनुसार वीरेन्द्रनगर नगरपालिकामा २४ वटा सामुदायिक र ४६ वटा संस्थागत गरी जम्मा ८० वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन् जसमध्ये सामुदायिक २३ र ४४ वटा संस्थागत ६७ वटा विद्यालयहरूमा मात्र कक्षा ११ र १२ का कक्षाहरू सञ्चालनमा रहेका छन् । प्राविधिक तथा व्यवसायिक शिक्षाको कार्यक्रम सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुको संख्या ११ रहेको छ । यसै गरी शिव माध्यमिक विद्यालय लाटिकोइलीमा माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालन भएको छ । १२ वटा विद्यालयमा योग्यता पुगेको प्रधानाध्यापकको अभावमा निमित्त प्र.अ.को भरमा विद्यालय सञ्चालान भइरहेका छन । शैक्षिक सत्र २०७८ देखि विषयगत शिक्षकको व्यवस्थापन हुन नसकेका र भएकामा पनि कोर्ष पूरा नभएका विद्यालयमा गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न गराउनका लागि नगरपालिकाको आफ्नै प्रयासमा कक्षा १० को अंग्रेजी, गणित र विज्ञान विषयमा सिकाइ सहजीकरण गर्न सिकाइ सहजीकरण केन्द्रमार्फत भर्चुअल कक्षाको

व्यवस्थापन गरिएको छ । नगरपालिकाको माध्यमिक तह (९-१०) को खुद भर्नादर ८०.२९, माध्यमिक तह (११-१२) को खुद भर्नादर ४०.८१ र माध्यमिक तह (९-१२) को खुद भर्नादर ६०.५५ रहेको छ । (शैक्षिक तथ्यांक, २०७८)

३.३.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

संबैधानिक व्यवस्था भएबमोजिम सबै बालबालिकाहरूका लागि निःशुल्क माध्यमिक शिक्षा सुनिश्चित गर्नु, माध्यमिक तहमा गुणस्तरीय रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्नु, शिक्षक विद्यार्थी अनुपात तथा विषयगत रूपमा शिक्षक दरवन्दीको व्यवस्था गर्नु, विद्यालयमा न्यूनतम सक्षमताको अवस्था सुनिश्चित गर्नु, सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्नु, शिक्षकको दक्षतामा बृद्धि र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गरी सिकाइ सुधार तथा डिजिटल डिभाईडलाई कम गरी भौतिक रूपमा सञ्चालन गरिने शिक्षण सिकाइको विकल्प स्वरूप अनलाईन/भर्चुअल/खुला सिकाइको अवसर सिर्जना गर्नु, माध्यमिक शिक्षालाई व्यावहारिक, प्रयोगात्मक, रचनात्मक, सिर्जनशील, स्वावलम्बी र रोजगारमूलक बनाउनु तथा संविधानले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको समग्र व्यवस्थापनको अधिकार प्रदान गरेको सन्दर्भमा स्थानीय तहलाई उक्त अधिकार वा जिम्मेवारीलाई प्रभावकारी रूपमा सम्पादन गर्न सक्षम बनाउनु आदि प्रमुख चुनौतिका रूपमा रहेको देखिन्छ ।

निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्नु र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेको ठूलो सङ्ख्यालाई विद्यालयमा ल्याउनु, विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग र लोपोन्मुख समुदायका बालबालिका, कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्नु, माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्नु, सिकाइको गुणस्तर सुधार गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउनु र विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउनुपनि यस तहको शिक्षामा देखिएका चुनौतिका विषयहरू हुन् ।

नेपालको संविधानले माध्यमिक तहसम्मको निःशुल्क शिक्षाको व्यवस्था गरी यस तहसम्मको शैक्षिक अधिकार स्थानीय तहलाई प्रदान गर्नु, स्थानीय तहसम्म शिक्षा सेवाका कर्मचारीहरू समायोजन भई कार्यसम्पादनमा संलग्न रहनु, अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा क्रमशः कार्यान्वयनमा आउनु, प्रत्यक वर्ष शिक्षातर्फको बजेटमा बृद्धि हुदै जानु, शिक्षामा सूचना र प्रविधिको प्रयोगमा बृद्धि हुदै जानु, शैक्षिक विकासमा तीनओटै तहका सरकारबिच समन्वय र सहकार्य हुनु र विद्यार्थी तथा अभिभावकमा शैक्षिक जागरण वृद्धि हुन गई शिक्षालाई अधिकारको रूपमा आत्मसाथ गर्नुलाई माध्यमिक शिक्षाका प्रमुख अवसरका रूपमा लिन सकिन्छ ।

३.३.३ लक्ष्य (Goal)

स्तरयुक्त जीवनोपयोगी माध्यमिक शिक्षामा सबै बालवालिकाको निःशुल्क पहुँच सुनिश्चित गर्दै प्रयोगात्मकता, सिर्जनशीलता, रोजगारमूलकता,सकारात्मक चिन्तन र सदाचार जस्ता गुणयुक्त स्वावलम्बी, प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनमुखी जनशक्ति तयार गर्ने ।

३.३.४ उद्देश्य (Objectives)

१) सबै बालबालिकाको गुणस्तरीय माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, अन्वेषणात्मकता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको सीपयुक्त, उत्पादनशी र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु ।

२) माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूलाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउनु ।

३) विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

४) विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधता अनुकूल,उत्थानशील र जवाफदेही बनाउनु ।

५) सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई सम्मिलन गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको प्रभावकारी परिचालन र नियमन गर्नु ।

६) माध्यमिक शिक्षा प्राप्तिको संवैधानिक र कानुनी दायित्व पूरा गर्नका लागि शिक्षा सरोकारवाला निकाय र व्यक्तिहरूको क्षमता अभिवृद्धि गर्नु ।

७) माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षामार्फत विद्यार्थीको आधारभूत सीप प्राप्तिको सुनिश्चित गरी किशोर किशोरीहरूलाई विभिन्न सीप हासिल गर्न सहयोग गर्नु ।

३.३.५ रणनीतिहरु (Strategies)

१) सबैका लागि निःशुल्क माध्यमिक शिक्षाको सुनिश्चित गर्न सङ्घ र कर्णाली प्रदेशसँगको समन्वय र सहकार्यमा बजेट तथा कार्यक्रम निर्माण गरी कार्यान्वयन गरिनेछ ।

२) सामुदायिक विद्यालयका लागि विनियोजित अनुदान वितरण गर्दा कार्य सम्पादनमा आधारित बनाइनेछ ।

३) स्थानीय माग, आवश्यकता र औचित्यताको आधारमा माध्यमिक विद्यालयको स्थापना, पुनर्वितरण तथा समायोजन गरिनेछ ।

४) विद्यालय शिक्षामा गुणस्तरीयता वृद्धि गर्न नगरपालिकास्तरमा **नमुना माध्यमिक विद्यालय** छनौट तथा विकास गरी सञ्चालन गरिनेछ ।

५) आर्थिक, सामाजिक दृष्टिकोणले कमजोर पृष्ठभूमि भएका विद्यार्थीहरूलाई लक्षित गरी आवश्यकतामा आधारित छात्रवृति प्रदान गरी माध्यमिक शिक्षाको पहुँचमा सुनिश्चितता गरिनेछ ।

६) सुरक्षित विद्यालय, सुरक्षित समुदायको अवधारणा र मापदण्ड तयार गरी सबै सामुदायिक तथा संस्थागत माध्यमिक विद्यालयहरूले सोको अनिवार्य रूपमा कार्यान्वयन गरी भूकम्प प्रतिरोधी तथा विभिन्न प्रकारका प्रकोपबाट पूर्ण सुरक्षित विद्यालय पूर्वाधारको विकास गरिनेछ ।

७) माध्यमिक शिक्षालाई प्रविधियुक्त र प्रतिस्पर्धी बनाउन विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) विषयको शिक्षण सिकाइमा विशेष जोड दिनका लागि विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकास गरिनेछ ।

८) विद्यालयमा शैक्षिक सुशासनको सुनिश्चितता गर्न विद्यालय सञ्चालन तथा विद्यार्थी सिकाइमा जवाफदेहिता, उत्तरदायित्व, पारदर्शिता कायम गर्न कार्यसम्पादन करार, कार्यसम्पादन परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, गुनासो व्यवस्थापन जस्ता संयन्त्रहरूको विकास गरिनेछ ।

९) माध्यमिक शिक्षामा मानव मूल्य प्रवर्द्धन, परम्परागत संस्कृति, आचरण र अनुशासनको पालना, योग अभ्यास लगायतका विषयको शिक्षण सिकाइ गर्न प्रोत्सहित गरिनेछ ।

१०) सार्वजनिक शिक्षा प्रणालीको रूपान्तरणका लागि विद्यालयका सरोकारवालाहरूको सक्रिय सहभागितामा सुनिश्चित गर्दै अल्पकालीन तथा दीर्घकालीन रूपमा लक्ष्य समेत किटान गरी सामुदायिक एवम् सार्वजनिक शिक्षा प्रणालीको शुद्धीकरण तथा सबलीकरण अभियान सञ्चालन गरिनेछ ।

११) विद्यालय अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण प्रक्रियालाई नतिजामूलक तथा उपचारात्मक गराई निरीक्षक एवम् अनुगमनकर्ताबाट प्राविधिक सहायता प्रदान गर्ने पद्धतिको विकास गरिनेछ ।

१२) माध्यमिक शिक्षामा शैक्षिक गुणस्तर अभिवृद्धिका निम्ति शिक्षा क्षेत्रमा गरिने लगानीलाई वृद्धि गरिनेछ ।

१३) शिक्षा क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्था, सहकारी र अन्य सामुदायिक संस्थाहरूसँग नगरपालिकासँगको समन्वयमा साझेदारी गरी कार्यक्रम सञ्चालन गर्ने पद्धतिको विकास गरिनेछ ।

१४) अपाङ्गता भएका बालबालिकाहरूको आवश्यकता र समावेशीकरणको सिद्धान्तका आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू उपलब्ध गराई भौतिक पूर्वाधार, पाठ्यक्रम तथा पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रणालीलाई समावेशी एवम् अपाङ्गमैत्री बनाउन सहजीकरण गरिनेछ ।

१५) शिक्षा सरोकारवालाहरूमा अपनत्वको सिर्जना, नेतृत्वको सबलीकरण, शिक्षण सिकाइ प्रक्रियामा सुधार, पेशागत नैतिकताको प्रवर्द्धन, लगानी अभिवृद्धि र प्रविधिको उच्चतम प्रयोगद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

१६) सक्षम र उत्प्रेरित प्रधानाध्यापकको व्यवस्था गरी विद्यालय विकास तथा व्यवस्थापनप्रति प्रधानाध्यापकलाई उत्तरदायी बनाइनेछ ।

१७) विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

१८) शिक्षण संस्था र विद्यालयहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूलाई निश्चित मापदण्डका आधारमा प्रोत्साहन गरिनेछ ।

१९) संघ र प्रदेशको कानुनसँग नबाँझिने गरी माध्यमिक शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

२०) नगरपालिकास्तरमा **म बनाउछु मेरो शिक्षा विकास कोष** र वडास्तरमा वडाध्यक्ष विद्यार्थी कल्याणकारी कोष स्थापना गर्नका साथै विभिन्न सघंसंस्था, अभिभावक र चन्दादाताहरूको सहयोगमा विद्यालयस्तरमा विद्यालय विकास कोषको स्थापना र व्यवस्थापन गर्न प्रोत्सहित गरिनेछ ।

२१) माध्यमिक तह सञ्चालन भएका विद्यालयको नतिजामूलक सूचक निर्धारण गरी अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२२) संस्थागत विद्यालयहरूको नियमनलाई प्रभावकारी बनाउँदै संस्थागत विद्यालयबाट प्रदान गरिने शिक्षालाई सेवामूलक बनाउदै लगिनेछ ।

२३) संस्थागत विद्यालयहरुलाई निश्चित मापदण्डका आधारमा स्तरीकरण र वर्गीकरण गरी शुल्क निर्धारण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

२४) सबै विद्यालयमा कार्यसम्पादनको सुधारसहित सुशासन कायम गराउने कार्यलाई जोड दिइनेछ ।

२५) विद्यालयको शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीको समय र आवश्यकतानुसार अद्यावधिक र प्रयोग गर्ने कार्यलाई अनुमानयोग्य र वैज्ञानिक गराइनेछ ।

२६) आवश्यकता र औचित्यताका आधारमा विद्यार्थी शिक्षक अनुपातमा शिक्षक दरबन्दी पुनर्वितरण तथा समायोजन गर्न आवश्यक समन्वय र सहजीकरण गरिनेछ । शिक्षक व्यवस्थापनको कार्यलाई प्राथमिकतामा राखिनुका साथै शिक्षकको पेसागत विकास र भरपर्दो सहयोग प्रणालीको सुनिश्चितता हुने आवश्यक संयन्त्रको निर्माण र परिचालन गरिनेछ ।

२७) सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै माध्यमिक शिक्षालाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइनेछ ।

२८) आर्थिक रुपले विपन्न र भौगोलिक रुपमा विकट मानिने नगरपालिकाको वडा नंबर १३ देखि १६ सम्म बसोबास गर्ने बालबालिकाहरुलाई माध्यमिक शिक्षाको सुनिश्चितता प्रदान गर्नका लागि नगरस्तरीय **आवासीय माध्यमिक विद्यालय**को स्थापना तथा सञ्चालन गरिनेछ ।

२९) संस्थागत विद्यालयहरुका शिक्षक र कर्मचारीहरुको क्षमता अभिवृद्धिका निमित्त नगरपालिकाबाट दिईने तालिम, कार्यशाला, गोष्ठी लगायतका विभिन्न शैक्षिक क्रियाकलापमा सहभागी गरिने छ ।

३०) सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासहरुलाई सामुदायिक निजी साझेदारी मोडेलमा आदान प्रदान गरिनेछ ।

३.३.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Main Activities and Targets)

क) उपलब्धि (Outcomes)

१) माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई गुणस्तर र सान्दर्भिकता सुधार हुने ।

ख) प्रमुख नतिजाहरू (Key results)

१) सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि भएको हुने ।

२) सबै माध्यमिक विद्यालयले पूर्वाधारका आधारभूत मापदण्ड पूरा गरेको हुने ।

३) माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तर विकासका लागि पाठ्यक्रम तथा पाठ्यसामग्रीमा परिमार्जन, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।

४) माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने ।

५) माध्यमिक शिक्षा प्रणाली प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील भएको हुने ।

६) विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग भएको हुने ।

७) शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम भएको हुने ।

८) राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम नयाँ पाठ्यक्रम तथा पाठ्यसामग्रीको प्रभावकारी कार्यान्वयन भएको हुने ।

९) नगरपालिकास्तरमा कम्तिमा एउटा नमुना माध्यमिक विद्यालय र एउटा आवासीय विद्यालयको स्थापना र सञ्चालन भएको हुने ।

१०) संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहको आपसी सहकार्य र समन्वयमा प्रत्येक विद्यालयमा आवश्यक पर्ने न्यूनतम र विषयगत शिक्षकहरूको व्यवस्थापन भएको हुने ।

११) सबै विद्यालयहरूमा पुस्तकालय, विज्ञान प्रयोगशाला र कम्प्युटर ल्याबको प्रबन्ध मिलाइएको हुने ।

१२) विपद् र आपत्को समयमा बालबालिकाको सिकाइलाई निरन्तरताको वैकल्पिक व्यवस्थापन गर्नका लागि भर्चुअल सिकाइ पद्धतिमा प्रबर्धन भएको हुने ।

१३) नगरस्तरमा **म बनाउछु मेरो शिक्षा विकास कोष** र सबै विद्यालयहरूमा विद्यालय विकास कोषको स्थापना भएको हुने ।

१४) माध्यमिक विद्यालयमा लक्षित उमेर समूहका बालबालिकाको समतामुलक पहुँच र सहभागिता भएको हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

क्र. सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य ५ वर्ष						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार पक्ष
			१	२	३	४	५	जम्मा		
१	विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गरिने	पटक		१				१	२	नगरपालिका
२	निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक पर्ने नीतिको तर्जुमा	पटक		१				१	२	नगरपालिलका
३	दरवन्दी मिलान र शिक्षक व्यवस्थापन	पटक	१			१		२	४	नेपाल सरकारसंगको सहकार्यमा
४	विद्यार्थी भर्ना कार्यक्रम सञ्चालन	पटक	१	१	१	१	१	५	१०	नगरपालिका र विद्यालय

५	**म बनाउछु मेरो शिक्षा विकास कोष** विकास र परिचालन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	तीनवटै तहका सरकार, निजी क्षेत्र र विकास साझेदारहरु
६	उत्कृष्ट विद्याय अनुदान कार्यक्रम	संख्या	१	१	१	१	१	५	१०	नगरपालिका
८	विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम	पटक	१	१	१	१	१	५	१०	नगरपालिका, विद्यालय र विकास साझेदार
९	कक्षा १० को अंग्रेजी, गणित र विज्ञान विषयको भर्चुअल सिकाइ सञ्चालन तथा व्यवस्थापन	विद्यालय संख्या	१०	१०	१०	१०	१०	५०	१००	नगरपालिका, विद्यालय र विकास साझेदार
१०	निःशुल्क पाठ्यपुस्तक वितरण	विद्यार्थी प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	संघीय सरकारसंगको समन्वय र सहकार्यमा
११	एस.इ.इ. र कक्षा १२ को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा सहजीकरण	पटक	२	२	२	२	२	१०	२०	संघ र प्रदेश सरकारसँगको समन्वय र सहकार्यमा

१२	क्षमता विकास कार्यक्रम सञ्चालन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	तीनवटै तहका सरकार
१३	माध्यमिक तह (कक्षा १० सम्म) सञ्चालन भएका विद्यालयहरूलाई क्रमशः कक्षा १२ सम्म विस्तार गरिने	विद्यालय सङ्ख्या	०	०	०	१	१	२	५	नगरपालिका
१४	नमुना माध्यमिक विद्यालयको विकास	विद्यालय सङ्ख्या		१				१	२	नगरपालिका र विकास साझेदार
१५	एक माध्यमिक विद्यालय एक पुस्तकालय, विज्ञान र प्रविधि प्रयोगशाला निर्माण	विद्यालय प्रतिशत	५०	१००	१००	१००	१००	१००	१००	संघ र नगरपालिका
१७	गणित ल्याबको स्थापना	संख्या		१	१	१	१	४	१०	नगरपालिका र विद्यालय
१८	आवासीय विद्यालयको स्थापना तथा सञ्चालन	संख्या		१				१	२	नगरपालिका, विद्यालय र विकास साझेदार
१९	विद्यालय समायोजन भएको अवस्थामा एकमुष्ट प्रोत्साहन अनुदान वितरण	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका

२०	प्रधानाध्यापकसँग नतिजामा आधारित कार्यसम्पादन करार	संख्या	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका र विद्यालय
२१	उच्च विद्यार्थी चाप भएका माध्यमिक विद्यालयहरूमा आधारभूत तह (कक्षा १-५)) को अलग्गै व्यवस्थापन	विद्यालय		१	१		१	३	५	नगरपालिका र विद्यालय
२२	छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याडको व्यवस्थापन	विद्यार्थी प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	संघ र नगरपालिका
२३	शिक्षकहरूको कक्षा प्रवेश पूर्वको योजना तयारी र कक्षामा शिक्षणमा विताउने समय बृद्धि कार्यक्रम	विद्यालय प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	नगरपालिका र विद्यालय

३.४. माध्यमिक शिक्षासंग उच्च शिक्षासंगको सम्बन्ध (Relationship of Higher Education with Secondary Education)

३.४.१ परिचय (Introduction)

उच्च शिक्षालाई राष्ट्रको निम्ति विभिन्न क्षेत्रमा योगदान दिन सक्ने उच्चस्तरीय दक्ष र समालोचक, सिर्जनशील, अनुसन्धानमूलक तथा विचार दिनसक्ने जनशक्ति उत्पादन गर्ने शिक्षाको रुपमा लिइन्छ। आजको विज्ञान र प्रविधिको युगमा अत्याधुनिक प्रविधिको उपयोग गरी दिगो विकासका लक्ष्यलाई हासिल गर्दै **"वीरेन्द्रनगर, शैक्षिक सहर"** भन्ने नारालाई सार्थक गराउन योग्य जनशक्ति उत्पादनका लागि प्राज्ञिक उत्कृष्टताको केन्द्र निर्माण गर्ने उच्च शिक्षाको मर्म हो । एकातिर उच्च शिक्षालाई गुणस्तरीय बनाई समतामूलक पहुँच सुनिश्चित गर्नु र आधुनिक ज्ञान, विज्ञान, कला, सीप एवम् प्रविधिमा दक्ष, प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस तहको शिक्षाको समय सापेक्ष रूपमा विकास र विस्तार गर्नु आवश्यक छ भने अर्कोतिर देशको उच्च शिक्षालाई माध्यमिक शिक्षाको जगमा विकास गर्नुपर्ने अपरिहार्यता त्यत्तिनै जरुरी छ । नेपालको संविधानले केन्द्रीय विश्वविद्यालय सम्बन्धी अधिकार सङ्घ र उच्च शिक्षासम्बन्धी शासकीय अधिकार प्रदेश सरकारले सुनिश्चित गरेतापनि साझा अधिकारको सूचीमा रहेको शिक्षाले स्थानीय तहले समेत माध्यमिक शिक्षाको उच्च शिक्षासंग सम्बन्ध राखी आफ्नो क्षेत्रमा रहेका उच्च शिक्षा प्रदायक संस्थाको विकासमा भूमिका निर्वाह गर्न सक्दछ र गर्नुपर्दछ ।

नेपालको शिक्षाको संरचनामा माध्यमिक तहको शिक्षा पूरा गरेको जनशक्तिलाई उच्च स्तरको मानव संशाधनको विकास गर्नका लागि चार तहको उच्च शिक्षा प्रदान गर्ने नीतिगत प्रावधान रहेको छ। देशको आर्थिक तथा सामाजिक परिवर्तनका लागि आवश्यक पर्ने स्वस्थ, प्रतिस्पर्धी, नवप्रवर्तनात्मक, स्वावलम्बी, रोजगारन्मुख तथा मूल्यउन्मुख उच्च तहको जनशक्ति उत्पादन गर्नु यो तहको शिक्षाको प्रमुख ध्येय हो । लागत आपुरण, निजी क्षेत्रको लगानी, सामुदायिक सहभागिता, मागमा आधारित कार्यक्रम सञ्चालन र विश्वविद्यालयबाट आय स्रोतको परिचालन जस्ता नमुना विकास गर्नका लागि तीनै तहका सरकारहरू, समुदाय र निजी क्षेत्रलाई समेत उच्च शिक्षा विकास साझेदारका रूपमा सहभागी हुने अवसर खुला गरिनुपर्दछ ।

नेपालमा ११ वटा विश्वविद्यालय तथा ५ वटा राष्ट्रिय प्रतिष्ठान (मानित विश्वविद्यालय) हरू स्थापना भई १४०७ वटा कलेजहरू जसमध्ये ९८ वटा आङ्गिक, ५३२ वटा सामुदायिक र ७७७ वटा निजी शैक्षिक संस्थाहरू सञ्चालनमा रहेकोमा वीरेन्द्रनगर नगरपालिकामा मध्यपश्चिम विश्वविद्यालय र यसका विभिन्न संकायका कलेजहरु तथा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको रुपमा रहेको सुर्खेत बहुमुखी क्याम्पस र विभिन्न सम्बन्धनप्राप्त सामुदायिक क्याम्पसमा शिक्षाशास्त्र, व्यवस्थापन, विज्ञान र प्रविधि, मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गतका विविध विषयमा स्नातक, स्नातकोत्तर तथा अनुसन्धान तहसम्मका कार्यक्रमहरु र कृषि तथा वन विज्ञान अध्ययन संस्थानको एउटा क्याम्पसमा स्नातक तहको कार्यक्रमहरु सञ्चालनमा रहेका छन् ।

३.४.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

उच्च शिक्षामा नगरपालिकाभित्रका आर्थिक रूपले विपन्न र भौगोलिक रूपमा पिछडिएका माध्यमिक तह पूरा गरेका विद्यार्थीहरुको सहभागिता गराउनु, प्राविधिक उच्च शिक्षामा जेहेनदार तथा आर्थिक रुपले विपन्न विद्यार्थीहरुको पहुँचमा बृद्धि गर्नु, माध्यमिक शिक्षाको उच्च शिक्षासँग सम्बन्ध कायम राख्नु, भौगोलिक विकटता हुनु, कमजोर भौतिक पूर्वाधार र आर्थिक लगानीको सुनिश्चितता गर्नु, दक्ष र योग्य जनशक्तिको अभावका बाबजुद युग अनुकुलको गुणस्तरीय तथा प्राविधिक उच्च शिक्षा प्रदान गर्ने संस्थाको विकास गर्नु, उच्च शिक्षालाई व्यावसायिक, व्यवहारिक र जीवनोपयोगी बनाई शैक्षिक बेरोजगारीन्यूनिकरण गर्नु, नगरपालिकाको समग्र अवस्थाको अध्ययन, अध्यापन र अनुसन्धान गर्ने केन्द्र एवम् प्रदेशको शैक्षिक हबको रुपमा स्थापित गर्नु, उच्च शिक्षा प्राप्त गरेका जनशक्तिहरूलाई स्थानीय तहमा नै रोजगार सिर्जना गर्नु आदि उच्च शिक्षासंग सम्बन्धि चुनौतिहरु हुन् ।

कर्णाली प्रदेशको राजधानी यसै नगरपालिकामा रहनु, नेपालको संविधानमा उच्च शिक्षा तीनवटै तहको साझा अधिकारक्षेत्रभित्र रहनु, मध्यपश्चिम विश्वविद्यालय र यसका विभिन्न संकायहरु अन्तर्गत साधारण तथा प्राविधिक विषयका क्याम्प्सहरु, त्रिभुवन विश्वविद्यालयको ठूला आंगिक क्यँम्पस र अन्य चारओटा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरु यस नगरपालिका क्षेत्रभित्र सञ्चालित हुनु, कर्णाली लगायत अन्य प्रदेशका विद्यार्थीलाई उच्च शिक्षाको सेवा प्रदान गरिरहेकोले नगरपालिकाको सेवाक्षेत्र फराकिलो रहनु, नगरपालिकाका सबै सरोकारवाला, राजनीतिक दल तथा जनप्रतिनिधिहरूमा यस पालिकाको उच्च शिक्षाको प्रभावकारी सञ्चालन तथा व्यवस्थापनमा एकमत रहनु, नगरपालिकाका २४ वटा माध्यमिक विद्यालयहरूमा साधारण शिक्षा, ९ वटा विद्यालयहरुमा कृषि, पशु विज्ञान, इन्जिनियरिङ र बाली विज्ञानका डिप्लोमा तहका कक्षा र एउटा विद्यालयमा कक्षा ९ देखि १२ सम्म प्राविधिक तथा व्यावसायिक धार सञ्चालन हुनु, नगरपालिका भित्र स्थायी बसोबास भई देशभित्र र बाहिर उच्च स्तरको दक्ष जनशक्तिको रुपमा काम गर्ने व्यक्तिहरु उल्लेख्य संख्यामा रहनु, विद्यालय तहको राम्रो व्यवस्थापन तथा उपलब्धिस्तर देशभरीकै उत्कृष्ट विद्यालयहरुमध्येका माध्यमिक विद्यालयहरु नगरपालिकामा रहनु जस्ता पक्षहरुलाई उच्च शिक्षासंग सम्बन्धित अवसरका रुपमा लिन सकिन्छ ।

३.४.३ लक्ष्य (Goal)

प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने उच्च शिक्षा प्रदायक संस्थामार्फत उच्चस्तरीय प्रतिस्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमुखी जनशक्ति उत्पादन गर्नका लागि समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

३.४.४ लक्ष्य (Goal)

१) पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रर्वतनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउदै ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गर्न सहयोग गर्नु ।

२) उच्च शिक्षालाई नगरपालिकाको समग्र सामाजिक र आर्थिक रूपान्तरणको लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित प्राविधिक, व्यावसायिक र उद्यमशील मानव संशाधन विकास गर्न सहजीकरण गर्नु ।

३) माध्यमिक शिक्षाको उच्च शिक्षासँग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गर्नु ।

३.४.५ रणनीतिहरु (Strategies)

१) नगरपालिकाभित्र सञ्चालनमा रहेको उच्च शिक्षा प्रदायक संस्थाको स्थापना, सञ्चालन, नियमन र व्यवस्थापनलाई प्रभावकारी बनाउनसङ्घ र प्रदेश तहको सरकारसँग समन्वय र सहकार्य गरी आवश्यक कानुनी तथा संस्थागत संयन्त्रको निर्माण गर्न सहजीकरण गरिनेछ ।

२) नगरपालिकामा सञ्चालन रहेको उच्च शिक्षा प्रदायक संस्थामा समतामूलक पहुँच र गुणस्तरअभिवृद्धि गरी उच्चशिक्षालाई प्राविधिक तथा व्यावसायिक शिक्षाको मार्गमा लैजान सहयोग र सहजीकरण गरिनेछ ।

३) नगरपालिकामा रहेका उच्च तहको शिक्षा प्रदायक संस्थाहरुको विस्तार, सवलीकरण, गुणस्तर विकास गर्न सहयोग गर्न सहयोग र सहजीकरण गरिनेछ ।

४) नगरपालिकामा बसोबास गर्ने विपन्न महिला, युवा, अल्पसङ्ख्यक, लोपोन्मुख, पिछडिएका वर्ग, क्षेत्र, समुदाय रजनजातिहरूलाई निश्चित मापदण्डका आधारमा उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षा अध्ययन,अनुसन्धानका अवसर सिर्जना गर्न लगानी गरिनेछ ।

५) अनौपचारिक मार्गबाट उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीहरूको उच्च शिक्षामा पहुँच अभिवृद्धि गर्नका लागि खुला एवम् दुर शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

६) नगरपालिकाका विभिन्न क्षेत्रमा आवश्यक पर्ने उच्च तहको जनशक्ति आपूर्ति गर्न सक्ने गरी उच्च शिक्षाका कार्यक्रमहरूलाई अगाडि बढाउन आवश्यक सहयोग गरिनेछ ।

७) ज्ञानमा आधारित अर्थतन्त्रमा टेवा पुऱ्याउन सक्ने जनशक्ति उत्पादन गर्न तथा रोगजार प्रवर्द्धन गर्न नवीनतम खोज र अनुसन्धानमा आधारित उच्च शिक्षाको विकास गर्न आवश्यक सहयोग गरिनेछ ।

८) शिक्षा क्षेत्रको विभिन्न विषयमा अनुसन्धान गर्नका लागि नगरलाई अनुसन्धान हबको रूपमा विकास गर्न एक अनुसन्धान केन्द्रको स्थापना गरी सोमार्फत क्याम्पसहरुलाई अनुसन्धान कार्यमा सहभागी हुन उत्प्रेरित गरिनेछ ।

९) विपद्, महामारी र सङ्कटको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नकालागि आवश्यक पर्ने प्रणाली स्थापना गर्न सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

१०) उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित गरिनेछ ।

११) माध्यमिक शिक्षाको उच्च शिक्षासँग सुमधुर सम्बन्ध कायम रहने गरी उच्च शिक्षा प्रदायक संस्थाको विकास र सञ्चालन गर्नमा भूमिका निर्वाह गरिनेछ ।

३.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

क) उपलब्धि (Outcomes)

उच्च शिक्षामा सबैको पहुँच सुनिश्चित भई समतामूलक सहभागिता, सान्दर्भिकता र गुणस्तरमा सुधार हुने तथा उच्च शिक्षा र विद्यालय शिक्षाबीच राम्रो लम्बीय सम्बन्ध स्थापित हुने ।

ख) प्रमुख नतिजाहरू (Key Results)

१) नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाबाट सञ्चालन हुने उच्च शिक्षाका कार्यक्रमहरूमा समयानुकूल सुधार र स्तरोन्नति भएको हुने ।

२) नगरपालिकामा उपलब्ध जल, जमीन, जङ्गल, जडीबुटी र जैविक विविधता, पर्वतीय पर्यावरण, मौलिक कला संस्कति र सभ्यताको अध्ययन, अध्यापन र अनुसन्धान सुरुवात भएको हुने ।

३) उच्च शिक्षालाई व्यावसायिक, व्यावहारिक र जीवनोपयोगी बनाई उत्पादन र आर्थिक उपार्जनसँग जोडेर स्वः रोजगारी सिर्जना र आत्मनिर्भर प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन भएका हुने ।

४) उच्च शिक्षालाई उद्यम र व्यवसायसँग जोडेर जनताको आर्थिक समृद्धि र विकासको साधक प्राविधिक र व्यावसायिक जनशक्ति उत्पादन गर्न एक बहुप्राविधिक शिक्षालय स्थापना तथा सञ्चालन गरिएको हुने।

५) विपद्, महामारीको समयमा समेत शैक्षिक गतिविधिहरूलाई निरन्तरता प्रदान गर्नका लागि आवश्यक पर्ने प्रणाली स्थापना भएको हुने ।

६) क्याम्पसको सञ्चालन तथा व्यवस्थापनलाई नतिजामूलक बनाउनका लागि लगानीमा अभिवृद्धि भएको हुने ।

७) उच्च तहको प्राविधिक तथा व्यावसायिक शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्न दिगो लगानी सुनिश्चित भएको हुने ।

८) उच्च प्राविधिक जनशक्तिको रुपमा समाजका सबै वर्गका नागरिकहरुको प्रतिनिधीमूलक सहभागिता हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य ५ वर्ष						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार पक्ष
			१	२	३	४	५	जम्मा		
१	उच्च शिक्षा प्रदायक संस्थाहरुको न्यूनतम पूर्वाधार विकास तथा भौतिक सुधारमा सहयोग गर्ने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र कलेजहरु
२	क्याम्पसमा आधारित अनुसन्धान केन्द्रको स्थापना गर्न आवश्यक सहयोग गरिने।	पटक		१				१	१	नगरपालिका
३	स्वयम् सेवक शिक्षक व्यवस्थापन	विद्यार्थी	०	१०	१०	१०	१०	४०	१००	क्याम्पस सँगको समन्वय र सहकार्यमा
४	उच्च शिक्षा प्रदायक संस्थाहरुलाई प्रविधिमैत्री	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र क्याम्पसहरु

	बनाउने कार्यमा समन्वय र सहयोग गर्ने									
५	खुला एवम् दूर शिक्षा प्रणालीको स्थापना गर्न सहजीकरण एवम् सहयोग	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र क्याम्पसहरु
६	इ-पुस्तकालयको स्थापना	संख्या	०	१	०	१	१	३	५	नगरपालिका र क्याम्पसको साझेदारीमा
७	प्राविधिक उच्च शिक्षामा छात्रवृत्ति	जना	२	२	२	२	२	१०	२०	नगरपालिका र क्याम्पसको साझेदारीमा

३.५ पाठ्यक्रम, मूल्याङ्कन र पाठ्यसामग्री
(Curriculum, Evaluation and Curricular Materials)

३.५.१.परिचय (Introduction)

पाठ्यक्रम विकास, परिवर्तन र परिमार्जन निरन्तर भइरहने प्रक्रिया हो । नेपालको संविधानको धारा ३१ को व्यवस्था र मर्म, विश्वमा भइरहेका नवीनतम् शैक्षिक प्रबर्धन, प्रयोग तथा उपलब्धिहरु, राज्यको पुनर्संरचनासँगै शैक्षिक रुपान्तरण अपरिहार्य भई पाठ्यक्रम विकास केन्द्रको नेतृत्वमा विद्यालय तहका पाठ्यक्रम २०७६ देखि परिवर्तन तथा कार्यान्वयन प्रारम्भ गरिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले तयार गरेको विद्यालय क्षेत्रको पाठ्यक्रमलाई आधार तथा मार्गचित्रका रुपमा लिई सामाजिक न्याय, सकारात्मक रुपान्तरण र विश्व प्रतिष्पर्धी सक्षम नागरिक तयार गर्ने लक्ष्य केन्द्रित पाठ्यक्रम कार्यान्वयन गर्नु संघीय, प्रादेशिक र स्थानीय सरकारको प्रमुख जिम्मेवारी रहेको छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले स्थानीय पाठ्यक्रमको निर्माणका लागि स्थानीय तहलाई जिम्मेवारी दिएको छ भने प्रथम पटक कार्यघण्टा र पाठ्यघण्टाको ब्यवस्था गरिएको छ । स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ अनुसार यस नगरपालिकाले आधारभूत तहमा **हामी र हाम्रो वीरेन्द्रनगर** विषयक स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७८ देखि कार्यान्वयनमा ल्याइरहेको छ । कक्षा १ देखि ३ सम्मको पाठ्यपुस्तक समेतको विकास गरी कार्यान्वयनमा लैजाने योजना अगाडि बढाइरहेको छ ।

यसै सन्दर्भमा, वीरेन्द्रनगर नगरपालिकाले पनि दश वर्षे शिक्षा योजना निर्माणको अभिन्न अङ्गका रुपमा पाठ्यक्रम र पाठ्यसामग्रीलाई उच्च महत्व दिइएको छ । त्यस्तै, सिकाइएका ज्ञान, व्यवहार कुशल सिप, प्रविधि र मानवीय मान्यताहरुको परीक्षण गर्ने मूल्याङ्कनका विधि, तरिका र साधनहरु पनि यसका अभिन्न क्षेत्र बनाइएको छ । विगतमा प्रयोग गरिएको निरन्तर विद्यार्थी मुल्याङ्कन प्रणालीका समस्या तथा कठिनाइहरुको अनुभवका आधारमा मूल्याङ्कन साधनहरुलाई सहज र व्यवहारिक बनाई नतिजालाई अक्षराङ्कन पद्धतिमा अभिलेखीकरण गर्ने प्रावधान राखिएको छ । यस योजनाले पनि विद्यालय तहको शिक्षाका लागि संघीय तहमा रहेको पाठ्यक्रम विकास केन्द्रको नीतिगत व्यवस्थालाई कार्यान्वयन गराउन र स्थानीय स्तरका शिक्षाका क्षेत्राधिकारभित्र रहेर योजना र कार्यक्रम तयार गरी कार्यान्वयन र सहजीकरण गर्ने ध्येय लिएको छ ।

प्रमुख शैक्षिक सामग्रीका रुपमा प्रत्येक शिक्षकसँग झोलामा सम्बन्धित विषयको पाठ्यक्रम, शिक्षक निर्देशिका, वार्षिक शैक्षणिक कार्ययोजना र विद्यार्थीले आफूले प्रयोग गर्ने कार्यपुस्तक वा पाठ्यपुस्तक अनिवार्य हुनुपर्छ भने मान्यता राखिएको छ । थिम वा पाठ्यवस्तुसँग सम्बन्धित कक्षाकोठाको सिकाइ वातावरण, वाहिरी वातावरण, समुदाय र अनुभवी व्यक्ति, शिक्षक निर्मित सामग्री, स्मार्ट मोबाइल, ल्यापटप र आवश्यकता अनुसार वजारबाट खरिद गरिएका सामग्रीहरु प्रयोग गर्नु अपरिहार्य हुन्छ । प्राथमिकताप्राप्त न्यूनतम सक्षमता अवस्थामा पर्ने पाठ्यपुस्तक निःशुल्क रुपमा समयमै विद्यार्थीको हातमा पुऱ्याउने काम पनि त्यत्तिकै महत्वपूर्ण रहेको छ ।

३.५.२ चुनौति र अवसर (Challenges and Opportunities)

नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि सरकोवाकारवालाको क्षमता विकास र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु, सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्नु तथा अपाङ्गता भएका बालबालिकाकाहरूका लागि पाठ्यक्रम तथा सिकाइ सामग्रीमा पर्याप्त विकल्पहरू प्रदान गरी अपाङ्गताको प्रकृतिअनुसार लचकता प्रदान गर्नु आदि पाठ्यक्रम तथा पाठ्यसामग्रीसंग सम्बन्धित प्रमुख चुनौतिहरू रहेका छन् । पाठ्यपुस्तकलाई शैक्षिक सत्रको शुरुमा नै विद्यार्थीको हातमा प्रदान गर्नु, शिक्षक निर्देशिकालगायत विद्यार्थीका लागि मुद्रित तथा डिजिटल सन्दर्भ सामग्री प्रदान गर्नु, विद्यार्थी मूल्यांकन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, परीक्षा पद्धतिलाई उच्च तहको संज्ञान तथा सिप परीक्षण गर्ने गरी कार्यान्वयन र विद्यार्थीको कार्यसम्पादन स्तरलाई मूल्याङ्कनको नतिजाले स्पष्ट गर्न सक्ने बनाउनु, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग गर्नु पाठ्यक्रम, मूल्यांकन तथा पाठ्यसामग्रीसंग सम्बन्धित थप चुनौतिका विषयहरू रहेका छन् ।

संघीय स्तरमा राष्ट्रिय पाठ्यक्रमको प्रारुप २०७६ निर्माण भई प्रारम्भिक बाल विकास शिक्षादेखि कक्षा १२ सम्मको पाठ्यक्रम परिमार्जन भई लागु हुनु, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ को विकास हुनु र सो को आधारमा वीरेन्द्रनगर नगरपालिकामा स्थानीय पाठ्यक्रमको विकास भई लागू हुनु, सबै बालबालिकाहरूलाई निःशुल्क पाठ्यपुस्तक प्रदान गरिनु, वीरेन्द्रनगर नगरपालिकाले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र अन्य सन्दर्भ सामग्रीको विकास र कार्यान्वयनमा प्रभावकारी भूमिका निर्वाह गर्नु आदि यससंग सम्बन्धित अवसरहरू हुन् ।

३.५.३ लक्ष्य (Goal)

विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोंच, सृजनशिल, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

३.५.४ उद्देश्य (Objectives)

यस योजनाले पाठ्यक्रम तथा मुल्यांकन सम्बन्धी निम्न लिखित उद्देश्यहरु राखेको छ :

१. पाठ्यक्रमलाई समय सापेक्ष, सार्न्दभिक, गुणस्तरीय र प्रभावकारी बनाई सक्षम, सृजनशिल तथा प्रतिस्पर्धी नागरिक तयार गर्न सहयोग गर्नु ।

२. स्थानिय तहलाई खोज, अनुसन्धान र व्यवहारिक जीवनमा आधारित पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने हवका रुपमा सहयोग गर्नु ।

३. बालवालिकालाई आधुनिक विज्ञान र प्रविधिमा आधारित समाजमा अनुकूल बनाउन पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रविधियुक्त कार्यान्वयनलाई जोड दिनु ।

४. पाठ्यक्रम, पाठ्यसामग्री तथा अतिरिक्त कार्यकलाप कार्यान्वयन गर्दा विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्नका पक्षलाई समावेश गर्नु ।

५. शिक्षालाई दैनिक जीवनका आयामहरुसँग जोडी सम्बन्धित बिषयवस्तुलाई अन्तरम्वन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्नु ।

६. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानिय र आधुनिक परिवेश अनुसार सिकारुमा ज्ञान, सिप तथा व्यवहार विकासमा सहजीकरण गर्नु ।

७. सिकारुको सिकाइलाई समस्या समाधानउन्मुख गराई निरन्तर, आवधिक, स्तरीकृत र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्न सहयोग गर्नु ।

३.५.५ रणनीति (Strategies)

उल्लेखित उद्देश्यहरु हासिल गर्न निम्नलिखित रणनितिहरु अवलम्वन गरिनेछ :

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र तद्नुसारका पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरिनेछ भने आवधिकरुपमा मूल्यांकन गरी त्यसका आधारमा पाठ्यक्रम परिमार्जन तथा सुधार गर्न पृष्ठपोषण गरिनेछ ।

२. ज्ञानमा आधारित समाज, सूचना तथा सञ्चार प्रविधिको विकास र प्रयोग एवम् शैक्षिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तन र विश्व परिवेशका आधारमा पाठ्यक्रमलाई सान्दर्भिक र व्यवहारिक बनाउन समन्वय गरिनेछ ।

३. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई प्रभावकारी कार्यान्वयन गर्न सम्वन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गरिनेछ ।

४. राष्ट्रिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेअनुसार विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्न अत्यावश्यक सक्षमता विकास गरी जिम्मेवार बनाईनेछ ।

५. नगरपालिकामा सञ्चालनमा रहेका विद्यालयहरुमा पाठ्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचनागत तथा पेशागत सक्षमता अभिवृद्धि गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न कानुनी तथा नीतिगत व्यवस्था कार्यान्वयनमा ल्याइनेछ ।

६. पाठ्यक्रममा आधारित शिक्षण सिकाइलाई सूचना, सञ्चार र प्रविधिको उचित प्रयोग गर्न सहभागीतामूलक, खोजमूलक तथा समस्या समाधानकेन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गरिनेछ ।

७. प्रारम्भिक कक्षाहरुमा शिक्षण सहजीकरणका लागि आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा र बहुभाषा प्रयोगलाई प्राथमिकता दिइनेछ ।

८. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षण सिकाइका लागि अत्यावश्यक पूर्वाधार विकास तथा उचित प्रयोग गर्न सक्ने क्षमता विकास गरी कक्षागत वा तहगत रुपमा प्रविधिमा आधारित शिक्षण सिकाइलाई परीक्षणमा ल्याइनेछ ।

९. सबै सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याव र सिकाइ सामग्रीयुक्त पुस्तकालय स्थापना गरी सो को प्रयोगको लागि शिक्षकहरुको क्षमता विकास गरिनेछ ।

१०. स्थानिय पाठ्यक्रम परिमार्जन एवम् विकास तथा कार्यान्वयनका लागि समन्वयात्मक अनुगमन तथा पृष्ठपोषण कार्यलाई व्यवस्थित गरिनेछ ।

११. अपांगता भएका बालबालिकाहरुको शैक्षिक पहुँच बढाउन र सिकाइ अवसर बृद्धि गर्न पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई ब्रेल लिपि, सांकेतिक भाषा, श्रव्यदृष्य सामग्रीको विकास तथा प्रयोगलाई उच्च प्राथमिकता दिई सबै बालबालिकाको शैक्षिक अधिकारको सुनिश्चितता गरिनेछ ।

१२. शिक्षकको पेशागत सक्षमता विकास योजना समेत समावेश गरी पाठ्यक्रम कार्यान्वयन गर्नु पूर्व शिक्षकको सक्षमता विकास गर्ने व्यवस्थालाई सुदृढ बनाइनेछ ।

१३. सिकाइ उपलब्धिप्रति शिक्षकलाई जिम्मेवार तथा जवाफदेही बनाई शिक्षकको वृत्ति विकासलाई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनसँग जोड्ने व्यवस्था मिलाइनेछ ।

१४. आधारभूत शिक्षा परीक्षा लगायतका अन्य परीक्षा तथा विद्यार्थी मूल्याङ्कन पद्धतिलाई क्रमशः सुधार गर्दै लगिनेछ ।

१५. स्थानीय पाठ्यक्रमलाई आवश्यकता अनुसार क्रमशः परिमार्जन गर्दै लगिनेछ र उक्त पाठ्यक्रमलाई कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने पाठ्यसामग्री विकासका लागि निजी क्षेत्रसंगको साझेदारीमा कार्य अगाडि बढाइनेछ ।

३.५.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcome, Key Result, Major Activities and Target)

क) उपलब्धि (Outcome)

विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई आवश्यक आधारभूत सक्षमता सहित सकारात्मक सोंच, सृजनशिल, निरन्तर सिकाइप्रति प्रतिवद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग हुने ।

ख) नतिजा (Result)

१. राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ र स्थानीय पाठ्यक्रम विकास तथा मार्गदर्शन, २०७६ अनुसार विद्यालय तहको पाठ्यक्रम विकास र प्रभावकारी रुपमा कार्यान्वयन भएको हुने ।

२. कक्षा १ देखि ३ मा व्यवहारकुशल सिप सहित अन्तर्बिषयक तथा बहुबिषयक ढाँचाको एकिकृत पाठ्यक्रम कार्यान्वयन भएको हुने ।

३. आधारभूत तहको स्थानीय पाठ्यक्रमको पाठ्यसामाग्री विकास तथा कार्यान्वयन भएको हुने ।

४. आधारभूत तहसम्म आवश्यकता अनुसार मातृभाषा, स्थानिय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण हुने ।

५. पाठ्यक्रम विकास केन्द्रले विकास गरेको बहुपाठ्यपुस्तक पद्धति कार्यान्वयन हुने ।

६. विद्यालय तहको सार्वजनिक परीक्षाले विद्यार्थीको क्षमताको उपयुक्त व्याख्या गरेको हुने ।

७. पाठ्यक्रम विकास केन्द्रले निर्माण गरेका सामग्रीहरु अपांगमैत्री तथा भौगोलिक सापेक्षतामा प्रयोग गर्न सहजीकरण भएको हुने ।

८. सिकाइ क्रियाकलाप बालमैंत्री, सान्दर्भिक तथा प्रभावकारी हुने ।

९. पाठ्क्रम कार्यान्वयनका लागि विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व वहन हुने ।

१०. स्थानीयस्तरमा पाठ्यक्रम निर्माण, परिमार्जन र प्रयोग गर्ने क्षमताको विकास हुने ।

ग) प्रमुख क्रियाक्रलाप र लक्ष्य (Major Activities and Target):

क.सं.	प्रमुख क्रियाकलापहरु	इकाइ	भौतिक लक्ष्य ५ बर्ष						भौतिक लक्ष्य (१० बर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१.	राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ कार्यान्वयन									
१.१	नमुना पाठ्यक्रम कार्यान्वयन र परीक्षण	कक्षागत तथा बिषयगत	कक्षा ४, ७, ९	कक्षा ५						नगरपालिका र विद्यालय
१.२	एकिकृत पाठ्यक्रम कार्यान्वयन	कक्षागत तथा बिषयगत		कक्षा ४, ७, ९	कक्षा ५,८, १०					नगरपालिका र विद्यालय
१.३	शिक्षक निर्देशिका कार्यान्वयन	कक्षागत तथा बिषयगत		कक्षा ४, ७, ९						नगरपालिका र विद्यालय

१.४	पाठ्यक्रम तथा पाठ्यसामग्री अभिमुखीकरण	कक्षा, बिषय, तह वा स्थान		कक्षा ४, ७, ९	कक्षा ४, ७, ९					नगरपालिका र विद्यालय
२	विद्यार्थी मूल्यांकन मापदण्ड विकास (आन्तरिक, प्रयोगात्मक र बाह्य,									
२.१	नमुना साधन कार्यान्वयन गर्न सहयोग	नगरपालिका	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय
२.२	कक्षाकोठामा आधारित परीक्षण तथा मूल्यांकनका आधार तथा नमुना विकास र प्रबोधीकरण	कक्षा		कक्षा १ देखि ५						नगरपालिका र विद्यालय
३.	प्राविधिक धारतर्फका पाठ्यक्रम र पाठ्यसामग्री									
३.१	आवश्यकता पहिचान	पटक	१							नगरपालिका र विद्यालय
३.२	पाठ्यक्रम समायोजन र परिमार्जन र कार्यान्वयनमा समन्वय र सहजीकरण	बिषयक्षेत्र		६						नगरपालिका र विद्यालय
३.३	पाठ्यसामग्री समायोजन र परिमार्जन र कार्यान्वयनमा समन्वय र सहजिकरण	बिषयक्षेत्र			६					नगरपालिका र विद्यालय
३.४	पाठ्यक्रम र पाठ्यसामग्री प्रबोधीकरण	पटक			१	१	१	५	१०	नगरपालिका र विद्यालय
४	परम्परागत शिक्षाको व्यवस्थापन									
४.१	परम्परागत ज्ञान, सिप र प्रविधिलाई स्थानीय पाठ्यक्रममा समायोजन, परिमार्जन र विकास	स्थानीय पाठ्यक्रम		२५	२५	२५	४			नगरपालिका र विद्यालय

४.२	समयोजित/परिमार्जित पाठ्यसामग्री, शिक्षक श्रोत सामग्री वितरण	कक्षा विषय क्षेत्र	७	कक्षा १-५	कक्षा ६-८	कक्षा ९-१०	कक्षा ११-१२			नगरपालिका र विद्यालय
४.३	पाठ्यक्रम र पाठ्यसामग्री प्रबोधिकरण	कक्षा तह		कक्षा १-५	कक्षा ६-८	कक्षा ९-१०	कक्षा ११-१२			नगरपालिका र विद्यालय
५	अभिमुखीकरण तथा प्रबोधीकरण	पटक	१	१	१	१	१	५	१०	नगरपालिका र विद्यालय
६	डिजिटल सामग्रीको विकास तथा प्रबोधीकरण	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका
६.१	सबै तहका विद्यार्थीका लागि समावेशी डिजिटल पाठ्यसामग्री निर्माण	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विकास साझेदार
६.२	पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सबै डिजिटल पाठ्य समाग्रीलाई डिजिटलाईज गरी इ- पुस्तकालयमा राखी सबै बालवालिकाहरुको पहुँचमा ल्याउने ।	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका
७	पाठ्यक्रम									
७.१	सबै तहका बालबालिकाहरुको लागि निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने	विद्यार्थी प्रतिशत	१००	१००	१००	१००	१००	१००	१००	संघ र नगरपालिका
७.२	विभिन्न किसिमका अपांगता भएका बालबालिकाहरुका लागि उपयुक्त समावेशी पाठ्यसामग्री निशुल्क वितरण	पटक		१						नगरपालिका र विकास साझेदार
८	पाठ्यक्रम मूल्यांकन									
८.१	पाठ्यक्रम विकास केन्द्रद्वारा सञ्चालन गरिने अनुसन्धान तथा मूल्यांकनलाई सहजीकरण गर्ने	कक्षा/तह				१	१			पाविके र नगरपालिका

८.२	स्थानीय तहको पाठ्यक्रमको मूल्यांकन	पटक					१	१	२	नगरपालिका
९	स्थानीय पाठ्यक्रम परिमार्जन र कार्यान्वयन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका
१०	संस्थागत प्रबन्ध, क्षमता विकास तथा अभिभावक शिक्षा	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका
१०.१	स्थानीय पाठ्यक्रम विकास, कार्यान्वयन, परीक्षा तथा मूल्यांकन, अनुगमन लगायतका प्राविधिक सहयोगका लागि स्थानीय विज्ञ सम्मिलित प्राविधिक संयन्त्रको व्यवस्था ।	पटक		१				१	२	नगरपालिका
१०.२	कार्यविवरण अनुसार क्षमता विकासका कार्यक्रम तयार गरी कार्यान्वयन	पटक		१	१	१	१	४	१०	नगरपालिका
१०.३	वि.व्य.स. तथा शि.अ.सं.को क्षमता अभिबृद्धि	पटक		१	१	१	१	५	१०	नगरपालिका र विद्यालय
१०.४	अभिभावक शिक्षाको पाठयक्रम विकास गर्ने	पटक		१				१	२	नगरपालिका
१०.५	अभिभावक शिक्षाको पाठयक्रम कार्यान्वयन	पटक		निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			विद्यालय
१०.६	नयाँ पाठ्यक्रममा आधारित शिक्षक तालिम तथा सहायता प्रणाली मार्फत शिक्षकको क्षमता विकास	पटक	१	१	१	१	१	५	१०	नगरपालिका
१०.७	बालबालिकाको सिकाइ उपलब्धीप्रति जवाफदेही बनाई सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गर्ने ।	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय
१०.८	आधारभूत तथा माध्यामिक तहका सार्वजनिक परीक्षा प्रणाली	पटक		१	१	१	१	५	१०	नगरपालिका

	सुधारका लागि क्षमता विकास गर्ने ।									
११	पुस्तकालय									
११.१	सबै विद्यालयमा कक्षागत र बिषयगत पुस्तक तथा सन्दर्भ सामग्रीसहितको पुस्तकालयको व्यवस्था गर्नै	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका, विद्यालय र विकास साझेदार
११.२	घर तथा समुदायमा पढाइ संस्कार प्रबर्धन गर्न समुदायमा आधरित पुस्तकालयको स्थापना गर्ने ।	संख्या		१	२	३	४	१०	२०	नगरपालिका
११.३	कक्षाकोठामा बुक कर्नरको व्यवस्था	आधारभूत विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका, विद्यालय र साझेदार निकाय
१२	विज्ञान प्रयोगशाला	विद्यालय/विज्ञान विषय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			तीनवटै तहका सरकार र विकास साझेदार
१३	कम्प्युटर ल्याव	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			तीनवटै तहका सरकार र विकास साझेदार
१४	स्टेम शिक्षा									
१४.१	स्टेम शिक्षासम्बन्धि अभिमुखीकरण	पटक		१	१	१	१	५	१०	नगरपालिा
१४.२	स्टेम शिक्षण पद्धतिसम्बन्धी शिक्षक तालिम	संख्या		२५	३०	३०	३०	११५	२००	नगरपालिका
१५	अतिरिक्त क्रियाकलाप	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय

१६	सहकार्यकलाप	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय
१७	स्थानियस्तरमा उपलब्ध शैक्षिक सामग्री निर्माण तथा प्रयोग	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय
१८	विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन									
१८.१	विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी पाठ्यसामग्रीको प्रबन्ध	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय
१८.२	विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी चेतनामूलक क्रियाकलाप सञ्चालन	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय
१८.३	विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी शिक्षक तालिम	विद्यालय	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर			नगरपालिका र विद्यालय

३.६ प्राविधिक तथा व्यावसायिक शिक्षा

(Technical and Vocational Education)

३.६.१ परिचय (Introduction)

कुनै पनि देशको समग्र विकासमा शिक्षाको महत्त्वपूर्ण भूमिका रहन्छ। त्यमा पनि प्राविधिक शिक्षाको अझ बढी भूमिका रहन्छ। त्यसैबाट देश विकास र समृद्धिको बाटोमा अघि बढ्न सक्छ। यसै कुरालाई दृष्टिगत गरी नेपालको संविधान २०७२ को भाग ४ धारा ५१ राज्यका नीतिहरुअन्तर्गत उपधारा (ज १) मा उल्लिखित नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीतिअनुसार शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्टिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने भन्ने रहेकाले राष्टिय आकाङ्क्षा पूरा गर्न राष्ट्रिय योजना आयोगले नौ वटा राष्ट्रिय लक्ष्यअन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको छ। त्यसका लागि गुणस्तरीय प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको विकास र विस्तारमा जोड दिइएको देखिन्छ।

सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले निर्धारण गरेको दिगो विकास लक्ष्यले सन् २०३० सम्म विश्वमा प्रत्येक व्यक्तिलाई सम्ममानित जीवन निर्वाहका लागि आवश्यक प्राविधिक शिक्षा प्रदान गर्ने रहको छ। यसका लागि समावेशी, समतामूलक र समन्यायिक दृष्टिबाट अवसरलाई व्यापक बनाउन जोड दिएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको तल्लो तहदेखि नै समेट्ने प्रयास गरिएको छ । यस प्रकारको शिक्षाको विकासले यस नगरपालिकामा सीपयुक्त दक्ष जनशक्ति उत्पादन हुने र रोजगार एवम् स्वरोजगारका अवसरहरू सृजना भई विदेशिने युवाहरू स्वदेशमै आत्मनिर्भर बन्ने अवस्था सिर्जना हुनेछ। यसबाट दक्ष जनशक्ति बिदेशिने संख्यामा कमी आउने देखिन्छ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक/शिक्षालयहरू, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक/शिक्षालयहरू, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरू र ५८७ प्राविधिक एस.एल.सी.(प्रि-डिप्लोमा) तहका कार्यक्रम र ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (*प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६*)।

कर्णाली प्रदेशमा ४ वटा आङ्गिक, २ वटा साझेदारी, १०४ वटा सामुदायिक विद्यालयहरू, १८ वटा निजी संस्थाहरू रहेका छन् भने वीरेन्द्रनगर नगरपालिकामा १० वटा सामुदायिक विद्यालयहरूमा निम्नमोजिमका कार्यक्रम सञ्चालनमा रहेका छन् :

क्र.सं	**विद्यालयको नाम**	**कार्यक्रम**			कैफियत
		ीवषय	**डिप्लोमा**	**प्रिडिप्लोमा**	
१	श्री शिव मावि धुलियाबिट	पशु	डिप्लोमा	प्रिडिप्लोमा	
२	श्री प्रभात मावि कोलडाँडा	कृषि		प्रिडिप्लोमा	
३	श्री चन्द्रगंगा मावि गाग्रेताल	कृषि	डिप्लोमा		
४	श्री नेरा मावि करेखोला	पशु	डिप्लोमा		
५	श्री कृष्ण संस्कृत तथा सामावि इत्राम	सिभिल	डिप्लोमा	प्रिडिप्लोमा	
६	श्री जन सेवा मावि घुस्रा	कृषि	डिप्लोमा	प्रिडिप्लोमा	
७	श्री जन नमुना मावि वीरेन्द्रनगर	सिभिल	डिप्लोमा	प्रिडिप्लोमा	
८	श्री भैरव मावि वीरेन्द्रनगर	व्न	डिप्लोमा		
९	श्री नेरा मावि वीरेन्द्रनगर	कम्प्युटर	डिप्लोमा		
१०	श्री अमर ज्योति मावि नेवारे	सिभिल/ ज्योमेट्रिक्स	डिप्लोमा		
११	श्री शिव मावि लाटीकोइली	कृषि	९-१२		शिक्षा विभाग

३.६.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

विद्यालय शिक्षासँगसँगै प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमका लागि स्थानीय तहमा नीति, कार्यक्रम, समन्वय, सहयोग तथा व्यवस्थापन गर्न जिम्मेवार संयन्त्र विकास गर्नु, सार्वजनिक निजी साझेदारीका माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षाको माग र तालिम प्राप्त जनशक्तिको आपूर्ति गर्नु आदि मुख्य चुनौतीहरु हुन् । त्यसै गरी कर्णाली प्रदेशमा बहुव्यावसायिक प्रशिक्षण केन्द्र, उच्च तहको प्राविधिक शिक्षा प्रदान गर्ने संस्था, प्राविधिक तथा व्यावसायिक शिक्षामा दिगो, प्रभावकारी एवम् उपयुक्त स्रोत व्यवस्थापन, ५० देखि ६० प्रतिशतसम्मको शिक्षा प्राविधिक तथा व्यावसायिक शिक्षा हुनुपर्ने, प्रशिक्षकहरूको विकास र उत्प्रेरणा, प्रयोगशाला, पाठ्यसामग्री, कक्षा ९ देखि नै प्राविधिक तथा व्यावसायिक शिक्षा दिने विद्यालयहरू सञ्चालन हुनु पनि यस क्षेत्रका चुनौतीहरू हुन् ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन र नियमका साथै माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको संरचना, कार्यक्रम र कार्यान्वयन हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीहरूको पुहँच विस्तार, छात्रवृत्ति लगायतका सहायता प्रणालीको व्यवस्थापन, निजी क्षेत्रको संलग्नता बढ्नु, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई समेटिनु, नगरपालिकामा कृषि, पशु जस्ता पूर्वाधार विकास शाखाहरूको सक्रियता हुनु यससँग सम्बन्धित अवसरहरू हुन् ।

३.६.३ लक्ष्य (Goal)

प्राविधिक तथा व्यावसायिक शिक्षाका माध्यमबाट सर्वसुलभ रोजगारमूलक एवम् जीवनोपयोगी शिक्षा प्रदान गरी सिपयुक्त जनशक्ति विकास गर्ने र स्थानीय उत्पादन वृद्धि गर्ने ।

३.६.४ उद्देश्य (Objectives)

१) प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिमको नियमन, व्यवस्थापन र दिगो स्रोत व्यवस्थापनका लागि संयन्त्र स्थापना र विकास गर्नु ।

२) लक्षित समूहका विद्यार्थी तथा युवाहरूलाई समतामूलक, समावेशी र समन्यायिक रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा पहुँच पुऱ्याउनु ।

३) प्राविधिक तथा व्यावसायिक शिक्षाका माध्यमबाट रोजगारमूलक तालिमको अवसर प्रदान गर्नु ।

४) प्राविधिक तथा व्यावसायिक शिक्षामा लगानी अभिवृद्धि गर्न निजी क्षेत्रसँग पनि साझेदारी गर्नु ।

३.६.५ रणनीति (Strategies)

१) लक्षित समूह, विद्यार्थी तथा युवालाई छात्रवृत्तिको व्यवस्था गरी प्राविधिक शिक्षातर्फ आकर्षण गर्दै तालिमको अवसर प्रदान गरिनेछ ।

२) प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई समतामूलक, समावेशी र समन्यायिक रूपमा विस्तार गर्न नगरपालिका पच्चिस ओटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम लागु गरिनेछ । यसका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।

३) पाँच ओटा बहुप्राविधिक शिक्षालय स्थापना र विकास गर्दै एउटालाई भौतिक, प्राविधिक र शैक्षिक रुपमा नेपालकै नमुना बहुप्राविधिक शिक्षालय निर्माण गरिनेछ ।

४) माग तथा आवश्यकतामा आधारित छोटो र मध्यम अवधिका सीप विकासका तालिमहरू सिटिइभिटीसँगको समन्वयमा नियमित रूपमा सञ्चालन गरिनेछ ।

५) इन्जिनियरिङ, नर्सिङ्ग, स्वास्थ्य सहायक (एच. ए.) सर्भेक्षक, कृषि, वन विज्ञान, पशु चिकित्सा जस्ता कार्यक्रमहरू सञ्चालन गर्नका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को समन्वयमा सम्बद्ध शिक्षण संस्थाहरूलाई प्रोत्साहित गरिनेछ ।

६) तालिम प्राप्त प्रशिक्षकहरूलाई आकर्षण गर्नका लागि सेवामा स्थायित्व, विभिन्न सेवा सुविधामा बढोत्तरी गर्ने र नियमनकारी एकाइ स्थापन गरिनेछ ।

७) प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासलाई गुणस्तरीय र प्रभावकारी विकास गर्न नगरपालिमा छुट्टै इकाइको व्यवस्था गरी प्रविधिक शिक्षा सञ्चालनमा योजना तर्जुमा, कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।

८) सञ्चालनमा रहेका प्राविधिक शिक्षालय तथा सामुदायिक विद्यालयका प्राविधिक कार्यक्रमलाई प्रभावकारी, गुणस्तरीय, साधन स्रोत सम्पन्न गराउन आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिनेछ ।

९) उत्पादित जनशक्तिलाई स्थानीय तहमै रोजगारीको अवसर प्रदान गर्न श्रम बैंक स्थापना गर्ने र बिदेशबाट सिप सिकेर फर्केका जनशक्तिलाई समेत उक्त बैंक मार्फत प्रयोग गर्न ब्यवस्था नगरमा स्थापना हुने इकाईले गरिनेछ ।

३.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु (Outcomes, Key Resultsm Main Activities and Target)

क) उपलब्धि (Outcomes)

लक्षित समूह, पहुँचमा नभएका विद्यार्थीहरु तथा युवाहरुलाई समेत समतामूलक, समावेशी, समन्यायिक दृष्टिले रुचि, प्रतिभा, र क्षमताका आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा र रोजगारमूलक तालिममा सहजै पहुँच पुऱ्याउने ।

ख) प्रमुख नतिजाहरू (Key results)

१) छात्रवृत्ति लगायत आर्थिक तथा प्राविधिक सहयोगका माध्यमबाट प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा लक्षित वर्ग उमेर समूहका विद्यार्थीहरुलाई भर्ना तथा अध्ययन कार्य पुरा गराउने,

२ संस्थागत विद्यालयमासमेत प्राविधिक तथा व्यावसायिक शिक्षा र छोटो अवधिका तालिमहरु सरकारी तथा निजी साझेदारीमा सञ्चालन हुने,

३) सञ्चालनमा रहेका निजी, सामुदायिक विद्यालयका प्राविधिक शिक्षाका कार्यक्रमहरु प्रभावकारी, गुणस्तरीय र साधन स्रोत सम्पन्न भएका हुने,

४) नगरपालिकामा पच्चिस ओटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रम सञ्चालन भएको हुने,

५) नगरपालिकाभित्र आवश्यकता र औचित्य हेरी पाँच ओटासम्म बहुप्राविधिक शिक्षालय स्थापना र विकास गरिने,

६) माग तथा आवश्यकतामा आधारित सीप विकासका तालिम कार्यक्रमहरू नियमित रूपमा सञ्चालन र विस्तार भएको हुने,

७) इन्जिनियरिङ, नर्सिङ्ग, स्वास्थ्य सहायक (एच. ए.) सर्भेक्षक, कृषि, वन विज्ञान, पशु चिकित्सा जस्ता कार्यक्रमहरू सञ्चालन गरिने,

८) तालिम प्राप्त प्रशिक्षकहरूलाई पेसाप्रति आकर्षण गर्न विभिन्न सेवा सुविधा बढाई स्थायी गरिने र नियमन व्यवस्था गरिएको हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

क्र. सं.	प्रमुख क्रियाकलापहरू	एकाइ	बजेट व्यवस्था							भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार पक्ष
			१	२	३	४	५	जम्मा			
१	प्रयोगशाला व्यवस्थापनमा सहयोग	विद्यालय		१	१	२	१	५		१०	सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा
२	सामुदायिक विद्यालयमा बहुप्राविधिक शिक्षालय स्थापना	विद्यालय		१	१	१	१	५		१०	सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा
३	नगरपलिकामा प्राविधिक एकाइ स्थापना	वटा		१				१		१	सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा

४	छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन	संख्या	१	१	१	१	१	५		१०	सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा
५	प्राविधिक तथा व्यावसायिक शिक्षासम्बन्धी नगर स्तरीय नीतिको तर्जुमा	पटक		१				१		१	प्रदेश सरकार र नगरपालिका
६	वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपलाई खोजी, प्रमाणीकरण र उपयोग गर्ने कार्य सञ्चालन गर्न सहजीकरण	जना	०	१०	१०	१०	१०	४०		१००	सङ्घ र प्रदेशसँगको समन्वय र सहकार्यमा
७	युवाहरूलाई खोज र नवप्रर्वतनका लागि प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन	सङ्ख्या		२०	२०	२०	२०	८०		१५०	प्रदेश सरकार र नगरपालिका
८	प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासको लागि सहयोग कार्यक्रम	सङ्ख्या		५	५	५	५	२०		५०	प्रदेश सरकार र नगरपालिका
९	प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाहरूको अनुगमन तथा नियम	पटक	१	१	१	१	१	५		१०	नगरपालिका
१०	सामुदायिक विद्यायमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन	ओटा		१	१	१	१	५		१०	प्रदेश र स्थानीय सरकार

११	उत्कृष्ट शिक्षालय पुरस्कृत कार्यक्रम	पटक		१	१	१	१	४		१०	नगरपालिका

३.७ निरन्तर शिक्षा, खुला सिकाइ, अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र शिक्षा (Continuous Education, Open Learning, Nonformal Education, Life long Learning and Education)

३.७.१ परिचय (Introduction)

सिकाइ र जीवन पद्धति सँगसगै अगाडि बढीरहेको हुन्छ । शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र धारणाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली नै अनौपचारिक शिक्षा हो । अनौपचारिक एवं आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरबृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवं आजीवन शिक्षाले काम गर्दछ ।

सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसर उपलव्ध गराउनुपर्नेछ । विशेष गरी विभिन्न कारणहरुबाट शिक्षाको औपचारिक संरचना भन्दा बाहिर ठूलो संख्यामा रहेका बालबालिका, युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, डिजिटल साक्षरता, आय आर्जन, समूह साझेदारी लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । सामुदायिक सिकाइ केन्द्रको स्तरोन्नति तथा सामुदायीक तथा संस्थागत विद्यालयहरुकै अगुवाईमा अबका कार्यक्रमहरू सञ्चालन हुनुपर्दछ । औपचारिक र अनौपचारिक शिक्षाको विचमा लचकदार र व्यक्तिको आवश्यकता र अनुकुलतामा आधारित कार्यक्रम बनाउदै लैजानुपर्ने आवश्यकता रहेको छ । औपचारीक शिक्षा प्राप्त गर्ने अवसर नहुनेलाई बैकल्पिक अनौपचारीक शिक्षाको माध्यमबाट साक्षर तुल्याइ माध्यमिक तहसम्म शिक्षा प्राप्त गर्ने अवस्थासम्म पुर्‍याउने उदेश्य बनाउन आवश्यक हुन्छ ।

नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीति, २०७६ ले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४, पन्ध्रौं आवधिक योजना र कर्णाली प्रदेशको पहिलो आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । नगरपालिकाको भूगोल, हालसम्म शिक्षाको कमजोर पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवं आजीवन र खुला शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक देखिन्छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्दछ ।

अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी १० वर्ष भित्र निरन्तर सिकाइमा संलग्न समाज एवं सिकाइ संस्कृतिको प्रवर्धन गर्ने तर्फ लैजानुपर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, बैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै

प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा बैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्वन्धि नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मुल्यांकन र नियमन गर्ने अधिकार स्थानीय तहलाई प्रदान गरेको छ । यसै सन्दर्भमा वीरन्द्रनगर नगरपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी बहन गर्दै आएको छ । यस नगरपालिका अन्तर्गत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सम्बन्धी कार्य गर्न हालसम्म नगरपालिका भित्र पाँचवटा स्थानमा सामुदायिक सिकाइ केन्द्रहरु स्थापना भई क्रियाशील रहेका छन् भने अमरज्योति माध्यमिक विद्यालय वीरेन्द्रनगर १२ नेवारेमा कक्षा ८ र १० को खुला शिक्षा कार्यक्रम विगत लामो समयदेखि सञ्चालनमा रहेको छ । सिकाइ केन्द्रहरूले सामुदायिक पुस्तकालय र वाचनालय तथा महिला समूह निर्माण गरी विभिन्न तालिमहरू एवम् आय आर्जनका कार्यक्रमहरू समेत सञ्चालन गरिरहेका छन् । यसले जीवनपर्यन्त सिकाइलाई समेत सहयोग पुगेको छ ।

यसका अतिरिक्त नगरपालिकामा विभिन्न संघ, संस्था तथा सहकारी संस्था र बैंकहरूले पनि साक्षरता कक्षा, वित्तीय साक्षरता, व्यावसायिक साक्षरता, कानुनी साक्षरता लगायतका अनौपचारिक कक्षाहरू सञ्चालन गरिरहेका छन् । नेपाल सरकारले आर्थिक वर्ष २०६९/०७० देखि सञ्चालन गरेको साक्षर नेपाल अभियान अन्तर्गत वीरेन्द्रनगर नगरपालिकामा रहेका विद्यालय तथा सामुदायिक सिकाइ केन्द्र समेत परिचालित भई १५ वर्षदेखि माथिका ९५ प्रतिशत नागरिकहरूलाई साक्षर गराएर साविकका वीरेन्द्रनगर नगरपालिका, लाटिकोइली, जर्बुटा, रतु, उत्तरगंगा, गर्पन, गढी गाउँ विकास समितिहरू वि.सं. २०७२ पूर्व नै साक्षर गा.बि.स./न.पा. घोषणा भैसकेका छन् ।

३.७.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

वीरेन्द्रनगर नगरपालिकामा बसोबास गर्ने सबै नागरिकलाई कार्यमूलक रूपमा साक्षर बनाउनु, साक्षरतालाई उत्पादन र उत्पादकत्वसँग जोड्नु, पूर्ण साक्षर नगर निर्माण गर्नु, अनौपचारिक माध्यमबाट साक्षरता सीप प्राप्त गरेका व्यक्तिलाई औपचारिक शिक्षामा निरन्तरता दिनु, अनौपचारिक शिक्षालाई सञ्चार प्रविधिसँग जोड्नु, समाजमा पठन संस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउनु र औपचारिक शिक्षाबाट बञ्चितहरूका लागि भरपर्दो र सुलभ औपचारिक, खुला तथा बैकल्पिक शिक्षामा पहुँच र निरन्तरता प्रदान गर्नु मुख्य चुनौति रहेका छन् । अनौपचारिक शिक्षाप्रति अभिरुचीको कमी, सहभागीहरूको अनियमितता, साक्षरोत्तर शिक्षाको कमी, अनौपचारिक शिक्षा प्रदान गर्ने निकायहरूबीच समन्वयको अभाव, सबै वडाहरूमा सामुदायिक सिकाइ केन्द्रहरू व्यवस्थापन गर्न नसक्नु, पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता र व्यवहारिकता र स्रोत परिचालनमा कमी जस्ता कुरा पनि चुनौतिका रूपमा रहेका छन् ।

वर्तमान सन्दर्भमा साझेदारहरूको स्रोत सहितको प्रतिवद्धता र प्राथमिकताका साथै नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा गरेका शिक्षासम्बन्धी प्रतिबद्धता, सबैलाई अनिवार्य शिक्षा दिने संवैधानिक व्यवस्था, समृद्ध नेपाल

सुखी नेपाली बनाउने सरकारको दीर्घकालिन सोच, साक्षरता अभियान, राष्ट्रिय शिक्षा नीतिमा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षाको व्यवस्थापन, सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन जस्ता कुराको यथोचित उपयोगलाई अवसरका रूपमा लिन सकिन्छ । शिक्षा केन्द्रबाट मात्रै सञ्चालन हुँदै रहेको स्थितिको अन्त्य गरी माध्यमिक शिक्षा सम्मको व्यवस्थापनको अधिकार स्थानीय तहमा दिनुका साथै शिक्षामा तीनै तहका सरकारको साझा अधिकार रहनु पनि अनौपचारिक तथा खुला शिक्षा विकासका लागि सुअवसर हो ।

३.७.३ लक्ष्य (Goal)

अनौपचारिक शिक्षालाई साक्षरता र उत्पादनमूलक रोजगारीको मूल आधारको रूपमा विकास गर्दै पूर्ण साक्षर सहितको समुन्नत नगर निर्माण गर्ने ।

३.७.४ उद्देश्यहरु (Objectives)

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

(१) वीरेन्द्रनगर नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रूपमा कायम गर्नु ।

(२) सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु ।

(३) शिक्षाको अवसरबाट वञ्चित भएका वा बिचैमा पढाइ छाडेका नवसाक्षर र निरक्षर व्यक्तिहरूको पहिचान गरी साक्षरता अभियान, जीवनपर्यन्त शिक्षा, खुला शिक्षा र बैकल्पिक शिक्षामार्फत औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गर्नु ।

(४) अनौपचारिक तथा खुला शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तक तथा इ-पाठ्यपुस्तक , सिकाइ सामग्री निर्माण र वितरण तथा अनुगमन, निरीक्षण र कार्यान्वयन गर्नु ।

(५) अनौपचारिक, खुला र बैकल्पिक माध्यमबाट प्राप्त ज्ञान सीपलाई दैनिक जीवन र आयआर्जनका पेसा व्यवसायसँग आबद्ध गरी सिकाइलाई जीवनपर्यन्त गर्नु ।

(६) पठनसंस्कृतिलाई जीवनको अभिन्न अङ्ग बनाउन सार्वजनिक पुस्तकालय, इ-पुस्तकालय, थप सामुदायिक सिकाइ केन्द्र र वाचनालयहरूको स्थापना, विकास र विस्तार गर्नु ।

(७) नगरपालिकामा सञ्चालित उच्च शिक्षा प्रदायक संस्था र विद्यालयहरूलाई खुला तथा दूर शिक्षा प्रदायक संयन्त्रका रूपमा विकास गर्नु ।

८) नगरभित्रका निरक्षरलाई साक्षर, साक्षरलाई उत्पादनमुलक रोजगारमा जोड्न विद्यालय तथा विश्वविद्यालय तहको साधारण तथा प्राविधिक शिक्षा बाट उत्पादित जनशक्ति परिचालन गर्ने ।

९) नगरभित्रका सबै वडाहरुमा कम्तिमा एउटा सामुदायिक सिकाइ केन्द्र स्थापित गर्ने ।

३.७.५ रणनीतिहरु (Strategies)

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

(१) विरेन्द्रनगर नगरपालिकालाई पूर्ण साक्षर नगरपालिकाको रूपमा कायम राख्न नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ ।

(२) साक्षरता सिकाइमा रेडियो, टेलिभिजन, मोवाइल, अनलाइन जस्ता सञ्चार प्रविधि, सामुदायिक पुस्तकालय, सहभागीमैत्री सामग्री तथा विधि समेतका आधारमा पहुँचको अभिबृद्धि गरिनेछ ।

(३) मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रबर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धि कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

(४) नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा हरेक वडामा कम्तिमा एउटा फ्री वाइफाई जोन, बाचनालय र पुस्तकालय सहितको सामुदायिक सिकाइ केन्द्र स्थापना गर्ने तथा सो को प्रभावकारी सञ्चालन गर्दै लगिनेछ ।

(५) नगरपालिकाको संयोजनमा सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरू परिचालन गरी आवश्यक पर्ने स्थानमा साक्षरता तथा साक्षरोत्तर कक्षा र सिपमुलक व्यावसायिक तालिमहरू सञ्चालन गरिनेछ ।

(६) संघीय र कर्णाली प्रदेश सरकारको समन्वयमा सिकारुका आवश्यकताअनुसार पाठ्यक्रम र सिकाइ मोडुलका डिजिटल सिकाइ सामग्री विकास गरी निरन्तर शिक्षाका कक्षाहरू सञ्चालन गरिनेछ ।

(७) राष्ट्रिय योग्यता प्रारूपअनुसार अरितिक, अनौपचारिक तथा औपचारिक शिक्षाबीच समकक्षताको लागि नीति, ऐन, नियमावली, निर्देशिका र मापदण्डको विकास र कार्यान्वयनमा सहजीकरण गरिनेछ ।

(८) विज्ञ समूह निर्माण गरी अनौपचारिक तथा आजीवन सिकाइ र सिकाइ संस्कृतिको नगर अवधारणापत्र तयार गरिनेछ ।

(९) अनौपचारिक एवं आजीवन सिकाइका लागि संघ र कर्णाली प्रदेश सरकारबीच स्रोत साझेदारी प्रारूप विकास गर्न समन्वय र सहजीकरण गरिनेछ ।

(१०) सरोकारवालाहरूको क्षमता र अपनत्व विकासका लागि संघीय र प्रदेश सरकार र अन्य सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको मापदण्ड निर्धारण तथा संस्थागत सुदृढीकरण गरिनेछ ।

(११) सामुदायिक सिकाइ केन्द्रहरुलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित स्व सिकाइ केन्द्र (Self Learning Zone) को रूपमा विकास गरिनेछ ।

(१२) जीवनपर्यन्त सिकाइलाई प्रभावपूर्ण बनाउन हरेक वडाहरु सम्मिलित नगरपालिका स्तरीय योजना, अनुगमन र कार्यान्वयन संयन्त्र बनाइनेछ ।

१३) होटेल, यातायात, कृषि मजदुर, व्यापार व्यवसाय कलकारखानामा रहेका जोखिमयुक्त बालवालिको पहिचान गरि शिक्षामा पुनस्थापना गरिनेछ ।

३.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य (Outcomes, Key Results, Main Activities and Target)

(क) उपलब्धि (Outcomes)

(१) अनौपचारिक शिक्षालाई साक्षरता र उत्पादनमूलक रोजगारीको मूल आधारको रूपमा विकास गर्दै पूर्ण साक्षर सहितको समुन्नत नगर निर्माण हुने ।

(ख) प्रमुख नतिजाहरू (Key Results)

(१) पूर्ण साक्षर नगरपालिका घोषणा हुने र नवसाक्षरहरूका लागि आवश्यकतामा आधारित निरन्तर शिक्षाका कार्यक्रमहरूको प्रबन्ध हुने ।

(२) आजीवन सिकाइका लागि परिभाषित ढाँचा र स्तरीकरणका आधारमा सिकाइ अवसरहरूको सिर्जना हुने ।

(३) स्वरोजगारमुलक व्यावसायहरु जस्तै : व्युटि पार्लर, कार्पेन्टर, टेलरीङ, वेमौसमी तरकारी खेती, व्यावसायिक पशु तथा पंक्षि पालन, अटोमोवाइल जस्ता व्यावसाय दक्ष सिपयुक्त जनशक्ति द्वार संचालनमा हुने ।

४) नगरपालिकाको पहलमा सिकारुको आवश्यकता अनुसार आजीवन सिकाइका नमुना तथा सिकाइ सामग्रीहरू विकास र कार्यान्वयन हुने ।

(५) नगरपालिकामा सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको संस्थागत संयन्त्र एवम् सञ्चालन मापदण्ड तयार भई एकीकृत सेवा प्रवाह गर्ने स्व सिकाइ केन्द्र (Self Learning Zone) को रूपमा विकास हुने ।

(६) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने ।

(७) अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सीपको पहिचान एवम् प्रमाणीकरण गर्न नीति/नियमावली/कार्यविधि तयार गरी राष्ट्रिय योग्यता प्रारूपअनुरूप समकक्षता प्रदानका लागि समन्वय र सहजीकरण हुने ।

(८) संघ र प्रदेश सरकारसंगको समन्वयमा अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि लागत साझेदारीताको प्रारूप तयार हुने ।

९) निरक्षर साक्षर हुने र साक्षर बेरोजगार युवाहरु उत्पादनमुलक रोजगारी संलग्न भइ उत्पादनमा वृदि हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

क्र. सं.	प्रमुख क्रियाकलाप	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	अनौपचारिक तथा आजीवन स्व सिकाइ र यसको आगामी मार्ग सम्बन्धी अवधारणापत्रको तर्जुमा तथा अभिमुखीकरण	पटक		१	०	०	०	१	२	नगरपालिका
२	साक्षरता र निरन्तर शिक्षाका लागि लागत सहभागिताको प्रारूपको तर्जुमा	पटक		१	०	०	०	१	१	प्रदेश सरकार र नगरपालिका
३	निरक्षरहरूको तथ्यांक अद्यावधिक	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका

४	जोखिमयुक्त बालश्रमिकहरु को पहिचान तथा पुनस्थापना केन्द्र स्थापना र संचालन	बालवालिका संख्या		३०जना	३०जना	३०जना	३०जना	१२० जना	३०० जना	प्रदेश सरकार, नगरपालिका र विकास साझेदार
५	प्रत्येक वडामा कम्तिमा एउटा सामुदायिक सिकाइ केन्द्र स्थापना	वटा		२	२	२	२	८	१६	नगरपालिका
६	सार्बजनिक पुस्तकालय, इ-पुस्तकालय, फ्री वाइफाइ जोन तथा बाचनालयहरू स्थापना	वटा	१	२	३	४	५	५	१०	नगरपालिका
७	युवाहरुका लागि व्यावसायीक सिपमुलक तालिम संचालन	जना		४०	४०	४०	४०	१८०	४००	प्रदेश, नगरपालिका र विकास साझेदार
८	पूर्ण साक्षर नगरपालिका घोषणा	पटक		१				१	१	संघ, प्रदेश र नगरपालिका र विकास साझेदार
९	आजीवन सिकाइका लागि	पटक	०	०	१	०	१	२	४	प्रदेशर सरकार र

	प्रीन्टेट तथा डिजिटल सामग्री विकास गर्ने ।									नगरपालिका
१०	योग्यता प्रमाणिकरण तथा समकक्षता सम्बन्धि कार्यविधिको तर्जुमा	पटक			१			१	१	संघ र नगरपालिका
११	फोकल पर्सनको व्यवस्था	जना	१					१	१	नगरपालिका
१२	खुला र परम्परागत विद्यालयको प्रभावकारी सञ्चालन तथा व्यवस्थापन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र विद्यालय
१३	आय आर्जन समूह निर्माण	समूह	१०	१०	१०	१०	१०	५०	१००	सामुदायिक सिकाइ केन्द्र
१४	स्थानिय भाषा, कला र संस्कृति तथा परम्परागत सिपको संरक्षण, प्रबर्द्धन र विकास गर्ने कार्यक्रमहरू सञ्चालन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र प्रदेश सरकार

३.८. शिक्षक अभिप्रेरणा, व्यवस्थापन र विकास

(Teacher Motivation, Management and Development)

३.८.१ परिचय (Introduction)

शिक्षण सिकाइ क्रियाकलापमा शिक्षक एक जीवन्त स्रोत हो । यही जिवन्त स्रोतको क्रियाशिलतामा शिक्षण सिकाइमा अरु स्रोतहरुले गति लिने गर्दछन् । शिक्षकमा भएको पेशाप्रतिको समर्पण र उत्साह, विषयवस्तुको पर्याप्त ज्ञान, शिक्षणसिकाइ क्रियाकलाप सञ्चालनमा दक्षता र नमुना व्यक्तित्व प्रदर्शनले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट नै शिक्षाको गुणस्तर सुनिश्चित गर्न सकिन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही हुन आवश्यक छ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन आवश्यक छ । शिक्षक व्यवस्थापनको यही महत्व र उपादेयतालाई मध्यनजर राखी प्रारम्भिक बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई समेत शिक्षकको रुपमा स्वीकार गर्दै प्रस्तुत एकाइमा बालविकास देखि माध्यमिक तहसम्मको शिक्षकको सम्बन्धमा विश्लेषण एवम् योजना निर्माण कार्यलाई समेटिएको छ ।

हाम्रो मुलुकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षकको पेसागत विकासका लागि नीति निर्माण गर्दछ । शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरू (उच्च मावि) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमति पत्र सम्बन्धी काम र रिक्त शिक्षक दरबन्दीमा स्थायी पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्ने गरेको छ भने आयोगबाट सिफारिस भई आएका शिक्षकहरूलाई नियुक्ति र पदस्थापन गर्ने कार्य स्थानीय तहहरूबाट हुने गरेको छ । यसैगरी अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य पनि स्थानीय तहबाट हुने गरेको छ । शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य गर्दछ भने प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम गर्दै आएका छन् । तत्कालीन शिक्षा विभागले बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुका लागि १६ दिने तालिम तत्कालीन जिल्ला शिक्षा कार्याहरुले सञ्चालन गरेको थियो भने हाल उक्त तालिम अघि बढेको देखिदैन ।

शिक्षाको गुणस्तर अभिवृद्धिका लागि समग्र मुलुकमा जस्तै यस नगरपालिकामा पनि शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्ने, शिक्षक तयारी गर्ने, कक्षाकोठाको शिक्षणसिकाइलाई गुणस्तरयुक्त बनाउने, शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने, शिक्षक पेसागत विकासलाई प्रभावकारी बनाउने, विद्यार्थीको सिकाइप्रति शिक्षकलाई जिम्मेवार बनाउने र औचित्यपूर्ण शिक्षक आपूर्ति र वितरण गर्ने आदि सवालमा क्रमशः केही सकारात्मक कामहरु भएको देखिए तापनि त्यसको सँगसँगै बग्रेल्ति चुनौतिहरु पनि देखिएका छन् । अतः यस योजनामा शिक्षक व्यवस्थापन तथा विकासको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गरी शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि यस

नगरपालिकाको सन्दर्भमा शिक्षक व्यवस्थापनको अवस्था, शिक्षक व्यवस्थापन तथा विकासको उद्देश्य, उद्देश्य पुरा गर्नका लागि अपनाइने रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्यमुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरी प्रस्तुत गर्ने प्रयत्न गरिएको छ ।

शिक्षक संख्याको बारेमा तथ्याङकको अध्ययन गर्दा शैक्षिक तथ्याङ्क २०७७ अनुसार मुलुकमा कक्षा १ देखि कक्षा १२ सम्मको कुल विद्यार्थी संख्या ७८,०७,३८९ रहेको छ भने सामुदायिक विद्यालयमा कार्यरत राहत र स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकको कुल संख्या १,५९,३६८ रहेको छ । साथै मुलुकमा सामुदायिक विद्यालयहरुको कुल संख्या २८,६४३ रहेको छ । संस्थागत विद्यालय तर्फको तथ्याङक हेर्दा मुलुकभर संस्थागत विद्यालयहरुको संख्या ६,६८७ रहेको छ र विद्यार्थीहरुको संख्या १५,१२,३६५ रहेको छ । त्यसै गरी शैक्षिक तथ्याङक २०७७ अनुसार वीरेन्द्रनगर नगरपालिकामा कक्षा १ देखि १२ सम्म अध्ययन गर्ने कुल विद्यार्थीहरुको संख्या ४३९९९ रहेको छ जसमध्ये सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको संख्या २२९९० र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको संख्या २१००९ देखिन्छ ।

बीरेन्द्रनगर नगरपालिकामा सामुदायिक विद्यालयहरु ६० र संस्थागत विद्यालयहरु ८८ गरी जम्मा विद्यालयहरु १४८ रहेको देखिन्छ । उल्लिखित विद्यालय संख्यामध्ये कक्षा १-३ सञ्चालित १४ (सामुदायिक ३ र संस्थागत ११), कक्षा १-५ सञ्चालित ३६ (सामुदायिक २३ र संस्थागत १३), कक्षा १-८ सञ्चालित २८ (सामुदायिक १० र संस्थागत १८), कक्षा १-१० सञ्चालित ३१ (सामुदायिक ११ र संस्थागत २०) र कक्षा १-१२ सञ्चालित ३९ (सामुदायिक १३ र संस्थागत २६) विद्यालयहरु रहेका छन् । यसैगरी शिक्षकको संख्या हेर्दा प्राथमिक तहमा कार्यरत ३५० जना (दरबन्दीमा २९१ र राहत ५९), निम्न माध्यमिक तहमा कार्यरत १०२ जना (दरबन्दीमा ५८, राहत ४४ र अनुदान १०), माध्यमिक तह (कक्षा ९-१०) मा कार्यरत ८७ जना (दरबन्दीमा ५१, राहत २४ र अनुदान १२), माध्यमिक तह (कक्षा ११-१२) मा कार्यरत २९ जना (दरबन्दीमा ९ र राहत २०) कार्यरत रहेको अवस्था छ । यसैगरी नगरपालिकामा सञ्चालनमा रहेका ९६ वटा बालविकास केन्द्रहरुमा ९६ जना नै बालविकासका शिक्षकहरु कार्यरत रहेको अवस्था छ जुन संख्या पर्याप्त देखिन्छ ।

शिक्षा नियमावली, २०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरेको छ । पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६-८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९-१२ का लागि ८ जना शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ । नियमावली अनुसार नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेकमा १:३०, पहाडी भेकमा १:४० र तराई तथा काठमाडौँ उपत्यकामा १:५० रहेको छ । यसरी हिसाव गर्दा बीरेन्द्रनगर नगरपालिकामा प्राथमिक तहमा २८ जना शिक्षक बढी देखिएको अवस्था छ भने निम्न माध्यमिक तहमा ८२ वटा, माध्यमिक तह (कक्षा ९-१०) मा ९७ वटा र माध्यमिक तह (कक्षा ११-१२) मा ३३ वटा दरबन्दी गरी जम्मा २१२ वटा शिक्षक दरबन्दी थप्नु पर्ने देखिन्छ । राष्ट्रिय शिक्षा नीति, २०७६ मा हालको शिक्षक दरबन्दी पुनर्वितरणबाट पनि शिक्षक नपुग भएमा नेपाल सरकारबाट दायित्व नपर्ने गरी प्रदेश सरकार तथा स्थानीय तहले आवश्यक्ताका आधारमा थप शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने व्यवस्था मिलाइने छ भनिएको छ ।

३.८.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्नु एवम् शिक्षण पेसालाई रोजाइको पेशा बनाएकालाई शिक्षण पेशामा प्रवेश गराउनु, कक्षाकोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रमलाई समसामयिक बनाउनु, विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी विश्वविद्यालयका शिक्षक तयारी कोर्स वा शिक्षक शिक्षा कार्यक्रमहरूलाई समायोजन गर्नु, सक्षम शिक्षक आपूर्तिका लागि विश्वविद्यालयमा शिक्षा संकायमा विद्यार्थी भर्ना र शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सुधार गरी व्यवस्थित बनाउनु, कक्षाकोठालाई पेशागत विकास र सिकाइको थलोको रुपमा विकास गर्नु, पुरष्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले कार्यान्वयन गरिनु, विद्यालयहरुमा तहगत रुपमा न्यूनतम विषयगत शिक्षक दरबन्दिको व्यवस्थापन गर्नु, आधारभूत तहमा बढी देखिएका शिक्षकलाई योग्यता र क्षमताका आधारमा समायोजन गर्नु, बालविकासमा कार्यरत शिक्षकहरुको सेवासुविधा र शैक्षिक योग्यताको सवालमा स्पष्ट नीति र निर्देशिकाको अभाव हुनु, नपुग शिक्षकको आपूर्ति नगरपालिकाले आफ्नै लगानीबाट गर्नेगरी निरन्तर स्रोतको व्यवस्थापन गर्नु र शिक्षकको सरुवा र बृत्ति विकासलाई पारदर्शी, निष्पक्ष, न्यायोचित र विद्यार्थीको सिकाइ उपलब्धिमा आधारित बनाउनु शिक्षक व्यवस्थापन तथा विकासका क्षेत्रमा देखिएका मुख्य चुनौतिहरु हुन् ।

शिक्षक सेवा आयोगले निरन्तर रुपमा स्थायी शिक्षकको पदपूर्ति गर्नु, बढुवाका नियमित कार्यहरु प्रभावकारी रुपमा अगाडि बढाउनु, नेपाल सरकारले शिक्षक दरबन्दी मिलान गर्नका लागि कार्यदल निर्माण गरी प्राप्त प्रतिवेदनअनुसार दरबन्दी मिलानका कार्यहरु शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट तदारुकताका साथ अगाडि बढ्नु, शिक्षकको पेशागत विकाससँग सम्बन्धित विविध कार्यक्रमहरु कार्यान्वयनमा आउनु, प्रदेश र स्थानीय तहले समेत शिक्षक व्यवस्थापनमा लगानी गर्दै आउनु, शिक्षकका पेशागत संस्थाहरु प्रविधि तथा अन्य पेशागत विकाससम्बन्धी तालिम र प्रशिक्षण कार्यक्रमको आयोजना र सहजिकरणमा अभिप्रेरित देखिनु, बालविकास र प्राथमिक तहमा शिक्षक दरबन्दी पर्याप्त हुनु, नगरपालिकाले आफ्नै स्रोतबाट विषयगत शिक्षक दरबन्दी पर्याप्त नभएका विद्यालयहरुलाई मध्यनजर राखी अङ्गेजी, गणित र विज्ञान विषयका दक्ष शिक्षकहरुबाट भर्चुअल माध्यमबाट कक्षा सञ्चालन गरिनु, प्रधानाध्यापक व्यवस्थापनका लागि कार्यविधि निर्माणको प्रयासमा लाग्नु, प्रधानाध्यापकहरुसँग कार्यसम्पादन करार गरिनु आदि यस क्षेत्रका अवसरहरु रहेका छन् ।

३.८.३ लक्ष्य (Goal)

सक्षम र पेशाप्रति अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार हुने ।

३.८.४ उद्देश्य (Objectives)

१. शिक्षक तयारीको गुणात्मक पक्षको पुनरावलोकन गर्दै शिक्षक तयारीको वर्तमान स्वरूप तथा प्रक्रियामा परिवर्तन गरी पेसाप्रति समर्पित र सक्षम शिक्षक आपूर्ति गर्नु ।

२. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउनु ।

३. नपुग शिक्षक दरबन्दीमध्ये राष्ट्रिय शिक्षा नीति अनुसार प्रदेशसँग समन्वय, सहकार्य र सहलगानीका आधारमा कानून बमोजिम शिक्षक दरबन्दीको सिर्जना गरी न्यायोचित किसिमले वितरण गर्नु ।

४. सबै तहमा शिक्षकहरूको योग्यताको पुनरावलोकन गरी विषयवस्तुमा दक्ष र निपूण शिक्षकको सुनिश्चितता गर्नु ।

५. पुरस्कार र दण्डको प्रावधानलाई वस्तुगत र न्यायोचित किसिमले प्रभावकारी बनाउनु ।

६. शिक्षक विकास तथा निरन्तर पेसागत सहायता प्रणाली स्थापना गर्नु ।

७. आवश्यक प्रोत्साहन, निरन्तर पेसागत विकास र सिकाइ आदान प्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु ।

८. सुपरिवेक्षण, शिक्षक तालिम र शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन गरी सान्दर्भिक र प्रभावकारी बनाउनु ।

९. स्थानीय र प्रदेश सरकारद्वारा सिर्जना गरिएका दरबन्दीमा शिक्षकहरुको आपूर्तिको निम्ति आवश्यक संयन्त्रको गठन गरी कार्य संचालन गर्नु ।

३.८.५ रणनीतिहरु (Strategies)

यस योजनामा प्रस्तुत खण्डका रणनीतिहरु देहायबमोजिम रहेका छन् :

१. शिक्षक सक्षमता प्रारूपलाई अद्यावधिक गरी यसलाई शिक्षक तयारी र छनौट प्रक्रियामा आबद्ध गरिने छ ।

२. शिक्षण पेशाप्रति गर्व गर्ने र बालबालिकालाई माया र सम्मान गर्ने व्यक्तिलाई शिक्षण पेशामा प्रवेश गर्ने वातावरण सिर्जना गर्नका लागि वर्तमान शिक्षक छनौट पाठ्यक्रम र शिक्षक शिक्षा कार्यक्रमलाई पर्याप्त विषयवस्तुको ज्ञान, शिक्षण सिप र शिक्षकको प्रवृत्तिसँग केन्द्रीत गरी पुनरावलोकन गरिनेछ ।

३. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान एवम दरबन्दी पुनर्वितरण तथा थप गरिनेछ ।

४. प्रारम्भिक बालविकास एवम् पूर्व प्राथमिक शिक्षा र कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण हुनेगरी शिक्षकको योग्यता अद्यावधिक गरिनेछ ।

५. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा एक वर्षअघि नै छनौट गरी प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा नै नियुक्ति गरिने र प्रकाशित प्रतिक्षा सूचीबाट अर्को वर्षको छनोटसम्म शिक्षक नियुक्त गर्ने कार्य गरिनेछ ।

६. शिक्षा नीति अनुसार नपुग शिक्षक दरबन्दीमध्ये स्थानीय तह र प्रदेश सरकारले आर्थिक भार व्यहोर्ने गरी कानून बमोजिम सिर्जना गरिएका शिक्षक दरबन्दीहरुको न्यायोचित किसिमले वितरण गरी शिक्षकहरुको नियुक्ति र पदस्थापन गरिनेछ ।

७. प्रत्येक ५ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम प्रदान गर्ने कार्यलाई अनिवार्य बनाइने छ ।

८. स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने छ। यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकतानुसार अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिने छ।

९. शिक्षकहरुको साझा संगठनको रुपमा एउटा मात्र संस्थाको व्यवस्था गरी उक्त संस्थालाई शिक्षकको पेशागत सहयोग र विकासका निम्ति क्रियाशील बनाउनका लागि संघ एवम् प्रदेशसँग सहकार्य गरिनेछ।

१०. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धति विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी सोको कार्यान्वयन गरिनेछ।

११. शिक्षकको सेवा सर्त, सुविधा, प्रोत्साहन, बढुवालगायत वृत्ति विकासका प्रावधानहरूलाई पुनरावलोकन गरी समसामयिक बनाउने सवालमा संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

१२. कुनै विद्यालयमा कुनै शिक्षकको काम सन्तोषजनक भएमा बढीमा पाँच वर्ष काम गर्न पाउने र तत्पश्चात प्रधानाध्यापकको सिफारिसमा सरुवा गर्न सक्ने कानुनी प्रावधान बनाइ सरुवालाई बस्तुनिष्ठ, न्यायोचित र अनुमानयोग्य बनाउनका लागि संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

१३. शिक्षक नियुक्ति, सरुवा, तालिम तथा पेसागत विकासमा सहभागी गराउँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धतिको विकास गर्न संघ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ।

१४. अर्को पालिका वा जिल्लाबाट यस नगरपालिकामा सरुवा भएर आउन चाहने शिक्षकहरुका निम्ति अन्य पक्षको अतिरिक्त आइ.सी.टी.मा शिक्षकको दक्षतालाई प्रमुख प्राथमिकतामा राखिनेछ ।

१५. शिक्षक पुरस्कार र प्रोत्साहन कार्यक्रमलाई सम्बन्धित शिक्षकको सामाजिक आचरण, पेशाप्रतिको निष्ठा र समर्पणभाव, विद्यार्थीको सिकाइ उपलब्धि र उनीहरुको अभिमतलाई समेत आधार बनाइ लागू गरिने छ।

१६. शिक्षकको तहगत बढुवाको लागि स्थायी शिक्षक मध्येबाट पालिकालाई आर्थिक व्ययभार नपर्ने गरि कार्यविधि बनाई विषयगत आवश्यकताका आधारमा कार्यान्वयन गरिनेछ।

१७. प्रधानाध्यापक प्रोत्साहन भत्ताका लागि नगरपालिलकाको वडा नम्बर १ देखि १२ नम्बरसम्म (प्रावि बसन्तपुर बाहेक) मा शुरु तलव स्केलको १ दिन बराबरको रकम र वडा न १२ को प्रावि बसन्तपुर सहित १३ वडा नम्बर देखि १६ वडा नम्बरसम्मका विद्यालयका प्रधानाध्यापकहरुलाई शुरु तलव स्केलको डेढ दिन बराबरको दरले प्रदान गरिनेछ।

१८. न्यूनतम ५ पिरियड भन्दा बढी पिरियड शिक्षण गर्ने शिक्षकको निम्ति थप प्रोत्साहनको व्यवस्था गरिनेछ।

१९. प्रदेश र स्थानीय तहबाट सिर्जना गरिएका शिक्षक दरबन्दीमा स्थायी नियुक्ति गर्नका लागि प्रदेश स्तरमा स्वायत्त संस्थाको रुपमा प्रदेश शिक्षक सेवा आयोगको स्थापना गरी तत्सम्बन्धी कार्य गर्न समन्वयकारी भूमिका निर्वाह गरिनेछ।

२०. विषयवस्तुका अतिरिक्त शिक्षण पेसा प्रति गर्व गर्ने, बालबालिकासँग रमाउने, सामाजिक सेवाभावले अभिप्रेरित र आचरणको हिसावले निष्कलङ्कित व्यक्ति शिक्षण पेसामा छनौट हुने गरी संघीय शिक्षक सेवा आयोग र प्रदेश शिक्षक सेवा आयोगको पाठ्यक्रमलाई पुनरावलोकन गर्न भूमिका निर्वाह गरिनेछ।

३.८.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outpur, Key Result, Major Activities and Target)

क) उपलब्धि (Outcomes)

१. पर्याप्त मात्रामा सक्षम र पेशाप्रति अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइ सक्षमतामा सुधार भएको हुने ।

ख) नतिजा (Results)

१. शिक्षक सक्षमता प्रारूपको पुनरावलोकन भई राष्ट्रिय शिक्षक सक्षमता कार्यढाँचाका आधारमा शिक्षकको तयारी, छनौट र पेसागत विकास भएको हुने ।

२. शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइसम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार भएको हुने ।

३. विभिन्न तहका शिक्षकमा प्रवेशका लागि हालको न्यूनतम् शैक्षिक योग्यतामा पुनरावलोकन तथा सुधार भएको हुने ।

४. कक्षाकोठाको आवश्यक्ता र पाठ्यक्रमको मर्म एवम् बालबालिकाको रुचिअनुसारको शिक्षकको आपूर्तिका निम्ति शिक्षक सेवा आयोगको परीक्षा र पाठ्यक्रम निर्माण भइ लागू भएको हुने ।

५. शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित भएको हुने ।

६. पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीमार्फत निरन्तर पेसागत सहयोग प्राप्त भएको हुने ।

७. शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार भएको हुने ।

८. विद्यालयमा हुनु पर्ने न्यूनतम शिक्षकका साथै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत र विषयगत रूपमा पर्याप्त सङ्ख्यामा शिक्षक दरबन्दीको मिलान एवम् पुनर्वितरण र शिक्षकको आपूर्ति नियमित रूपमा भएको हुने ।

९. शिक्षक सरुवा र वृत्ति विकासका लागि पारदर्शी, अनुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित भएको हुने ।

१०. पारदर्शी, बस्तुनिष्ठ र न्यायोचित आधारमा शिक्षकको प्रोत्साहन र पुरष्कार पद्धति स्थापित भएको हुने ।

११. शिक्षकहरु राजनीतिक आस्थाको हिसावले हुने गुटउपगुट र झुण्डलाई छोडेर विद्यार्थीको सिकाइ उपलब्धिमा बढोत्तरी र आफू स्वयमको पेशागत विकासका लागि एउटै साझा संस्थामा आबद्ध हुने भएको कारण शिक्षकहरुमा पेशाप्रतिको समर्पण र विद्यार्थीप्रतिको सेवाभाव उच्च भएको हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Main Activities and Target)

क्र. सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार निकाय
			१	२	३	४	५	जम्मा		
(क) शिक्षकको पेशागत आकर्षण र नियुक्ति										
१	शिक्षकहरुका निम्ति कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधाका निम्ति बस्तुनिष्ठ मापदण्ड बनाइ कार्यान्वयन गरिने।	सबै शिक्षक	√	√	√	√	√	√	√	संघ र प्रदेश सरकारसँग सहकार्य
२	नगरपालिकाका सबै शिक्षकको स्वास्थ्य विमा अनिवार्य गरिने।	सबै शिक्षक	√	√	√	√	√	√	√	संघ र प्रदेश सरकारसँग सहकार्य
३	सरुवा र बढुवालाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने गरी कानुनको निर्माण एवम् कार्यान्वयन गर्ने।	निरन्तर	√	√	√	√	√	√	√	संघ र प्रदेश सरकारसँग सहकार्य
४	अस्थायी तथा प्रदेश र स्थानीय तहबाट दरबन्दी सिर्जना गरी नियुक्त शिक्षकहरूको	दरबन्दी सिर्जना	√	√	√	√	√	√	√	संघ र प्रदेश सरकारसँग सहकार्य गरेर
		वितरण	√	√	√	√	√	√	√	

	व्यवस्थापनका लागि उपयुक्त मापदण्ड तथा निर्देशिका निर्माण गरी कार्यान्वयन गर्ने ।									
५	नगरपालिकाबाट महंगी, यातायात, खाजा खर्च , सञ्चार खर्च आदिको व्यवस्था गरेर निजामतिको तुलनामा शिक्षकको सेवा सुविधालाई अझै आकषर्क बनाउने।	निरन्तर	√	√	√	√	√	√	√	संघ र प्रदेश सरकारसँग सहकार्य गरेर
६	बालविकासका शिक्षक र विद्यालयका कर्मचारीलाई कम्तिमा एउटा शैक्षिक मजदूरले पाउनु पर्ने सुविधामा नघटाइ संघले दिएको सुविधामा थप गरी तलवभत्ता उपलब्ध गराउने।	बाविकेका शिक्षक र विद्यालय का कर्मचारी	√	√	√	√	√	√	√	संघ र प्रदेश सरकारसँग सहकार्य गरेर
७	प्रधानाध्यापक प्रोत्साहन भत्ता वडा नम्बर १देखि १२ नम्बरसम्म प्रावि बसन्तपुर बाहेकमा	६० प्र अ	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	पालिका

	शुरु तलव स्केलको १ दिन बराबरको रकम र प्रावि बसन्तपुर १३ वडा नम्बर देखि १६ वडा नम्बरसम्म शुरु तलव स्केलको डेढ दिन बराबरको दरले व्यवस्थापन गर्ने।									
८	शिक्षकको तहगत बढुवाको लागि स्थायी शिक्षक मध्येबाट पालिकालाई आर्थिक व्ययभार नपर्ने गरि कार्यविधि बनाई विषयगत आवश्यकताका आधारमा गर्ने।	५६ जना शिक्षक	२८	७	७	७	७	७	५६	पालिका
	(ख) शिक्षक तयारी									
७	अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूस्लाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।	पटक	१	१	१	१	१	५	१०	संघ र प्रदेश सरकारसँग सहकार्य

८	नयाँ नियुक्ति पाएका शिक्षकहरूलाई एक महिने सेवा प्रवेश तालिम सञ्चालन गर्ने।	पटक	१	१	१	१	१	५	१०	संघ र प्रदेश सरकारसँग सहकार्य
९	शिक्षण पेशालाई रोजाइको पेसा बनाउन चाहनेहरुका निम्ति पेसामा प्रवेशका लागि पूर्व सेवा प्रवेश तालिम र मनोसामाजिक परामर्शको व्यवस्था गर्ने।	पटक	२	२	२	२	२	१०	२०	संघ र प्रदेश सरकारसँग सहकार्य
	(ग) शिक्षक तयारी									
१०	विद्यार्थीको सिकाइ सुनिश्चित गर्न शिक्षकले काममा बिताउने समय सुनिश्चित गर्न प्र.अ.लाई जिम्मेवार बनाउने।	सबै प्र अ	६०	६०	६०	६०	६०	६०		प्रदेश र स्थानीय तहको सहकार्य।
११	शिक्षण सिकाइमा सुधारका लागि शिक्षकहरुलाई प्रधानाध्यापक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकले शिक्षकलाई विद्यार्थीको सिकाइ	कानूनमा संशोधन गरेर	√	√	√	√	√	√		प्रदेश र स्थानीय तहको सहकार्य।

	उपलब्धिको आधारमा बढुवा र अन्य प्रोत्साहनको व्यवस्था गर्ने।									
१२	प्रत्येक शिक्षकले प्रत्येक शैक्षिक सत्रमा शिक्षण सिकाइ क्रियाकलापहरुको सुधारका लागि कार्यमुलक अनुसन्धान गर्नुपर्ने र त्यस्ता उत्कृष्ठ अनुसन्धानलाइ नगरपालिकाले प्रकाशन गरी सम्प्रेषण गर्नुपर्ने।	सबै शिक्षक	√	√	√	√	√	√	सबै विद्यालय	प्रदेश सरकारसँग सहकार्य
	(घ) शिक्षक पेशागत सहयोग पद्धति									
१३	स्थानीय तहमा शिक्षक पेसागत सहयोग मार्गदर्शन/कार्यविधि को विकास गर्ने।	कार्यविधि निर्माण	१	१						प्रदेश सरकारसँग सहकार्य
१४	मार्गदर्शन/कार्यविधि का आधारमा सिकाइका लागि शिक्षकहरुको ई–सञ्जाल/समूह बनाउने।	नगरपालिका	१	१	१	१	१	१		प्रदेश सरकारसँग सहकार्य

१५	(शिक्षण पेसामा प्रवेश गरेको शिक्षकका लागि कम्तिमा ३ महिनासम्म अनुभवी/विज्ञ शिक्षकको साथमा काम गर्न दिएर शिक्षक मेन्टरिङ कार्यक्रम सञ्चालन मार्फत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने	नगरपालिका	√	√	√	√	√	√		संघ र प्रदेश सरकारसँग सहकार्य
१६	शिक्षकहरुको संस्था शिक्षक महासंघलाई शिक्षकहरुको पेशागत सहयोगको निम्ति जिम्मेवार बनाउने।	नगरपालिका	√	√	√	√	√	√		शिक्षक महासङ्घ सँग सहकार्य ।
१७	प्रधानाध्यापकबाट नियमित रुपमा शिक्षकको कार्यसम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने। सहपाठी कक्षाअवलोकन गर्ने ।	सबै विद्यालय	६०	६०	६०	६०	६०	६०		प्रदेशसँग सहकार्य ।
१८	शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान,	नगरपालिका	√	√	√	√	√	√		प्रदेशसँग सहकार्य ।

	अनुगमन गर्न तथा विज्ञ सेवा प्रदान गर्नका लागि स्थानीय तहमा सेवानिवृत्त दक्ष शिक्षकहरू तथा सेवानिवृत्त शिक्षाका अधिकृत सम्मिलित विज्ञ टोली गठन गर्ने ।									
१८	प्रत्येक शिक्षकको प्रत्येक महिनामा कम्तिमा २ ओटा कक्षाअवलोकन र पृष्ठपोषण आदानप्रदान)	सबै विद्यालय	√	√	√	√	√	√		विद्यालयसँग सहकार्य
१९	न्यूनतम ५ पिरियड भन्दा बढी पिरियड शिक्षण गर्ने शिक्षकको निम्ति थप प्रोत्साहनको व्यवस्था गर्ने	पिरियड	४५०००	४५०००	३००००	२००००	१००००	५०००	१५५०००	
	(ङ) शिक्षक पेशागत क्षमता विकास									
२०	शिक्षकको पेशागत आवश्यकता अनुसार शैक्षिक तालिम केन्द्रहरूमा खटाइ शिक्षकहरुलाई	शिक्षक संख्या	३०	३०	३०	३०	३०	१५०		प्रदेश र तालिम केन्द्रसँग सहकार्य ।

	पेशागत विकास तालिम लिन प्रेरित गर्ने र तालिम पश्चात विद्यालयमा आइ सिकाइ आदानप्रदानको संस्कार विकास गर्ने ।									
२१	स्थानीय तहमा विषयगत शिक्षक समूह निर्माण गरी उक्त समूहलाई सम्बन्धित विषयमा पेशागत दक्षता अभिवृद्धिका लागि उपयोग गर्ने।	समूह संख्या	५	५	५	५	५	५		शिक्षक समूहसँग सहकार्य ।
२२	पालिकास्तरमा सञ्चालन हुने प्रधानाध्यापक बैठकलाई नियमित र व्यवस्थित गराउनुका साथै हरेक बैठकमा हरेक प्रधानाध्यापकले आफ्नो विद्यालयमा गरेको केही न केही अनुकरणीय कार्य अर्थात असल अभ्यासलाई प्रस्तुतिका लागि अनिवार्य गरिने।	स्थानीय तह	६०	६०	६०	६०	६०	६०		प्रधानाध्यापकहरु सँग सहकार्य ।

२३	विद्यालयहरुले गरेका असल अभ्यासहरुको अवलोकन एवम् सिकाइका लागि अवलोकन भ्रमणको व्यवस्था गर्ने (पालिका र प्रदेशस्तरमा)	पटक	२	२	२	२	२	८		विद्यालयहरुसँग सहकार्य ।
२४	सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन/अफलाइन शिक्षक तालिम सञ्चालन गर्ने ।(प्रत्येक शिक्षकले प्रत्येक ७ वर्षमा तालिम पाउने)	निरन्तर	√	√	√	√	√	√	√	शिक्षक र तालिम केन्द्रसँग सहकार्य ।
२५	विद्यालय तहमा शिक्षकको निरन्तर पेसागत विकास गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउनुको साथै शिक्षकको निरन्तर पेसागत विकास कार्यलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग आवद्ध गर्ने।	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	प्रधानाध्यापकहरु सँग सहकार्य ।

	(च) शिक्षक उत्तरदायित्व									
२६	शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्न प्रधानाध्यापकलाई जिम्मेवार बनाउने।	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	प्रधानाध्यापकहरु सँग सहकार्य।
२७	विद्यालयमा छुट्टै प्रधानाध्यापक पदको व्यवस्था गरी करारमा नियुक्त गर्ने कानुनी व्यवस्था गर्ने।	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ र प्रदेशसँग सहकार्य
२८	शिक्षकको बढुवा, सरुवा र प्रोत्साहनलाई पूर्वानुमानयोग्य र वस्तुनिष्ठ बनाउने।	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	सङ्घ र प्रदेशसँग सहकार्य
२९	शिक्षकले शिक्षणमा बिताउने समयका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउने।	सबै विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	प्रधानाध्यापकहरु सँग सहकार्य।
३०	विद्यालयमा उपलब्ध शिक्षकहरुमध्ये	सबै विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	विव्यससँग सहकार्य

	हरेक हिसावले उत्कृष्ट शिक्षकलाई प्रधानाध्यापक बनाउने।									
३१	शिक्षक र कर्मचारीले प्रधानाध्यापकसँग र प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समिति र विव्यसले पालिकासँग करार सम्झौता गरी कार्य गर्ने।	सबै विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	प्रअ, विद्यालय र विव्यससँग सहकार्य
	(छ) शिक्षक आपूर्ति र सरुवा व्यवस्थापन									
३२	शिक्षकलाई विद्यार्थीको सिकाइ उपलब्धिप्रति जिम्मेवार बनाउने र सोका आधारमा शिक्षकको कार्यसम्पादन राष्ट्रिय शिक्षा नीति २०७६ बमोजिम हरेक विद्यालयमा न्यूनतम शिक्षक दरबन्दी कायम गर्दा पनि नपुग शिक्षक दरबन्दीका लागि प्रदेश सरकारसँग	१८४ शिक्षक दरबन्दी	३७	३७	३७	३७	३७	३७	०	संघ, प्रदेशसँग सहकार्य।

	सहकार्य र सहलगानीका आधारमा शिक्षक दरबन्दीको सिर्जना गर्ने।									
३३	मौज्दात शिक्षक दरबन्दी र सिर्जना गरिएका दरबन्दीको विषयगत हिसावले फेहरिष्त तयारी गरी विज्ञापनका लागि शिक्षक सेवा आयोगमा पठाउने।	शिक्षक दरबन्दी	√	√	√	√	√	√	√	प्रदेशसँग सहकार्य ।
३४	स्थायी शिक्षक नआउदासम्म बैकल्पिक सूचीका उम्मेवारहरुलाई करार नियुक्ति गरी काममा लगाउने।	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका
३५	अंङ्ग्रेजी, गणित र विज्ञान विषय अध्यापनका लागि विज्ञ शिक्षकहरु समावेश भएको मोवाइल टिमको व्यवस्था गरी उल्लेखित विषयगत शिक्षकहरु पर्याप्त नभएका विद्यालयहरुका खटाइ नमूनाका रुपमा शिक्षण	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका

	सिकाइको व्यवस्था गर्ने।									
३६	एउटा विद्यालयमा बढीमा पाँच वर्षभन्दा बढी अवधि काम गर्न नपाउने गरी शिक्षकको सरुवालाई पारदर्शी र अनुमानयोग्य बनाउने।	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
३७	अन्य जिल्ला वा पालिकाबाट यस नगरमा सरुवा भइ आउने चाहने शिक्षकहरुका निम्ति अन्य पक्षहरुको अतिरिक्त आइसीटीमा भएको विज्ञतालाई प्रमुख आधार बनाइ सरुवाको मापदण्ड बनाइ लागू गर्ने।	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
३८	एकदिन पनि विद्यालयको शिक्षण सिकाइमा बाधा नपर्ने गरी शिक्षक अवकास, सरुवा र नियुक्ति वा पदस्थापन भइ काम	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका

	गर्ने शिक्षकको व्यवस्थापन गर्ने।									

परिच्छेद : चार

शिक्षाका अन्तरसम्बन्धित विषयहरु

(Cross- cutting Disciplines of Education)

४.१ शैक्षिक समता, समावेशीकरण र सामावेशी शिक्षा

(Gender Equity, Inclusiveness and Inclusive Education)

४.१.१ परिचय (Introduction)

शिक्षा चेतनाको उर्जा हो । शिक्षाको समान अवसर विश्वव्यापी मान्यता हो ।शिक्षाको मूलधारमा आउन नसकेका बालबालिकाहरूलाई समावेशी, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिकमैत्री र विपद्प्रतिरोधी सिकाइ वातावरणको निर्माण गरी समतामूलक पहुँच र गुणस्तरमा बृद्धि गर्नु आजको आवश्यकता हो । विविधतालाई पहिचान दिनु, सम्मान गर्नु र व्यक्तिगत भिन्नताको कदर गरी विविधता (Diversity) लाई प्रोत्साहित गर्नु आवश्यक छ । बालबालिकामा भएकाविभिन्न भिन्नताले पहुँच, सहभागिता तथा नतिजामा फरक नपर्ने अवस्था सृजना गरी समता (Equity) कायम गर्नु आवश्यक छ । समताले अवसरको समानता मात्र सृजना नगरी अवसर असमान हुनाका कारण पहिचान गरी तिनलाई समान बनाउन विशेष तथा थप प्रबन्ध गर्नु पर्दछ । सामाजिक न्याय स्थापित गर्न शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने कार्य भएकाले महत्वपूर्ण र अत्यावश्यक छ ।

नेपालमा विद्यालय शिक्षामा सबैको समतामूलक, र समावेशी पहुँचका लागि नीतिगत व्यवस्थाका साथै विभिन्न कार्यक्रमहरू पनि सञ्चालित छन् । दिवा खाजा, पाठ्यपुस्तकसहित निःशुल्क शिक्षा र अपाङ्गता भएका बालबालिकाहरू, छात्रा तथा सीमान्तकृत बालबालिकाहरूलाई लक्षित गरी आवासीय तथा गैर आवासीय छात्रवृत्तिले समतामूलक र समावेशी पहुँचका लागि योगदान गरेका छन् । विद्यालय तहमा महिला लगायत शिक्षक नियुक्तिको समावेशी व्यवस्था, विद्यालय नर्सको प्रारम्भ, पाठ्यक्रममा लैङ्गिक लगायत सांस्कृतिक, धार्मिक, जातजातीय सम्वेदनशीलतालाई विचार गरी विविधताको सम्मान गर्ने प्रयास गरिएको छ ।

वीरेन्द्रनगर नगरपालिकामा १ वटा विशेष विद्यालय र २ वटा स्रोत कक्षा रहेको छ र आधारभूत र माध्यमिक तहको लैङ्गिक समता सूचक समदरको नजिक रहेको अवस्था छ । करिब सबै विद्यालयहरुमा महिला शिक्षकको उपस्थिति उल्लेखनीय रहेको छ । नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिमा महिलाको उपस्थिति करिब ५० प्रतिशतको हाराहारीमा पुऱ्याउने कार्यलाई प्राथमिकतमा राखिएको छ । आधारभूत तहमा अध्ययन गर्ने सम्पूर्ण छात्राहरुलाई छात्रवृत्ति प्रदान गर्ने कार्यलाई निरन्तरता प्रदान गरिएको छ । लैंगिक मैत्री वातावरण निर्माण गर्न माध्यमिक विद्यालयहरूमा छात्रा सुलभ शौचालय निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइएको छ । महिनावरी हुने सबै छात्राहरूलाई स्यानेटरी प्याडको निःशुल्क वितरण गरी विद्यालयले व्यवस्थापन गर्ने कार्य शैक्षिक सत्र २०७७

बाट शुरु गरिएको छ । छात्रामाथि हुन सक्ने दूर्व्यवहार, हिंशा, विभेद आदिजस्ता कार्यलाई रोक्नका लागि प्रत्येक विद्यालयमा लैंगिक सम्पर्क व्यक्ति तोकी गुनासो सुनुवाई संयन्त्रको निर्माण एवम् परिचालन गर्ने कार्यलाई अगाडि बढाइएको छ ।

४.१.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

शैक्षिक समता, समावेशीकरण र सामावेशी शिक्षा अर्न्तगत लक्षित समूह महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न ,द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका वालवालिकाहरूलाई शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु, सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्नु, अपाङ्गता भएका, भौगोलिक विकट अवस्थामा रहेका र सामाजिक रूपले पछि परेका बालबालिकाहरूलाई विद्यालय शिक्षामा टिकाइ राख्नु, लक्षित समूहको विद्यालयमा सहभागिता तथा उपलब्धि सुनिश्चित गर्नु, विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्नु, स्थानीय पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रिया लगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गर्नु र कुनै पनि प्रकारको विभेद, दूर्व्यवहार नहुने सुनिश्चितता सहित बालमैत्री विद्यालय बनाउने, तालिक प्राप्त शिक्षकहरुको अभाव, आवश्यकता अनुसारको शैक्षिक सामग्रीको अभाव, अपाङ्गमैत्री भौतिक संरचनाको अभाव, स्रोत तथा विशेष विद्यालयमा आवश्यकता अनुसार तालिम प्राप्त शिक्षक ताथा कर्मचारी अभाव, सरोकारवाला निकायमा समावेशी शिक्षाको वुझाई नुहुनु, कार्यगत सिमितता र अपाङ्गता भएका बालबालिकाहरुको प्रारम्भिक पहिचान समयमा हुन नसक्नु, प्रत्येक विद्यालयमा सांकेतिक भाषा र ब्रेल लिपीको ज्ञान प्राप्त शिक्षकको व्यवथा नहुनु प्रमुख चुनौति रहेको छ ।

नेपालको संविधानको प्रस्तावनाले नेपाललाई समावेशी बनाउने अठोट राख्दै आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकको रूपमा लिदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क व्यवस्था, अपाङ्गता भएका एवं आर्थिक रूपले विपन्न नागरिकले कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था तथा राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि शिक्षामा समता, समावेशीता र सामावेशी शिक्षा अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली, २०७७ तथा दिगो विकास लक्ष्य ४ ले समावेशीता र समतालाई विशेष जोड दिएअनुसार नेपालले राष्ट्रिय कार्य योजना तयार गरी लागू गर्दै जाने सन्दर्भमा संघीय स्वरूप अनुसारको तीन तहको सरकार संग अन्तर सम्बन्ध कायम राख्दै आफ्ना योजना र कार्यक्रम अनुसार शिक्षामा समता, समावेशीकरण र सामावेशी शिक्षामा सफलता हासिल गर्न सकिने अवसर रहेको समेत रहेको छ ।

४.१.३ लक्ष्य (Goal)

विद्यालय तहको शिक्षामा समतामूलक एवं समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

४.१.४ उद्देश्य (Objectives)

१) महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, पढाइमा कठिनाई भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुऱ्याउने ।

२) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि गरी गुणस्तर सुनिश्चित गर्नु ।

३) विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्दै जवाफदेही बनाउनु ।

४) शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु ।

५) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंशा र दूर्व्यवहार नहुने सुनिश्चितता गर्नु ।

४.१.५ रणनीतिहरू (Strategies)

१) घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सोअनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने छ ।

२) सबै तह र प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षा उपलब्ध गराइने छ ।

३) लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिका, सामाजिक बहिस्कारमा परेका बालबालिका, पढाइमा कठिनाई भएका बालबालिका तथा अपाङ्गता भएका सबै बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित बैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमुनाहरूसमेत विकास गरी पहुँच सुनिश्चित गरिने छ ।

४) सबै सामुदायिक आधारभूत विद्यालयहरूमा दिवा खाजासहित स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिने छ ।

५) सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गरिने छ ।

६) आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति, अपाङ्गता भएका बालबालिहरुका लागि आवश्यकता अनुसार सहायक सामग्री उपलब्ध गराइने छ ।

७) विद्यालयमा अभिभावकको संलग्नता बढाइने छ ।

८) विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने छ ।

९) समावेशी शिक्षा लागू गर्नको लागि शिक्षकहरुलाई आवश्यकता अनुसार विभिन्न तालिम प्रदान गरिने छ ।

१०) स्थानिय स्रोत साधनको प्रयोग गरी सवैका लागि मैत्रीपूर्ण शैक्षिक सामग्री निर्माण गर्न शिक्षक र अभिभावकको क्षमता विकास गरिनेछ ।

११) विद्यालय सुधार योजनामा समावेशी शिक्षा लागू गर्नको लागि आवश्यक क्रियाकलाप समावेश गरी कार्यन्वयन गर्ने ।

४.१.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes,Key Result and Main Activities and Target)

क) उपलब्धि (Outcomes)

१) विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय समावेशी शिक्षा सुनिश्चित हुने ।

ख) नतिजा (Key Results)

१) महिला, दलित, जनजाति, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले बञ्चितीमा परेका सबै बालबालिकाहरूले समावेशी शिक्षा प्राप्त गर्ने अवसर पाउने ।

२) लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता बृद्धि गरी गुणस्तर सुधार हुने ।

३) विविधता, समता एवं समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही बन्ने ।

४) विद्यालयमा कुनै पनि प्रकारको विभेद, हिंशा, दूर्व्यवहार र हेपारइरहित बालमैत्री वातावरण सिर्जना हुने ।

५) विद्यालयहरूमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सृजना हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

क्र.स	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (पहिलो १० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	विद्यालय उमेर समूहका बालबालिकाहरुको पहुँच	पटक		१	१	१	१	४	८	नगरपालिका

	सम्बन्धमा घरधुरी सर्वेक्षण गर्ने									
२.	नगरपालिका स्तरमा शैक्षिक समता, समावेशीकरण र सामावेशी शिक्षा कार्यान्वयनका लागि संयन्त्र विकास गर्ने	पटक		१				१	२	नगरपालिका र विकास साझेदार
३.	विद्यालय बाहिर रहेका सबै बालबालिकालाई विद्यालयभित्र ल्याउन सुनिश्चित गर्ने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
४.	समता र समावेशीताका विषयवस्तु समावेश गरी प्रधानाध्यापक, शिक्षक, कर्मचारी तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई अभिमुखीकरण गर्ने	पटक		१	१	१	१	४	८	नगरपालिका र विकास साझेदार
५.	आजीवन सिकाइ तथा निरन्तर शिक्षाका सहभागीहरुको आवश्यकता अनुसारको सिकाइ सहजीकरण सामग्रीको व्यवस्था गर्ने तथा कार्यान्वयनका लागि नगरपालिकाका शैक्षिक व्यवस्थापक तथा सहजकर्ताहरुको क्षमता विकास गर्ने	पटक		१		१		२	४	

६.	विद्यालयमा कुनै पनि प्रकारको विभेद, दूर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न घोषणा र कार्यान्वयन गर्ने	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
७.	अपाङ्गमैत्री एवम् लैङ्गिकमैत्री वातावरण सिर्जनाका लागि वि.व्य.स., शिक्षक कर्मचारी एवम् सरोकारवालाहरुको वैठक	पटक		२	२	२	२	८	१६	नगरपालिका र विकास साझेदार
८.	शैक्षिक समता, समावेशीकरण र सामावेशी शिक्षाका लागि सबै बालबालिकाकामैत्री शैक्षिक सामग्री एवम् स्टेशनरी पोशाक आदिको व्यवस्थापन	पटक		१	१	१	१	४	८	नगरपालिका र विकास साझेदार
९.	शैक्षिक समता, समावेशीकरण र सामावेशी शिक्षा अपाङ्गमैत्री एवम् लैङ्गिक मैत्री वातावरण सिर्जनाका लागि वि.व्य.स., शिक्षक कर्मचारी एवम् सरोकारवालाहरुको वैठक	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
१०	बालबालिकाको प्रारम्भिक पहिचानको लागि शिक्षकको क्षमता विकास	पटक	१	१	१	१	१	५	१०	नगरपालिका र विकास साझेदार

११	विद्यालयमा प्रारम्भिक टोली गठन गर्ने	पटक	k6sन िरन् तर	निरन्त र	निरन्त र	निरन्तर	निरन्त र	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
१२	शैक्षिक सत्रको सुरुमा अपांगता भएका बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्ने	पटक	निरन् तर	निरन्त र	निरन्त र	निरन्तर	निरन्त र	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
१३	पहिचान भएका बालबालिकाहरुलाई सम्बन्धित निकायमा रेफर गर्ने	पटक	निरन् तर	निरन्त र	निरन्त र	निरन्तर	निरन्त र	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
१४	लेखाजोखा केन्द्र संचालन गर्ने	पटक	निरन् तर	निरन्त र	निरन्त र	निरन्तर	निरन्त र	निरन्तर	निरन्तर	संघ र नगरपालिका
१५	बालबालिकाहरुको वैयक्तिक र शैक्षणिक योजना बनाउने	पटक	निरन् तर	निरन्त र	निरन्त र	निरन्तर	निरन्त र	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
१६	कार्यगत सिमितता तथा अपाङ्गता भएका बालबालिकाहरुको खण्डिकृत रुपमा I-EMIS मा तथ्याङ्क व्यवस्थापन गर्ने	पटक	निर न्तर	निर न्तर	निर न्तर	निरन् तर	निर न्तर	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
१७	स्रोत कक्षा र विशेष विद्यालयमा रहेका शिक्षक कर्मचारीको क्षमता विकास	पटक	निर न्तर	निरन् तर	निरन् तर	निरन्त र	निरन् तर	निरन्तर		नगरपालिका र विकास साझेदार
१८	विशेषा विद्यालय र स्रोत कक्षामा शैक्षिक सामग्रीको व्यवस्था	पटक	निर न्तर	निरन् तर	निरन् तर	निरन्त र	निरन् तर	निरन्तर		नगरपालिका र विकास साझेदार
१९	विपन्न तथा अपाङ्गता भएका किशोर किशोरीको	पटक	निरन् तर	निरन्त र	निरन्त र	निरन्तर	निरन्त र	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार

	उच्च शिक्षाको सुनिश्चितता गर्ने									
२०	अपाङ्गता भएका बालबालिहरुका लागि आवश्यकता अनुसार सहायक सामाग्री वितरण	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
२१	अपाङ्गता भएका बालबालिकाको प्रकृति अनुसार शैक्षिक सामाग्री व्यवस्थापन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
२२	प्रारम्भिक पहिचान भएका बालबालिकाहरुको उपचारको लागि शिविर संचालन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
२३	अपाङ्गता भएका बालवालिकाको लागि खेलकुद	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका र विकास साझेदार
२४	स्रोत कक्षा र विशेषा विद्यालय व्यवस्थापन	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	संघ, नगरपालिका र विकास साझेदार
२५	स्रोत कक्षा र विषेश विद्यालयमा कार्यरत आयालाई प्रोत्सहान	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	संघ, नगरपालिका र विकास साझेदार

४.२ शैक्षिक सुशासन, सबलीकरण र जनशक्ति व्यवस्थापन

(Educational Governance, Reinforcement and HR Management)

४.२.१ परिचय (Introduction)

सुशासनको बारेमा हाम्रो मुलुकमा पनि बेलाबेलामा चर्चा भइरहन्छ। आधुनिक राज्य व्यवस्थामा सुशासन र जनशक्ति व्यवस्थापनको सवाल एक महत्वपूर्ण पक्ष हो । भनिन्छ - 'सुशासन प्राणी जगतलाई नभइ नहुने वायू जस्तै हो जसको उपस्थितिको बारेमा खासै चासो राखिदैन तथापि यसको अनुपस्थितिले भने जीवनमा ठूलो असर गर्दछ ।' सुशासनको खम्वाको रूपमा रहेका कानूनी शासन, सहभागिता, पारदर्शिता, उत्तरदायित्व र जवाफदेहिता, समता र समावेशिता, प्रभावकारिता र मितव्ययिताजस्ता कुराहरूको पालना भएन र धज्जी उडाउने काम शासकबाट भयो भन्ने कुराहरूको बारेमा बेलाबेलामा चर्चापरिचर्चा हुनु हाम्रो मुलकमा नौलो मानिदैन । शिक्षा क्षेत्रमा यसको बहस झनै चर्को रूपमा उठ्ने गरेको छ ।

सुशासन र जनशक्ति व्यवस्थापन एउटा सिक्काका दुईटा पाटा हुन । दक्ष र इमान्दार जनशक्तिले सुशासनलाई सहयोग पुऱ्याउछ भने अदक्ष जनशक्तिका कारण नागरिक समाजले सुशासनको अनुभूति गर्न पाउदैन । त्यसैले पनि भनिन्छ-'सुशासन जिम्मेवारी बहन गर्ने जनप्रतिनिध, प्रशासन र नागरिक सबैको क्षमतामा निर्भर गर्दछ ।' अर्को अर्थमा भन्नुपर्दा, सुशासनको प्रभावकारिता र दिगोपन त्यहाँको सेवाप्रदायकलाई साथ दिने सेवाग्राहीमा भरपर्दछ । शैक्षिक सुशासन कायम गर्ने पद्धति पनि यही हो र शैक्षिक जनशक्ति व्यवस्थापनको औचित्य पनि यसैमा निर्भर गर्दछ ।

यस नगरपालिकाभित्रका छ वटा माध्यमिक विद्यालयहरूमा खेलकूद प्रशिक्षकको व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइएको छ । हरेक माध्यमिक विद्यालयहरूमा एक-एकजना विद्यालय सहायक र विद्यालय सहयोगी एवं हरेक आधारभुत विद्यालयहरूमा एक जना सहयोगी कर्मचारीको व्यवस्था भैरहेको छ । तर विद्यार्थी संख्याको आधारमा उक्त जनशक्ति कतिपय विद्यालयहरूमा अप्रयाप्त छ । साथै केही माध्यमिक विद्यालयहरू सिमित विद्यालय नर्सको दरबन्दीलाई नगरपालिकाभित्रका सबै विद्यालयहरूमा विस्तार गर्नुपर्ने देखिन्छ ।

शिक्षण संस्थाहरूमा कतिपय स्वअभिप्रेरित जनशक्तिले अनुकरणीय काम गरेको अवस्था छ । दृष्टान्तको रूपमा कतिपय सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापकले विद्यालयलाई आकर्षणको केन्द्र बनाउन सफल भएका सन्दर्भहरूलाई लिन सकिन्छ। कतिपय उच्च शिक्षा प्रदायक संस्थाहरूलाई पनि गुणस्तरीय शिक्षा प्रदान गर्ने सवालमा त्यहाँ काम गर्ने जनशक्तिले विद्यालयको लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि काम गरिरहेको अवस्था छ। तर कतिपय विद्यालयको अवस्था फरक छ। कतै शिक्षकहरू धेरै छन् विद्यार्थीहरू छैनन् । कतै विद्यार्थीहरू धेरै छन् शिक्षकहरू छैनन् । कतिपय विद्यालयहरूमा दक्ष र तालिम प्राप्त विद्यालय कर्मचारी छैनन् । स्रोतकेन्द्र लगायत पहिलेका कतिपय संरचनाहरू खारेज गरिएको अवस्था छ भने नयाँ संरचना निर्माण हुन नसकिरहेको अवस्था छ । संघिय संरचनाअनुसार हाल विद्यालयमा पुगी शिक्षकलाई शैक्षेणिक सहयोग गर्ने संयन्त्रको अभाव छ । नगरपालिकाको

शिक्षा, युवा तथा खेलकूद शाखामा स्वीकृत तेरिज अनुसारको दरबन्दी पूर्ण भएता पनि कामको चाप र आवशयक्ता अनुसारको थप दरबन्दीको आवश्यक्ता रहेको छ ।

४.२.२ चुनौति र अवसर (Challenges and Opportunities)

समयमा नै शिक्षा नियमावली र अन्य आवश्यक कानूनहरू निर्माण गरेर कार्यान्वयन गर्नु, शिक्षालयहरूमा आवश्यकता अनुसारको शिक्षक दरबन्दी पदपूर्ति गर्नु, शिक्षामा अब्बल क्षमताको उम्मेदवारहरूलाई प्रवेश गराउनु, जनशक्ति व्यवस्थापनको सवालमा विद्यालय व्यवस्थापन समितिको कामलाई विश्वसनीय र निष्पक्ष बनाउनु, शिक्षालयका कर्मचारी र अध्यापकलाई तोकिएको जिम्मेवारी प्रति जिम्मेवार बनाउनु, कामको आधारमा दण्ड र पुरस्कारको व्यवस्थापन गर्नु, उपयुक्त स्थानमा उपयुक्त व्यक्तिको व्यवस्थापन गर्नु, शिक्षालयहरूको नियमनकारी भूमिकालाई प्रभावकारी बनाउनु, शिक्षालयहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु, शिक्षामा पर्याप्त लगानीको सुनिश्चितता गर्नु, विद्यालयमा सुशासन कायम गर्नु आदि शैक्षिक सुशासन र जनशक्ति व्यवस्थापनका क्षेत्रमा देखा परेका प्रमुख चुनौतिहरु हुन् ।

निजी तथा सहकारी र गैरसरकारी क्षेत्रको पनि शिक्षामा महत्वपूर्ण योगदान रहेको, पालिकाको कूल बजेटको करिब १० प्रतिशत शिक्षामा विनियोजन भैरहेको, शिक्षा नीति निर्माण भैसकेको, स्थानीय पाठ्यक्रम निर्माण भै कार्यान्वयन रहेको, सामाजिक परीक्षण र लेखा परीक्षण गर्नुपर्ने जस्ता कार्यलाई प्राथमिकतामा राखिएको आदि यस क्षेत्रका प्रमुख अवसरहरु हुन् ।

४.२.३ लक्ष्य (Goal)

विद्यालय सुशासन मार्फत् शैक्षिक पद्धतिलाई सबैका निम्ति सर्बसुलभ, पारदर्शी, विश्वसनीय र मितव्ययी गराउने ।

४.२.४ उद्देश्य (Objectives)

१. विश्वविद्यालयबाट सर्वोत्कृष्ट नतीजा हासिल गरेका मेधावी प्रतिभाहरूलाई अध्यापन सेवामा आकर्षित गर्नका लागि आवश्यक कानूनी व्यवस्था गर्नु ।

२. नगरपालिकाले नियुक्त गर्ने बालविकास शिक्षक, शिक्षक, विद्यालय कर्मचारी, विद्यालय स्वास्थ्यकर्मी, खेलकूद प्रशिक्षक, शैक्षणिक सुपरभाइजर लगायतका जनशक्ति नियुक्त गर्दा मनोसामाजिक र प्रवृत्तिगत परीक्षालाई मूल्याङ्कनको आधारको रूपमा प्रयोग गर्नका लागि आवश्यक प्रवन्ध गर्नु ।

३. शिक्षा प्रणालीमा भएको मूल्याङ्कन प्रणालीलाई प्रयोगात्मक, व्यावहारिक र जीवन सापेक्ष हुनेगरी परिमार्जन गरी कार्यान्वयन गर्नु ।

४. शिक्षक र शिक्षालयलाई राजनीतिक हस्तक्षेपबाट मुक्त गर्नु ।

५. पुरस्कार, प्रोत्साहन, बृत्तिविकास र दण्ड सजायलाई वस्तुगत बनाइ लागू गर्नु ।

६. शिक्षालयहरूको शासकीय सुधारसहित जनसहभागिता, सरोकारवालाहरूको प्रतिनिधित्व, पारदर्शिता, अपनत्व र उत्तरदायित्व प्रवर्धदन गर्न सहभागितामूलक संयन्त्र निर्माण गरी शैक्षिक सुशासन कायम गर्नु ।

७. नगरपालिकाको अब्वल शैक्षिक जनशक्तिलाई अन्य पालिका, प्रदेश वा विदेश पलायन हुनबाट रोकी यस पालिकाभित्रै काम गर्नका लागि प्रोत्साहित गर्नु ।

८. गुणस्तरीय सार्वजनिक शिक्षामा सवैको पहुँचलाई सुनिश्चित गर्नु ।

९. पालिकाबाट सेवा प्रवाह हुने शिक्षा सम्बन्धी कामलाई चुस्त र प्रभावकारी बनाउनका लागि त्यही अनुसारको जनशक्ति र संरचनाको विकास गरी कार्यान्वयन गर्नु ।

१०. शिक्षण सिकाइलाई थप प्रभावकारी बनाउन विद्यालय तहमा आवश्यक स्वास्थ्यकर्मी र खेलकूद प्रशिक्षक परिपूर्ति गर्नु ।

४.२.५ रणनीतिहरु (Strategies)

१. शिक्षालयहरूमा काम गर्ने बैतनिक र अबैतनिक व्यक्तिहरूको शैक्षिक पृष्ठभूमि, सामाजिक क्षेत्रमा गरेको योगदान, मूल्यनिष्ठ व्यक्तित्व, आदिको समेत मनोवैज्ञानिक परीक्षण र विश्लेषण गरी ठीक ठाउमा ठीक व्यक्तिको चयन गर्ने कार्यलाई नगरपालिकाको शिक्षा सम्बन्धी ऐन कानूनमा व्यवस्था गरी कार्यान्वयन गर्ने ।

२. कानूनमा एउटा शिक्षालयमा विशेष अवस्था बाहेक बढिमा पाँच वर्ष भन्दा बढि समय प्रधानाध्यापक एवम् शिक्षक भई काम गर्न नपाउने गरी सरूवा प्रणालीलाई पारदर्शी, निष्पक्ष र अनुगमनयोग्य बनाइ लागू गर्ने । कुनै पनि बहानामा शिक्षकलाई एउटा विद्यालयमा १० वर्ष भन्दा बढि समय सेवा गर्न नपाइने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने ।

३. जनप्रतिनिधि, अभिभावक, शिक्षाप्रेमी र समाजसेवीहरूको बाहुल्यता हुने गरी विद्यालय व्यवस्थापन समिति गठन गर्ने र विद्यालय व्यवस्थापन समितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्नका लागि कार्यकारी अधिकार प्रधानाध्यापकलाई हुने गरी कानून बनाई कार्यान्वयन गर्ने ।

४. विद्यालय व्यवस्थापन समितिको सिफारिसको आधारमा स्थानीय तहले प्रधानाध्यापकको नियुक्ति गर्ने गरी कानूनमा परिमार्जन गरी कार्यान्वयन गर्ने ।

५. विद्यालयमा काम गर्ने प्रधानाध्यापक, कर्मचारी र शिक्षकबाट सम्पादन गरिने कार्यविरणको आधारमा कार्य सम्झौता गर्ने र सोअनुसार काम भए नभएको कुराको अनुगमन र मूल्याङ्कन गर्नका लागि गैरराजनीतिक किसिमबाट शिक्षाविदहरूको टिम बनाइ उक्त टिमको सिफारिसको आधारमा आवश्यक कार्वाही अघि बढाउने काम गर्ने ।

६. विद्यालयहरूले सम्पादन गर्ने कामलाई सार्वजनिक सुनुवाइ, वेभसाइट, डिजीटल बोर्ड, नोटिस बोर्ड, गुनासो एवम् सुझाव पेटिकालाई क्रियाशिल बनाई नियमित अन्तरक्रिया एवम सम्वाद मार्फत सार्वजनिक गर्ने ।

७. विद्यालय व्यवस्थापन समितिको क्रियाशिलतामा अभिभावकहरूसँगको सम्वाद र अन्तरक्रियालाई निरन्तरता प्रदान गरी शिक्षाका सरोकारवालाहरूलाई बालबालिका र शिक्षालयप्रति जिम्मेवार हुन अभिप्रेररित गर्ने ।

८. सम्झौतामा तोकिएको जिम्मेवारी इमान्दारीपूर्वक तोकिएकै समयमा उत्कृष्ठ किसिमले सम्पादन गर्ने एवम् सिर्जनात्मक क्षमता भएका विद्यालय, शिक्षक तथा कर्मचारीहरूलाई सम्मानित र प्रोत्साहित गर्नका लागि विभिन्न किसिमका अभिप्रेरणात्मक कार्यक्रमको विकास गरी सञ्चालन गर्ने ।

९. विभिन्न कारणले शिक्षामा पछि परेका एवम् गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकाको माध्यमिक तहसम्मको शिक्षामा पहुँच बढाउनका लागि भौचर प्रणालीलाई कार्यान्वयन गर्ने । जसको माध्यमबाट परिवारको आयआर्जन बढाउने क्रियाकलाप समेत सञ्चालन गर्न सकिने ।

१०. राज्यको ढुकुटीबाट पारीश्रमिक लिएर शिक्षालयमा काम गर्ने कुनै पनि शिक्षक एवम् कर्मचारीलाई राजनीतिक दल विशेषको सदस्य भएर सार्वजनिक पद एवम् सेवामा रहेर काम गर्न नपाउने गरी बनेको कानूनलाई कार्यान्वयनमा ल्याउने ।

११. अनुगमन र सुपरीवेक्षण पद्धतिलाई असल व्यक्ति, असल संस्था र असल कामहरूको बढावा, प्रचारप्रसार र विस्तार हुने गरी संयन्त्रको निर्माण गरी कार्यान्वयन गर्ने ।

१२. शैक्षिक कार्यविधि र प्रक्रियालाई प्रक्रियामुखी भन्दा पनि परिणाममुखी बनाइ कार्यसम्पादन गर्ने गरी संयन्त्रको निर्माण एवम् कार्यान्वयन गर्ने ।

१३. विद्यालयको तह र विद्यार्थी संख्याको आधारमा मापदण्ड तयार गरी विद्यालय कर्मचारीहरू (लेखा र प्रशासन हेर्ने र कार्यलाय सहयोगी) नियुक्त गर्ने । माध्यमिक तहमा कम्तिमा एक जना छैठौं स्तरको कर्मचारी र आधारभूत तहमा कम्तीमा एक जना पाँचौं तहको कर्मचारीको व्यवस्था गर्ने । विद्यालय खाजा तयारी र व्यवस्थापनका लागि मापदण्डका आधारमा विद्यालयमा एक जना छुट्टै कर्मचारीको व्यवस्था गर्ने ।

१४. हरेक विद्यालयमा एकजना स्वास्थ्यकर्मी र एक जना खेलकूद प्रशिक्षकको व्यवस्था गर्ने ।

१५. हरेक सामुदायिक सिकाइ केन्द्रहरूमा क्रमशः एक जना सहयोगी कर्मचारीको व्यवस्था गर्ने ।

१६. विद्यालय शिक्षकहरूलाई शैक्षणिक सहयोगका लागि कम्तीमा ३ जना माध्यमिक तहको योग्यता पुगेका योग्य व्यक्तिलाई शैक्षणिक सुपरभाइजरको रुपमा नियुक्त गर्ने ।

१७. हरेक बालविकास केन्द्रमा कम्तीमा एक जना सुसारे (अबचभतबपभच) को व्यवस्था गर्ने ।

१८. शिक्षा, युवा तथा खेलकूद शाखामा नयाँ दरबन्दी सृजना गरी क्ष्भ्क्ष्क का लागि कम्प्युटर अपरेटर १ जना, लेखापाल १ जना र प्राविधिक (सिभिल इन्जिनियरिङ्ग) को व्यवस्था गर्ने ।

१९. नगरपालिकाको सम्बन्धित शाखामा रहने गरी विद्यालयहरूमा योग अभ्यास र ध्यान (भमष्तबतष्यल) सिकाउन; संगित (नृत्य, गायन र वाध्यवादन जस्ता सृजनात्मक कला) शिक्षण; र मनोसामाजिक परामर्शका लागि एक-एक जना शिक्षक वा प्रशिक्षकको व्यवस्था गर्ने ।

४.२.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcome, Key Results, Main Activitites and Target)

क) उपलब्धि (Outcome)

शिक्षामा सुशासन मार्फत् जनशक्ति र नागरिक समाजलाई समान, समतामूलक लैंगिक रूपान्तरणमुखि र समावेशी किसिमबाट शैक्षिक व्यवस्थापनमा जिम्मेवार बनाउदै वीरेन्द्रनगर नगरपालिकाको शैक्षिक पद्धतिलाई सबैका निम्ति सर्बसुलभ, पारदर्शी, विश्वससीय र मितव्ययी हुने ।

ख) प्रमुख नतिजा (Key Results)

१. यस नगरपालिकाको शिक्षामा अब्बल दर्जाका प्रतिभाहरू आकर्षित भएर काम गरेका हुने ।

२. शिक्षालयहरूमा मनोबैज्ञानिक र प्रवृत्तिगत हिसावले बालबालिका र शिक्षण पेशाप्रति रूचि भएका जनशक्तिको प्रवेशको आवृत्तिमा बढोत्तरी हुने ।

३. कामको आधारमा पुरष्कार, प्रोत्साहन र वृत्ति विकासको अवसर प्रदान गरिएको हुने ।

४. शिक्षालयहरू हरेक किसिमका अभावबाट मुक्त भइ न्याय, समता, शान्ति र सुशासनका क्षेत्रको रूपमा स्थापित भएका हुने ।

५. शिक्षालयहरूले सम्पादन गर्ने क्रियाकलापहरूप्रति सरोकारवालाहरूको सहभागिता, अपनत्व र सोच सकारात्मक र प्रेरणादायी हुने ।

६. नगरपालिकाको जनशक्ति नगरपालिकाको उन्नति र प्रगतिका लागि खुसीपूर्वक समर्पित भएको हुने ।

ग) प्रमुख क्रियाकलाप र लक्ष्य K(Major Activities and Targets)

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गर्ने कार्यक्रम	संख्या	२	५	३	०	०	१०	१०	

२	शैक्षणिक सुपरभाइजर नियुक्ति र व्यवस्थापन	संख्या	१	२	३	३	३	३	३	
३	विद्यालय कर्मचारी व्यवस्थापन	विद्यालय		२४	६०	६०	६०	६०	६०	
४	बालविकास केन्द्रमा हेरालुको व्यवस्था	बाविके			९६	९६	९६	९६	९६	
५	विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था	विद्यालय	२४	३५	६०	६०	६०	६०	६०	
६	विद्यालयमा खेलकूद प्रशिक्षकको व्यवस्था	विद्यालय	१०	१५	२४	३५	३५	३५	३५	
७	सामुदायिक सिकाइ केन्द्रमा सहयोगी व्यवस्थापन	केन्द्र		६	७	८	९	९	९	
८	उत्कृष्ठ विद्यालय, शिक्षक र कर्मचारीलाई सम्मान र पुरस्कारको व्यवस्था	निरन्तर	V	V	V	V	V	V		
९	विभिन्न कारणले शिक्षामा पछि परेका एवम् गरिवीको रेखामुनि रहेका परिवारका बालबालिकाको माध्यमिक तहसम्मको शिक्षामा पहुँच बढाउनका लागि भौचर प्रणालीलाई कार्यान्वयन	निरन्तर	V	V	V	V	V	V	V	
१०	क्लाउड प्रविधि मार्फत शिक्षाका प्रतिवेदन र तथ्याङ्क प्रणाली सुधार तथा सुदृढ गर्ने कार्यक्रम	पद्धति	१					१		
११	कानूनमा व्यवस्था गरी प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र	पटक प्रअ सङ्ख्या	२४	६०	६०	६०	६०	६०	६०	

	आफ्ना शिक्षक र स्टाफका निम्ति अधिकार सम्पन्न बनाउने कार्यक्रम									
१२	कम्प्युटर अपरेटर १ जना, लेखापाल १ जना र प्राविधिक (सिभिल इन्जिनियरिङ्ग) को व्यवस्था	संख्या		३	३	३	३	३	३	
१२	स्थानीय तहमा शिक्षक सहायता प्रणाली स्थापना तथा सञ्चालन गर्ने कार्यक्रम	सङ्ख्या	१	V	V	V	V	१		
१४	योग अभ्यास र ध्यान (meditation) सिकाउन; संगित (नृत्य, गायन र वाध्यवादन जस्ता सृजनात्मक कला) शिक्षण; र मनोसामाजिक परामर्शका लागि एक-एक जना शिक्षक वा प्रशिक्षकको व्यवस्था	संख्या	३		३	३	३	३	३	

४.३ शिक्षामा सूचना तथा सञ्चार प्रविधि (ICT in Education)

४.३.१ परिचय (Introduction)

नेपालको संविधान, २०७२ ले सूचनाको हकमा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र प्राप्त गर्ने हक हुनेछ भनी मौलिक हकमा उल्लेख गरेको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याई डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइमा सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउनु पर्दछ । त्यसैगरी नेपालको सूचना तथा सञ्चार प्रविधि नीति, २०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुऱ्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना कार्यान्वयन गर्ने लगायतका नीतिहरू उल्लेख गरेको छ । डिजिटल नेपालको कार्यढाँचा, २०७६ ले विद्यालय तथा क्याम्पसहरूमा सूचना तथा सञ्चार प्रविधि शिक्षा, जियोस्प्यासियल र जिआइएस (Geospatial / GIS) शिक्षा प्रदान गर्ने र शिक्षा क्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षासम्बन्धी क्षमता विकास गर्ने र सबैका लागि सूचना प्रविधिसम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरेको छ ।

नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्धन नीतिमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीतिहरू उल्लेख गरिएको छ । उक्त शिक्षा नीतिमा सबै विद्यालय तथा शिक्षणसंस्थाहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी संरचना तयार गर्ने, कनेक्टिभिटी पुऱ्याउने, तालिम, शिक्षणसिकाइ तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नका लागि आवश्यक सामग्रीको व्यवस्थापन र जनशक्ति संरचना तयार पार्ने जस्ता विषय उल्लेख गरिएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी गुरु योजना, २०१३-२०१७ ले १० हजार विद्यालयमा शिक्षण सिकाइका लागि इनटरनेट कनेक्टिभिटी सहित सूचना प्रविधिका संरचनाका विकास तथा प्रयोग गर्ने, शिक्षक तथा शिक्षा क्षेत्रको अन्य जनशक्तिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल डाटा केन्द्र स्थापना गर्ने, निरन्तर सिकाइको प्रबन्ध गर्ने, सूचना प्रविधि विषय पाठ्यक्रम समावेश गर्ने, अन्तरक्रियात्मक डिजिटल सामग्री तयार गर्ने, सबै स्रोतकेन्द्रहरूमा डिजिटल सामग्री आदानप्रदान गर्नका लागि प्लेटफर्म बनाउने, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गर्ने, स्रोतकेन्द्रलाई सूचना प्रविधिको केन्द्रका रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरू निर्धारण गरिएका थिए ।

सिकाइमा सूचना प्रविधिको प्रयोगका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध गराउने, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा सफ्टवेयर (SAS) कार्यान्वयन

गर्ने र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने जस्ता कार्यक्रमहरू समेत विद्यालय क्षेत्र विकास योजनामा समावेश गरिएको छ ।

वीरेन्द्रनगर नगरपालिकामा सञ्चालनमा रहेका करिब सबै माध्यमिक विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहेको छ । विद्यालय क्षेत्र विकास योजनाको समयावधिमा प्रत्येक माध्यमिक विद्यालयमा एउटा सूचना प्रविधि ल्याब स्थापना गर्ने नीति अनुरूप हाल सम्म यस नगरपालिकाका आधाजति विद्यालयमा ल्याब स्थापना भइसकेको अवस्था छ । माध्यमिक तह सञ्चालन भएका र केही आधारभूत तहका संस्थागत विद्यालयहरूमा समेत कम्प्युटर तथा इन्टरनेटको सुविधामा विद्यार्थीको पहुँच पुगेको देखिन्छ । अधिकांश सामुदायिक तथा संस्थागत विद्यालयहरूमा स्थानीय माध्यमिक तहमा कम्प्युटरलाई ऐच्छिक विषयका रूपमा शिक्षण गरेका छन् जसबाट विद्यार्थीहरूको केही मात्रामा भएपनि सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीको पहुँच पुगेको देखिन्छ ।

सङ्घ, कर्णाली प्रदेश, नगरपालिका र विद्यालयहरूले विभिन्न प्रयास गरे तापनि वडा नं १३ देखि १६ नम्बरसम्मको क्षेत्रमा भौगोलिक विकटता तथा अन्य पूर्वाधारगत समस्या हुँदा रेडियो, टेलिभिजन र इन्टरनेट जस्ता सुविधाबाट त्यहाँका केही बालबालिकाहरू वञ्चित भइरहेका छन् । कोभिड १९ का कारण विद्यालयको शैक्षिक गतिविधिहरू प्रभावित भएको अवस्थामा समेत नगरपालिकाले स्थानीय एफ. एम. रेडियोलाई समेत विभिन्न कक्षाका भर्चुअल कक्षाको पाठ उत्पादन तथा प्रसारण गर्ने कार्यमा प्रयोग गर्दै आएको अवस्था छ । सबै विद्यालयहरूमा वैकल्पिक माध्यमबाट विद्यार्थीको सिकाइ सहजीकरण गर्न इन्टरनेट जडानका लागि सबै सामुदायिक विद्यालयहरूलाई अनुदान समेत उपलब्ध गराइएको अवस्था छ । विद्यालयको सम्पूर्ण तथ्याङ्कलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्ट गर्ने कार्यलाई समेत प्रभावकारी बनाइएको छ । नगरपालिकाबाट सिकाइ सहजीकरण केन्द्र स्थापना गरेर एकीकृत कार्ययोजनाका साथ शैक्षिक सत्र २०७८ देखि कक्षा १० का विद्यार्थीका लागि अंग्रेजी, गणित र विज्ञान विषयको भर्चुअल कक्षा व्यवस्थापन गरिदै आएको छ ।

४.३.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटी आदिको विस्तार तथा सबै विद्यालयहरूमा व्यवस्था गर्नु, शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी उपकरणको व्यवस्था एवम् त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्नु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट समता अभिवृद्धि र डिजिटल डिभाइड कम गर्नु, अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास गर्नु, विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिका लागि उपयुक्त हुनेगरी सामग्री विकास र प्रयोग गर्नु, सबै प्रयोगकर्तालाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्नु, शिक्षाको सेवा प्रवाह तथा व्यवस्थापनमा सूचना प्रविधिको प्रयोगलाई सहज हुने गरी विस्तार गर्नु, विद्यालयहरूमा शिक्षक र कर्मचारीहरूको प्रविधिमा क्षमता विकास गरी प्रविधिमैत्री बनाउनु, कोभिड १९ जस्ता महामारीको समयमा सिकाइ सहजीकरणको वैकल्पिक उपायको रूपमा प्रविधिलाई प्रयोग गर्नु र नगरपालिका तथा इन्टरनेट प्रदायक संस्थाहरूका बिच समन्वय र सहकार्य व्यवस्थित गर्नु शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रमुख चुनौतीहरू हुन् ।

शिक्षामा सूचना तथा सञ्चार प्रविधिले विद्यालयमा शिक्षणसिकाइका लागि इनटरनेट कनेक्टिभिटीका लागि अनुदान उपलब्ध गराई आवश्यक पूर्वाधारको विकास गर्नु, सूचना प्रविधि विषय पाठ्यक्रममा समावेश हुनु, तीनवटै तहका सरकारहरू वैकल्पिक सिकाइ सहजीकरणका विषयमा संवेदनशील रहनु, सबै विद्यालयहरूमा डिजिटल सामग्री आदानप्रदान गर्ने प्लेटफर्म विकास हुनु, शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीलाई डिजिटलाइज्ड गराउँदै लगिनु, कोभिड-१९ को अवस्थामा सिकाइलाई निरन्तरता दिन विभिन्न माध्यमबाट भर्चुअल कक्षा सञ्चालन हुनु; छापाका शिक्षण सिकाइ सामग्रीहरू, रेडियोबाट प्रसारित सामग्रीहरू, टि.भी.वाट प्रसारित सामग्रीहरू, वेवसाइट तथा विद्युतीय माध्यमबाट प्राप्त सामग्रीहरू र Online Portal को विकास गरिनु, शिक्षण सिकाइ समूह गठन गरिनु, Online based Zoom meeting सिकाइका मुख्य विधिहरू हुनु; लगभग सबै माध्यमिक विद्यालय र केही आधारभूत विद्यालयहरूमा कम्प्युटर तथा इन्टरनेटको सुविधा रहनु, शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने क्रममा एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास भई कार्यान्वयनमा रहनु, वि.सं. २०७६ देखि नेपाल दूर सञ्चार प्राधिकरणले पनि ग्रामीण दूर सञ्चार विकास कोष मार्फत् केही विद्यालयहरूलाई प्रस्ताव आह्वान गरी इन्टरनेट कनेक्टिभिटीमा सहयोग गर्नु, वैकल्पिक सिकाइ सहजीकरणका लागि वैकल्पिक विधिहरूको छनौट, विकास र प्रयोगलाई नगरपालिकाले प्राथमिकतामा राख्नु आदि यसका अवसरहरू रहेका छन् ।

४.३.३ लक्ष्य (Goal)

सूचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइमा सुधार गरी, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गरी शैक्षिक व्यवस्थापन सुधार र सुशासन कायममा सुनिश्चितता गर्ने ।

४.३.४ उद्देश्यहरु (Objectives)

१) सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु ।

२) डिजिटल डिभाइड कम गर्दै जाने र विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुऱ्याउनु ।

३) शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो र सस्तो बनाउनु ।

४) शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु ।

५) विपद् तथा सङ्कटको समयमासमेत विद्यालयका शैक्षिक गतिविधिहरूलाई निरन्तरता दिनका लागि प्रविधिसँग सम्बन्धित संरचना र स्रोत व्यवस्थापन गर्नु ।

४.३.५ रणनीतिहरु (Strategies)

१) सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गरिनेछ र सुरक्षित भौतिक र प्राविधिक प्रवन्ध मिलाइनेछ ।

२) विभिन्न कक्षा र विषयका लागि उपयोगी हुने डिजिटल सामग्रीहरूको विकास गरिनेछ ।

३) विभिन्न किसिमका अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री विकास गरिनेछ ।

४) नगरस्तरमा व्यवस्थित ई पोर्टल निर्माण गरिनेछ ।

५) विश्वव्यापी रूपमा उपलब्ध शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा विस्तार मार्फत विद्यालय एवम् विद्यार्थीहरूको पहुँचमा विस्तार गरिनेछ ।

६) IEMIS लाई थप व्यवस्थित गरी विद्यालयको लेखा प्रणाली (SAS), शिक्षकको तलबी प्रतिवेदन पारित गर्ने जस्ता कार्यसमेत यस प्रणालीमा एकीकृत गरिनेछ । साथै शिक्षाका विभिन्न सेवा तथा व्यवस्थापन सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गरिनेछ ।

७) सामुदायिक सिकाइ केन्द्रहरूलाई सूचना तथा सञ्चार प्रविधिको क्षेत्रमा सेवा प्रदान गर्न परिचालन गरिनेछ ।

८) संघ र कर्णाली प्रदेशसँग समन्वय गरी नगरपालिका र इन्टरनेट प्रदायक संस्थाहरूबिच समन्वय र सहकार्य वृद्धि गरिनेछ ।

९) नगरपालिकामा सुविधा सम्पन्न डिजिटल सिकाइ केन्द्रको स्थापना गरिनेछ ।

१०) सबै विद्यालयका शिक्षक तथा कर्मचारीहरूको आधारभूत सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित आधारभूत सिपमा क्षमता विकास गरिनेछ ।

११) विद्यालय सुपरीवेक्षण, बैठक, गोष्ठी, कार्यशाला, तालिम, शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको अत्यधिक प्रयोग गरिनेछ ।

१२) विद्यालयहरूमा प्रविधिसँग सम्बन्धित आधारभूत पूर्वाधार सुनिश्चित गर्न संघ र प्रदेश सरकारसँग सहकार्य र समन्वयात्मक ढङ्गले एकीकृत कार्यक्रम र बजेटको व्यवस्थापन गर्ने कार्यमा जोड दिइनेछ ।

१३) विद्यालयमा शिक्षक तथा कर्मचारीहरूलाई प्रविधिको बढीभन्दा बढी प्रयोग गर्न प्रोत्साहित गरिनेछ ।

१४) कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरूमा भर्चुअल कक्षा सञ्चालनको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

१५) विपद् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइलाई निरन्तरता दिन सक्ने गरी सिकाइका वैकल्पिक विधिको रूपमा प्रविधिलाई प्रयोग गर्न सक्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१६) स्थानीय एफ.एम.रेडियो र टेलिभिजनसँग समन्वय गरेर शैक्षिक कार्यक्रम नियमितरूपमा उत्पादन र प्रसारण गरिनेछ। विपद् र महामारीको समयमा समेत विद्यार्थीको सिकाइलाई सहजीकरण गर्नलाई रेडियो र टेलिभिजनको प्रयोगमा बढोत्तरी गरिनेछ।

१७) सबै माध्यमिक विद्यालयहरूमा वेभसाइट, विद्युतीय हाजिरी र सि.सि. क्यामेराको व्यवस्था गरिनेछ।

१८) राष्ट्रिय तथा स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीका डिजिटल प्रति सबै विद्यालयलाई उपलब्ध गराइनेछ।

४.३.६ उपलब्धि, नतिजा, क्रियाकलाप र लक्ष्य (Outcome, Key Results, Main Activitites and Target)

क) उपलब्धि (Outcome)

१) विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सहयोग पुग्नका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार आई सुशासन प्रवर्धन भएको हुने।

ख) नतिजा (Key Results)

१) नगरपालिकामा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका डिजिटल सिकाइ केन्द्र स्थापना र सञ्चालन भएको हुने।

२) नगरपालिकाभित्रका सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको सहज पहुँच पुगेको हुने।

३) विभिन्न कक्षा र विषयका लागि आवश्यक पर्ने अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच भएको हुने।

४) सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुगेको हुने।

५) सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने।

६) सूचना प्रविधिमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएका हुने।

७) सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार भएका हुने।

८) सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली सुधार भएको हुने।

९) अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रविधिमैत्री भई लागत, जनशक्ति र समयको बचत भएको हुने ।

१०) विद्यालयमा शिक्षक तथा कर्मचारीहरूबाट प्रविधिको बढीभन्दा बढी प्रयोग गरिएको हुने ।

११) कक्षा ८, १० र १२ का महत्वपूर्ण विषयहरूमा भर्चुअल सिकाइ भएको हुने ।

१२) विपद् तथा सङ्कटको समयमा समेत विद्यार्थीको सिकाइ सहजीकरण गर्ने कार्यमा निरन्तरता भएको हुने ।

१३) विद्यार्थीको सिकाइ सहजीकरणमा स्थानीय रेडियो र टेलिभिजन प्रभावकारी रूपमा परिचालन भएको हुने ।

१४) सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरी र सि.सि. क्यामेराको प्रयोग गरिएको हुने ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Targets)

क्र. स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (पहिलो १० वर्ष)	जिम्मेवार पक्ष
			१	२	३	४	५	जम्मा		
१	विद्यालयमा ICT सँग सम्बन्धित संरचना विस्तार गर्ने	विद्यालय सङ्ख्या	६	६	६	६	६	३०	६०	सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा
२	प्रत्येक विद्यालयमा इन्टरनेट कनेक्टिभिटी विस्तार गरिने ।	विद्यालय सङ्ख्या	६०	६०	६०	६०	६०	६०	६०	नगरपालिका
३	वीरेन्द्रनगर Education E-Learning Portal (BEELP) को विकास गरिने	नगरपालिका		१				१	१	नगरपालिका
४	IEMIS र SAS जस्ता शैक्षिक तथ्यांकका विकसित प्रणालीलाई व्यवस्थित गरिने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका
५	शिक्षक र कर्मचारीलाई ICT सम्बन्धी क्षमता अभिवृद्धि गरिने ।	शिक्षक र कर्मचारी	५०	५०	५०	५०	५०	२५०	सबै	नगरपालिका

६	सामुदायिक सिकाइ केन्द्रका कर्मचारीको लागि ICT सम्बन्धी क्षमता विकास गरिने ।	सामुदायिक सिकाई केन्द्र	२	१	१	१		५	५	नगरपालिका
७	भर्चुअल कक्षा सञ्चालन गरिने ।	कक्षा	१०	८	१२	८, १० र १२	८, १० र १२	८, १० र १२		नगरपालिका
८	स्थानीय एफ.एम. रेडियो र टेलिभिजनको अधिकतम प्रयोग गरिने	न.पा.	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका
९	सबै माध्यमिक विद्यालयहरुमा वेभसाइट, विद्युतीय हाजिरी र सि.सि. क्यामेरा जडान गरिने	विद्यालय	२	३	३	३	२	सबै		नगरपालिका
१०	भर्चुअल सिकाइ सहजीकरण केन्द्र सञ्चालन तथा व्यवस्थापन	न.पा.	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		नगरपालिका
११	विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीको अभिलेख डिजिटलाइजेशन	पटक	१					१	२	नगरपालिका
१२	शिक्षा शाखा र विद्यालयमा इलेक्ट्रिक डिस्प्ले बोर्डको व्यवस्थापन	विद्यालय संख्या	५	६	७	८	९	१०	२५	नगरपालिका
१२	Tracking System (Attendance, Finance, Report etc) लागू गर्ने	नगरपालिका	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	नगरपालिका
१३	बालविकास कक्षामा स्मार्ट टेलिभिजनको व्यवस्थापन	विद्यालय	१०	२०	३०	४०	५०	५०	९६	नगरपालिका
१४	साझेदारीमा आधारित एक शिक्षक एक ल्यापटप वितरण कार्यक्रमको निरन्तरता	संख्या	५०	६०	७०	८०	९०	१००	सबै	नगरपालिका

४.४ सुरक्षित विद्यालय व्यवस्थापन र मनोसामाजिक परामर्श

(Safe School Management and Psycho-Social Counselling)

४.४.१ परिचय (Introduction)

हरेक बालबालिकाहरुले सुरक्षित रूपमा बाँच्न पाउने, सिक्न पाउने, विकास गर्न पाउने, संरक्षित हुन पाउने र सहभागी हुन पाउने उनीहरूको नैर्सगिक अधिकार हो। नेपालको संविधानमा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भन्ने कुरा उल्लेख गरिएको छ। शिक्षा क्षेत्रलाई सुरक्षित राखी दिगो र अनुकुल सिकाइ वातावरण सुनिश्चित गर्न दिगो विकास लक्ष्य ४ को नेपाल राष्ट्रिय कार्यढाँचाले सुरक्षित विद्यालय र प्रकोप व्यवस्थापनका सम्बन्धमा विभिन्न प्रावधानहरूको तय गरेको छ। बालबालिका सम्बन्धी ऐन २०७५ ले घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने कार्यलाई बालबालिकाविरूद्धको हिंसा भनी उल्लेख गरेको छ यस्तो कसुर गर्नेलाई ५० हजार रूपैयाँसम्म जरिवाना र एक वर्षसम्म कैद हुन सक्ने व्यवस्था गरेको छ। शिक्षा नियमावली, २०५९ ले पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नपाइने भनेको छ।

पन्ध्रौं योजनामा प्राकृतिक प्रकोप व्यवस्थापन र उत्थानशीलताका लागि क्षमता विकास गर्ने छुट्टै अन्तरसम्बन्धित विषयको अध्याय उल्लेख गरिएको छ। यसले अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालयमा समतामूलक पहुँच सुनिश्चित गर्न सरकारका सबै अङ्गहरूलाई क्षमतावान बनाउने नीति अख्तियार गरी सुरक्षित विद्यालयको आधार तयार पारेको छ। विद्यालय क्षेत्र विकास योजनाले विपद जोखिम न्यूनीकरण र प्रतिकार्यलाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिदै मुख्यतः सुरक्षित पुनर्निर्माण तथा भूकम्प प्रभावित जिल्लाहरूका विद्यालयको मर्मत र पुनस्थापनाको ढाँचा पनि भुकम्प प्रतिरोधी र हरेक हिसावले सुरक्षित हुने भनी उल्लेख गरेको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले पनि सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, न्यूनीकरण र पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राख्ने, विद्यालयमा हुन सक्ने हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली,बेइज्जती, विभेदलागयतका गैरसंरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यार्थी, शिक्षक र समुदायका सदस्यहरूको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गर्दै विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री तथा सुरक्षित, हिंसारहित र भयरहित सिकाइ केन्द्रको रूपमा विकास गरिने उल्लेख गरिएको छ।

बालबालिकालाई शारीरिक सजाय, मानसिक तथा शारीरिक उत्पीडन तथा हेपाइ र यौन दुराचारबाट मुक्त राखी सिकाइलाई निरन्तरता दिने गरी भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ जारी भएको छ भने विद्यालय शान्ति क्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वय निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि र अन्य हिंसाबाट मुक्त राख्ने, विद्यालयलाई दलगत राजनीति तथा अन्य हस्तक्षेपबाट मुक्त राख्ने र विद्यालयलाई भेदभाव, दुर्व्यवहार, बेवास्ता र शोषणबाट मुक्त राखी सिकाइको निरन्तरताको प्रवर्द्धन गर्ने विधि तथा प्रकिया समावेश गरेको छ।

बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ ले विशेषतः शिक्षा क्षेत्रमा प्राकृतिक विपत्तिको प्रभाव र सामान्य अवस्थामा पनि बिद्यालयलाई सुरक्षित बिद्यालयको रूपमा स्थापित गर्नमा केन्द्रित रही सुरक्षित सिकाइ पूर्वाधार, विद्यालय जोखिम व्यवस्थापन सुदृढीकरण र विपद जोखिम न्यूनीकरण र उत्थानशील शिक्षा प्रदान गर्ने गरी तीनवटा स्तम्भहरुको कार्यान्वयनको परिकल्पना गरेको छ ।

समाजको बनावट सरलबाट क्रमशः जटिल प्रकारको हुदै गएपछि समाजका हुने विकृत्तिहरू पनि बढ्दै गएको अवस्था छ । यो विकृतिमा बालबालिका र त्यसमा पनि विशेष गरी बालिकाहरू बढि प्रभावित भएको देखिन्छ । बालबालिकाको उमेरसँगै हुने गरेको शारीरिक र मानसिक बृद्धि र विकासको कारण हुने गरेको विविध किसिमका परिवर्तनलाई उचित किसिमले व्यवस्थापन गर्न नसक्नुको कारणले पनि कतिपय समस्याहरू देखा पर्ने गर्दछन् । यस्तो अवस्थामा विद्यालय र घरपरिवारले उनीहरूलाई उचित किसिमले मनोसामाजिक परामर्श उपलब्ध गराउनु पर्ने हुन्छ । बालबालिकाको निम्ति यो परामर्शको टड्कारो आवश्यकता भएपनि सरकारी तवरबाट यसलाई महत्व दिएको देखिदैन । गैर सरकारी क्षेत्रबाट भने कतिपय आवश्यकता परेका विद्यालयहरूमा शिक्षकहरूका निम्ति छोटो अवधिका तालिम र प्रशिक्षण प्रदान गरेको देखिन्छ । विदेश जाने विद्यार्थीहरूका निम्ति परामर्श दिने उद्देश्यले शहरका गल्ली र चोकहरूमा कल्सल्टेन्सीका नाममा शैक्षिक परामर्श केन्द्रहरू स्थापना भए तापनि यस्ता परामर्श केन्द्रहरू सेवामुखी भन्दा पनि मुनाफामुखी भएको देखिन्छ ।

सुरक्षित विद्यालय अधिकारमा आधारित छ, जहाँ शिक्षक, कर्मचारी र बालबालिकाले सुरक्षित महशुस गर्ने वातावरण हुन्छ, यसका लागि विद्यालयसंग सम्बधित सबै सरोकारवालाहरू जिम्मेवार हुन्छन । सुरक्षित विद्यालयमा बालबालिका, शिक्षक र कर्मचारीलाई आपतकालिन अवस्थामा गर्नुपर्ने कार्यका बारेमा जानकारी हुनुका साथै जोखिमबाट सुरक्षित रहनका लागि योजनाहरू तयार गरी कार्यान्वयनमा रहेको, सरोकारवालाहरूबीच सम्मानजनक व्यबहार र सम्बन्धहरू कायम रहेको, विद्यालय भवन र सिकाइका सुविधाहरू सुरक्षित रहनुका साथै सबै बालबालिकाको लागि पहुँच योग्य भएको हुन्छ ।यस्तो अवस्थामा शिक्षण संस्थाहरूबाट हिंसा, द्वन्द्व र विविध किसिमका दुर्घटनाको अवस्थाबाट हुन सक्ने जोखीमलाई न्यूनीकरण गर्नका लागि रिपोर्टिङ र प्रतिकार्य गर्नका साथै विपदको अवस्थामा पनि सिकाइलाई निरन्तरता दिन सक्ने गरी योजना बनाइएको हुन्छ । हाम्रो जस्तो मुलुकमा अभिभावक र विद्यार्थीका लागि मनोसामाजिक परामर्श सेवाको पनि अहम् महत्व छ । अभिभावकहरूमा चेतनाको अभाव छ । बालबालिका चुलबुले र चकचके स्वभाव भएको हाम्रा अभिभावकलाई मन पर्दैन जव कि यो बालबालिकाको प्राकृतिक स्वभाव हो । हाम्रा कतिपय अभिभावकहरूलाई चकचक नगर्ने, एकैठाउमा चुप्प लागेर बस्ने, अभिभावकको आज्ञाकारी हुने जस्ता स्वभाव भएको बालबालिका मन पर्छ जवकि बालबालिकामा यस्तो स्वभाव देखिनु भनेको अस्वाभाविक हो र बालबालिकामा देखिएको समस्या हो । बालबालिकाको सम्बन्धमा अभिभावकसँग यस्ता अनगिन्ति भ्रमहरू छन् । जसले गर्दा बालबालिकाको उपयुक्त विकासमा बाधा पुऱ्याइरहेको हुन्छ । कतिपय बालबालिकाले आफ्नो विशेष प्रतिभा र क्षमता देखाउन खोजिरहेको हुन्छ । हामी त्यसलाई पनि हुर्कन र फष्ठाउन नदिएर निषेध गर्न खाजिरहेका हुन्छौं । यस्तो अवस्थामा बालबालिका, अभिभावक र केही हदसम्म शिक्षकलाई समेत परामर्श सेवा र यस सम्बन्धी सीपको विकास गर्न आवश्यक देखिन्छ ।

हाल वीरेन्द्रनगर नगरपालिका अन्तरर्गत २२ वटा सामुदायिक विद्यालयहरुमा विद्यालय वृत्ति मार्गदर्शन कार्यक्रम संचालन भएको सि.एम.सि ले मानसिक स्वास्थ्य सम्वन्धि कार्यक्रमको शुरुवात गरेको अवस्था छ । त्यसै गरी विद्यालय नर्सहरुलाई मनोविमर्श सम्वन्धि क्षमता विकास तालिमको आयोजना गर्दै आईरहेको अवस्था छ। योजनाको प्रस्तुत खण्डमा बालबालिकाका निम्ति विद्यालयलाई सुरक्षित बनाउनका लागि र मनेसामाजिक परामर्शमा भए गरेका प्रयास, सामना गरिरहेका चुनौति, उपलब्ध अवसर र चुनौति साथै अवसरहरूलाई मध्यनजर राखी उद्देश्य, रणनीति र कार्यक्रम तथा लक्ष्यहरू निर्धारण गरिएको छ ।

४.४.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाको पहिचान गर्नु, केही हदसम्म अबका दिनहरूमा यन्त्रहरूको माध्यमबाट प्रकोपको पूर्वानुमान गर्न सकिए तापनि समय, स्वरूप र मात्राको एकीन गर्नु, आपतकालीन अवस्थाको शिक्षालाई योजनामा समावेश गरी कार्यान्वयन गर्नु, स्रोत तथा समय सीमा कति हुने र जिम्मेवार को हुने भन्नेबारेमा विश्वस्त र भरपर्दो वातावरणको निर्माण गर्नु , विद्यालय सुरक्षाका लागि नीतिगत रूपमा भएका व्यवस्थाहरूलाई कार्यान्वयन गर्नुजस्ता चुनौतिहरू प्रमुख रूपमा रहेका छन् ।

सुरक्षित बिधालय अन्तर सम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्ने ? विपदको अवस्थामा मात्रै नभै सामान्य अवस्थामा पनि बालबालिकाको सुरक्षित सिकाइको वातावरणलाई कसरी सुनिश्चित गर्ने ? छुट्टै योजना बनाउने कि योजनाको हरेक अङ्गमा यस विषयको प्रत्याभूति गर्ने ? प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने ? अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्था कति गर्ने ? कतिपय संकट अन्तर्राष्ट्रिय हुन्छन्, कतिपय राष्ट्रिय त कतिपय प्रदेश र स्थानीय तहका हुन्छन् । यसमा कुन संकटलाई कुन तहमा कसरी सम्बोधन गर्ने र योजना कुन तहको बनाउने ? योजना तत्कालिक बनाउने कि दीर्घकालिन ? संकटकालीन शिक्षा योजना निर्माणमा को सहभागी हुने र यसको प्रक्रिया के हुने ? आदि सवालहरू पनि सुरक्षित विद्यालय व्यवस्थापनको क्षेत्रमा गम्भीर रूपमा देखिएका मुद्दाहरू हुन् ।

मनोसामाजिक परामर्शका सवालमा जोखिम तथा समस्यामा रहेका बालबालिकाहरुलाई शिक्षकले नै मनोविमर्श प्रदान गर्न शिक्षकले समयको व्यवस्थापन गर्नु, प्रदेश तथा नगरपालिकाले मनोविमर्शका लागि यथोचित लगानीको व्यवस्थापन गर्नु, समस्यामा रहेका बालबालिकाहरुलाई छुट्टै मनोविमर्श कक्ष मार्फत सेवा प्रवाह गर्नका लागि उचित व्यवस्थापकीय कार्य गर्नु आदि यस क्षेत्रसंग सम्बन्धित केही चुनौतिहरु हुन् ।

भवन निर्माण सम्बन्धी आचारसंहिताको प्रभावकारी कार्यान्वयन गर्ने सवालमा वीरेन्द्रनगर नगरपालिका विगतदेखि नै सक्रिय हुँदै आएको छ । विभिन्न क्षेत्रमा बनेका ऐन कानून र नीति नियमहरूले विभेद, हिंसा, असुरक्षा र दुर्व्यवहारलाई अन्त्य गर्ने सवाललाई प्राथमिकता दिएको अवस्था छ। विभेद, दुर्व्यवहार, हिंसा अन्तका लागि मुलुकले विभिन्न अन्तर्राष्ट्रिय सन्धी र सम्झौताहरूका हस्ताक्षर गरेको छ। मुलुकभित्र सुरक्षित विद्यालय व्यवस्थापनका लागि

सरकारका अतिरिक्त गैरसरकारी क्षेत्रका संघसंस्थाहरू पनि सरकारसँग सहकार्य र सहलगानी गर्ने सवालमा अघि बढेको अवस्था छ । सरोकारवाला र नागरिक समाजमा समेत व्यक्तिगत हिसावले पनि हिंसामुक्त र विभेदमुक्त समाजका लागि उन्मुख भएको अवस्था छ । महामारी र प्रकोपको अवधिमा मनकारी मानिसहरू र उनीहरू मार्फत सञ्चालन भएका संघसंस्थाहरूले समेत उल्लेख्य योगदान गरेको अवस्था छ ।

विद्यार्थीको निम्ति प्रदान गरिने मनोसामाजिक परामर्शको क्षेत्र तीन वटै तहको सरकारको प्राथमिकतामा पर्नु, मनोसामाजिक परामर्शको पहुँच लक्षित समूहसम्म पुऱ्याउनु, मनोसामाजिक परामर्शको क्षेत्र सबैको चासोको क्षेत्र हुदै जानु, मनोसामाजिक परामर्शको क्षेत्रमा गैरसरकारी क्षेत्रबाट सीमित भए पनि पाठ्यक्रममा समेत मनोसामाजिक परामर्शको क्षेत्रलाई समेटिनु जस्ता पक्षलाई मनोसामाजिक परामर्शसंग सम्बन्धित अवसरको रुपमा लिन सकिन्छ ।

४.४.३ लक्ष्य (Goal)

बालबालिका र विद्यालयलाई सवै प्रकारका हिंशा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने र समता र समावेशीतामा सुधार हुने ।

४.४.४ उद्देश्य (Objectives)

१. सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट प्रदेश र संघीय सरकारसंग समन्वय गरी पूर्व सावधानी र तयारीको वातावरण निर्माण गर्नु ।

२. सम्भावित सङ्कटको सामना गर्न अर्थात् उत्थानशील प्रणाली स्थापित गर्नका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्न आवश्यक सहयोग गर्नु ।

३. सङ्कटको प्रतिकार्यको नगरपालिका स्तरीय संयन्त्र बनाउनु ।

४. नगरपालिका स्तरीय अल्पकालीन र दीर्घकालीन पुनर्स्थापना केन्द्रको विकास गर्नु ।

५. विद्यालयलाई शान्ति क्षेत्र र हिंसामुक्तको रूपमा स्थापित गरी बालबालिकाले सुरक्षित र भयरहित वातावरणमा सिक्ने अवसरको वातावरण सिर्जना गर्नु ।

६. कठिन र असहज परिस्थितिका कारण अलमलको जीवन बाँचिरहेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यबाट शिक्षामा उनीहरूको सहभागितालाई सक्रिय र अर्थपूर्ण बनाउनु ।

७. विद्यार्थीमा भएका मनोसामाजिक समस्याहरु शिक्षकबाट पहिचान गरी उनीहरुलाई नियमित मनोविमर्श प्रदान गर्नका लागि उपयुक्त वातावरण निर्माण गर्नु ।

४.४.५ रणनीतिहरु (Strategies)

१. नगरपालिका स्तरीय शिक्षा क्षेत्रमा प्रत्यक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा संकटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने ।

२. संकटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना निर्माण तथा कार्यान्वयन गर्ने ।

३. विपद तथा संकटमा व्यवस्थापनसंग सम्बन्धित मापदन्ड तयार गरी कार्यान्वयन गर्ने ।

४. शिक्षा नीतिमा सुरक्षित विद्यालयका विषयहरूलाइ समावेश गर्ने र सुरक्षित विद्यालय रणनीति तयार गरी कार्यान्वयन गर्ने ।

५. सबै विद्यालयहरूमा विपदको अवस्थामा शिक्षालाई निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।

६. विद्यालयको पूर्वाधार निर्माण गर्दा हरेक प्रकारका जोखिम, दुघटना, प्रकोप र महामारीबाट सुरक्षित रहने गरी निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने गरी कानून बनाई कार्यान्वयन गर्ने ।

७. विद्यालयहरूमा बालबालिकाको लागि सुरक्षित र भयरहित वातावरणमा सिकाइका अवसर सिर्जना गर्नका लागि सरोकारवालाहरूको क्षमता अभिबृद्धि गरी सुरक्षित र संरक्षित रहेको सुनिश्चित गर्न आवश्यक सहयोग गर्ने ।

८. विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रूपमा विकास गर्न विद्यालयहरुसंग समन्वय गर्ने ।

९. विद्यालय हातामा खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस जस्ता आपतकालीन सामग्री व्यवस्थापन गर्नका लागि विद्यालयहरूलाई सहयोग गर्ने ।

१०. विद्यालयमा सुरक्षित विद्यालय र विपद् व्यवस्थापन सम्वन्धी सैद्धान्तिक एवम् व्यावहारिक ज्ञान दिई विपद्को पूर्वतयारी, प्रतिकार्य, जोखिम न्यूनीकरण र पुनर्लाभ सम्बन्धी कार्यक्रमलाई विद्यालय तथा शिक्षालयको वार्षिक कार्यतालिकामा राखी सुरक्षित विद्यालय सम्बन्धी अनुकरण र अभ्यासका क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्न सहजीकरण गर्ने ।

११. सरकारी तथा गैरसरकारी सघंसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यवहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न समन्वय तथा सहजिकरण गर्ने ।

१२. मापदण्डका आधारमा विद्यालय तथा शिक्षण संस्थाको भौतिक पूर्वाधार र सिकाइ वातावरण निर्माण गरी विपद् उत्थानशील बनाउनुका साथै शिक्षण सिकाइ प्रक्रिया र व्यवहारमा सुधार गरी विद्यालयलाई सम्पूर्ण रूपमा सुरक्षित बनाउनका लागि सहयोग र सहजिकरण गर्ने ।

१३. विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवम् भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गर्ने ।

१४. सामुदायिक सिकाइ केन्द्रलाई आवश्यक स्रोत र साधनको व्यवस्था गरी विपद् व्यवस्थापन सिकाइ केन्द्रका रूपमा समेत विकास गर्ने ।

१५. विपद्का समयमा विद्यालय र शिक्षालय स्थानान्तरण गर्नका लागि स्थानीय तहको समन्वयमा सुरक्षित स्थानको पहिचान गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापन सहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्ने ।

१६. विपद व्यवस्थापन र संकटकालमा शिक्षाको निरन्तरता सम्बन्धमा भएका अन्तर्राष्ट्रिय सफल अभ्यासहरूलाई स्थानीयकरण गर्ने ।

१७. विद्यालय शान्ति क्षेत्रसम्बन्धी अवधारणालाई सार्थकता दिन राजनीतिक दल, पेसागत संघ संगठन तथा विद्यार्थी क्लबहरू र अन्य सामुदायिक क्षेत्रबिच समन्वय सहकार्य गर्दै यसप्रति सबैलाई जिम्मेवार बनाउने ।

१८. घरायसी वातावरण र विद्यालयको वातावरण बालमैत्री नहुनुका साथै अन्य विविध कारणले शिक्षा लगायत जीवनका विभिन्न क्रियाकलापहरू अघि बढाउने सवालमा अलमल र द्विविधामा परेका बालबालिकालाई मनोसामाजिक परामर्शको माध्यमबाट उनीहरूको जीवनलाई अर्थपूर्ण तरिकाबाट अघि बढाउन सहयोग गर्ने ।

१९.. विद्यार्थीहरूमा मनोसामाजिक समस्याहरू सघन रूपमा देखिदै गएको कारण उनीहरूको शिक्षा लगायत समग्र जीवनमा प्रतिकूल असर परिरहेको कुरालाई मध्यनजर राखी नगरपालिकामा आवश्यक पर्ने संरचना र जनशक्तिको व्यवस्थापन गरी कार्यान्वयन गर्ने ।

१९. विद्यालयमा अध्यनरत वालवालिकाहरुमा देखिएको समस्यालाई मनोसामाजिक परामर्श सेवाबाट समस्या समाधान गर्नको लागि एक विद्यालय एक मनोसामाजिक मनोविमर्शकर्ताको व्यवस्था गर्ने ।

४.४.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य (Outcomes, Key Result, Major Activities and Target)

क) उपलब्धि (Outcomes)

सम्भावित जोखिमको पूर्वानूमान गरी उक्त जोखिमबाट सुरक्षित हुनका लागि आवश्यक पूर्वतयारी गरी बालबालिका र विद्यालयलाई सवै प्रकारका हिंशा, विभेद, प्रकोप र महामारीजन्य जोखिमबाट सुरक्षित हुने र समता र समावेशीतामा सुधार हुने ।

ख) प्रमुख नतिजा (Key Results)

१. सामान्य अवस्था र आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुने ।

२. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुने ।

३. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुने ।

४ .महामारी र संकटको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह/सिकाइको निरन्तरता हुने ।

५. युद्ध, सामाजिक द्वन्द्व, हिंशा र बसाइँसराइँको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्ति सहित सिकाइको निरन्तरता हुने ।

६. विद्यालयमा शिक्षक/विद्यार्थी सुरक्षित र भयरहित वातावरणमा रमाएर सिक्ने सिकाउने वातावरणको सिर्जना हुने ।

७. मनोसामाजिक परामर्श सेवा प्राप्त गरी समस्यामा परिरहेका बालबालिकाको शिक्षामा सहभागिता अर्थपूर्ण हुने ।

ग) प्रमुख क्रियाकलाप र लक्ष्य (Major Activities and Target)

क्र.स.	प्रमुख क्रियाकलापहरू	इकाइ							१० वर्षको लक्ष	जि
			१	२	३	४	५	जम्मा		
१	सुरक्षित विद्यालय तथा मनोसामाजिक विमर्श सेवा सम्बन्धि नीति, रणनिति र मापदण्ड निर्माण र कार्यान्वयन	नगरपालिका	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	संघ,
२	नगरपालिकाको शिक्षा नीति तथा सम्पुर्ण विद्यालयको विद्यालय सुधार योजनामा सुरक्षित विद्यालय तथा मनोसामाजिक विमर्श सेवा	नगरपालिका	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	

	सम्वन्धि विषयलाई समावेश गर्ने									
३	सम्पुण विद्यालयहरुमा सुरक्षित विद्यालय र मनोसामजिक विमर्श सेवा सम्बन्धि योजना र रणनीति को निर्माणमा सहजीकरण	नगरपालिका	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
४	नगरपालिकाको सुरक्षित विद्यालयको न्युनतम मापदन्डको निर्माण	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
५	बृहतर विद्यालय सुरक्षा र मनोसामाजिक विमर्श सम्बन्धि विद्यालयका प्र.अ. , र विद्यालय सम्पर्क शिक्षकलाई तालिम	प्रअ र शिक्षक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
६	सकारात्मक अनुशासन, सामाजिक संवेगात्मक सिकाइ, दण्डरहित शिक्षण, लैंगिक तथा सामाजिक समावेशीकरण विषयको तालिम प्याकेजको निर्माण गरी सम्पूर्ण शिक्षकहरुलाई तालिम	सबै शिक्षकहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
७	उत्थानशीलताका लागि Whole School Approach का आधारमा सचेतना विकास गर्नका लागि सहयोग	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	

८	विपद्का समयमा विद्यालय स्थानान्तरण गर्नका लागि सुरक्षित स्थानको पहिचान (विद्यालय परिसरको विपद् जोखिम ूल्यांकन गरी खानेपानी, स्वास्थ्य, पोषण र स्याहारको उचित व्यवस्थापनसहित शिक्षण सिकाइका लागि उपयुक्त वातावरण निर्माण गर्नका लागि सहयोग	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
९	सबै विद्यालयहरूको स्तरोन्नति (अपांगतामैत्री, बालमैत्री, विपद उत्थानशील) गरी भौतिक पूर्वाधार तथा शैक्षिक सुबिधा सम्पन्न विद्यालयको रूपमा विकास गर्दै लैजानका लागि सहयोग	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
१०	Education can't Wait लाइ आत्मासाथ गर्दै जुन सुकै विपदमा पनि शिक्षालाइ निरन्तरता दिनका लागि सबै विद्यालय र नगरपालिकाको भैपरी शिक्षा योजना निर्माण र कार्यान्वयन	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
११	विद्यार्थी, शिक्षक, अभिभावक, नगरपालिका, समुदाय र सम्बन्धित संघसंस्थाहरूलाई परिचालन गरी विद्यालयको घेराबार, खेल मैदान, विद्यालय	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	

	जाने आउने बाटो र विद्यालयको आन्तरिक तथा वाह्य वातावरण पर्यावरणमैत्री, बालमैत्री, लैङ्गिकमैत्री एवं अपाङ्गतामैत्री बनाउन सहयोग तथा सहकार्य									
१२	शिक्षक र विद्यार्थीमा विपद्ले पार्ने प्रभाव न्यूनीकरण गर्न विद्यालय तथा समुदायमा मनोसामाजिक परामर्श सेवा र शैक्षिक पुनर्लाभको व्यवस्थापन गर्नका लागि समन्वय र सहजिकरण	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
१३	सरकारी तथा गैरसरकारी संघसंस्थाको समन्वयमा शिक्षक तथा विद्यार्थीका लागि विपद् व्यवस्थापन,मनोसामाजिक विमर्श, जलवायू परिवर्तन, वातावरण संरक्षण, स्वास्थ्य, पोषण तथा सरसफाइसम्बन्धी आधारभूत ज्ञान, पूर्वतयारी र प्रतिकार्य सम्बन्धी व्यावहारिक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
१४	नगरपालिका र विद्यालय तहमा विपदको अवस्थामा शिक्षालाइ निरन्तरता दिनका लागि आवश्यक हुने यन्त्र	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	

	उपकरण, औषधि, खाद्यान्न, पोशाक, खानेपानी, शौचालय, खेलमैदान, सरसफाइ किट, प्राथमिक उपचार बाकस तथा अन्य राहत सामग्रीको प्रबन्ध									
१५	विद्यालयको वातावरण स्वच्छ, सफा, शान्त, सुरक्षित र हरियालीयुक्त बनाउन विद्यालयलाई वातावरणमैत्री हरित संस्थाको रुपमा विकास गर्न सहजीकरण गर्ने	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
१६	विद्यालयहरूलाई बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र सुरक्षित, हिंसारहित एवं भयरहित सिकाइ केन्द्रको रूपमा विकास गर्नका लागि सहयोग र सहकार्य गर्ने	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
	निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन	सबै विद्यालयहरु	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	१००%	
२०	मनोसामाजिक परामर्शका लागि आवश्यक संरचना र जनशक्तिको स्थापना	सम्पुर्ण माध्यामक विद्यालय	५	५	५	५	४	२४	१००%	

४.५. सार्वजनिक शिक्षामा गुणस्तरको व्यवस्थापन

(Quality Management in Public Education)

४.५.१ परिचय (Introduction)

गुणस्तरीय शिक्षा बहुआयामिक अवधारणा हो । विभिन्न दृष्टिकोणबाट गुणस्तरीय शिक्षाको परिभाषा गर्ने गरिन्छ । यूनेस्कोले जान्नका लागि सिकाइ, केही बन्नका लागि सिकाइ, केही गर्नका लागि सिकाइ र संगै बाँच्नका लागि सिकाइलाई गुणस्तरीय शिक्षाका आधार स्तम्भका रुपमा अघि सारेको छ । त्यसैगरी यूनिसेफले गुणस्तरीय सिकारु, सिकाइ वातावरण, प्रक्रिया, उत्पादन र प्रभावलाई गुणस्तरीय शिक्षाका मानकका रुपमा उल्लेख गरेको छ । गुणस्तरीय शिक्षाका लागि बालमैत्री विद्यालय प्रारुप २०६७ ले बालमैत्री विद्यालय निर्माण गर्नका लागि १०० वटा सूचकहरु, २५ वटा न्यूनतम सक्षमता अवस्था र पाँचवटा प्राथमिकताप्राप्त न्यूनतम सक्षमताहरु हुनुपर्ने उल्लेख गरिएको छ । सामान्यतया शिक्षामा गुणस्तर भन्नाले पहिलो कुरा, परिवार र समुदायबाट सहयोग र प्रोत्साहनप्राप्त स्वस्थ्य र सिकाइका लागि उत्प्रेरक सिकारू, दोश्रो कुरा, सिकाइका लागि स्वस्थ, सुरक्षित, लैङ्गिक समतामूलक र उपयुक्त स्रोतसाधन र सुविधायुक्त वातावरण, तेश्रो कुरा, साक्षरता, जीवनोपयागी सीप र ज्ञान लगायत लैङ्गिकता, स्वास्थ्य, पोषण, सङक्रामक रोगहरूबाट बचावट गर्नका लागि सान्दर्भिक हुने पाठ्यक्रम, विषयवस्तु र शैक्षिक सामग्री, चौथो कुरा, सिकाइ सहजीकरणमा प्रवर्द्धन र विभेदको न्यूनिकरणलाई सहयोग पुग्ने गरी उपयुक्त कक्षाकोठा, विद्यालय र मूल्याङ्कन प्रणालीमा आधारित तालिमप्राप्त र दक्ष शिक्षकबाट सहजीकरण गरिएको बालकेन्द्रित शिक्षण प्रणाली र पाँचौं कुरा, शिक्षाका राष्ट्रिय लक्ष र समाजमा सकारात्मक सहभागिताको परिपूर्ति हुने गरी ज्ञान, सीप र अभिवृत्ति भएका नागरिकहरूको उत्पादन आदि पर्दछन् । समग्रमा गुणस्तरीय शिक्षा शिक्षा प्रणालीमा देखिने लगानी, प्रक्रिया र उत्पादनको समिश्रित रुप हो जसले विद्यार्थी, शिक्षक र अभिभावकलाई सन्तुष्टि प्रदान गर्दछ ।

शिक्षामा गुणस्तरलाई व्यक्ति, परिवार, समाज र राष्ट्रको दृष्टिकोणबाट पनि विश्लेषण गर्न सकिन्छ । राष्ट्रका लागि गुणस्तरीय शिक्षा अन्तर्गत विद्यार्थीको राम्रो राष्ट्रिय शैक्षिक उपलब्धि, विश्वव्यापी प्रतिस्पर्धी नागरिकको उत्पादन, विकासलाई सहयोग गर्ने, राष्ट्रियता प्रवर्द्धन गर्ने र राष्ट्रको विकासका लागि आवश्यक जनशक्ति परिपूर्ति गर्ने जस्ता पक्षहरू पर्दछन् । समाजका निम्ति गुणस्तरीय शिक्षा अन्तर्गत सहिष्णुता, सामुदायिक सद्भाव, नैतिकवान, शिष्ट, संस्कृतिको प्रवर्द्धन गर्ने, सकारात्मक सोच भएको आदि जस्ता पक्षहरू पर्दछन् । परिवारका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारमूलक, परम्पराको संरक्षण र पालना गर्ने तथा आर्थिक उपार्जन गर्ने आदि जस्ता कुराहरू पर्दछन् । त्यसैगरी व्यक्तिका लागि गुणस्तरीय शिक्षा अन्तर्गत रोजगारी, स्वतन्त्र जीवन यापन र समुन्नत चेतना जस्ता कुराहरू गुणस्तरीय शिक्षा अन्तर्गत पर्दछन् ।

लामो समयसम्म सरकार र शैक्षिक कार्यक्रमहरूको प्राथमिकता शिक्षामा सवैको पहुँच हुनुपर्ने विषयले पाएको अवस्था हो । अवका सरकार र कार्यक्रमहरूले भने पहुँचका साथसाथै गुणस्तरलाई समेत प्राथमिकतामा राखेको अवस्था छ । शिक्षालाई व्यावहारिक, रोजगारमूलक, बैज्ञानिक, जीवनोपयोगी, सान्दर्भिक, प्रतिस्पर्धी आदि जे बनाउने

भनेपनि त्यो भनेको गुणस्तरीय शिक्षा हो भन्ने कुरामा कसैलाई द्विविधा छैन । अवको सरकार र सरकारका योजना, नीति र कार्यक्रमहरूले यिनै शब्दावलीहरूको प्रयोग गर्दै शिक्षालाई सम्बोधन गरेको अवस्था छ ।

विद्यालय क्षेत्र विकास योजनाले शिक्षाको गुणस्तरलाई सम्बोधन गर्दै सिकाइको वातावरण, पाठ्यक्रम, शिक्षण सिकाइको सामग्री (पाठ्यपुस्तक लगायत), विधि, मूल्याङ्कन तथा परीक्षाको सान्दर्भिकता तथा गुणस्तरीयतामा अभिबृद्धि गराइ विद्यार्थीको सिकाइमा सुधार सुनिश्चित गर्नु पर्ने कुरामा जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले सबै तहको शिक्षालाई प्रतिष्पर्धी, प्रविधिमैत्री, रोजगारमूलक र उत्पादनमूखी बनाइ देशको आवश्यकता अनुरूपको मानव संशाधन विकास गर्ने लक्ष्य राखेको छ । विद्यार्थीको राष्ट्रिय उपलब्धि परीक्षण र विद्यालय तथा अन्य शैक्षिक प्रशासनिक निकायहरुको कार्यसम्पादन परीक्षण गर्नका लागि शैक्षिक गुणस्तर परीक्षणले कार्य गर्दै आएको अवस्था छ । विभिन्न तहको शिक्षाको गुणस्तर मापन गर्नका लागि गुणस्तर मानकहरु निर्माण गरी कार्यान्वयन गर्नुपर्ने रणनीतिहरु राष्ट्रिय शिक्षा नीति, २०७६ ले अगाडि सारेको छ ।

त्यसरी नै कर्णालीको प्रथम पञ्चवर्षीय योजनाले गुणस्तरीय शिक्षामा सुधार गर्नका लागि गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिर्श्चित गर्दै सिकाइ उपलब्धीमा उल्लेख्य सुधार ल्याइने, पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयानुकुल बनाउनका लागि सहजीकरण गर्ने र स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग गरिने तथा सबै शिक्षालयहरूमा आवश्यकता अनुसार भौतिक पूर्वाधार, दरवन्दी, तालीम प्राप्त दक्ष शिक्षकका साथै अनलाइन शिक्षाको व्यवस्था गरिनेछ भनेर रणनीतिक क्रियाकलापमा समेटेको अवस्था छ ।

शिक्षालाई गुणस्तरीय बनाउनका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले पाठ्यक्रम र मूल्याङ्कनमा समेत परिमार्जन गरेको छ । अवको शिक्षण सिकाइ र मूल्याङ्कनका क्रियाकलापहरूले शिक्षाको संज्ञानात्मक पक्षको मात्र लेखाजोखा नगरी उसको सीप, व्यवहार र अभिवृत्तिको समेत मूल्याङकन गर्ने गरी हरेक विषयमा पच्चीस प्रतिशत भार आन्तरिक मूल्याङ्कनका लागि व्यवस्था गरेको छ। मूल्याङ्कनलाई कक्षाकोठाको सिकाइमा आधारित बनाउनका लागि मूल्याङकनको केही अधिकार विषयगत शिक्षकलाई प्रदान गरिएको छ भने निर्णयात्मक मूल्याङ्कनका लागि समेत निर्माणात्मक मूल्याङकनलाई आधार मान्ने गरी पाठ्यक्रमको विकास गरिएको छ । यसका साथै शिक्षालाई जीवनोपयोगी र व्यावहारिक बनाउने सवालमा निरन्तर मूल्याङकनको पद्धति पनि अवधारणागत हिसावले प्रभावकारी पद्धति हो जसले आधारभूत तहका प्रारम्भिक कक्षाहरूमा लागू गरिएको छ। यसका साथै स्थानीय आवश्यकता अनुसारको पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नका लागि स्थानीय तहलाई अधिकार दिएको अवस्था छ । माध्यमिक तहमा प्राविधिक धारको पठनपाठन गरी शिक्षालाई उत्पादन र रोजगारमुखी बनाउने प्रयास गरिएको छ । उल्लिखित सन्दर्भहरूले शिक्षालाई गुणस्तरीय बनाउने सवालमा टेवा पुगेको देखिन्छ ।

४.५.२ चुनौति र अवसर (Challenges and Opportunities)

शिक्षामा गुणस्तरको मुद्धा दिन प्रतिदिन पेचिलो बन्दै गइरहेको देखिन्छ । त्यसकारण पनि गुणस्तरको सवालमा शिक्षामा चुनौतिहरू बग्रेल्ति छन् । नगरपालिकामा विशेषगरी गुणस्तरसँग जोडिएका चुनौतिहरूको उठान गर्दा विद्यालयहरूमा पर्यात शिक्षक दरबन्दीको व्यवस्था गर्नु, भएका दरबन्दीमा पनि विषयगत र दक्ष शिक्षक नियुक्त गरी

काममा लगाउनु, शिक्षकहरूलाई पेशागत र मनोवैज्ञानिक हिसावले तोकिएको जिम्मेवारीप्रति प्रतिबद्ध र जिम्मेवार बनाउनु र बदलिदो परिवेशमा शिक्षण सिकाइका लागि आवश्यक पर्ने अनलाइन शिक्षण सम्बन्धी सीप र दक्षताको हिसावले पनि शिक्षकहरूलाई सक्षम बनाउनु, शिक्षामा पर्याप्त लगानीका परिवेश निर्माण गर्नु र त्यसमा पनि गुणस्तरको सवालमा गरिने लगानीलाई न्यूनबाट माथि उठाउनु, बालविकासका शिक्षक र विद्यालयका कर्मचारीहरूलाई कानूनले तोकेको न्यूनतम पारिश्रमिक उपलब्ध गराउनु, शिक्षाका संरचना र पूर्वाधारहरूलाई सिकाइ र सिकारूमैत्री बनाउनु, अभिभावक एवम् शिक्षाका सरोकारवालाहरूमा गुणस्तरीय शिक्षाको सम्बन्धमा स्पष्ट वस्तुगत अवधारणाको विकास गराउनु, विद्यार्थीहरूको पारिवारीक वातावरणलाई गुणस्तरीय शिक्षाको सवालमा सहयोगी र सकारात्मक बनाउनु आदि रहेका देखिन्छन् ।

शिक्षामा गुणस्तरको सवालमा यति विघ्नबाधा र समस्याहरू हुँदाहुदै पनि केही अवसर र सम्भावनाहरू पनि छन् । तीनै तहका सरकारहरूले थोरै भए पनि शिक्षामा बजेट विनियोजन गरेकोले केही नहुनु भन्दा धेरै भएको छ । गतविगतको तुलनामा विद्यार्थीहरूका पाठ्यपुस्तकहरू समयमै उपलब्ध भएको अवस्था देखिन्छ । सरकारी र गैरसरकारी निकायहरूबाट कम्प्यूटर लगायत डिजीटल क्षेत्रमा लगानी सुरू भएको देखिन्छ । प्रविधिमैत्री शिक्षक समाज लगायत अन्य संघसंस्थाहरूबाट समेत अनलाइन शिक्षक तालिम सञ्चालन गरिएको कारण सीमित मात्रामै भए पनि शिक्षकहरूले शिक्षणसिकाइको प्रविधिमैत्री यात्रामा पाइला चालेको अवस्था छ । कर्णाली प्रदेश सरकारले समेत डिजीटल प्रदेश विकास गर्ने क्रममा कतिपय माध्यमिक विद्यालयहरूमा कम्प्यूटर ल्याव स्थापनामा सहयोग गरेको अवस्था छ । पालिकाले डिजिटल कक्षाको सुरुवात समेत गरिसकेकोछ । कतिपय विद्यालयका संरचना र भौतिक पूर्वाधारहरू गुणस्तरीय शिक्षाका निम्ति उपयुक्त हुदै गएको र हुने क्रममा रहेको अवस्था छ । यसका साथै प्रदेशका कतिपय स्थानीय तह, विद्यालय र कलेजहरूले गुणस्तरको सवालमा अनुकरणीय कार्य गरेको अवस्था पनि देखिन्छ ।

४.५.३ लक्ष्य (Goal)

नगरपालिकाको समुन्नतिमा योगदान गर्न सक्ने सक्षम नागरिक उत्पादन गर्नका लागि उपयुक्त शिक्षाको व्यवस्था गर्ने ।

४.५.४ उद्देश्य (Objectives)

योजनाको प्रस्तुत खण्डको समग्र उद्देश्य सिकारूको इच्छा, क्षमता र आवश्यकतासमेतलाई मध्यनजर राखी पालिका, प्रदेश र समग्र मुलुकको समुन्नतिमा योगदान गर्न सक्षम नागरिक उत्पादन गर्नका लागि उपयुक्त शिक्षाको व्यवस्था गर्नु रहेको छ भने भने योजनाका विशिष्ट उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. सबै प्रकारका सिकारूहरूको गुणस्तरीय शिक्षामा सहज पहुँच र सोको व्यवस्थापनका लागि आवश्यक कानुन र संस्थागत संरचनाको स्थापना गर्नु ।

२. कानूनले निर्देश गरेबमोजिम यस पालिकामा उपलब्ध अवसरहरूलाई सदुपयोग हुने गरी पाठ्यक्रम, पाठ्यपुस्तक एवम् सन्दर्भ सामग्रीहरूको विकास गर्नु ।

३. शिक्षाका भौतिक पूर्वाधारहरू लैङ्गिक समता, विद्यार्थीहरूको शारीरिक अवस्था र उनीहरूको भावना एवम् सिकाइको अनुकूल हुने गरी निर्माण गर्नु ।

४. शिक्षा प्रणालीमा भएको मूल्याङ्कन प्रणालीलाई प्रयोगात्मक, व्यावहारिक र जीवनसापेक्ष हुनेगरी परिमार्जन गरी कार्यान्वयन गर्नु ।

५. विश्व भूमण्डलीकरणलाई समेत मध्यनजर राखी पुस्तकालय, इ–पुस्तकालय, इन्टरनेट र अनलाइनमा आधारित शिक्षण सिकाइ क्रियाकलापहरूको व्यवस्थापन र विस्तार गर्नु ।

६. शिक्षकको पेशागत विकासका लागि कक्षाकोठामा आधारित चुनौतिहरूसँग समायोजन गर्दै शिक्षक प्रशिक्षण एवम् तालिम कार्यक्रमको विकास गरी कार्यान्वयन गर्नु ।

७. विद्यार्थी संख्या, कक्षा र विषयको आधारमा पेशाप्रति प्रतिबद्ध शिक्षकहरूको संख्यात्मक व्यवस्थापनलाई सुनिश्चित गर्नु ।

८. गुणस्तरीय शिक्षाप्रतिको सरोकारवालाहरूको बुझाइमा परिमार्जन र शिक्षामा उनिहरूको सहभागितालाई शैक्षिक अभिमुखीकरण र प्रशिक्षणका माध्यमबाट सुनिश्चित गर्नु ।

९. शिक्षामा सिर्जनशिलता, सांस्कृतिक सम्पत्तिहरूको संरक्षण, प्राकृतिक स्रोत र साधनको जगेर्ना एवम् उपयोग र बदलिदो विश्वपरिवेश अनुसारको शिक्षाको गुणस्तरलाई कायम गर्नका लागि सोही अनुसारको अध्ययन र अनुसन्धान लागि शिक्षामा आवश्यक प्रवन्ध गर्नु ।

१०. विद्यार्थीमा जीवनोपयोगी सीप र सक्षमता सुनिश्चितता र व्यवहार परिवर्तनका लागि प्रयोगात्मक र व्यवहार कुशल सीपको विकासका लागि दैनिक शिक्षण सिकाइ र अतिरिक्त क्रियाकलापहरूसँग जोड्नु ।

११. प्रतिभा प्रस्फुटनका लागि बालबालिकालाई पर्याप्त अभ्यास गराउनका लागि विद्यालयहरूलाई सहयोग गर्नु ।

१२. शैक्षिक सुधारका लागि आधारभूत तहका विद्यालयहरूलाई प्रधानाध्यापकको प्रस्तावना पत्रका आधारमा सहयोग गर्ने ।

४.५.५ रणनीतिहरु (Strategies)

१. शिक्षकहरूलाई पेशाप्रति प्रतिबद्ध र जिम्मेवार बनाउनका लागि उनिहरूको कार्यसम्पादनको स्तर र विद्यार्थी एवम् अभिभावकको अभिमतलाई बढुवा र प्रोत्साहन सुविधासँग आवद्ध गर्न सहजीकरण र समन्वय गर्ने ।

२. निवृत्त र अवकाशप्राप्त योग्य शिक्षकहरूको समेत रोष्टर तयार गरी शैक्षिक सुपरीवेक्षण, अनुगमन, अनुसन्धान, तालिम आदि सञ्चालन गर्ने ।

३. कानूनद्वारा नै प्रधानाध्यापकलाई शिक्षक व्यवस्थापन र परिचालनको लागि अधिकारसम्पन्न बनाउने ।

४. सूचना तथा सञ्चार प्रविधिको विकासमा भएको तीव्र विकाससँगै शिक्षण सिकाइ र प्रशिक्षणको पद्धतिमा समेत परिमार्जन गरी आमने सामने (Face to face), विद्यालयमा आधारित (School Based), मिश्रित (Blended) र अनलाइन तथा भर्चुअल (Online and Virtual) पद्धतिको अवलम्बन गर्ने ।

५. विद्यार्थी मूल्याङकन प्रणालीमा घटनामा आधारित, परियोजनामा आधारित, समूहकार्यमा आधारित र सिकारू केन्द्रित अभ्यासलाई आधार बनाउने ।

६. सिकारूको मूल्याङ्कनको आधारमा सिकारूका सिकाइका कमजोर पक्षहरू, सिकारूले थप सुधार गर्नुपर्ने पक्षहरू, शिक्षकले गर्नुपर्ने थप शिक्षण क्रियाकलापसमेत स्पष्ट हुने गरी विद्यार्थीको प्रगति विवरण कार्ड तयार गरी समयसमयमा अभिभावकलाई समेत प्रदान गर्ने ।

७. पुस्तक समीक्षा, कला तथा सिर्जना परीक्षण, कक्षाकोठामा आधारित वा सिकारूको समुदाय वा परिवारमा आधारित ससाना खोजमुलक कार्य र तिनको सङ्क्षिप्त प्रतिबेदन, मौखिक मूल्याङ्कन, सिर्जनात्मक अभ्यास आदि तरिकाहरूलाई परीक्षा र मूल्याङ्कनका साधनको रूपमा संस्थागत गर्ने ।

८. प्रविधिमा आधारित शैक्षिक सामग्री (डिजीटल शैक्षिक सामग्री) को विकास तथा प्रयोग क्रमशः बढाउदै लैजाने ।

९. आधारभूत तहको पाठ्यक्रमको पुरावलोकन गर्दा पूर्वीय दर्शन, नैतिक मूल्यमा आधारित शिक्षा, जीवनउपयोगी सीप र आधुनिक विज्ञान प्रविधिलाई सन्तुलित रूपमा समावेश गर्ने ।

१०. पाठ्यपुस्तकलाई बढीभन्दा बढी क्रियाकलापमुखी बनाउदै शिक्षकका लागि अन्य थप सामग्रीको लागि विद्यालयहरूमा पुस्तकालय वा इ-पुस्तकालयहरूको व्यवस्था गर्ने ।

११. शिक्षालयमा छात्रा र छात्रलाई छुट्टै सौचालय, पयाप्त खेल्ने ठाउ, शिक्षालयमा कम्पाउण्ड वाल तथा घेराबार, विद्यार्थीको उमेर र शारीरिक बनावट अनुसारको फर्निचर, उपयुक्त कक्षाकोठा, न्यूनतम शैक्षिक सामग्री उपलब्ध भएको सुनिश्चित गर्ने ।

१२. दुर्गम र पातलो बस्ती भएका प्राथमिक तहका कक्षा सञ्चालन भएका विद्यालयहरूमा बहुकक्षा र बहुकक्षा बहुस्तर संगठनको आधारमा पठनपाठन गर्ने ।

१३. उत्कृष्ट विद्यालयहरूलाई नमूना विद्यालयको रूपमा विकास गरी त्यस्ता विद्यालयहरूबाट अरू विद्यालयहरूले सिक्ने गरी प्रेरणादायी वातावरणको विकास गर्ने ।

१४. स्थानीय एवम् जीवनोपयोगी पाठ्यक्रमको निर्माण एवम् कार्यान्वयनको माध्यमबाट सिकाइलाई व्यवहारिक, जीवनोपयोगी, मानवमूल्यमा आधारित र स्थानीय आवश्यकतामा केन्द्रित गर्ने ।

४.५.६ उपलब्धि, नतिजा, मुख्य क्रियाकलाप र लक्ष्य (Output, Major Activities and Targets)

क) उपलब्धि (Outcomes)

सिकारूको इच्छा, क्षमता र आवश्यकतासमेतलाई मध्यनजर राखी पालिकाको समुन्नतिमा योगदान गर्न सक्ने सक्षम नागरिक उत्पादन गर्नका लागि उपयुक्त शिक्षाको व्यवस्था भएको हुने ।

ख) प्रमुख नतिजा (Key Results)

१. पालिकाको कूल बजेटको २०% बजेट शिक्षामा विनियोजन भइ कार्यान्वयन हुने ।

२. शिक्षामा लगानीको अभिबृद्धि भइ शिक्षालयबाट हुने सेवाप्रवाहमा सुधार हुने ।

३. शिक्षकहरूको पेशा मर्यादित भइ प्रतिभावान मानिसहरू यो पेशामा आकर्षित हुने ।

४. विद्यालयहरूको भौतिक पूर्वाधार सवै किसिमका बालबालिकाका शिक्षण सिकाइका लागि उपयुक्त हुने ।

५. विद्यार्थीहरूको निम्ति शिक्षालय रमाइलो थलो र सिकाइ रमाइलो कार्यको रूपमा विकास हुने ।

६. पालिकाका शिक्षक र सिकारू अनलाइन मार्फत विश्वसमुदायमा सामेल भइ शिक्षण सिकाइ गर्न सक्षम हुने ।

७. बालबालिकाका लागि घरायसी वातावरण सिकाइका निम्ति प्रेरणादायी हुने ।

८. बालबालिकाका सिकाइको स्तर उच्च हुने ।

९. अध्ययन पश्चात बाञ्छनीय क्षमताका कारण विद्यार्थीहरूले कामको बजारमा अवसर प्राप्त गर्ने ।

१०. फरक परिस्थिती र वातावरणमा बालबालिकाहरू सजिलैसँग घुलमिल हुने ।

ग) प्रमुख क्रियाकलाप र लक्ष्य (Major Activities and Target)

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		

१	आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गर्ने कार्यक्रम	संख्या	२	४				४	४	
२	शिक्षामा कुल बजेटको कम्तीमा बीस प्रतिशत हुने	प्रतिशत	१०	१२.५	१५	१७.५	२०	२०	२०	
३	शिक्षकहरूको तलव भत्तामा अन्य कर्मचारीहरूको भन्दा १० प्रतिशतले बृद्धि गर्ने कार्यक्रम	निरन्तर	V	V	V	V	V	V		
४	क्लाउड प्रविधि मार्फत शिक्षाका प्रतिवेदन र तथ्याङ्क प्रणाली र शिक्षण सिकाइमा सुधार तथा सुदृढ गर्ने कार्यक्रम	पद्धति	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
५	कानूनमा व्यवस्था गरी प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार र आफ्ना शिक्षक र कर्मचारीका निम्ति अधिकार सम्पन्न गराउने कार्यक्रम	प्रअ सङ्ख्या	२४	३५	६०	६०	६०	६०	६०	
६	विद्यालयहरूमा पुस्तकालय तथा इ-पुस्तकालय स्थापना र सञ्चालन	विद्याल य		२४	३५	६०	६०	६०	६०	
७	शिक्षण संस्थाहरू भौतिक पूर्वाधारको हिसावल सम्पन्न बालबालिकामैत्री लैङ्गिकमैत्री र अपाङ्गमैत्री बनाउने कार्यक्रम	शिक्षण संस्था सवै	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
८	सवै विद्यालय र विद्यार्थीहरूका लागि गुणस्तरीय पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरूको उपलब्धता सुनिश्चित गर्ने कार्यक्रम	सवै विद्यार्थी	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		
९	दुर्गम र पातलो बस्ती भएका क्षेत्रहरूमा तल्लो तहका विद्यालयहरू सञ्चालन गरी बहुकक्षा शिक्षण	विद्याल य	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	
१०	प्रत्यक वडामा कम्तिमा एकवटा नमूना विद्यालय स्थापना	विद्याल य	१	५	१०	१६	१६	१६	१६	

४.६ दिवा खाजसहित विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

(Health and Nutrition Programme with Mid Day Meal)

४.६.१ परिचय (Introduction)

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ। स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ। सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ।

नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका प्राथमिक विद्यालयमा विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ वरावरको खाजा खुवाउन थालिएको छ। सो कार्यक्रमलाई शैक्षिक सत्र २०७९ देखि कक्षा ६ र क्रमशः कक्षा ७ र ८ मा निरन्तरता दिदै लैजाने सरकारको नीति रहेको छ।

यस नगरपालिकाका पूर्व प्राथमिक देखि कक्षा ५ सम्मका करिब ८ हजार बालबालिकाहरूलाइ एक शैक्षिक सत्रमा बढीमा १८० दिनका लागि दैनिक रु. १५ का दरले रकम निकासा भएर कार्यक्रम कार्यान्वयन निर्देशिका र सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि, २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ। नगरपालिकाको सवै माध्यमिक र केहि आधारभूत विद्यालयहरूमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन्। प्राथमिक विद्यालयको हकमा नगन्य रूपमा छात्रा शुलभ शौचालय रहेको अवस्था छ। कक्षा ६ देखि १२ सम्म अध्यनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि गतवर्षदेखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई चालू आर्थिक वर्षदेखि प्रभावकारी बनाउदै लगिएको छ। सबै विद्यालयका लागि प्राथमिक उपचार सामग्रीको बाकस, सामुदायिक तथा संस्थागत विद्यालयहरुका सम्पूर्ण किशोरीहरका लागि निशुल्क आइरन चक्की प्रदान गरिए पनि नगरपालिका अन्तरगत रहेका ६० वटा विद्यालय मध्ये हालसम्म २२ वटा माध्यमिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिएको र यसलाई प्रभावकारी वनाउने प्रयास गरिएको छ।

४.६.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

सबै आधारभूत तथा माध्यमिक विद्यालयमा अ.न.मि. र स्टाफ नर्सको व्यवस्था गर्ने, दिवा खाजा, स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्ने, उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने, दिवा खाजाका लागि खाना टोकरी तथा मेनु विकासलगायत

पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्ने, विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने, विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानुनी प्रबन्ध गर्ने, विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत गर्ने तथा सबै विद्यालयमा Wash सुविधासहितको शुलभ शौचालय निर्माण एवं सञ्चालन गर्ने विषय चुनौतिपूर्ण छन् ।

नेपालको पन्ध्रौं योजनाले दिवा खाजा कार्यक्रमलाई रणनीतिक दस्तावेजमा राखी बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजा सहितको स्वास्थ्य र पोषण कार्यक्रमलाई अन्तरसम्बन्धित अवधारणाको रूपमा अघि सार्नु, सोहि योजनाले एक विद्यालय एक स्वास्थ्य कार्यकर्ताको व्यवस्था गर्नु, विद्यालयहरूमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४ ले उल्लेख गरेअनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानीसहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्याअनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरण मैत्री शौचालय, वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थसहितको भान्सा/खाजा घर, विपद जोखिम व्यवस्थापन, सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरू केही मात्रामा गरिदै गएका छन् । बालबालिकाकाको विद्यालयमा पहुँच, भर्ना दर तथा लैङ्गिक समानता सूचकजस्ता सङ्ख्यात्मक शैक्षिक उपलब्धिहरूमा सुधार गरी विद्यार्थीको टिकाउ दर वढाउन सकिने उल्लेखित कार्यकलापले अवसर समेत प्रदान गरेको छ ।

४.६.३ लक्ष्य (Goal)

विद्यालय उमेर समूहका सबै वालबालिकाहरूलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार गरी विद्यालयमा टिकाउनका साथै रमाइलो बातावरणमा पूर्ण सहभागिताको सुनिश्चित गर्ने ।

४.६.४ उद्देश्य (Objectives)

१) विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु ।

२) विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु ।

३) विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सकारात्मक व्यवहारलाई प्रोत्साहन गर्नु र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

४.६.५ रणनीतिहरु (Strategies)

१) बालबालिकाको लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाँडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गरिने छ ।

२) दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गरिने छ । विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारका रूपमा स्थापित गराइने कानुनी प्रबन्ध गरिने छ ।

३) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गरिने छ ।

४) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू (भिटामिन ए र आइरन फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताको लागि स्यानीटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाइनका साथै विद्यालयमा सेनीटरी प्याड डिस्पोजेयवल इन्सीनेटरको व्यवस्था गरिने छ ।

५) विद्यालयमा स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय र सहयोगमा संयुक्त कार्य योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

६) दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइने छ ।

७) सम्पूर्ण सामुदायिक विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम लागू गरिनेछ ।

८) विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम लागू गरिनेछ ।

९) विद्यार्थीलाई प्रति विद्यार्थी रु १५ वरावरको खाजा अप्रयाप्त हुने भएको भएकोले वीरेन्द्रनगर नगरपालिकाले रु ५ र अभिभावकबाट रु ५ गरी रु २५ बराबरको पोषण युक्त खाजा व्यवस्थापन गर्ने ।

४.६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

क) उपलब्धि (Outcomes)

१) विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

ख) प्रमुख नतिजाहरू (Key results)

१) विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्ने कानुनी प्रबन्ध हुने ।

२) दिवा खाजालगायत स्वास्थ्य तथा पोषण तीनै तह र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन हुने गरी कानुनी मान्यता सहितको नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुने ।

३) प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तहमार्फत विद्यालयबाट प्राप्त हुने र जंक फुडलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।

४) सामुदायिक माध्यमिक विद्यालय र संस्थागत विद्यालयका सबै कक्षाका विद्यार्थीहरूले अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने ।

५) विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरिहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने ।

६) विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू किशोरीहरूको मासिक महिनावारीमा स्यानेटरी प्याड वितरण र डिस्पोजेयवल इन्सीनेटरको व्यवस्था भएको हुनेछ ।

७) विद्यालयमा विद्यर्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने ।

८) विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम लागू गरी पूर्ण सरसफाईका सूचकहरु पूरा भएको हुनेछ ।

ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य (Major Activities and Target)

क्र. स.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (पहिलो ५ वर्ष)						भौतिक लक्ष्य (पहिलो १० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		

१	स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध आधारभूत तहसम्म	विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	
२.	स्वास्थ्य तथा पोषण सम्वन्धि तालिम, प्रचार प्रसार र मेनु तयारी र अन्य क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन	पटक		१				१	४	
३.	एक विद्यालय एक नर्श व्यवस्था	विद्यालय	२४	३५	६०	६०	६०	६०	६०	
४	विद्यालयमा विद्यार्थीको आवधिक स्वास्थ्य जाँच	विद्यालय	२४	३५	६०	६०	६०	६०	६०	
५	आँखा जाँच	विद्यालय	२४	३५	६०	६०	६०	६०	६०	
६.	जुकाको ओषधि र आइरन चक्कीको व्यवस्थापन	विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	
७.	विद्यालयहरुलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन	विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	
८.	विद्यालयमा स्वास्थ्य, पोषण र किशोरीहरुका लागि महिनावरी स्वच्छतासम्बन्धी शिक्षा	विद्यालय	३५	३५	३५	३५	३५	३५	३५	
९	किशोरीहरुलाई महिनावरी स्वच्छताको लागि निशुल्क स्यानिटरी प्याडको व्यवस्था र वितरण	विद्यालय	३५	३५	३५	३५	३५	३५	३५	
१०	विद्यालयम स्यानिटरी प्याड डिस्पोजलका लागि इन्सीनेटरको व्यवस्था	विद्यालय	३५	३५	३५	३५	३५	३५	३५	

११	प्रत्येक कक्षाकोठामा हाइजिन किटको व्यवस्था	विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	
१२	विद्यार्थी र विद्यालयको अगुवाईमा स्मार्ट विद्यालय कार्यक्रम	विद्यालय	६०	६०	६०	६०	६०	६०	६०	

४.७ विद्यालय भौतिक पूर्वाधार विकास

(School Infrastructure Development)

४.७.१ परिचय (Introduction)

बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गमिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ ।

वीरेन्द्रनगर नगरपालिकामा हाल ६० वटा सामुदायिक विद्यालय रहेका छन् । सामुदायिक विद्यालयहरुमा करिब २०० को हाराहारीमा विद्यालय भवन रहेकामा केही भवन मात्र पक्की छन् । ती भवनहरूमा करिब ७०० कक्षाकोठा सञ्चालनमा रहेका छन् भने २०० ओटा कोठा नपुग रहेको तथ्याङ्क रहेको छ । प्रधानाध्यापका लागि बेग्लै कोठा जम्मा करिब सबै विद्यालयमा देखिन्छ भने २० विद्यालयमा अलग्गै कम्प्युटर ल्याब, विज्ञान ल्याब र पुस्तकालयको कोठा रहेको छ । सबै विद्यालयमा गरी जम्मा शौचालयको सङ्ख्या १३० रहेकोमा धेरे जसोमा पानीको राम्रो आपूर्ति भएको देखिदैन ।

संघीयता कार्यान्वयन भन्दा अघि तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट विद्यालय शिक्षामा भौतिक पूर्वाधारको काम हुदै आएकोमा उक्त कार्यको कार्यान्वयनको जिम्मेवारी स्थानीय तहको रहेको छ भने निर्माणको मापदण्ड तथा आधार संघीय तहबाट हुँदै आएको छ । गत आर्थिक बर्षदेखि राष्ट्रपति शैक्षिक सुधारमार्फत विद्यालयमा कक्षाकोठा र सूचना प्रविधि ल्याब स्थापना गर्ने कार्यक्रम सञ्चालनमा छ । यसबाट योजना र कार्यान्वयनमा तालमेल मिलाउन र सूचना प्राप्त गर्न चुनौती भइरहेको छ ।

विद्यालयका प्राथमिकता प्राप्त सक्षमता (PMEC) भित्र रहेको कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालयसमेत हालसम्म पूर्ण हुन सकेको छैन भने शैक्षिक सत्रको सुरुवातसंगै बालबालिकाको हातमा पाठ्यपुस्तक उपलब्ध गराउन सकिएको छैन । आधारभूत तहमा लागू भइरहेको स्थानीय पाठ्यक्रमको पाठ्यपुस्तक कक्षा १ देखि ३ सम्म मात्र निर्माण गरी विद्यार्थीलाई उपलब्ध गराइएको छ । आधारभूत तहमा पढाइ कुना निर्माण गर्ने कार्यले खासै प्राथमिकता

पाउन सकेको छैन । विद्यालय निर्माणका लागि हालसम्म अवलम्बन गरिएका पद्धतिमा लागत अनुमानमा एकरुपता कायम हुन सकेको छैन । चार कोठाको भवन बनाउदा संघीय सरकारबाट प्राप्त हुने बजेटले नगरपालिकाको सबै विद्यालयमा समान नाप र गुणस्तरको भवन निर्माण गर्ने कार्य सोचनीय छ। प्रदेश सरकारबाट प्राप्त भौतिक पूर्वाधार सम्बन्धी कार्यक्रमहरु मागमा आधारित नहुँदा झनै समस्या भएको छ। विद्यालयमा भवन निर्माण गर्ने सिलसिलामा भवन आचार संहिताको पूर्ण रुपमा पालना नभएका कारण धेरैजसो विद्यालयहरू अपाङ्गतामैत्री र विपद्प्रतिरोधी बन्न सकेका छैनन् । समग्रमा विद्यालयको पूर्वाधार विकासमा तीन तहका सरकार र विकास साझेदार निकायहरुबीचको समन्वय र सहकार्य अपेक्षित रुपमा प्रभावकारी र नतिजामूलक बन्न सकिरहेको छैन ।

४.७.२ चुनौति र अवसर (Challenges and Opportunities)

विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट पार्नु, पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु, सुरक्षित विद्यालयका भौतिक पूर्वाधारका लागि उययुक्त मापदण्ड र मोडालिटी विकास गर्नु, सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि गुरुयोजना विकास गर्नु, आवश्यक स्रोतको व्यवस्थापन गर्नु, पूर्वाधारहरूलाई अपाङ्गता र लैङ्गिक मैत्री बनाउनु आदि पूर्वाधारसंग सम्बन्धि चुनौतिहरु हुन् ।

तीनवटै तहका सरकार तथा विकास साझेदार संस्थाहरुले विद्यालयको पूर्वाधारको क्षेत्रमा लगानी गर्नु, वीरेन्द्रनगर नगरपालिका कर्णाली प्रदेशको राजधानीमा अवस्थित रहनु, विद्यालयको सिकाइ वातावरण निर्माण गर्ने सवालमा सबैको साझा प्रतिबद्धता रहनु आदि यस विषयका क्षेत्रमा देखिएका अवसरहरु हुन् ।

४.७.३ लक्ष्य (Goal)

सुरक्षित विद्यालय निर्माण गरी बालबालिकालाई सिकाइ अनुकूलको वातावरण सुनिश्चित गर्नु ।

४.७.४ उद्देश्य (Objectives)

१. सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु ।

२. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड सहितको गुरुयोजनाको विकास र कार्यान्वयन गर्नु ।

३. गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवं जवाफदेही प्रणालीको विकास गर्नु ।

४.७.५ रणनीतिहरु (Strategies)

१. विद्यालयको तह, विद्यार्थी सङ्ख्या र लागतका आधारमा विद्यालयमा आवश्यक पर्ने पूर्वाधार विकासको मापदण्ड र गुरुयोजना निर्माण गरिने छ ।

२. विद्यालयको समग्र पक्षमा सुधार ल्याउनका लागि नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

३. नगरपालिकामा सञ्चालन भएका विद्यालयहरुमा पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार, विकास साझेदार एवम् नगरपालिकाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरिने छ ।

४. एक माध्यमिक विद्यालय एक पुस्तकालय, एक विज्ञान प्रयोगशाला र सूचना प्रविधि प्रयोगशाला तथा एक आधारभूत विद्यालय एक पढाइ कुना निर्माण गरिने कार्यलाई प्राथमिकता दिइनेछ ।

५. विद्यालय पूर्वाधार विकासका लागि संघ र प्रदेश सरकार तथा विकास साझेदार तथा विभिन्न संघसंस्था एवं निकायहरूसँग लागत साझेदारी गरिने छ ।

६. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक निर्माणको गर्ने गरी विद्यालय सम्पूर्ण निर्माणको अवधारणा कार्यान्वयन गरिने छ ।

७. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय (विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर), भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन गरिने छ भने निर्माण भइसकेका विद्यालयहरूमा थप सरचनाको योजना एकै पटक गरिने छ ।

८. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिने छ ।

९. जस्ता पाता भएका विद्यालयका छाना विस्थापित गरी छात्रामैत्री र अपांगमैत्री पूर्वाधार विकास गरिने कार्यलाई प्राथमिकता दिइने छ ।

४.७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु (Output, Key Result, Major Activities and Target)

क) उपलब्धि (Output)

१. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुने ।

ख) नतिजा (Key Results)

१. विद्यालय शिक्षाअन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक मापदण्ड तथा गुरुयोजना निर्माण भएको हुने ।

२. नगरपालिकामा नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम सञ्चालन भएको हुने ।

३. पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीमा लागत साझेदारीको मोडालिटी अवलम्बन भएको हुने ।

४. नगरपालिकाका सबै विद्यालयहरूमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार भएको हुने ।

५. एक विद्यालय सम्पूर्ण पूर्वाधार (A School with Complete Infrastructure) को अवधारणाअनुसार पूर्वाधार विकास भएको हुने ।

६. विद्यालयहरूमा अपाङ्गता एवम् छात्रामैत्री संरचना व्यवस्था भएको हुने ।

७. सबै माध्यमिक विद्यालयहरुमा पुस्तकालय र प्रयोशालाहरु तथा आधारभूत विद्यालयहरुमा पढाइ कुना भएको हुने ।

८. विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भारका लागि नियमित पद्धति विकास भएको हुने ।

ग) क्रियाकलाप तथा लक्ष्य

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	कैफियत
			१	२	३	४	५	जम्मा		
१	विद्यालय शिक्षा अन्तर्गत विकास एवं विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप र मापदण्ड तयार गर्ने	पटक	१					१	२	नगरपालिका
२	नगरस्तरीय विद्यालय पूर्वाधार विकास गुरु योजना निर्माण	पटक		१				१	२	नगरपालिका
३	लागत साझेदारीमा विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम	पटक	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	संघ र प्रदेश सरकार तथा गैरसरकारी संस्थाहरु

										एवम् नगरपालिका
४	एक विद्यालय सम्पूर्ण पूर्वाधार (A School with Complete Infrastructure) अनुरूप भौतिक पूर्वाधारको विकास गर्ने	विद्यालय सङ्ख्या		१	१	१	१	४	१०	संघ र प्रदेश सरकारको सहयोगमा नगरपालिका
५	जस्ता पाता विस्थापन गर्ने कार्यक्रम	विद्यालय	१०	१०	१०	१०	१०	५०	सबै	तीन तहका सरकार र साझेदार संस्थाहरु
६	अपाङ्गतामैत्री र लैङ्गिक मैत्री संरचनाको विकास	विद्यालय सङ्ख्या		१	१	१	१	५	१०	तीन तहका सरकार र साझेदार संस्थाहरु
७	विद्यालयहरूमा बनेका संरचनाको सम्बर्धन तथा मर्मत सम्भार	विद्यालय सङ्ख्या	१०	१०	१०	१०	१०	५०	सबै	नगरपालिका र साझेदार संस्थाहरु
८	नगर प्रमुख शैक्षिक सुधार कार्यक्रम	विद्यालय संख्या		२	२	२	२	८	१५	नगरपालिका
९	एक माध्यमिक विद्यालय एक पुस्तकालय, विज्ञान प्रयोगशाला	विद्यालय संख्या	५	५	५	५	५	सबै	सबै	संघ प्रदेश र नगरपालिका को साझेदारीमा

	र सूचना प्रविधि ल्याब									
१०	एक आधारभूत विद्यालय एक बुक कर्नर	विद्यालय संख्या		५	५	५	५	२०	सबै	संघ प्रदेश र नगरपालिका को साझेदारीमा
११	स्यानिटरी प्याड डिस्पोज गर्ने स्थल निर्माण	विद्यालय	५	१०	१०	१०	१०	४५	सबै	तीन तहका सरकार र साझेदार संस्थाहरु
१२	दिवा खाजा बनाउने कोठाको निर्माण	विद्यालय		५	५	५	५	२०	सबै	तीन तहका सरकार र साझेदार संस्थाहरु
१३	छात्रामैत्री र अपांगमैत्री शौचालयको निर्माण तथा मर्मत	विद्यालय	५	५	५	५	५	२५	सबै	तीन तहका सरकार र साझेदार संस्थाहरु

परिच्छेद : पाँच

संस्थागत संरचना र क्षमता विकास

(Institutionalized Structure and Capacity Development)

५.१ परिचय (Introduction)

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गर्ने शैक्षिक सेवालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सङ्गठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रकिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार; ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास; सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ ।

वीरेन्द्रनगर नगरपालिकामा रहेका विभिन्न शाखाहरूमध्ये शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । एक जना उपसचिव, एक जना आठौं अधिकृत, एकजना छैटौं अधिकृत, एक जना अपरेटर, एक जना अधिकृत तथा एकजना ज्यालादारी कार्यालय सहयोगीले यो संरचनामा रहेर काम गरिहेका छन् । विशेष शिक्षाको लेखाजोखा केन्द्र संयोजकले पनि यस नगरपालिकामा सचिवालय स्थापना गरी कामकाज गरिरहेको अवस्था हो । शाखाले स्वायत्त भएर कुनै कार्यक्रमहरू सञ्चालन गर्न पाएको छैन । शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण र निरीक्षक तथा अन्य आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन नहुँदा अपेक्षाकृत रूपमा सेवा प्रवाह जनमुखी र व्यवस्थित बन्न सकेको छैन । विद्यालय अनुगमन तथा सुपरीवेक्षणको पाटो त लगभग शून्यझै छ भने अन्य शाखाहरूमा पाँचौं, छैठौं, सातौं र आठौं तहका कर्मचारीहरूले नेतृत्व गरेकोमा यस शाखामा प्रमुख प्रशासकीय अधिकृत सरहका कर्मचारीले नेतृत्व गर्दा नगरपालिकाको समग्र कर्मचारी परिचालन तथा व्यवस्थापनमा पनि चुनौति देखिएको छ ।

सबै विद्यालयहरूमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन् । सबै विद्यालयहरूमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक एक जना विद्यालय सहायकको व्यवस्थापन गरिएको छ । विगतको बर्षदेखि ६ वटा विद्यालयहरुमा खेलकुद प्रशिक्षकको व्यवस्था गरिएको छ । प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रूपमा बस्न सकेको पाइदैन । सबै विद्यालयहरूले सामाजिक परीक्षण र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन् । विद्यालयमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाई संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफलजस्ता पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरेको देखिदैन ।

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ ।

विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले नगरपालिकाले कार्यान्वयनमा ल्याएको ऐनअनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू सरोकारवालाहरूबाट आइरहेका छन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनबमोजिम तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालय (सुर्खेतको सन्दर्भमा शिक्षा विकास निर्देशनालय) को

स्थापना गर्दा शिक्षा प्रशासनका निकायहरू एकातिर कामविहिन भएको पाइन्छन् भने अर्कोतिर तीनवटै तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य र सहसम्बन्ध कमजोर भएको देखिन्छ ।

५.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

नगरपालिकामा शिक्षा हेर्ने निकायको पुनर्संरचना र वैज्ञानिक ढङ्गले व्यवस्थापन गर्नु, शिक्षा सेवा र अन्य सेवाका जनशक्तिहरूको उचित व्यवस्थापन गरी नतिजामूलक ढङ्गले परिचालन गर्नु, विद्यालयमा सुशासन कायम गर्नु, विद्यालय लेखा प्रणालीलाई व्यवस्थित गर्नु, नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास गर्नु, प्रधानाध्यापकमा नेतृत्व सीप लगायत प्रशासनिक क्षमताको विकास गर्नु, शिक्षक र विद्यार्थीको आचारसंहिता पालना गराउनु र विद्यालयहरूमा कर्मचारीहरूको उचित व्यवस्थापन गरी उनीहरूको क्षमता विकास गर्नु यस क्षेत्रसँग सम्बन्धित चुनौतिहरू हुन् ।

नेपालको संविधानले आधारभूत र माध्यमिक शिक्षाको अधिकार स्थानीय तहलाई प्रदान गरेको, उपसचिवको नेतृत्वमा दरबन्दी तेरिज बनाइएको, नगरपालिकाको शिक्षा ऐन कार्यान्वयनमा आएर सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको गठन भई क्रियाशील भएको, अधिकांश विद्यालयहरूमा योग्यता पुगेका प्रधानाध्यापकहरू भएको, शिक्षक र कर्मचारीको क्षमता विकासका लागि मानव संशाधन विकास केन्द्रले सहयोग प्रदान गरेको आदि समग्र शिक्षा क्षेत्रको संस्थागत र क्षमता विकासका लागि अवसरहरू रहेका छन् ।

५.३ उद्देश्य (Objectives)

यस योजनामा सुशासन प्रबर्धनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नअनुसार रहेका छन :

१) नगरपालिकास्तरमा शिक्षा क्षेत्र हेर्ने निकायको पुनर्संरचना र क्षमता विकास गर्नु ।

२) शिक्षक र विद्यालय कर्मचारीलाई कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रति जवाफदेही हुन प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्नु ।

३) विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने पदाधिकारी, कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु ।

५.४ रणनीतिहरु (Strategies)

१) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई पुनर्संरचना गरेर वीरेन्द्रनगर शिक्षा विभाग तथा युवा तथा खेलकुद शाखा स्थापना गरी सो अनुसारको संरचनालाई कार्यान्वयनमा ल्याउनका लागि आवश्यक पर्ने नीति तर्जुमा गरी लागू गरिनेछ ।

२) विशेष शिक्षा र समाहित शिक्षा सञ्चालन भएको विद्यालयको संस्थागत क्षमता अभिबृद्धि गरिनेछ ।

३) नगरपालिकास्तरमा विषयगत रूपमा कम्तिमा पाँच जना रोष्टर विज्ञहरु करारमा व्यवस्थापन गरी शिक्षक सहायता प्रणाली स्थापना गरिनेछ ।

४) प्रारम्भिक बालविकास कक्षासहित सबै प्रकारका विद्यालयहरूको संस्थागत विकास गरिनेछ ।

५) सामुदायिक विद्यालयमा योग्यता पुगेका प्रधानाध्यापकको व्यवस्थापन गर्नुका साथै प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

६) प्रत्येक विद्यालयमा एक जना सहायक प्रधानाध्यापक रहने, एकजना महिला शिक्षकलाई लैङ्गिक सम्पर्क व्यक्ति तोक्ने र प्रत्येक शिक्षकलाई कम्तिमा कुनै एउटा जिम्मेवारी लिएको सुनिश्चित हुने गरी परिचालन गर्ने संयन्त्रको विकास गरिनेछ ।

७) नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सामाजिक परीक्षण समिति, सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समिति आदिमा रहने पदाधिकारीहरूको क्षमता विकास गरिनेछ ।

८) संस्थागत विद्यालयहरूसँग समन्वय गरी संस्थागत विद्यालयका प्रधानाध्यापक तथा कर्मचारीको क्षमता विकास गर्नमा सहजीकरण गरिनेछ ।

९) विद्यालयको कार्यसम्पादन परीक्षणका न्यूनतम मापदण्डहरू विकास गरी कार्यान्वयनमा लगिनेछ । प्रत्येक वर्ष तहगत रूपमा विद्यालय अनुशासनको पाटोमा उत्कृष्ट हुने विद्यालयलाई उत्कृष्ट विद्यालयको नाममा पुरस्कृत गरिनेछ ।

१०) संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण गर्नका लागि आवश्यक न्यूनतम मापदण्डको विकास गरी स्तरीकरण गरिनेछ ।

११) नगरपालिकामा उत्कृष्ट काम गर्ने कुनै एउटा प्रारम्भिक बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र, आधारभूत र माध्यमिक विद्यालयलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

१२) नगरपालिकास्तरमा पेडागोजीकल सुपरभाइजरको व्यवस्थापन गरी नतिजामुलक विद्यालय सुपरीवेक्षण प्रणाली लागू गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

१३) बर्षमा उत्कृष्ट काम गर्ने कुनै एक जना बाल विकास शिक्षक, तहगत रुपमा शिक्षक, प्रधानाध्यापक, कर्मचारी र शिक्षा विकास कोषमा उच्च योगदान गर्ने लगानीकर्तालाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।

५.५ उपलब्धि नतिजा, प्रमुख क्रियाकलाप (Outcomes, Key Results and Major Activities)

क) उपलब्धि (Outcomes)

१) शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने ।

ख) प्रमुख नतिजाहरू (Key results)

१) शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापनमा सहभागी हुने सबै निकाय तथा जनशक्तिको क्षमता विकासमा सुधार भएको हुने ।

२) शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक तथा समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक, प्रभावकारी तथा कुशल भएको हुने ।

३) नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई पुनर्संरचना गरेर वीरेन्द्रनगर शिक्षा विभाग स्थापना भई पुनर्संरचना भएको हुने ।

४) विशेष विद्यालय र समाहित शिक्षा सञ्चालन भएको विद्यालयको संस्थागत क्षमता विकास भएको हुने ।

५) नतिजामा आधारित विद्यालय सुपरीवेक्षण प्रणाली विकास भई शिक्षक सहायता प्रणाली स्थापना भएको हुने ।

६) सबै प्रकारका विद्यालयहरूको संस्थागत विकास भएको हुने ।

७) प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता विकास भएको हुने ।

८) विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको कार्य जिम्मेवारी तोकिएको हुने ।

९) विभिन्न समितिमा रहेका पदाधिकारीहरूको क्षमता विकास भएको हुने ।

१०) विद्यालयको वार्षिक रूपमा कार्यसम्पादन परीक्षण भएको हुने ।

११) संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण भएको हुने ।

१२) नगरपालिकामा उत्कृष्ट हुने विद्यालय, प्रधानाध्यापक, शिक्षक, कर्मचारी र लगानीकर्ता पुरस्कृत भएको हुने ।

ग) प्रमुख क्रियाकलाप र लक्ष्य (Major Activities and Targets)

क्र.सं.	प्रमुख क्रियाकलापहरू	इकाइ	भौतिक लक्ष्य (५ वर्ष)						भौतिक लक्ष्य (१० वर्ष)	जिम्मेवार पक्ष
			१	२	३	४	५	जम्मा		
१	आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास गरिने।	सङ्ख्या	१					१	२	संघ, प्रदेश तथा स्थानीय तह
२	विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने	विद्यालय	६०	६०	६०	६०	६०	३००	३००	

३	प्रधानाध्यापकलाई कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेवार बनाउने	विद्यालय	६०	६०	६०	६०	६०	३००	३००	
४	वीरेन्द्रनगर शिक्षा विभागको स्थापना गरिने	नगरपालिका	१					१	१	
५	संस्थागत विद्यालयको वर्गीकरण र स्तरीकरण गरिने	विद्यालय	१०	२०	सबै			सबै	सबै	
६	पदाधिकारीहरुको क्षमता विकास गरिने	सङ्ख्या		५०	५०	५०	५०	२००	५००	
७	प्रधानाध्यापक र कर्मचारीको क्षमता विकास गरिने	सङ्ख्या		१००	१००	१००	१००	४००	१०००	
८	बर्षमा उत्कृष्ट विद्यालय, प्र.अ., शिक्षक, कर्मचारी, बाल विकास शिक्षक र लगानीकर्तालाई पुरस्कृत गर्ने	संख्या	१/१	१/१	१/१	१/१	१/१	६०	१५०	

परिच्छेद : छ

लगानी र श्रोत व्यवस्थापन

(Invesment and Resource Management)

६.१ परिचय (Introduction)

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान गरी समृद्ध राष्ट्र निर्माण तथा उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधनको विकास गर्न शिक्षामा लगानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लगानी व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रूप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ । ती तीन पक्षहरूमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो, सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चितता र तेस्रो, स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

नेपालमा राज्यबाट शिक्षामा गरिने लगानीलाई नेपाली समाजको आकाङ्क्षा तथा आवश्यकता, विश्वव्यापी मान्यता, दिगो विकासको लक्ष्यका लागि शिक्षाको योगदान, अन्तर्राष्ट्रिय समुदायको चासो र चिन्ता इत्यादि पक्षलाई ध्यानमा राखी व्यवस्थापन गरिदै आएको छ । यसलाई विभिन्न नीतिगत दस्तावेजहरूले आधार प्रदान गरेका छन् । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रूपमा लिई आधारभूत शिक्षा अनिवार्य र निःशुल्क एवम् माध्यमिक शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ । उक्त मौलिक हक कार्यान्वयन गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ जारी भएको छ भने उक्त ऐन कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७ पनि स्वीकृत गरेको छ । संवैधानिक एवम् कानुनी प्रावधानअनुसार विद्यालय शिक्षामा समतामूलक पहुँच सहितको गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि आवश्यक स्रोतको खोजी, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी व्यवस्था गर्नु आवश्यक छ ।

संवैधानिक व्यवस्थाबमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र निजीक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्बन्धमा सशर्त अनुदान, समानीकरण अनुदान, समपूरक अनुदान, विशेष अनुदान र

आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ। समानीकरण अनुदानको हकमा प्राकृतिक तथा वित्त आयोगको सिफारिसमा संघीय सरकारबाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपूरक अनुदानको राष्ट्रिय योजना आयोगबाट वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्थापन हुँदै आएको छ । सशर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पूरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा स्थानीय र प्रदेश तहबाट हाल अभ्यास भएको देखिदैन । सङ्घीय सरकारबाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक स्थानीय तथा प्रदेश तहको आफ्नै स्रोतमा आधारित बजेट पनि शिक्षा क्षेत्रमा सम्बन्धित तहले विनियोजन गर्न सक्दछ । शिक्षामा राज्यको पर्याप्त लगानी समतामूलक र न्यायपूर्ण समाज व्यवस्था विकासका लागि महत्वपूर्ण पक्ष हो ।

वीरेन्द्रनगर नगरपालिकाको सन्दर्भमा यहाँको शिक्षा क्षेत्रको विकासका लागि करिब ९० प्रतिशत रकम सङ्घीय सशर्त बजेटबाट नै प्राप्त हुने गर्दछ । केही रकम नगरपालिकाले वित्तीय समानीकरण अनुदानबाट विनियोजन गर्दछ भने थोरै मात्रामा कर्णाली प्रदेश सरकारबाट शिक्षा क्षेत्रको लागि बजेट प्राप्त भएको अवस्था छ। वर्षेनी बजेट अपर्याप्त हुँदा शिक्षक र कर्मचारीको समेत तलब भत्ता निकासा गर्न समेत मुस्किल परिरहेको अवस्था छ। सङ्घीय सरकारबाट प्राप्त हुने बजेट करिब ९९ प्रतिशत रकम तलब भत्ता र अनुदान रहेकाले नगरपालिकाको शैक्षिक गुणस्तर उन्नयनको पाटोमा उक्त रकम निःशर्त परिचालन गर्न सक्ने अवस्था रहदैन । नगरपालिकाले पनि कुल बजेटको करिब १० प्रतिशतको हाराहारीमा शिक्षा क्षेत्रको लागि वर्षेनी बजेट विनियोजन गरिरहेको छ । उक्त रकमध्ये ७५ प्रतिशत बजेट नगरपालिकाले सिर्जना गरेको शिक्षक, खेलकुद प्रशिक्षक, कर्मचारी, बालविकास शिक्षकको पारिश्रमिक तथा प्रधानाध्यापक र कर्मचारीको प्रोत्साहनमा खर्च हुने गरेको छ। नगरपालिकाको समग्र शैक्षिक गुणस्तरमा अपेक्षा गरेबमोजिम लगानी गर्न सकिएको अवस्था देखिदैन ।

६.२ चुनौति र अवसरहरु (Challenges and Opportunities)

शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगानी बृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने, संघीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड र वित्तीय स्रोत

हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने, संवैधानिक मार्गदर्शन तथा नीतिअनुरूप निजी क्षेत्रबाट शिक्षामा गरिने लगानीको व्यवस्थापन र स्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा विकास गर्ने, प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बढाउने सरकारको प्रतिवद्धता कार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने, आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्न आवश्यक स्रोतको व्यवस्था गर्नु, प्रारम्भिक बालविकास शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा र अनौपचारिक तथा निरन्तर शिक्षामा सरकारी लगानीको संरचना निर्धारण गर्नु, विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरी लगानी गर्न स्रोत व्यवस्थापन गर्नु, शिक्षामा समता तथा समावेशीता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहिन, अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्नु, गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाई अभिलेखीकरण र प्रोत्साहन गर्नु जस्ता विषयहरू अझै पनि चुनौतिको रूपमा रहेका छन् ।

संघ, प्रदेश र स्थानीय तहको सरकारले लगानीलाई कसरी समन्वयात्मक तरिकाले उद्देश्यमूलक बनाउने भन्ने विषय पनि शिक्षामा लगानीका सम्बन्धमा अहम् महत्वको विषय बनेको छ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकत्रित गर्नु र उपयुक्त तरिकाले वितरण गर्नु शिक्षामा लगानीको प्रबन्ध गर्दा ध्यान दिनु पर्ने महत्वपूर्ण पक्ष हुन् । पहिचान गरिएका माथि उल्लेखित चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आँकलन तथा व्यवस्थापन गरी तीनै तहको सरकारवाट गुणस्तरीय शिक्षा प्राप्तिको लागि लगानी बढाउने अवसर समेत छ ।

६.३ लक्ष्य (Goals)

विद्यालय शिक्षाको पहुँचको लागि शिक्षामा लगानीको सुनिश्चितता गराउनु ।

६.४ उद्देश्य (Objectives)

१) योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।

२) विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।

३) उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरिएका कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु ।

४) खर्चको प्रक्रिया र तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु ।

६.५ रणनीतिहरु (Strategies)

१) विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरूबीचको लागत साझेदारीमा हुनेछ । यसका लागि कम्तीमा संघीय र कर्णाली प्रदेश सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा नगरपालिकाले आफ्नो स्रोतबाट थप लगानी गर्ने अपेक्षा गरिएको छ ।

२) शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी नगरपालिकाको भएकोले आफ्नो क्षेत्रभित्रको लक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न नगरपालिकाको आन्तरिक संयन्त्रलाई जवाफदेही हुने पद्धति विकास गरिनेछ ।

३) तीनवटै तहका सरकारहरूबाट प्रदान गरिने स्रोतको उपयोग गर्ने प्रमुख एकाइ विद्यालय भएकाले लक्षित गुणस्तर र जवाफदेहिता एवम् पारदर्शिता सुनिश्चित गर्न सबै विद्यालयमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सँग जोडेर विद्यालय लेखा प्रणाली (SAS) सबै विद्यालयमा क्रमशः लागू गरिनेछ ।

४) तीनवटै तहका सरकारबाट कुल बजेटको वार्षिक रूपमा कम्तीमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने कार्यमा समन्वय र सहकार्य गरिनेछ ।

५) सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी निश्चित मापदण्डका आधारमा शिक्षामा निजी तथा गैर सरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरिनेछ । आधारभूत र माध्यमिक शिक्षा निःशुल्क रुपमा प्रदान

गर्न **म बनाउछु, मेरो शिक्षा विकास कोष** कार्यक्रमलाई प्रभावकारी रुपमा व्यवस्थापन र परिचालन गरिनेछ ।

६) अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्बन र उपयोग गरिनेछ ।

७) मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।

८) विद्यालयको वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइने छ ।

९) शिक्षा क्षेत्र योजनाले अगाडि सारेका कार्यक्रमहरूलाई क्रमशः पूरा गर्नका लागि संघ र कर्णाली प्रदेश सरकारसंगको सहकार्य र समन्वयमा वार्षिक रूपमा बजेट विनियोजन गरिनेछ ।

६.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमान (Proposed Programme and Budget Prediction)

विद्यालय क्षेत्रका प्रस्तावित कार्यक्रमअनुसार बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा सबैका लागि निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षाको सुनिश्चिततासहित गुणस्तर सुधारलाई विशेष ध्यान दिइएको छ भने प्रारम्भिक बालविकास तथा शिक्षामा न्यूनतम सक्षमताका मापण्ड पूरा गरी गुणस्तरीय सेवा सुनिश्चित गर्नका लागि आवश्यक हुने गरी लगानीमा वृद्धि गर्नुपर्ने आवश्यकतालाई ख्याल गरेर लगानी वृद्धि गरिएको छ । माध्यमिक शिक्षालाई निःशुल्क गर्न, सान्दर्भिकता बढाउन र गुणस्तर सुधार गर्न, भर्ना वृद्धि तथा टिकाउ दर बढाउन र व्यावसायिक सीप तथा प्रविधिमा आधारित सिकाइको गुणस्तर सुधार गर्न आवश्यक पर्ने बजेट समावेश गरिएको छ । योजनाको दश वर्षमा करिब ८० प्रतिशत आधारभूत र माध्यमिक तह सञ्चालन भएका विद्यालयमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमताका मापदण्ड पूरा गर्ने गरी बजेट प्रस्ताव गरिएको छ । विद्यालयको भौतिक अवस्था सुधार र गुणस्तर सुधारका लागि शिक्षक विकासमा पनि लगानी उल्लेख्य रहेको छ । राष्ट्रिय पाठ्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउने तथा स्थानीय पाठ्यक्रमको विकास, परिमार्जन र कार्यान्वयनमा प्रभावकारीता अभिबृद्धि गर्ने, शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई विस्तार गर्ने, पूर्ण साक्षर नगरपालिका घोषणा गरी निरन्तर शिक्षा र खुला सिकाइलाई प्रभावकारी रूपमा सञ्चालन

गर्ने, माध्यमिक तहसँग उच्च शिक्षाको सम्बन्ध स्थापित गर्न नगरपालिका क्षेत्रमा सञ्चालित उच्च शिक्षा प्रदायक संस्थाको संस्थागत क्षमता विकासमा सहयोग गर्ने, आधारभूत तहसम्म दिवा खाजाको प्रबन्ध गर्ने, समता तथा समावेशीतामा सुधार गर्न अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूमध्ये केहीलाई आवासीय प्रबन्धसहित शिक्षा प्रदान गर्ने र अन्यलाई छात्रवृत्ति प्रदान गर्ने प्रयोजनका लागि पनि उल्लेख्य बजेट प्रस्ताव गरिएको छ ।

संघीय सरकारवाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने अनुमानित बजेट

क्र. सं.	अनुदान प्राप्त हुने क्रियाकलाप	2079/080	2080/081	2081/082	2082/083	2083/084	पाँच वर्षको जम्मा
१	केन्द्रबाट छनौट भएका नमुना विद्यालय,विशेष विद्यालयको क्रमागत भवन निर्माण तथा कक्षा ११ स्तोन्नति भएका प्राविधिक धार विद्यालयको ल्याव व्यवस्थापन अनुदान	10100000	10100000	10100000	10100000	10100000	50500000
२	सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानेटरी प्याड व्यवस्थापन	7758000	7758000	7758000	7758000	7758000	38790000
३	शिक्षक तलब भत्ता (आधारभूत तह)	205000000	205000000	205000000	205000000	205000000	1025000000
४	शिक्षक तलब भत्ता (माध्यमिक तह)	62400000	62400000	62400000	62400000	62400000	312000000

५	प्रारम्भिक बाल विकास सहजकर्ताको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन	20754000	20754000	20754000	20754000	20754000	103770000
६	विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदान	9300000	9300000	9300000	9300000	9300000	46500000
७	निशुल्क पाठ्यपुस्तक अनुदान	15208000	15208000	15208000	15208000	15208000	76040000
८	दिवा खाजा कार्यक्रम	25062000	25062000	25062000	25062000	25062000	125310000
९	विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान	5325000	5325000	5325000	5325000	5325000	26625000
१०	शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षा कार्यक्रम	2649000	2649000	2649000	2649000	2649000	13245000
११	विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्सहान अनुदान	8200000	8200000	8200000	8200000	8200000	41000000
१२	प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री एवम् कक्षा ८ को परीक्षा व्यवस्थापन	3033000	3033000	3033000	3033000	3033000	15165000
१३	अंग्रेजी गणित र विज्ञान विषयमा शिक्षण सहयोग	16575000	16575000	16575000	16575000	16575000	82875000

	अनुदान (कक्षा ६ देखि ८ र ९ देखि १०)						
१४	कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम	500000	500000	500000	500000	500000	2500000
१५	सार्वजनिक विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैर आवासीय)	13082000	13082000	13082000	13082000	13082000	65410000
१६	राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम	10000000	10000000	10000000	10000000	10000000	50000000
१७	सस्थागत क्षमता विकास,परीक्षा सञ्चालन एवम् विद्यार्थी मुल्याङ्कन	1499000	1499000	1499000	1499000	1499000	7495000
१८	प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ समाग्री व्यवस्थाका लागि विद्यालयलाइ अनुदान	7585000	7585000	7585000	7585000	7585000	37925000
जम्मा		**424130000**	**404946000**	**404946000**	**404946000**	**404946000**	**2120650000**

प्रदेश सरकारवाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने अनुमानित बजेट

क्र. सं.	अनुदान प्राप्त हुने क्रियाकलाप	2078/079	2079/080	2080/081	2081/082	2082/083	पाँच वर्षको जम्मा	दश बर्षको जम्मा
१	प्रारम्भिक बाल विकास सहजकर्ताको लागि प्रोत्सहान खर्च	560000	560000	560000	560000	560000	2800000	5600000
२	मुख्यमन्त्री रोजगार कार्यक्रम	5000000	5000000	5000000	5000000	5000000	25000000	50000000
३	विद्यालय भौतिक पूर्वाधार निर्माण तर्फको एकमुष्ट अनुदान	15000000	15000000	15000000	15000000	15000000	75000000	150000000
जम्मा		**20560000**	**20560000**	**20560000**	**20560000**	**20560000**	**102800000**	**205600000**

नगरपालिकाबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने विषय शिर्षकगत अनुमानित बजेट

क्र. सं.	शिर्षक	आ.ब. २०७९/०८०	आ.ब. २०८०/०८१	आ.ब. २०८१/०८२	आ.ब. २०८२/०८३	आ.ब. २०८३/०८४	पाँच बर्षको जम्मा	दश बर्षको जम्मा

१	प्रारम्भिक वाल विकास तथा शिक्षा	८६६४०००	८६६४०००	८६६४०००	८६६४०००	८६६४०००	४३३२००००	८६६४०००००
२	आधारभूत शिक्षा	६८५३०००	६८५३०००	६८५३०००	६८५३०००	६८५३०००	३४२६५०००	६८५३०००००
३	माध्यमिक शिक्षा	४७६४०००	४७६४०००	४७६४०००	४७६४०००	४७६४०००	२३८२००००	४७६४०००००
४	कोष, छात्रवृत्ति र प्रोत्साहन	१३६२०००	१३६२०००	१३६२०००	१३६२०००	१३६२०००	६८१००००	१३६२०००००
५	पाठ्यक्रम, पाठ्यसामग्री र मुल्यांङ्कन	११५००००	११५००००	११५००००	११५००००	११५००००	५७५००००	११५०००००
६	शिक्षक विकास र व्यवस्थापन	१७७००००	१७७००००	१७७००००	१७७००००	१७७००००	८८५००००	१७७०००००
७	पूर्वाधार तथा भौतिक संरचना विकास	१८१००००	१८१००००	१८१००००	१८१००००	१८१००००	९०५००००	१८१०००००
८	सूचना तथा सञ्चार प्रविधि	१४७५०००	१४७५०००	१४७५०००	१४७५०००	१४७५०००	७३७५०००	१४७५००००
९	संस्थागत संरचना सुशासन र क्षमता विकास	१०८२०००	१०८२०००	१०८२०००	१०८२०००	१०८२०००	५४१००००	१०८२००००
१०	जीवनपर्यन्त तथा निरन्तर शिक्षा	६७००००	६७००००	६७००००	६७००००	६७००००	३३५००००	६७०००००
११	विद्यालय अनुगमन तथा सुपरिवेक्षण	४०००००	४०००००	४०००००	४०००००	४०००००	२००००००	४००००००
१२	नगर शिक्षा विशेष	१३३५००००	१३३५००००	१३३५००००	१३३५००००	१३३५००००	६६७५००००	१३३५०००००
जम्मा		४३३५००००	४३३५००००	४३३५००००	४३३५००००	४३३५००००	२१६७५००००	४३३५०००००

नगरपालिकाबाट शिक्षा क्षेत्र योजना अन्तर्गतका क्रियाकलापमा प्राप्त र खर्च हुने क्रियाकलापगत अनुमानित बजेट

क्र. सं.	अनुदान प्राप्त हुने क्रियाकलाप	2079/080	2080/081	2081/082	2082/083	2083/084	पाँच वर्षको जम्मा	दश बर्षको जम्मा
१.	बाल विकासका लागि शैक्षिक सामग्री व्यवस्थापन	३०००००	३०००००	३०००००	३०००००	३०००००	१५०००००	३००००००
२.	प्रारम्भिक बाल विकास शिक्षक थप पारिश्रमिक (मासिक ७ हजारका दरले १२ महिनाको)	८०६४०००	८०६४०००	८०६४०००	८०६४०००	८०६४०००	४०३२००००	८०६४००००
३.	राम्रो अभ्यास गरिरहेको र विद्यार्थी संख्या बढी भएका बाल विकास कक्षाका लागि स्मार्ट टिभिको व्यवस्थापन	३०००००	३०००००	३०००००	३०००००	३०००००	१५०००००	३००००००
४.	स्वयंसेवक शिक्षक पारिश्रमिक (आधारभूत तहका लागि ११ जना शिक्षकहरुका लागि गत बर्षको निरन्तरताः मासिक २० हजारका दरले १३ महिनाको)	२८६००००	२८६००००	२८६००००	२८६००००	२८६००००	१४३०००००	२८६०००००

५.	प्राथमिक र निम्न माध्यमिक तहमा कार्यरत विद्यालय कर्मचारीलाई थप पारिश्रमिक (मासिक ७ हजारका दरले १२ महिनाको)	३५२८०००	३५२८०००	३५२८०००	३५२८०००	३५२८०००	१७६४००००	३५२८००००
६.	उत्कृष्ट आधारभूत विद्यालय अनुदान	१५०००	१५०००	१५०००	१५०००	१५०००	७५०००	१५००००
७.	संगीत र नृत्यका लागि बालबालिकालाई सहजीकरण एवम् सहयोग	२०००००	२०००००	२०००००	२०००००	२०००००	१००००००	२००००००
८.	कक्षाकोठा छापामय गराउने कार्यक्रम	२०००००	२०००००	२०००००	२०००००	२०००००	१००००००	२००००००
९.	प्रतिभा पहिचान कार्यक्रम	५००००	५००००	५००००	५००००	५००००	२५००००	५०००००
१०.	खेलकुद प्रशिक्षकको व्यवस्थापन (६ विद्यालयलाई एकमुष्ट १ लाख २० हजारका दरले)	७२००००	७२००००	७२००००	७२००००	७२००००	३६०००००	७२०००००

११.	माध्यमिक तहमा कार्यरत विद्यालय कर्मचारीलाई थप पारिश्रमिक (विद्यालय सहयोगीलाई मासिक ७ हजार र विद्यालय सहायकलाई मासिक ६ हजारका दरले १२ महिनाको)	३७४४०००	३७४४०००	३७४४०००	३७४४०००	३७४४०००	१८७२००००	३७४४०००००
१२.	माध्यमिक तहमा अध्ययनरत् विद्यार्थीलाई योग तथा ध्यान तथा अभ्यास कार्यक्रम सञ्चालन	२०००००	२०००००	२०००००	२०००००	२०००००	१००००००	२००००००
१३.	उत्कृष्ट माध्यमिक विद्यालय अनुदान	२५०००	२५०००	२५०००	२५०००	२५०००	१२५०००	२५००००
१४.	प्रतिभा पहिचान कार्यक्रम	७५०००	७५०००	७५०००	७५०००	७५०००	३७५०००	७५००००

१५.	**मेरो नगरलाई म बनाउछु शैक्षिक हव भन्ने आदर्श वाक्यका साथ शिक्षा विकास कोष निर्माण -** दलित, असहाय, अनाथ, अपांग, जेहेन्दार र आर्थिक रुपमा विपन्न विद्यार्थीलाई सहयोग गर्नका लागि_	१००००००	१००००००	१००००००	१००००००	१००००००	५००००००	१०००००००
१६.	वादी विद्यार्थीहरुलाई यातायातका लागि सहयोग अनुदान - श्री शिव मावि धुलियाविट_	२०००००	२०००००	२०००००	२०००००	२०००००	१००००००	२००००००
१७.	विशेषा विद्यालय र श्रोत कक्षा सञ्चालन भएका विद्यालयका ६ जना आयाहरुलाई मासिक १५५० का दरले १२ महिनाको	११२०००	११२०००	११२०००	११२०००	११२०००	५६००००	११२००००
१८.	बर्ष उत्कृष्ट बालविकास	५००००	५००००	५००००	५००००	५००००	२५००००	५०००००

	शिक्षक, शिक्षक र विद्यालय कर्मचारीलाई पुरस्कृत							
१९.	स्थानीय पाठ्यक्रमको कार्यान्वयन तथा पाठ्यपुस्तक निर्माण र स्वीकृती सम्बन्धी कार्य सञ्चालन	४०००००	४०००००	४०००००	४०००००	४०००००	२००००००	४००००००
२०.	कक्षा १ देखि ३ सम्मको लागि विद्यार्थी मूल्यांकनका लागि आवश्यक पर्ने नमुना सामग्री विकास तथा वितरण	३०००००	३०००००	३०००००	३०००००	३०००००	१५०००००	३००००००
२१.	आधारभूत शिक्षा तह उत्तीर्ण परीक्षा (कक्षा ८) को सञ्चालन	४५००००	४५००००	४५००००	४५००००	४५००००	२२५००००	४५०००००
२२.	प्रधानाध्यापकको नियमित वैठकको लागि यातायात खर्च -वडा नं १ देखि १२ सम्मका	६०००००	६०००००	६०००००	६०००००	६०००००	३००००००	६००००००

	प्रअहरुलाई १००० र वडा नं १३ देखि १६ सम्मका प्रअलाई १५०० का दरले_							
२३.	प्रधानाध्यापकको नियमित वैठकको खाजा खर्च	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००
२४.	विद्यालयमा तथ्यांक हेर्ने फोकल पर्सनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन - IEMIS) सम्बन्धी तालिम सञ्चालन	१५०००००	१५०००००	१५०००००	१५०००००	१५०००००	७५०००००	१५००००००
२५.	परिमार्जित राष्ट्रिय पाठ्यक्रम र स्थानीय पाठ्यक्रमको शिक्षकलाई अभिभमुखीकरण कार्यक्रम सञ्चालन	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००
२६.	प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीलाई लेखासम्बन्धी तालिम सञ्चालन	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००

२७.	प्रधानाध्यापक प्रोत्सहान भत्ता	३६००००	३६००००	३६००००	३६००००	३६००००	१८०००००	३६०००००
२८.	प्रधानाध्यापकको लागि शैक्षिक भ्रमण कार्यक्रम	३६००००	३६००००	३६००००	३६००००	३६००००	१८०००००	३६०००००
२९.	आधारभूत विद्यालयमा विद्यालय भौतिक सुधार तथा मर्मत कार्यक्रमः - खानेपानी, कक्षाकोठा तथा शौचालय मर्मत, घेराबार, कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन _	४०००००	४०००००	४०००००	४०००००	४०००००	२००००००	४००००००
३०.	माध्यमिक विद्यालयमा विद्यालय भौतिक सुधार तथा मर्मत कार्यक्रमः - खानेपानी, कक्षाकोठा तथा शौचालय मर्मत, घेराबार, कक्षाकोठा	५०००००	५०००००	५०००००	५०००००	५०००००	२५०००००	५००००००

	व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन _							
३१.	श्री मंगलगढी प्रावि मा दुई वटा कक्षाकोठा निर्माण - ट्रसको_	७०००००	७०००००	७०००००	७०००००	७०००००	३५०००००	७००००००
३२.	सडक दुर्घटनाबाट हुने सक्ने जोखिम न्यूनीकरण गर्न विद्यालय अगाडी ट्राफिक संकेतहरु राख्ने र सूचनामूलक नोटिस बोर्डहरु राख्ने	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००
३३.	हरित विद्यालय निर्माणका लागि प्रोत्सहान रकम	११०००००	११०००००	११०००००	११०००००	११०००००	५५०००००	११००००००
३४.	सिकाइ सहजीकरण केन्द्रको व्यवस्थापन	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००

३५.	कक्षा १० को अंग्रेजी गणित र विज्ञान विषयको भर्चुअल कक्षा सञ्चालनका लागि शिक्षण सिकाइ सहजीकरण खर्च - प्रति पिरियड रु १००० का दरले ५ महिना_	४०००००	४०००००	४०००००	४०००००	४०००००	२००००००	४००००००
३६.	कक्षा १० को अंग्रेजी गणित र विज्ञान विषयको भर्चुअल सिकाइमा सम्बन्धित विद्यालयको कक्षामा अफलाइन सहजीकरण गरेबापत प्रोत्सहान रकम प्रति कक्षा मासिक ३ हजारका दरले ५ महिना	४५००००	४५००००	४५००००	४५००००	४५००००	२२५००००	४५०००००
३७.	भर्चुअल÷अनलाइन कक्षाको लागि इन्टरनेट व्यवस्थापन	३००००	३००००	३००००	३००००	३००००	१५००००	३०००००

३८.	वीरेन्द्रनगर रेडियो शिक्षा कार्यक्रमको उत्पादन र प्रसारण	१९००००	१९००००	१९००००	१९००००	१९००००	९५००००	१९०००००
३९.	छापा माध्यममा शिक्षासम्बन्धी विज्ञापन र सूचना छपाई खर्च	५००००	५००००	५००००	५००००	५००००	२५००००	५०००००
४०.	शिक्षक र विद्यार्थीको दैनिक हाजिरी ट्र्याकिङ प्रणालीको विकासका लागि प्रविधिको व्यवस्थापन	१८००००	१८००००	१८००००	१८००००	१८००००	९०००००	१८०००००
४१.	नगरपालिकाको शिक्षासम्बन्धी असल अभ्यासको डकुमेन्ट्री निर्माण र युट्युव च्यानल अद्यावधिक	७५०००	७५०००	७५०००	७५०००	७५०००	३७५०००	७५००००
४२.	शिक्षा क्षेत्र योजना (ESP) को टाइपिङ, प्रिन्टिङ, सम्पादन र छपाई	३०००००	३०००००	३०००००	३०००००	३०००००	१५०००००	३००००००
४३.	विद्यालयका शिक्षक र कर्मचारीको	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००

	अभिलेखको डिजिटलाइजेशन							
४४.	वीरेन्द्रनगर शैक्षिक झलक २०८० को निर्माण र प्रकाशन	१५००००	१५००००	१५००००	१५००००	१५००००	७५००००	१५०००००
४५.	शैक्षिक क्यालेन्डर २०८० निर्माण र प्रकाशन	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००
४६.	विभिन्न समिति र कार्यदलको बैठक तथा खाजा खर्च	२०००००	२०००००	२०००००	२०००००	२०००००	१००००००	२००००००
४७.	शिक्षासम्बन्धी ऐन, नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड निर्माण	५००००	५००००	५००००	५००००	५००००	२५००००	५०००००
४८.	संस्थागत विद्यालयको स्तरीकरण र वर्गीकरणसम्बन्धी कार्य	८२०००	८२०००	८२०००	८२०००	८२०००	४१००००	८२००००
४९.	विभिन्न दिवस समारोह आदि कार्यक्रम सञ्चालन	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००

५०.	सामुदायिक सिकाइ केन्द्रमा कार्यरत परिचालिकाको थप पारिश्रमिक (मासिक ७ हजारका दरले १२ महिनाको)	४२००००	४२००००	४२००००	४२००००	४२००००	२१०००००	४२०००००
५१.	विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरुको नामनामेशी विवरण संकलन	२५००००	२५००००	२५००००	२५००००	२५००००	१२५०००००	२५००००००
५२.	विद्यालय अनुगमन तथा सुपरिवेक्षण र शिक्षकलाई पेसागत सहयोग	२०००००	२०००००	२०००००	२०००००	२०००००	१००००००	२००००००
५३.	एस.इ.इ र कक्षा १२ को परीक्षा अनुगमन	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००
५४.	कक्षा ८ को परीक्षा अनुगमन तथा मूल्यांकन	१०००००	१०००००	१०००००	१०००००	१०००००	५०००००	१००००००
५५.	नगरस्तरीय शैक्षिक सम्वाद समिति गठन गर्ने	५००००	५००००	५००००	५००००	५००००	२५००००	५०००००

५६.	विद्यालयहरुको जीर्ण टिनको छानामुक्त गराउने अभियान र रंगरोगन तथा सरसफाइ कार्यक्रम सञ्चालन	३००००००	३००००००	३००००००	३००००००	३००००००	१५००००००	३०००००००
५७.	विद्यार्थी चाप बढी भएका विद्यालयलाई विद्यार्थी शिक्षक अनुपातको आधारमा एकमुष्ट अनुदान	७००००००	७००००००	७००००००	७००००००	७००००००	३५००००००	७०००००००
५८.	विद्यालयमा पुस्तकालय, विज्ञान प्रयोगशाला र खेलमैदान निर्माण	१००००००	१००००००	१००००००	१००००००	१००००००	५००००००	१०००००००
५९.	निजी क्षेत्रको लागत साझेदारीमा नगरपालिकास्तरको सामुदायिक पुस्तकालय स्थापना	३०००००	३०००००	३०००००	३०००००	३०००००	१५०००००	३००००००
६०.	विद्यालयमा भौतिक पूर्वाधार विकास तथा पानी, बत्ती र इन्टरनेटको व्यवस्थापन	२००००००	२००००००	२००००००	२००००००	२००००००	१०००००००	२०००००००

	जम्मा	४३३५००००	४३३५००००	४३३५००००	४३३५००००	४३३५००००	२१६७५००००	४३३५०००००

६.७ अपेक्षित उपलब्धि (Expected Outcomes)

वि.सं. २०८७ (सन् २०३०) सम्म तीनवटै तहका सरकारको सयुक्त लगानीमा वीरेन्द्रनगर नगरपालिकाको समग्र शिक्षा क्षेत्रमा स्रोतको दिगो व्यवस्थापन भै शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा उल्लेख्य प्रगति भएको हुनेछ । वित्तीय व्यवस्थापन क्षमतामा सुधार भई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

परिच्छेद : सात

कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, समन्वय र सहजीकरण

(Implementation, Monitoring, Evaluation, Co-ordination and Facilitation)

७.१ परिचय (Introduction)

(क) योजना कार्यान्वयन (Plan Implementation)

योजनाको सफल कार्यान्वयन गरी अपेक्षित नतिजा तथा उपलब्धि प्राप्त गर्नका लागि कार्यान्वयनको उपयुक्त प्रबन्ध आवश्यक छ। कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्डसहितको जिम्मेवारी र उत्तरदायित्व पर्दछन् । योजना कार्यान्वयनको प्रबन्धअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनलगायत कार्यान्वयनका लागि आवश्यक संरचना, जनशक्ति, प्रक्रिया र जिम्मेवारी तथा उत्तरदायित्वहरू पर्दछन् ।

नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भई तीनै तहका सरकार क्रियाशील भएको तीन वर्ष नाघिसकेको छ भने केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरिएको छ तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप पूर्ण रूपमा रूपान्तरण गर्ने कार्य पूरा भएको छैन । त्यसैले एकातिर यो सङ्क्रमणलाई सहज रूपान्तरण गर्न सहयोग गर्ने गरी कार्यान्वयन प्रबन्ध गर्नुपर्ने छ भने अर्कोतिर योजना कार्यान्वयनका विशिष्ट कार्यहरू सम्पादनमा लागि आवश्यक संरचना तथा प्रबन्ध पनि आवश्यक हुन सक्दछन् । कार्यान्वयन प्रबन्ध तयार गर्दा विचार पुऱ्याउनु पर्ने अर्को पक्ष भनेको यस योजनाको कार्यान्वयन संरचना तथा प्रक्रियाले समग्र शिक्षा प्रणलीलाई प्रभाव पार्ने भएकाले कार्यान्वयन प्रबन्धको दिगोपन, प्रभावकारिता तथा कार्यकुशलतामा ध्यान दिनु हो ।

नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको संरचना तयार भएर तीनै तहका सरकार क्रियाशील भई केही कानुनी प्रबन्धसहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण

भए तापनि राज्य प्रणालीलाई सङ्घीय संरचनाअनुरूप रूपान्तरण गर्न थप कार्य गर्नुपर्ने देखिन्छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रूपान्तरण गर्नुपर्ने छ । सङ्घमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत दर्जनौ केन्द्रीय कार्यालयहरू रहेका छन् । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रको रूपमा कर्णाली प्रदेशमा मानव संशाधन विकास केन्द्र स्थापना भई सक्रीय छन् । जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाइले संघीय सरकारको तल्लो इकाइको रूपमा काम गरिरहेको छ ।

नगरपालिकामा शिक्षा प्रशासन सञ्चालन गर्नका लागि शिक्षा, युवा तथा खेलकुद शाखा चलायमान रहेको छ । प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ । सङ्घीय संरचनाअनुसार कार्यसम्पादन गर्नका लागि परिवर्तन गरिएको शिक्षा प्रशासनको सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कायम गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

(ख) योजना कार्यान्वयनको प्रबन्ध (Plan Implementation Management)

यस योजना कार्यान्वयनको अवधिमा संघीय पुनर्संरचनाअनुसार हालसम्म गरिएका अनुभवका आधारमा कार्यान्वयन प्रबन्धमा आवश्यक सुधारसहित स्पष्ट जिम्मेवारी र उत्तरदायित्व निर्धारण गर्नु आवश्यक छ । शिक्षा क्षेत्रका कार्यक्रम कार्यान्वयनका लागि वार्षिक रणनीतिक योजना तर्जुमा, आवश्यक नीतिगत मापदण्ड परिमार्जन तथा विकास, कार्यक्रम कार्यान्वयन तथा अनुगमन तथा मूल्याङ्कनका लागि तीन तहका सरकारबिच जिम्मेवारी तथा उत्तरदायित्वको स्पष्टताका साथै एक अर्कोबिच आपसी समन्वय, सहकार्य र आदान प्रदान पद्धतिको विकास आवश्यक छ । यसका लागि तीन तहका सरकारबिच ठाडो अन्तरसम्बन्ध र सञ्चार प्रणाली तथा प्रत्येक सरकारका विभिन्न निकायबिचको आपसी समन्वय तथा सञ्चार प्रणाली पनि स्थापित हुनुपर्छ । योजनाको कार्यान्वयनको मुख्य थलो वा एकाइ विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रबन्धका साथसाथै नगरपालिकाले विद्यालयका क्रियाकलापहरूको नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकतानुसार सहयोग र समन्वय गर्नु पर्दछ ।

नगरपालिकाले सङ्घीय र प्रदेश तहबाट प्राप्त सशर्त अनुदान, विकास साझेदार लगायत अन्य क्षेत्रबाट प्राप्त अनुदान र विद्यालयहरु आफ्नै स्रोतबाट व्यवस्था गरिएको बजेट समेटेर वार्षिक बजेट तथा कार्यक्रम निर्धारण गर्नु पर्दछ । यस प्रकार शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि तीनै तहका सरकारका संरचनामा सुधार तथा क्षमता विकास गर्नुका साथै विद्यालयको पनि क्षमता विकास गर्नु आवश्यक छ ।

यस योजनाको समग्र कार्यान्वयन प्रक्रियाका लागि विभिन्न तहमा निम्निलखित प्रबन्ध गरिनेछ :

नगरपालिका तहमा गरिने प्रबन्ध

१) सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गरिनेछ ।

२) नगरपालिकाको शिक्षा प्रशासन हेर्ने महाशाखा/शाखाको क्षमता विकास गरी सुदृढ गरिनेछ भने नगरपालिकाबाट कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गरिनेछ ।

३) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गरिनेछ ।

४) कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गरिनेछ ।

५) एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र सङ्घीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्रदान गर्ने सुनिश्चितता गरिनेछ ।

६) शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि नगरपालिकास्तरमा पेडागोजिकल सुपरभाइजर तथा शिक्षकहरुको विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गरिनेछ ।

विद्यालय तहमा गरिने प्रबन्ध

१) विद्यालयले विद्यालय सुधार योजना (SIP) तयार गरी वार्षिक रूपमा अध्यावधिक गर्नेछन् ।

२) विद्यालय व्यवस्थापन समितिले स्थानीय तहबाट प्राप्त बजेट तथा विद्यालयको आफ्नै आम्दानीसहित समावेश गरी वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा र कार्यान्वयन गर्नेछन् ।

३) विद्यालय व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइनेछ ।

४) विद्यालयहरूले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्नेछन् ।

५) विद्यालयहरूले अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउनेछन् ।

६) विद्यालयले नगरपालिकासँग सम्बन्धित एकाइहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्थाको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको व्यवस्था र आपतकालको व्यवस्थापनसम्बन्धी सीप प्रदान गर्नका लागि आवश्यक समिति वा संरचना तयार गर्नेछन् ।

७) विद्यालयले विद्यार्थीलाई विषयगत सिकाइका साथसाथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्नेछन् ।

समुदायिक सिकाइ केन्द्रले गर्ने प्रबन्ध

१) सामुदायिक अध्ययन केन्द्रको सञ्चालनका लागि परिमार्जित मापदण्ड अनुसार व्यवस्थापन समिति गठन गरिनेछ ।

२) नगरपालिकाबाट प्राप्त अनुदान तथा आफ्नै स्रोतबाट प्राप्त आम्दानी समेतका आधारमा नगरपालिकासँगको समन्वयमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउनेछ ।

३) नगरपालिकाका विषयगत शाखा, सामुदायिक तथा गैरसरकारी संस्था तथा समुदायसँगको सहकार्य तथा समन्वयमा साक्षरता, सीप विकास र निरन्तर सिकाइसंग सम्बन्धित विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नेछन् ।

(ग) योजनाको अनुगमन तथा मूल्याङ्कन (Plan Monitoring and Evaluation)

शैक्षिक कार्यक्रमहरूमा स्रोत साधनको विनियोजन र वितरण के कसरी भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन, कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरू छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरू निर्धारित कार्यतालिकाअनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्तितर्फ उन्मुख भएका छन् वा छैन भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य र प्रगति बारेमा नियमित वा आवधिक रूपमा निगरानी, निरीक्षण, पुनर्निरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

शैक्षिक कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारीताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

पछिल्लो समयमा दिगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरिएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालू आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरिएका सूचकका आधारमा अनुगमन तथा मूल्याङ्कन गरिदैं आएको अवस्था छ । वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ ।

विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधारसम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) लाई लिइन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगर उपप्रमुखको अध्यक्षतामा नगरपालिकाको समग्र क्षेत्रको अनुगमन गर्नका लागि अनुगमन समितिको व्यवस्था गरिएको छ। सामाजिक विकास समिति, नगर कार्यपालिका र नगर शिक्षा समितिले समेत विद्यालयको अनुगमन तथा मूल्याङ्कन गरिरहेको अवस्था छ । प्रमुख प्रशासकीय अधिकृत, उपसचिव, शाखा अधिकृत (विद्यालय निरीक्षक) आदिबाट समेत पटक पटक विद्यालयमा आधारित नतिजामूलक अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यलाई नियमित गरिन्छ। नगरपालिकाले पेडागोजीकल सुपरभाइजर र विषयगत विज्ञहरुको समूह निर्माण गरी विद्यालय अनुगमन तथा सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको प्रबन्ध गर्ने सम्बन्धमा योजनाले कार्यक्रम अगाडि बढाउने अपेक्षा गरिएको छ ।

(घ) समन्वय तथा सहजीकरण (Co-ordination and Facilitation)

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको समन्वय, सहकार्य र सहअस्तित्वको सम्बन्ध रहने स्पष्ट पारेको छ । संविधानमा समेत एकल र साझा अधिकारहरूको समुचित व्यवस्था गरिएको छ । शिक्षासम्बन्धी साझा अधिकारहरूको कार्यान्वयन गर्ने सन्दर्भमा तीनवटै तहका सरकारहरूले एक आपसमा समन्वय र साझेदारी गर्नुपर्ने हुन्छ ।

अनुगमन तथा मूल्याङ्कनसम्बन्धी नगरपालिकाको जिम्मेवारी

१) भौतिक संरचना, शिक्षकको पर्याप्तता र योग्यता, समुदायको सहभागिता, प्रविधिमैत्री वातावरण निर्माण, शिक्षक विद्यार्थीमैत्री शैक्षिक वातावरण, पाठ्यपुस्तक वितरणलगायत विभिन्न कार्यक्रमको अनुगमन ।

२) शिक्षण सिकाइ क्रियाकलाप, विद्यार्थी मूल्याङ्कन, नेतृत्व र व्यवस्थापन, सह तथा अतिरिक्त क्रियाकलाप, नियमितता, पाठ्यक्रम कार्यान्वयन, शिक्षक तालिम अनौपचारिक कक्षा खुला तथा वैकल्पिक कक्षा, विद्यालय समायोजन, शिक्षक दरबन्दी मिलानलगायत कार्यक्रम कार्यान्वयन प्रक्रियाको अनुगमन ।

३) शिक्षक विद्यार्थी नियमितता प्रतिशत, सिकाइमा प्रविधिको प्रयोग, भर्नादर, टिकाउ दर, कक्षा दोहोऱ्याउने दर, तालिम प्राप्त शिक्षक प्रतिशत, प्रविधियुक्त विद्यालय सङ्ख्या, प्राविधिक शिक्षामा पहुँचलगायत कार्यक्रमको परिणामको अनुगमन ।

४) विद्यालय अनुगमन तथा सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको प्रबन्ध ।

७.२ चुनौति तथा अवसरहरु (Challenges and Opportunities)

सङ्घीय सरकारबाट प्राप्त सशर्त अनुदानबाहेक अन्य अनुदान तथा कर्णाली प्रदेश र नगरपालिकाको आन्तरिक आम्दानीबाट प्राप्त हुने बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु, सङ्घ, प्रदेश तथा स्थानीय तहहरूबीच समन्वय र सहकार्य सुदृढ गर्नु, आवश्यक सूचनाको सहज आदानप्रदान गर्ने र अनुगमन प्रतिवेदनलाई व्यवस्थित गरी सबै तहका सरकार तथा सरोकारवालाहरूले सहजै प्राप्त गर्न सक्ने व्यवस्था मिलाउनु, शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि नगरपालिकाबाट न्यूनतम मापदण्डको विकास हुनु, स्थानीय एवम् राष्ट्रिय रूपमा उपयोगी मापनयोग्य सूचकहरूको निर्धारण, मापनयोग्य सूचकको निर्माण तथा सूचकसँग परिचित सीप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु, अनुगमनलाई मागमा आधारित बनाउनु र अनुगमनमा नियमितता र एकरूपता कायम गर्नु, अनुगमन कार्यमा दोहोरोपना हटाउनु, नतिजामा आधारित विद्यालय सुपरीवेक्षण र शिक्षक सहायता प्रणाली स्थापित गर्नु आदि योजना तथा अनुगमनसँग सम्बन्धित मुख्य चुनौतिहरू हुन् ।

अनुगमनलाई योजनाबद्ध गर्नु, पर्याप्त साधन स्रोतको प्रबन्ध गर्नु, अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु र अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास गर्नु, संघीयता कार्यान्वयनका क्रममा भएको संरचनागत परिवर्तन पश्चात विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको काम पुनर्संगठित गर्नु, तीनै तहका सरकारबीच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु, सहभागितात्मक सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनिश्चतता गर्नु, अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु र अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु योजना कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, समन्वय र सहजीकरणसँग सम्बन्धित अन्य चुनौतिहरू रहेका छन् ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहको सरकारबीचको सम्बन्ध स्पष्ट सम्बोधन गर्नु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा उपप्रमुखको संयोजकत्वमा अनुगमन समिति रहने व्यवस्था गरिनु, शाखामा दुई दुईजना अधिकृतहरू (विद्यालय निरीक्षक) कार्यरत रहनु, संघ र प्रदेश सरकारबाट

समेत अनुगमन तथा मूल्याङ्कन प्राथमिकतामा पर्नु यस क्षेत्रसँग सम्बन्धित अवसरका विषयहरू हुन सक्दछन् ।

७.३ लक्ष्य (Goal)

प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्रदान गर्ने ।

७.४ उद्देश्य (Objectives)

१) प्रभावकारी तथा कुशल अनुगमन प्रणाली विकास गर्नु ।

२) अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३) योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिहरूलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

४) योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

५) नतिजामा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीको विकास गर्नु ।

७.५ रणनीतिहरु (Strategies)

१) नगरपालिका स्तरीय एकीकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण गरी उपयोगमा ल्याइनेछ ।

२) अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई छिटो, छरितो, व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण (सफ्टवेयरको निर्माण गरी) गरिनेछ ।

३) शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाइनेछ ।

४) राष्ट्रिय सूचकको अतिरिक्त आवश्यकतानुसार नगरपालिका स्तरमा सूचकहरूलाई समेत सूचना प्रणालीमा आबद्ध गर्ने प्रणालीको विकास गरिनेछ ।

५) नगरपालिका स्तरमा विस्तार हुने विद्यालयदेखि शिक्षाका स्थानीय, जिल्ला, प्रदेश तथा केन्द्रीय निकायहरू एवम् शिक्षा सम्बद्ध सबै कार्यक्रम, योजना तथा परियोजनाहरूको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि वेबमा आधारित एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइनेछ ।

६) योजनाका लागत, प्रक्रिया, परिणाम, उपलब्धि र प्रभाव समेतको अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक कानुनी तथा संरचनागत व्यवस्थासहित जनशक्तिको प्रबन्ध गरी प्रमाणमा आधारित अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको विकास गरिनेछ ।

७) विद्यार्थीको स्थानीय स्तरको उपलब्धि परीक्षण तथा स्थानीय स्तरमा सबै सामुदायिक विद्यालय तथा सिकाइ केन्द्रको कार्यसम्पादन परीक्षण गर्नका लागि आवश्यक पर्ने सूचकहरूको विकास गरी कार्यान्वयन गरिनेछ ।

८) अनुगमन तथा मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणलाई अनिवार्य रूपमा लागू गर्ने प्रणालीको विकास गरिनेछ ।

९) नतिजा र विद्यालयमा आधारित सुपरीवेक्षण र शिक्षक सहायता प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

१०) सहभागितामूलक र समूह सुपरीवेक्षण प्रणालीको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

११) योजनाको नियमित, आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गरिनेछ ।

१२) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनमा आधारित भई सम्बद्ध जनशक्ति, निकाय, कार्यक्रम, योजना तथा परियोजनालाई पुरस्कृत र दण्ड गर्ने प्रणालीको विकास गरिनेछ ।

१३) पेडागोजिकल सुपरिभाइजर र कम्तिमा पाँचवटा विषयमा तयार गरिने रोष्टर विशेषज्ञहरूबाट विद्यालयको नियमित, नतिजामूलक र उपचारात्मक अनुगमन तथा सुपरीवेक्षण गराइनेछ ।

१३) कक्षाकोठाको सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण एवम् प्रतिवेदन प्रणालीको प्रबन्ध गरिनेछ ।

७.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य (Outcomes, Key Results, Major Activities and Targets)

क) उपलब्धि (Outcomes)

१) प्रभावकारी अनुगमन तथा सुपरीवेक्षणको माध्यमबाट योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिहरूलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुने र योजनाको मूल्याङ्कनमा आधारित भई आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त हुने ।

ख) प्रमुख नतिजाहरू (Key Results)

१) माग र नतिजामा आधारित अनुगमन तथा सुपरीवेक्षण प्रणाली स्थापित भएको हुने ।

२) अनुगमनका आधारमा नतिजा सुधार भएको हुने ।

३) अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमताको विकास भएको हुने ।

४) विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भई यसका नतिजाहरूका आधारमा सुधार गर्ने परिपाटी स्थापित भएको हुने ।

५) विभिन्न कार्यक्रमहरूको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन भएको हुने ।

ख) मुख्य क्रियाकलाप र लक्ष्य (Major Activities and Targets)

क्र. सं.	क्रियाकलाप	एकाइ	लक्ष्य (पहिलो ५ वर्ष)						लक्ष्य (१० वर्ष)	जिम्मेवार पक्ष
			१	२	३	४	५	जम्मा		
१	माग र नतिजामा	न.पा.	१	१	१	१	१	५	१०	तीनवटै तहका सरकार

	आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अध्यावधिक गर्ने									
२	आफूले कार्यान्वयन गरेका कार्यक्रमको नियमित अनुगमन गर्ने	न.पा.	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर	निरन्तर		निरन्तर	सङ्घ र प्रदेशले समेत
३	कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन गर्ने	पटक	३	३	३	३	३	१५	१५	तीनतहकै सरकार
४	स्थिति प्रतिवेदन तयार गर्ने	पटक	१	१	१	१	१	५	५	नगरपालिका
५	विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने	कक्षा		८	५	१०			५, ८ र १०	संघसंग समन्वय गरेर
६	विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने ।	विद्यालय प्रतिशत,		२५	२५	२५	२५		सबै	संघसंग समन्वय गरेर

		कक्षा १–८								
७	सामुदायिक सिकाइ केन्द्रको कार्यसम्पादन परीक्षण गर्ने ।	सामुदायिक सिकाइ केन्द्र		५				सबै	सबै	संघसंग समन्वय गरेर
८	विद्यालयहरूमा गरिने सामाजिक परीक्षणलाई प्रभावकारी र नियमित बनाउने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका
९	विद्यालयहरूको लेखा परीक्षण गराउने	विद्यालय	सबै	सबै	सबै	सबै	सबै	सबै	सबै	नगरपालिका
१०	पेडागोजिकल सुपरभाइजरको व्यवस्थापन	संख्या	१	१	१	१	१	१	१	संघसंगको साझेदारीमा नगरपालिका
११	रोष्टर विशेषज्ञहरुको व्यवस्थापन गर्ने	न.पा.	५	५	५	५	५	५	५	नगरपालिका
१२	समूह अनुगमन तथा सुपरीवेक्षण गर्ने	पटक	३	३	४	४	५		निरन्तर	तीनवटै तहका सरकार

१३	उपचारात्मक अनुगमन तथा सुपरीवेक्षण गर्ने	सबै विद्याल य	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र		निरन्त र	सङ्घ र प्रदेशले समेत
१४	विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकबा ट अनुगमन तथा सुपरीवेक्षण गर्ने	विद्याल य	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र		निरन्त र	नगरपा लिकाले सहजीक रण गर्ने
१५	E-Monitoring	विद्याल य	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र	निरन् तर	निरन्त र	नगरपा लिका
१६	तेश्रो पक्षबाट विद्यालयको मूल्यांकन	विद्याल य	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र	निरन्त र	निरन् तर	निरन्त र	नगरपा लिका

परिच्छेद : आठ

योजनाको नतिजा खाका (Key Result Frame of Plan)

८.१ परिचय (Introduction)

यस योजनाले लिएको दुरदृष्टि, दीर्घकालीन सोच, योजनाका समग्र उद्देश्यहरू तथा रणनीतिहरूका आधारमा योजनाको प्रभाव वा गन्तव्य पहिचान गरिएको छ । गन्तव्यमा पुग्नका लागि आवश्यक उपलब्धि तथा यसका सूचकहरू निर्धारण गरी योजनाको पहिलो पाँच वर्षका लागि प्रत्येक वर्षको नतिजा आँकलन गरिएको छ भने दश वर्षमा हुने नतिजाको पनि प्रक्षेपण गरिएको छ। नतिजा खाकामा उपलब्धि, उपलब्धि सूचकहरू तथा तिनको सङ्ख्यात्मक मान, सूचना प्राप्त हुने स्रोत तथा जिम्मेवारीसमेत उल्लेख गरिएको छ ।

नतिजा खाका आवधिक योजनाको उपलब्धि मापन गर्ने सङ्ख्यात्मक साधन हो । यसबाट योजनाका समग्र तथा उपक्षेत्रगत उपलब्धि मापन गर्न सकिन्छ। यसले वार्षिक योजना निर्माणका लागि आधार सिर्जना गर्नुका साथै अनुगमन तथा मूल्याङ्कनको मापदण्ड निर्धारण गर्न सहयोग गर्दछ । यसबाट योजनाका अपेक्षित उपलब्धिका लागि पृष्ठपोषण प्राप्त भई नतिजा प्राप्तिलाई सहयोग पुग्दछ। नतिजा खाकाले विद्यालय तथा समस्त विद्यालय शिक्षा प्रणालीलाई नतिजाप्रति जवाफदेही बनाउन सहयोग गर्दछ ।

८.२ योजनाको समग्र नतिजा खाका (Overall Key Results of Plan)

यस योजनाको कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजा खाकाअन्तर्गत देशको आर्थिक तथा सामाजिक विकासमा यसको प्रभाव वा गन्तव्य उल्लेख गरिएको छ। त्यसै गरी योजनाको दीर्घकालीन र मध्यकालीन तथा तत्कालीन उपलब्धिहरू उल्लेख गरिएको छ भने उपलब्धिका नतिजाका सूचकहरू तथा नतिजा सत्यापनका स्रोत तथा तरिकाहरू पनि उल्लेख गरिएको छ। यस पछिका दुई तालिकामा नतिजाका प्रमुख सूचकहरूका मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) र कार्यक्रम नतिजा सूचकहरू (PRF) समावेश गरिएको छ ।

योजनाको समग्र अपेक्षित प्रभाव तथा उपलब्धिहरू

अपेक्षित प्रभाव (Intended impact) वा गन्तव्य (Destination) पहिचान

आर्थिक तथा सामाजिक रूपान्तरणको माध्यमबाट न्यायपूर्ण समाजको विकाससहित वीरेन्द्रनगर नगरपालिकालाई समृद्ध र वीरेन्द्रनगर नगरवासीहरूलाई सुखी बनाउन योगदान गर्नु ।

⇑

दीर्घकालीन उपलब्धि (Long-term Outcome)

एक्काइसौँ शताब्दीको आवश्यकतालाई सम्बोधन तथा अवसरलाई उपयोग गर्न सक्ने, नेपाली मूल्य मान्यताप्रति सचेत तथा समता र समावेशीतालाई आत्मसात् गर्ने नागरिक तयार हुने ।

⇑

मध्यकालीन उपलब्धि (Medium-term Outcome)

उपलब्धि	नतिजा सूचक	सत्यापनका स्रोत तथा तरिका
गुणस्तरीय विद्यालय शिक्षा अधिकारका रूपमा स्थापित भई सबैका लागि सहज पहुँच, सहभागिता र निरन्तरताको सुनिश्चितता सहित समता र समावेशिता प्रवर्धन हुने ।	मुख्य कार्यसम्पादन सूचकहरू (KPIs)	• एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली • वार्षिक स्थिति प्रतिवेदन • विद्यार्थी उपलब्धि परीक्षण • विद्यालयका कार्यसम्पादन प्रतिवेदनहरू • विभिन्न विषयगत अध्ययन, अनुसन्धान, सर्वेक्षणहरू • मध्यावधिक तथा अन्तिम मूल्याङ्कन

⇑

तत्कालीन उपलब्धि (Immediate outcomes)		
उपलब्धि	**नतिजा सूचक**	**सत्यापन स्रोत तथा तरिका**
१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने । २. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि भएको हुने । ३. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने । ४. सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने । ५. शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने । ६. विद्यालय तहको पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक आधारभूत सक्षमतासहित सृजनशील, सकारात्मक सोच भएको, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगारउन्मुख नागरिक तयार गर्न सहयोग भएको हुने । ७. सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।	– मुख्य कार्यसम्पादन सूचकहरू (KPIs) – कार्यक्रम नतिजा सूचकहरू (PRF)	– एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली – वार्षिक स्थिति प्रतिवेदन – बार्षिक अनुगमन प्रतिवेदनहरू – विभिन्न तहका वार्षिक प्रगति समीक्षाहरू – सार्वजनिक परीक्षाका नतिजा विश्लेषण

८. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित भएको हुने । ९. बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि भई सिकाइमा सुधार हुन सहयोग पुगेको हुने । १०. आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुने । ११. सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुने । १२. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइलाई प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक बनाउन सहयोग पुगेको हुने ।		